कक्षा १०

सामाजिक अध्ययन

सामाजिक अध्ययन
सामाजिक अध्ययन





कक्षा १०

सामाजिक अध्ययन

सामाजिक अध्ययन

सामाजिक अध्ययन

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशकः
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

© पाठ्यक्रम विकास केन्द्र २०६४

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र र मुद्रकमा निहित रहेको छ । लिखित स्वीकृतविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइनेछैन ।

प्रथम संस्करण २०५६
परिमार्जित संस्करण २०६४
पुनर्मुद्रण २०६५
पुनर्मुद्रण २०६७
पुनर्मुद्रण २०६८

मुद्रणः जनक शिक्षा सामग्री केन्द्र लिमिटेड,
सानोठिमी भक्तपुर ।

मूल्य रु : ४५।८०

तपाईंको पुस्तकमा छपाइप्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा उक्त पुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेड वा नजिकको साझा प्रकाशनबाट साट्न सक्नुहुनेछ ।

● जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका टिप्पणीहरू भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने टिप्पणीहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

हाम्रो भनाइ

समाजको आवश्यकता, सिकारुको माग, समसामयिक परिवर्तन तथा सिकाइ प्रविधिको नवीनता आदिका आधारमा विद्यालयस्तरका पाठ्यपुस्तकमा समयसापेक्ष परिवर्तन हुँदै आएको छ। शिक्षाले विद्यार्थीहरूमा लोकतान्त्रिक मान्तयाअनुरूप उदात्त भावना प्रस्फुटित गराई देशलाई आवश्यक हुने मानवीय स्रोत र साधनको विकास गरी प्रतिस्पर्धापूर्ण जीवनयापन गर्न सक्ने दक्ष, सुशील, कर्तव्यनिष्ठ र सकारात्मक सोच भएका नागरिक सिर्जना गर्न सक्नुपर्दछ। यसैअनुरूपका मानव संसाधनको उत्पादनका लागि पाठ्यक्रम पाठ्यपुस्तकलाई समयानुकूल बनाउने कार्यअनुरूप यो पुस्तक तयार पारिएको हो।

वि.सं. २०५७ मा डा. श्रीरामप्रसाद उपाध्याय, नारायणप्रसाद शर्मा र क्रिस्टिन स्टोनले लेख्नुभएको यस पाठ्यपुस्तकलाई भूषण श्रेष्ठ, दिनानाथ गौतम, डिकबहादुर राई, महेन्द्र विष्ट एवम् लेखकसमेतको कार्यदलद्वारा परिमार्जन गर्ने काम भएको हो। यस परिमार्जनमा हरिबोल खनाल, कमला पोखरेल र कमला पाण्डेसमेतको योगदान रहेको छ। यसैगरी विषय समितिका लोकेन्द्रमान प्रधान, डा. राजाराम सुवेदी, चन्द्रकला मास्के, डिल्लीप्रसाद शर्मा, सन्ध्या भट्टराईको पनि विशेष योगदान रहेको छ। यस पुस्तकको भाषा सम्पादन द्रोण दाहाल, शम्भु दाहाल र विष्णुप्रसाद अधिकारीले, टाइप, लेआउट र डिजाइन सुमा श्रेष्ठ (बनेपाली) र अनिता मिश्रले गर्नुभएको हो।

सामाजिक अध्ययन विषयको यो पाठ्यपुस्तक तयार गर्दा परम्परागत प्रबन्धात्मक/वर्णनात्मक शैली मात्र अवलम्बन नगरी विविध प्रस्तुतिका माध्यमबाट पाठ्यसामग्रीलाई विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी बनाउने प्रयास गरिएको छ। पाठ्यपुस्तकको नयाँ धारणाअनुसार एकापट्टि पाठ्यवस्तु र अर्कापट्टि क्रियाकलाप रहने गरी द्विपृष्ठात्मक प्रारूप (Double Page Spread) तय गरिएको छ। यसैगरी प्रत्येक एकाइको अन्त्यमा पाठ्यवस्तुको सारांश राखिएको छ। सामाजिक अध्ययन सामाजिक विज्ञानसँग सम्बन्धित हुने भए पनि यो सामाजिक विज्ञानको प्रभाव पक्षसँग मात्र निकट रहेको हुन्छ। यसले विद्यार्थीहरूलाई क्रियाकलाप गर्न, सामग्री सङ्कलन गर्न, प्रतिवेदन तयार पार्न र अभिप्रेरणा जगाउन महत्त्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। सामाजिक शिक्षाको अवधारणा नै **'पढेरभन्दा गरेर सिक'** भन्ने भएकाले यसमा सैद्धान्तिक ज्ञानलाई भन्दा व्यावहारिक र सीपमूलक ज्ञानलाई प्रधानता दिइएको छ। यसका साथै लैङ्गिक, क्षेत्रीय, जातीय र सांस्कृतिक समानतालाई विचार गरी सन्तुलित रूपमा पाठ्यवस्तु प्रस्तुत गर्ने प्रयत्न गरिएको छ। आजको परिप्रेक्ष्यमा सामाजिक अध्ययन एक चुनौतीपूर्ण विषयका रूपमा देखा परिरहेका वेला विद्यार्थीहरूलाई व्यावहारिक शिक्षा दिन, सिर्जनशीलता एवम् रचनात्मकतातिर अग्रसर हुन उपयोगी सिद्ध हुने छ भन्ने पनि हाम्रो विश्वास छ।

पाठ्यपुस्तक शिक्षणसिकाइ प्रक्रियाको महत्त्वपूर्ण सहयोगी साधन हो। अनुभवी शिक्षक र जिज्ञासु विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध स्रोत र साधनको उपयोग गरी अध्ययन एवम् अध्यापन गर्न सक्छन्। विभिन्न कारणहरूले गर्दा सबै विद्यालयहरूमा सहायक पाठ्यसामग्री सजिलै उपलब्ध नहुँदा शिक्षण सिकाइ पाठ्यपुस्तकमाथि अत्यधिक रूपमा निर्भर रहेको देखिन्छ। कुशल शिक्षकमा पाठ्यपुस्तकका नमुना क्रियाकलापका आधारमा अन्य रचना गर्न सक्ने क्षमता हुने हुँदा सम्बन्धित विषय शिक्षकले आवश्यकतानुसार क्रियाकलाप गराउनु हुने छ भन्ने अपेक्षा गरिएको छ।

प्रस्तुत पाठ्यपुस्तक सकेसम्म स्तरयुक्त बन्न सकोस् भनी प्रशस्त प्रयास गरिएको छ। तथापि पाठ्यपुस्तकमा हुनुपर्ने भाषा, शैली, विषयवस्तु, प्रस्तुति, चित्राङ्कन आदिका पक्षमा केही कमीकमजोरी रहेका हुन सक्छन्। तिनको सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने गर्छ। अतः सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, विशेषज्ञ तथा सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछ।

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

विषयसूची

क्र.सं.	पाठशीर्षक	पृष्ठसङ्ख्या
एकाइ १.	**हामी, हाम्रो समुदाय र राष्ट्र**	१ - १६
	१. क्षेत्रीय तथा सङ्घीय विकासको अवधारणा	२
	२. पूर्वाञ्चल विकास क्षेत्र	४
	३. मध्यमाञ्चल विकास क्षेत्र	६
	४. पश्चिमाञ्चल विकास क्षेत्र	८
	५. मध्यपश्चिमाञ्चल विकास क्षेत्र	१०
	६. सुदूरपश्चिमाञ्चल विकास क्षेत्र	१२
	७. नेपालमा सञ्चालित आयोजना	१४
	सारांश	१६
एकाइ २.	**विकासका पूर्वाधारहरू**	१७ - २६
	१. विकासका निम्ति दक्ष जनशक्ति	१८
	२. दक्ष जनशक्ति : आज र भोलि	२०
	३. विकासमा महिलाको समान सहभागिता	२२
	४. शान्ति सुव्यवस्था	२४
	सारांश	२६
एकाइ ३.	**हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता**	२७ - ४०
	१. हाम्रा सम्पदा	२८
	२. नेपालका लोकगीत	३०
	३. नेपाली लोकबाजा	३२
	४. हाम्रा शास्त्रीय तथा लोक नृत्य	३४
	५. हाम्रा राष्ट्रिय दिवस	३६
	६. अन्तरराष्ट्रिय व्यक्तित्वहरू	३८
	सारांश	४०
एकाइ ४.	**सामाजिक समस्या र समाधान**	४१ - ५९
	१. चेलीबेटी बेचबिखन र देहव्यापार	४२
	२. सामाजिक कुप्रथा	४४
	३. प्रमुख सामाजिक समस्या : भ्रष्टाचार	४६
	४. लागुपदार्थ दुर्व्यसन	४८
	५. शरणार्थी समस्या	५०
	६. सामाजिक समस्या निराकरणमा अन्तरराष्ट्रिय संस्थाहरूको भूमिका	५२

७. नेपालको विकास कार्यमा स्काउटले खेलेको भूमिका ५४
८. नेपालको विकास कार्यमा रेडक्रस र एसओएसका योगदान ५६
सारांश ५८

एकाइ ५. नागरिक चेतना ५९ - ७८
१. व्यवस्थापिका ६०
२. कार्यपालिका ६२
३. न्यायपालिका ६४
४. संवैधानिक अङ्गहरू ६६
५. राजनीतिक दलहरू ६८
६. निर्वाचन प्रक्रिया ७०
७. निर्वाचनमा नागरिकको भूमिका ७२
८. मानवअधिकार ७४
९. राष्ट्रिय सरोकारका विषय ७६
सारांश ७८

एकाइ ६. हाम्रो पृथ्वी ७९ - ११४
१. हावापानी र प्राकृतिक वनस्पति ८०
२. हावापानी र प्राकृतिक वनस्पतिका प्रदेश ८२
३. उष्ण प्रदेश ८४
४. उष्ण प्रादेशिक जनजीवन ८६
५. अर्धोष्ण प्रदेश ८८
६. अर्धोष्ण प्रदेशीय जनजीवन ९०
७. जाडो प्रदेश ९२
८. उत्तर अमेरिकाको भौगालिक वातावरण ९४
९. उत्तर अमेरिकाको प्राकृतिक साधन र यसको उपयोग ९६
१०. दक्षिण अमेरिकाको भौगोलिक वातावरण ९८
११. दक्षिण अमेरिकाको आर्थिक क्रियाकलाप १००
१२. अफ्रिका महादेशको भौगोलिक वातावरण १०२
१३. अफ्रिका महादेशको आर्थिक क्रियाकलाप १०४
१४. उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र नेपाल १०६
१५. भूकम्प १०८
१६. नक्साको माध्यमबाट सूचनाको प्रवाह ११०
अनुसूची १ र २ ११२
सारांश ११४

एकाइ ७.	हाम्रा विगत	११५ - १३६
	१. दिल्ली सम्झौता र २००७ सालको आन्दोलनको अन्त्य	११६
	२. २००७ देखि २०१७ सालसम्मको राजनीतिक घटनाक्रम	११८
	३. प्रत्यक्ष शासन र दलहरूमाथिको प्रतिबन्ध	१२०
	४. २०१७ सालदेखि २०३६ सालसम्म राजनीतिक घटना	१२२
	५. २०३६ देखि २०४६ सम्मका राजनीतिक घटनाक्रम	१२४
	६. २०४६ पछिका राजनीतिक घटनाक्रम	१२६
	७. प्रथम विश्वयुद्धका कारणहरू	१२८
	८. प्रथम विश्वयुद्धका प्रमुख घटना र परिणाम	१३०
	९. द्वितीय विश्वयुद्धका कारण	१३२
	१०. द्वितीय विश्वयुद्धका प्रमुख घटनाहरू	१३४
	सारांश	१३६
एकाइ ८.	आर्थिक क्रियाकलाप	१३७ - १५४
	१. पर्यटन उद्योग र यसको महत्त्व	१३८
	२. नेपालमा पर्यटन उद्योगका सम्भावना	१४०
	३. नेपालमा पर्यटन उद्योगका समस्याहरू	१४२
	४. पर्यटन उद्योगका समस्या समाधानका उपायहरू	१४४
	५. नेपालका पर्यटन केन्द्रहरू	१४६
	६. वैदेशिक रोजगार	१४८
	७. वैदेशिक रोजगारका चुनौती र सम्भावना	१५०
	८. चालु योजनाको उद्देश्य र कार्यक्रम	१५२
	सारांश	१५४
एकाइ ९.	अन्तरराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग	१५५- १६४
	१. संयुक्त राष्ट्रसङ्घ र यसका अङ्ग	१५६
	२. संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्था	१५८
	३. संयुक्त राष्ट्रसङ्घका गतिविधि	१६०
	४. अन्तरराष्ट्रिय सम्बन्ध र नेपाल	१६२
	सारांश	१६४

एकाइ १

हामी, हाम्रो समुदाय र राष्ट्र



यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौं :

- क्षेत्रीय तथा सङ्घीय विकासको अवधारणा र महत्त्व
- विकास क्षेत्रको धरातलीय स्वरूप, हावापानी, जनजीवनको तुलना
- विकास क्षेत्रको कृषि, उद्योग तथा व्यापारको तुलना
- नेपालमा सञ्चालित आयोजना

१. क्षेत्रीय तथा सङ्घीय विकासको अवधारणा



नेपालको भौगोलिक क्षेत्र

उत्तरमा चीन र दक्षिण, पूर्व तथा पश्चिममा भारतसँग सिमाना जोडिएको नेपाल एक सानो भूपरिवेष्ठित देश हो । धरातलीय स्वरूपका आधारमा नेपाललाई तीन मुख्य भौगोलिक प्रदेशमा बाँड्न सकिन्छ । यी तीनैओटा प्रदेशहरू एकआपसमा एकदमै भिन्न छन् । यी प्रदेशहरू हुन् :

१. हिमाली प्रदेश, २. पहाडी प्रदेश

३. तराई प्रदेश ।

हिमाली र पहाडी खण्डमा विकास कार्यहरू सञ्चालन गर्ने काम ज्यादै गाह्रो हुन्छ । यस क्षेत्रमा यातायात र सञ्चारजस्ता विकासका पूर्वाधार पुऱ्याउन कठिन र खर्चिलो हुन्छ । यहाँ मानिसको बसोबास पनि तुलनात्मक रूपमा कम छ । त्यसैले विकासका पूर्वाधारहरूको समुचित व्यवस्था हुन नसकी पहाडी र हिमाली क्षेत्र विकासमा सधैं पछाडि परेको छ । तराई प्रदेश समथर भएकाले यहाँ विकास कार्य सञ्चालन गर्न केही सजिलो पर्छ । तराईका विभिन्न क्षेत्रहरूमा यातायातको प्रबन्ध केही राम्रो देखिन्छ । यहाँका अधिकांश जिल्लाहरू काठमाडौँसँग स्थल मार्गद्वारा जोडिएका छन् । पहाडी क्षेत्र र तराई क्षेत्रमा प्राप्त प्राकृतिक स्रोतको विविधताले गर्दा पनि यी क्षेत्रहरूको अवस्था भिन्नभिन्न भएको हो । उचित योजनाविना यी क्षेत्रहरूबीचको असन्तुलन बढ्दै जाने भएकाले क्षेत्रीय विकासमा सन्तुलन ल्याउन २०२९ सालमा ४ विकास क्षेत्रमा विभाजित नेपाल राज्यलाई पछि २०३७ सालमा महाकाली र सेती अञ्चललाई जोडेर सुदूरपश्चिमाञ्चल नामको छुट्टै एक विकास क्षेत्रको स्थापना गरियो । यसरी नेपाललाई ५ विकास क्षेत्रमा बाँडी प्रत्येक क्षेत्रका लागि एकएकओटा विकास केन्द्र समेत तोकियो । यिनै विकास केन्द्रबाट विकास क्षेत्रका विकाससम्बन्धी गतिविधिहरू र अन्य प्रशासनिक कार्यहरू सञ्चालन गरिन्छन् ।



विकास क्षेत्र तथा सदरमुकाम

हिमाली, पहाडी र तराई क्षेत्रको असन्तुलित अवस्था हटाई राष्ट्रिय एकताको अभिवृद्धि गर्ने हेतुले विकास क्षेत्रको विभाजन गरिएको हो । यसले गर्दा विकेन्द्रीकरणको अवधारणाअनुसार हरेक विकास क्षेत्रमा विकास गतिविधि सञ्चालन गर्न, विकास क्षेत्रहरूको समानुपातिक र समष्टिगत विकास गर्ने दृष्टिकोण थियो ।

क्षेत्रीय विकासको अवधारणाले मात्र राष्ट्रको समानुपातिक विकास हुन नसकेको कुरा विगतको ३४ वर्षको अनुभवले देखाउँछ । दोस्रो जनआन्दोलन २०६२-६३ पछि देशमा सङ्घीय शासन प्रणाली आवश्यक छ भनी

जनआवाजहरू उठ्न थालेका छन् । अन्तरिम संविधान २०६३ को दोस्रो संशोधनले पनि यसलाई स्वीकार गर्दै नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा उल्लेख गरेको छ । विश्वमा प्रचलनमा रहेका सङ्घीय शासन प्रणालीहरू भएका मुलुकमा केन्द्रीय र प्रान्तीय गरी दुई प्रकारको शासन रहेको हुन्छ । राष्ट्रलाई विभिन्न स्वायत्त प्रान्त वा राज्यमा विभाजन गरिन्छ र हरेक राज्यमा सरकार हुन्छ । ती राज्य सरकारलाई आफ्ना प्रान्त वा राज्यभित्र आन्तरिक सुरक्षा व्यवस्था सुदृढ गर्ने, आन्तरिक प्रशासन सञ्चालन गर्ने, विकास निर्माण कार्य सञ्चालन गर्ने, विकासका नीतिहरू बनाउने, राज्य कानुन बनाउने र आम्दानी खर्च गर्ने समेतको स्वायत्तता दिइएको हुन्छ । अमेरिकामा शिक्षा, स्वास्थ्य लगायतका विकास नीतिहरू राज्य सरकारले नै बनाउँछन् । केन्द्रीय सरकारले भने सीमा सुरक्षा, राष्ट्रिय अर्थनीति निर्माण र कार्यान्वयन, वैदेशिक मामिला र सेना परिचालन एवम् राज्य सरकार नियन्त्रण र निर्देशन गर्ने कार्य गर्दछ ।

सङ्घीय शासनप्रणाली लागू भएमा राज्य वा प्रान्तहरूबीच प्रतिस्पर्धा बढ्ने, आफ्ना स्रोत र साधनहरूको उचित परिचालन गर्ने, केन्द्रको मुख ताक्नु नपर्ने, सङ्घीय आत्मनिर्भरता बढ्ने हुनाले द्रुततर विकास हुने सम्भावना रहन्छ ।

क्रियाकलाप

१. नेपालको रेखाङ्कित मानचित्र आफ्नो अभ्यासपुस्तिकामा उतारी ५ ओटा विकास क्षेत्रहरू, प्रत्येक विकास क्षेत्रका सदरमुकाम र तपाईंको घर भएको ठाउँ देखाउनुहोस् । नक्सामा दिइएको स्केलका आधारमा प्रत्येक विकास केन्द्र र काठमाडौंको दुरी पत्ता लगाई एक चार्ट पनि बनाउनुहोस् ।

२. नेपाललाई विकास क्षेत्रमा विभाजन गर्नुका कारण उल्लेख गर्नुहोस् ।

३. प्राकृतिक प्रदेश र प्रशासनिक क्षेत्रमा के फरक छ ? सामूहिक छलफल गरी आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् ।

४. आफ्नो कुनै स्थानीय इलाकालाई प्राकृतिक प्रदेश र प्रशासनिक क्षेत्रका रूपमा विभाजन गर्नुपरेमा कसरी गर्नुहुन्छ र किन ? समूहमा छलफल गरिसकेपछि सबै समूहका विचारहरू आपसमा तुलना गरी निष्कर्ष निकाल्नुहोस् ।

५. तलको नक्सा अध्ययन गरी अझ राम्रो ढङ्गले विकास गर्न तपाईं नेपाललाई कसरी विभाजन गर्नुहुन्छ, अभ्यास पुस्तिकामा नेपालको नक्सा बनाई विभाजनसमेत गर्नुहोस् ।



२. पूर्वाञ्चल विकास क्षेत्र

भौतिक वातावरण

यो क्षेत्रमा उत्तरमा हिमाली क्षेत्र, मध्य भागमा पहाडी क्षेत्र र दक्षिणमा तराई क्षेत्र पर्दछन् । संसारको सबभन्दा अग्लो पर्वत सगरमाथा (८८४८ मि.) र तेस्रो अग्लो कञ्चनजङ्घा (८५९८ मि.) यही विकास क्षेत्रको उत्तरी भागमा रहेका छन् । सगरमाथामा वि.सं. २०१० मा तेन्जिङ शेर्पा तथा एडमन्ड हिलारी र कञ्चनजङ्घामा वि.सं. २०१२ मा ब्रिटिस र शेर्पा पर्वतारोही समूह सबभन्दा पहिला पुगेका हुन् । यो विकास क्षेत्र नेपालका कोसी नदीद्वारा सिञ्चित छ । सप्तकोसी नदी नेपालको सबैभन्दा ठूलो नदी हो । भारतमा पुगेपछि यो गङ्गा नदीमा मिसिन्छ । यसबाट पर्याप्त जलविद्युत्शक्ति उत्पादन गर्न सकिने भएर पनि हालसम्म खासै फाइदा लिन सकिएको छैन । मध्यपहाडी भाग हिमाली भागभन्दा केही सुगम छ । महाभारत पर्वतश्रेणी भनिने यस भागमा विभिन्न प्रकारका वनस्पतिहरू पाइन्छन् । सगरमाथा र मकालु वरुण राष्ट्रिय निकुञ्ज यसै क्षेत्रमा छन् । बङ्गालको खाडीबाट बहने मौसमी वायुले यस क्षेत्रमा पर्याप्त वर्षा गराउँछ ।

बासिन्दाहरू

पूर्वाञ्चलकी महिला

प्रत्येक विकास क्षेत्रमा बसोबास गर्ने मानिसहरू अनेक जातका छन् । हिमाली, पहाडी तथा तराई भागमा सबै जातिका मानिसहरूको बसोबास छ । यिनीहरूको रहनसहन तथा संस्कृति आ-आफ्नै किसिमको भए पनि आजकल विभिन्न कुरामा बढी घुलमिल भएको पाइन्छ । यस क्षेत्रका कतिपय राईलिम्बूहरू भारतीय र ब्रिटिस सेनामा कार्यरत छन् भने शेर्पाहरू पर्वतारोहण गर्ने र पर्वतारोहीहरूलाई सहयोग गर्ने काम गर्दछन् । यस कार्यबाट विदेशी मुद्रा आर्जन हुने हुँदा यहाँका कतिपय व्यक्तिहरूको जीवनस्तर उच्च छ । यस क्षेत्रमा पिछडिएका जातजातिहरू पनि बसोबास गर्दछन् । यिनीहरूको जीवनस्तर बढाउने आर्थिक सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।



पूर्वाञ्चल विकास क्षेत्रमा नगदेबालीहरू

पेसा तथा व्यवसाय

यस विकास क्षेत्रमा बसोबास गर्ने बासिन्दाको मुख्य पेसा कृषि हो । यहाँ पर्याप्त वर्षा हुने भएकाले धान, गहुँ, मकैजस्ता अन्नबालीहरू हुन्छन् भने नगदेबालीका रूपमा जुट, चिया, उखु, सुर्ती आदि लगाइन्छन् । आलु तराईदेखि पहाडसम्म जतातत्तै हुन्छ । यो एक अति महत्त्वपूर्ण बाली हो । यहाँको कृषि जीवन निर्वाह गर्ने खालको छ । व्यावसायिक स्तरमा नगदेबालीहरू मात्र लगाइन्छन् । जुटबाट बोरा, कार्पेट आदि बुनिने हुँदा यो एक महत्त्वपूर्ण नगदेबाली बनेको छ । नेपालमा उत्पादित चिया विदेशमा पनि निर्यात गरिन्छ । चियाखेतीलाई विस्तार र विकास गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ । वि.सं १९९३ मा स्थापित विराटनगर जुटमिलले जुटका सामान उत्पादन गर्दछ । विराटनगरमै नेपालको पहिलो चिनी कारखाना (वि.सं. २००३) तथा सुती कपडा उद्योगको स्थापना भएको थियो । अहिले विराटनगर, धरान तथा अन्य केही ठाउँहरूमा नेपालका विभिन्न ठूला तथा मझौला उद्योगहरू स्थापना भई सञ्चालित छन् ।

क्रियाकलाप

१. अभ्यासपुस्तिकामा पूर्वाञ्चल विकास क्षेत्रको नक्सा उतारी बाकसमा दिइएका कुराहरू देखाउनुहोस् :

सगरमाथा अञ्चल,
सुनकोसी नदी,
कञ्चनजङ्घा, मेची
अञ्चल, सगरमाथा,
कोसी अञ्चल,
धनकुटा, अरुण नदी,
इलाम, विराटनगर,
सप्तकोसी, राजविराज,
नाम्चेबजार



२. नक्सामा दिइएको विवरणका आधारमा प्रत्येक विकास क्षेत्रमा बसोबास गर्ने जातीय समुदायका बारेमा तलको तालिकामा दिइएजस्तै विवरण तयार गर्नुहोस् :



विकास क्षेत्र	समुदाय
पूर्वाञ्चल	
मध्यमाञ्चल	
पश्चिमाञ्चल	
मध्यपश्चिमाञ्चल	
सुदूरपश्चिमाञ्चल	

३. पूर्वाञ्चल विकास क्षेत्रका मुख्य उद्योग र व्यापारिक केन्द्रहरूको नाम लेखी व्यापार बढाउने कुनै दुई उपायहरू उल्लेख गर्नुहोस् ।

३. मध्यमाञ्चल विकास क्षेत्र

भौतिक वातावरण

७,००० मिटरभन्दा अग्ला गणेश हिमाल, लाङटाङ हिमाल र गौरीशङ्कर हिमाल गरी तीनओटा हिमालहरू यस क्षेत्रमा अवस्थित छन् । बागमती काठमाडौं उपत्यका हुँदै दक्षिणतर्फ लाग्छ । पाटन, भक्तपुर र काठमाडौं गरी तीन सहरहरू भएको काठमाडौं उपत्यका यस क्षेत्रको अति महत्त्वपूर्ण खण्ड हो । हेटौंडा र चितवन भित्री मधेसमा पर्दछन् । यी क्षेत्र र काठमाडौंबीच यातायात र सञ्चारको राम्रो सम्पर्क कायम भएको छ । जनकपुरको सिन्धुली माडी र धनुषा जिल्लाको भू-भाग पनि यस क्षेत्रका उल्लेखनीय भाग हुन् ।



मध्यमाञ्चल विकास क्षेत्र

बासिन्दाहरू

यस क्षेत्रको हिमाली खण्डमा शेर्पा र भोटे जातका मानिसहरू बसोबास गर्दछन् भने मध्यपहाडी खण्डमा तामाङ, मगर, बाहुन, क्षेत्री तथा गुरुङहरू पनि बस्दछन् । काठमाडौं उपत्यकामा नेवारहरूको प्रधानता छ । यस क्षेत्रमा मारवाडी, मुसलमान, महतो, गुप्ता, मण्डल, कुर्मी, यादव, राय, साह, मुसहर, दनुवार, जिरेल, हायु, थारू तथा बाहुनक्षेत्री जातका मानिसहरू बसोबास गर्दछन् । व्यापारिक केन्द्रहरूमा नेवारहरू बस्छन् । मकवानपुर जिल्लाको पहाडी खण्डमा पिछडिएको चेपाङ जातिको बस्ती पनि छ । बहुसङ्ख्यक मानिसहरूले विभिन्न प्रकारका बालीहरू उमार्ने, पशुपालन गर्ने तथा व्यापारिक केन्द्रहरूमा खास गरी काठमाडौं उपत्यकामा व्यापार गर्ने गर्दछन् । पहाडी खण्डमा घरहरू साधारण प्रकारका हुन्छन् भने सहर बजारमा इँटा तथा सिमेन्टले बनेका आधुनिक खालका घरहरू पनि छन् । यहाँ विभिन्न जात तथा समुदायका व्यक्तिहरू फरकफरक भाषा बोल्छन् । यो विकास क्षेत्र अन्य क्षेत्रहरूभन्दा विकसित छ । यहाँका नदीहरू स-साना भए पनि जलविद्युत् उत्पादन गर्न सकिने पर्याप्त सम्भावना भएका छन् । हाल उत्पादित जलविद्युत्शक्तिको ठूलो मात्रा यही क्षेत्रबाट उत्पादित छ । हिमाली भागमा अति पातलो, मध्यपहाडी भागमा मझौला र उपत्यकाहरूमा अति बाक्लो आबादी रहेको छ । तराई खण्ड पनि घना आबादीकै क्षेत्र हो ।

रसुवाको घर



काठमाडौं उपत्यकाको घर

क्रियाकलाप

१. मध्यमाञ्चल विकास क्षेत्रको रेखाङ्कित मानचित्र आफ्नो अभ्यासपुस्तिकामा उतारी पाठमा उल्लेख गरिएका पर्वतहरू, नदीहरू तथा व्यापारिक केन्द्रहरूलाई उचित सङ्केतको प्रयोग गरी देखाउनुहोस् । यस विकास क्षेत्रका अञ्चलहरू छुट्याई त्रिशूली नदी पनि देखाउनुहोस् ।

२. मध्यमाञ्चल विकास क्षेत्र अन्य विकास क्षेत्रको तुलनामा विकसित हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

३. काठमाडौँ उपत्यका एउटा ताल थियो । यसैले यहाँ धेरै तलसम्म अति मलिलो लस्सादार माटो छ । जङ्गलले ढाकिएका डाँडाकाँडाहरूले यो उपत्यका घेरिएको छ । मझौला किसिमको मनसुनी वर्षा हुन्छ । उच्च भागमा ढुङ्गाहरू प्रशस्त पाइन्छन् । हावा बढी चल्छ र जाडो हुन्छ । यसका आधारमा यहाँ कस्ता घरहरू हुन्छन् होला र किन त्यस्तो भएको होला ? छलफल गर्नुहोस् ।

४. दिइएको स्तम्भचित्र (Bar chart) हेरी सबै विकास क्षेत्रमा रहेका कारखाना तथा उद्योगको सङ्ख्याबारे जानकारी लिनुहोस् । देशभरमा जम्मा कति त्यस्ता उद्योगहरू रहेछन्, बताउनुहोस् । अनि अब मध्यमाञ्चलमा कति प्रतिशत त्यस्ता उद्योग रहेछन् त ? त्यो पनि बताउनुहोस् ।

$$\frac{\text{मध्यमाञ्चलको उद्योग सङ्ख्या}}{\text{नेपालको जम्मा उद्योग सङ्ख्या}} \times १००\%$$



५. जनकपुर र वीरगन्जमा चुरोट कारखानाहरू छन् । धूमपानले मानिसको स्वास्थ्यमा हानि पुऱ्याउँछ । नेपालमा चुरोट उद्योग हुनु राम्रो हो कि होइन ? छलफल गरी आफ्नो निष्कर्ष निकाल्नुहोस् ।

सामुदायिक कार्य

मध्यमाञ्चल विकास क्षेत्रको सम्बन्धमा तलको तालिका भर्नुहोस् । आफ्नो समुदायको पनि त्यस्तै तालिका बनाउनुहोस् । दुवैमा तुलना गरी निष्कर्ष निकाल्नुहोस् ।

भौगोलिक अवस्था	जातजातिहरू	कृषि	उद्योग	अन्य केही भए

४. पश्चिमाञ्चल विकास क्षेत्र

भौतिक वातावरण

यो विकास क्षेत्रमा पनि भौगोलिक विविधता पाइन्छ । धवलागिरि, अन्नपूर्ण, मनास्लु तथा हिउँचुली पर्वत शृङ्खलाहरूले यस विकास क्षेत्रको उत्तरी खण्डको ठूलै भू-भाग ढाकेका छन् । अन्नपूर्ण र धवलागिरिको बीचको कालीगण्डकी उपत्यका संसारकै सबभन्दा गहिरो उपत्यका हो । यस क्षेत्रको पश्चिमी भाग कालीगण्डकी नदीबाट र मध्य भाग सेती नदीबाट सिञ्चित छ भने पूर्वी खण्डमा त्रिशूलीमा मिसिने मर्स्याङ्दी नदी छ । फेवाताल, वेगनासताल, तिलिचो आदि प्रसिद्ध ताल पनि यस क्षेत्रमा पर्दछन् । अन्नपूर्ण पर्वतशृङ्खलाको उत्तरी खण्डमा दुई सुख्खा उपत्यकाहरू मनाङ तथा मुस्ताङ पर्दछन् । यहाँको वातावरण खेतीपातीका निम्ति त्यति अनुकूल छैन । अन्नपूर्णको दक्षिणी खण्डमा पर्याप्त वर्षा हुने गर्दछ । लुम्बिनी अञ्चलको दक्षिणी भाग समथर बढी र उब्जाउ छ ।

बासिन्दाहरू

पश्चिमाञ्चल विकास क्षेत्रमा जनसङ्ख्याको वितरण असमान छ । पहाडी खण्डमा पातलो बस्ती छ भने पोखरा उपत्यका र लुम्बिनी अञ्चलको तराई खण्डमा बाक्लो बस्ती छ । यहाँ मगर, बाहुन, क्षेत्री, गुरुङ, थकाली, छन्त्याल, दुरा आदि जातका मानिसहरू बस्दछन् । यस क्षेत्रको उत्तरी खण्डमा बसोबास गर्ने थकाली तथा गुरुङहरू व्यापार तथा पर्यटन व्यवसायमा लागेका छन् । यस क्षेत्रका बासिन्दाहरूको प्रमुख पेसा कृषि नै हो र यहाँ विभिन्न अन्नबालीहरू लगाइन्छन् । धान, मकै, गहुँ, कोदो प्रमुख खाद्यान्न बाली हुन् भने उखु नगदेबाली हो । आलु सबैजसो ठाउँमा लगाइन्छ । ठाउँअनुसार घरहरू विभिन्न प्रकारका हुन्छन् । गोरखा दरबार तथा गौतम बुद्धको जन्मथलो लुम्बिनी अति प्रसिद्ध ऐतिहासिक स्थानहरू हुन् । मनकामना देवीको मन्दिर र मुक्तिनाथ महत्त्वपूर्ण तीर्थस्थल हुन् । यी यसै क्षेत्रमा पर्दछन् ।

व्यापार-व्यवसाय

यहाँ काली गण्डकी, मर्स्याङ्दी, मध्य मर्स्याङ्दी जस्ता ठूला र स-साना विद्युत् केन्द्र पनि धेरै छन् । बुटवल, भैरहवा र पोखरा औद्योगिक केन्द्रका रूपमा विकसित भइरहेका छन् । पहिले पोखरा एक सानो व्यापारिक केन्द्र थियो भने अहिले नेपालका ठूला सहरमध्ये एक हो । हवाईमार्ग र स्थलमार्गले यो सहर राजधानीसँग जोडिएको छ र बुटवल र बाग्लुङसँग पनि स्थलमार्गद्वारा जोडिएको छ । पर्यटन, उद्योग तथा व्यापार व्यवसाय राम्ररी



अन्नपूर्ण शृङ्खला

फस्टाएकाले यस क्षेत्रको विकास तीव्र रूपमा हुँदै छ । यो एक महत्त्वपूर्ण शैक्षिक केन्द्र पनि हो । पोखरा विश्वविद्यालय तथा पृथ्वीनारायण क्याम्पसले उच्च शिक्षामा ठूलो योगदान पुऱ्याएका छन् ।

क्रियाकलाप



१. पश्चिमाञ्चल विकास क्षेत्रको रेखाङ्कित नक्सामा दिइएका सहरहरू र पर्वतहरूलाई उचित सङ्केतको प्रयोग गरी देखाउनुहोस् ।

२. पाठको चित्र राम्ररी हेर्नुहोस् । पोखराबाट एक कलाकारले चित्रमा देखाइएको दृश्य हेर्दछ भने उसले कुन दिशातर्फ हेर्छ ? माछापुच्छ्रे अन्नपूर्ण शिखरभन्दा १००० मिटर होचो छ तर पनि यो धेरै अग्लो जस्तो देखिन्छ, किन ?

३. पश्चिमाञ्चल विकास क्षेत्रका कुनै तीनओटा ठाउँको मौसमी रेकर्ड तल दिइएको छ । यी तथ्याङ्क देखाउने तीनओटा स्तम्भचित्र खिच्नुहोस् । यी तीन ठाउँहरू बुटवल, पोखरा र जोमसोम हुन् । यी ठाउँहरू बीचको दुरी करिब १५० कि.मि. छ । कुन तथ्याङ्क कुन ठाउँको हो, पहिचान गरी प्रत्येक तालिकामा सो कुरा उल्लेख गर्नुहोस् । सबभन्दा बढी र घटी वर्षा तथा तापक्रम कहाँकहाँ छ र किन, व्याख्या गर्नुहोस् ।

महिना	ज.	फ.	मा.	अ.	मे.	जु.	जु.	अ.	से.	अ.	नो.	डि.	कैफियत
औसत तापक्रम	१३	१५	२०	२३	२४	२५	२५	२५	२४	२१	१७	१३	° से.
वर्षा	२४	३१	५४	१२४	३२९	६५९	९१२	८०६	६१६	१८९	२४	२२	मि.मि.
औसत ताप	४	६	९	१२	१५	१९	१९	१९	१७	१२	८	५	° से.
वर्षा	७	८	२२	१६	१७	२५	४३	३०	४७	३६	५	३	मि.मि.
औसत ताप	१८	२०	२४	२९	३१	२९	२८	२८	२८	२६	२२	१८	° से.
वर्षा	१३	१५	१५	२०	९३	३७५	७२२	४८९	४५५	१४२	५	१८	मि.मि.

४. "पश्चिमाञ्चल विकास क्षेत्रमा पर्यटन उद्योगको ठूलो सम्भावना छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

५. पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरूको बारेमा छलफल गरी सूची बनाउनुहोस् ।

५. मध्यपश्चिमाञ्चल विकास क्षेत्र

भौतिक वातावरण

जुम्लाका बालबालिकाहरू

यो अति विकट किसिमको विकास क्षेत्र हो । पूर्वी नेपालमा जस्तै ज्यादै अग्ला पर्वतश्रेणीहरू नभए पनि यो विकास क्षेत्रको अधिकांश भाग उच्च पहाडी क्षेत्रमा पर्दछ । ठाउँठाउँमा गहिरा गल्छीहरू बँसी र कडा चट्टानले बनेका ढालयुक्त भिराला नाङ्गा डाँडाहरू देखिन्छन् । यहाँ तालहरू पनि छन् । यहाँ उर्वर भूमि कम छ ।

धेरै दिन हिँडेपछि मात्र उत्तरी खण्डको अधिकांश क्षेत्रमा पुगिन्छ । यहाँ बाटोघाटो आदिको ज्यादै असुविधा छ । यातायात र सञ्चारको राम्रो प्रबन्ध नुहुनु दुःख लाग्दो कुरा हो । यस क्षेत्रको अधिकांश भूभाग हिमालभन्दा पछाडि पर्ने हुँदा त्यहाँ वर्षा हुँदैन । हिउँदमा केही हिउँ पर्छ । अधिकांश ठाउँको हावापानी ठन्डा र सुख्खा छ । अतः धान जस्तो महत्त्वपूर्ण बालीको खेती कम हुने हुँदा यो विकास क्षेत्रका अधिकांश जिल्लामा खाद्यान्न अभाव भई बाहिरबाट ल्याउनुपर्छ । समयसमयमा यहाँ खाद्यान्नको अभाव हुन्छ । यहाँको साक्षरता प्रतिशत कम छ, औसत उमेर कम छ, र स्कुल जाने बालबालिकाहरू कम छन् । निम्नस्तरको खानपिनले गर्दा मानिसको स्वास्थ्य स्थिति पनि कमजोर छ । अतः झाडापखाला तथा दादुरा र अन्य रोगको महामारी फैलिएको कुरा बारम्बार सुनिन्छ । सबभन्दा ठूलो क्षेत्र भएर पनि जनघनत्व सबभन्दा कम छ ।

यहाँ भेरी र कर्णाली दुईओटा ठूला नदीहरू छन् । रारा र फोक्सुन्डो दुईओटा सुन्दर तालहरू यहीँ पर्दछन् । दक्षिणी खण्डमा रहेको नेपालगन्ज एक महत्त्वपूर्ण व्यापारिक केन्द्र हो । यो सहर सडकमार्ग र हवाईमार्गद्वारा राजधानीसँग जोडिएको छ । यस विकास क्षेत्रका विभिन्न दुर्गम जिल्लाहरूतर्फ आवतजावत गर्ने तथा सरसामान ओसारपसार गर्ने प्रमुख केन्द्र पनि यही हो । वीरेन्द्रनगरदेखि जुम्लासम्म सडक पुगेको छ । यसले कर्णाली क्षेत्रको जनजीवन केही सहज बनेको छ । यसलाई मुगु हुँदै हुम्लासम्म पुऱ्याउन सके यस क्षेत्रको विकासमा मद्दत पुग्न सक्ने देखिन्छ ।



मध्यपश्चिमाञ्चल विकास क्षेत्र

क्रियाकलाप

१. मध्यपश्चिमाञ्चल विकास क्षेत्रको नक्सा सारी नदीहरू, तालहरू तथा केही बजार (व्यापारिक केन्द्र) देखाउनुहोस् । उत्तरदेखि दक्षिणसम्म र पूर्वी भागदेखि पश्चिमसम्म लम्बाइ कति रहेछ, नक्साबाट पत्ता लगाउनुहोस् । लम्बाइ पत्ता लगाउन नक्सामा दिइएको स्केल हेर्नुहोस् । बर्दिया राष्ट्रिय निकुञ्ज पनि नक्सामा देखाउनुहोस् ।

२. दिइएको चार्टमा पाँचै विकास क्षेत्रको जनसङ्ख्याको स्थिति देखाइएको छ । यसका आधारमा तलका कार्यहरू गर्नुहोस् :



(क) हरेक विकास क्षेत्रको जनसङ्ख्या प्रतिशत तलको सूत्र प्रयोग गरी पत्ता लगाउनुहोस् ।

जस्तै : $\frac{\text{मध्यपश्चिमाञ्चलको जनसङ्ख्या}}{\text{जम्मा जनसङ्ख्या}} \times १००\%$

(ख) नेपालको जनसङ्ख्या कति रहेछ ?

३. यस तथ्याङ्कलाई पनि यस्तै स्तम्भचित्र (Bar chart) मा देखाउनुहोस् । यो तथ्याङ्कले प्रत्येक विकास क्षेत्रको क्षेत्रफल देखाउँछ ।

विकास क्षेत्र	क्षेत्रफल (वर्ग कि.मि.)	पूर्ण सङ्ख्या (Round Figure)
पूर्वाञ्चल	२८,४५६	२८,०००
मध्यमाञ्चल	२७,४१०	२७,०००
पश्चिमाञ्चल	२९,३९८	२९,०००
मध्यपश्चिमाञ्चल	४२,३७८	४२,०००
सुदूरपश्चिमाञ्चल	१९,५३९	२०,०००

Statistical Pocket Book,2006

४. हामीले जनघनत्व थाहा पाउनुपरेको छ । जस्तै : प्रतिवर्ग किलोमिटरमा पूर्वाञ्चल विकास क्षेत्रमा

$$\text{जनसङ्ख्या} \div \text{क्षेत्रफल} = \frac{३०,००,०००}{४२,०००,००} = ७१.४ \text{जना प्रति वर्ग कि.मि.}$$

प्रत्येक विकास क्षेत्रको जनघनत्वको हिसाब निकाल्नुहोस् र एक एक पङ्क्तिमा **क्षेत्रफल, जनसङ्ख्या** र जनघनत्वको तुलना गर्नुहोस् ।

५. यस विकास क्षेत्रमा तीनओटा ठूला र प्रसिद्ध राष्ट्रिय निकुञ्ज भए पनि त्यहाँ जाने पर्यटकको सङ्ख्या कम छ । समूहगत छलफल गरी कारणहरू पत्ता लगाउनुहोस् । यी तीनमध्ये धेरैजसो पर्यटक जाने ठाउँ कुन होला, किन ? छलफल गरी बुँदाहरू आफ्नो अभ्यासपुस्तिकामा लेख्नुहोस् ।

६. सुदूरपश्चिमाञ्चल विकास क्षेत्र

सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको बारेमा कक्षाका सबै विद्यार्थीहरूले एकएक प्रश्न बनाई आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् । ती सबै प्रश्नहरूमध्ये केहीको उत्तर तलको अनुच्छेदमा प्राप्त हुन्छ भने अन्यका निम्ति आफैँले पत्ता लगाउने प्रयत्न गर्नुहोस् ।

प्रश्न १. यो एक सानो विकास क्षेत्र हो । यसका पूर्वी तथा पश्चिमी सिमाना कुनकुन हुन् ?

उत्तर : पूर्वी सिमाना कर्णाली नदी हो र पश्चिमी सिमाना महाकाली नदी हो ।

प्रश्न २. के यो विकास क्षेत्र मध्यपश्चिमाञ्चल जस्तै सुख्खा छ ?

उत्तर : मौसमी वायुले वर्षायाममा पार्ने वर्षा दुवै विकास क्षेत्रमा उस्तैउस्तै प्रकारको हुन्छ तर हिउँदको समयमा पश्चिमबाट आउने वायुले यो विकास क्षेत्रमा धेरै वर्षा गराउँछ । अतः यहाँ हिउँदे वर्षा अन्य विकास क्षेत्रमा भन्दा बढी हुन्छ । यस क्षेत्रमा हिमाल पछाडिका क्षेत्र कम भएकाले सुख्खा क्षेत्र कम छ ।

प्रश्न ३. के यहाँ कुनै अस्वाभाविक किसिमको मौसमी अवस्था देखा पर्छ ?

उत्तर : ग्रीष्म याममा भारतको थार मरुभूमितिरबाट आउने अति तातो हावाले गर्दा तराई क्षेत्रमा ज्यादै नै गर्मी हुन्छ । यस्तो गर्मीले महेन्द्रनगर, धनगढी र उत्तरमा रहेको दिपायललाई पनि असर पुऱ्याउँछ ।

प्रश्न ४. के यो क्षेत्र एक निर्धन क्षेत्र हो ?

उत्तर : हो, तर मध्यपश्चिमाञ्चल जस्तो निर्धन भने होइन । सडकमार्गबाट धेरै टाढा भएका क्षेत्रहरू मध्यपश्चिमाञ्चलका भन्दा कम छन् । सजिलैसँग मानिसहरू भारत गई काम गरेर केही अर्थोपार्जन गर्दछन् तर महिलाको स्थिति भने ज्यादै नै दयनीय छ ।

प्रश्नं ५. त्यहाँ थारू जातका मानिसहरू मात्र बसोबास गर्छन् कि अन्य जातका पनि बस्छन् ?

उत्तर : तराईको विभिन्न भागमा थारूहरू बसोबास गर्छन् । उनीहरू पशुपालन, खेतीपाती, माछा मार्ने आदि काम गरी जीवन निर्वाह गर्छन् । अन्य जातका मानिस पनि बसोबास गर्छन् ।

प्रश्न ६. यो विकास क्षेत्रमा केके बाली उत्पादन गरिन्छन् ?

उत्तर : कोदो, जौ, गहुँ, तेलहन मुख्य रूपमा उब्जाइन्छन् । यहाँ धानबाली पनि लगाइन्छ तर तराई भागमा मात्र यो बाली बढी उब्जन्छ ।

प्रश्न ७. यहाँ पर्यटकहरूका लागि आकर्षक केन्द्रहरू केके छन् ?

उत्तर : शुक्ला फाँट वन्यजन्तु आरक्ष केन्द्र र खप्तड राष्ट्रिय निकुञ्ज पर्यटकहरूका लागि आकर्षक स्थलहरू हुन् । अपि र सैपाल दुई टाकुराहरू प्रसिद्ध छन् । काठमाडौँबाट टाढा भएको र पर्यटकका लागि अत्यावश्यक सुविधाहरू उपलब्ध नभएको कारणबाट पनि यहाँ पर्यटक आगमन सङ्ख्या कम भएको हो ।

खप्तड ताल

क्रियाकलाप



१. सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको रेखाङ्कित नक्सा आफ्नो अभ्यासपुस्तिकामा सारी नदी, ठूला पर्वत टाकुरा, राष्ट्रिय निकुञ्ज र सहरहरू डडेलधुरा, बैतडी, महेन्द्रनगर, दिपायल देखाउनुहोस् ।

२. यसको क्षेत्रफल, जनसङ्ख्या र जनघनत्व लेखी अन्य विकास क्षेत्रसँग तुलना गर्नुहोस् ।

३. तपाईंहरू ५ समूहमा विभाजित हुनुहोस् । एक समूहलाई एउटा विकास क्षेत्र मान्नुहोस् । जस्तै: समूह (क)- पूर्वाञ्चल विकास क्षेत्र ... । हरेक समूहले आ-आफ्नो समूहको भौगोलिक, आर्थिक, सांस्कृतिक पक्षहरूबारे बुँदाहरू तयार गरी प्रस्तुत गर्नुहोस् । जस्तै: "म सुदूरपश्चिमाञ्चल विकास क्षेत्र हुँ । मेरो उत्तरमा हिमाली, मध्य भागमा पहाडी र दक्षिणमा तराई प्रदेश छन् । ..." यस्तो प्रस्तुतीकरणपश्चात छलफल गरी तलको जस्तै तालिका भर्नुहोस् ।

पाँचओटै विकास क्षेत्रमा मिल्ने कुरा	नमिल्ने कुरा			
	जातजाति	चाडपर्व	बालीनाली	उद्योगधन्दा

४. अघिल्ला पाठहरूमा अध्ययन गरेका आधारमा हरेक विकास क्षेत्रले भोग्नुपरेका कम्तीमा एकएक ओटा समस्याहरू पहिचान गरी तिनको समाधानका उपायहरू पनि उल्लेख गर्नुहोस् ।

सामुदायिक कार्य

आफ्नो समुदायका बारेमा विकास क्षेत्रहरूको जस्तै विवरण तयार गर्नुहोस् । त्यसमा निम्नलिखित विवरण समावेश गर्नुपर्दछ ।

भौगोलिक स्वरूप	कृषि	उद्योग	सेवा	जातजाति	त्यहाँका प्रसिद्ध स्थलहरू	हावापानी	अन्य

७. नेपालमा सञ्चालित आयोजना

देशका सबै भागमा समानुपातिक विकास गर्नका निम्ति देशभर विभिन्न प्रकारका ठूलासाना विकास आयोजनाहरू सञ्चालन भएका छन् । ती आयोजनाहरूमध्ये कुनै आयोजनाहरूको सञ्चालनमा सरकार, समुदाय, स्वदेशी तथा विदेशी गैरसरकारी संस्थाहरू, निजी कम्पनीहरू, दातृराष्ट्र एवम् संस्थाहरूबाट स्रोत जुटाइन्छ । त्यस्ता केही आयोजनाहरूको विवरण तल प्रस्तुत गरिएको छ :

आयोजनाका नाम	विवरण	सहयोगी संस्था
मोबाइल फोन वितरण आयोजना	नेपाल टेलिकमले आगामी तीन वर्षमा ४३ लाख मोबाइल फोन वितरण गर्ने गरी कार्यक्रम सञ्चालन गरेको छ । यो आयोजना पूरा भएपछि ७५ ओटै जिल्लामा टेलिफोन सेवा पुग्ने छ । आयोजनापश्चात् प्रति १०० जनामा १६ जनाले मोबाइल सेवा पाउने छन् ।	नेपाल टेलिकम
सौर्य टुकी वितरण आयोजना	गरिब एवम् पिछडिएका समुदायलाई लक्षित गरी कर्णाली उज्यालो कार्यक्रम सञ्चालन गरिएको छ । यसबाट कर्णालीका पाँच र छिमेकी चार जिल्लाहरू बझाङ बाजुरा अछाम, जाजरकोटका गरी ६० हजार परिवारलाई यो सुविधा उपलब्ध गराइने छ । यस कार्यक्रमअन्तर्गत प्रतिपरिवारले सौर्य उर्जाबाट चल्ने दुईओटा बत्ती बाल्ने सुविधा पाउने छन् । यसबाट सानो रेडियो बजाउन पनि मिल्छ । यस कार्यक्रमबाट दुर्गम क्षेत्रका बालबालिकाले साँझमा पढ्न पाउने, रेडियोमार्फत जनचेतना अभिवृद्धि हुने र स्वास्थ्यमा सुधार आउने अपेक्षा गरिएको छ ।	सरकार ९५% उपभोक्ता ५%
मेलम्ची खानेपानी आयोजना	काठमाडौं उपत्यकाको सहरी क्षेत्रमा पानीको अभावलाई पूरा गर्न यो आयोजना सञ्चालन भएको हो । यस आयोजना सम्पन्न भएपछि दैनिक १७ करोड लिटर पानी आपूर्ति हुने छ । यसले केही वर्षसम्म काठमाडौंको खानेपानीको माग पूरा गर्दछ । काठमाडौंदेखि उत्तरतर्फ सिन्धुपाल्चोक जिल्लामा रहेको मेलम्ची खोलालाई थुनेर सुरुङ मार्गद्वारा पाइपमा राखी काठमाडौं ल्याएर वितरण गरिने योजना छ ।	एसियाली विकास बैङ्क, विभिन्न दातृ राष्ट्रहरू र नेपाल सरकार

माध्यमिक शिक्षा सहयोग कार्यक्रम	पन्ध्रवर्षीय लामो अवधिको माध्यमिक शिक्षा सहयोग कार्यक्रमको पहिलो चरणअन्तर्गत सन् २००३ देखि २००८ सम्म सञ्चालन हुने छ । यो कार्यक्रम शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत देशभर सञ्चालित छ । यसको उद्देश्य माध्यमिक शिक्षाको पहुँच र समतामा सुधार, माध्यमिक शिक्षाको गुणस्तर एवम् सान्दर्भिकतामा सुधार र संस्थागत क्षमता विकास गर्ने रहेको छ ।	एडिवी, डानिडा, नेपाल सरकार

माथि उल्लेख भए जस्तै धेरै आयोजनाहरू देशमा सञ्चालित छन् ।

क्रियाकलाप

१. विभिन्न समूहमा विभाजित हुनुहोस् र पाठ्यपुस्तकमा भएका एवम् पत्रपत्रिकाहरूबाट सङ्कलन गरिएका आयोजनाहरू सम्बन्धित विवरण अध्ययन गर्नुहोस् । ती विवरणहरूका आधारमा कुनै पत्रिकामा प्रकाशित हुने समाचार बनाउनुहोस् ।

२. तपाईं योजना आयोगको सदस्य वा सरकारमा संलग्न व्यक्ति हुनुभएको भए र आफूसँग कुनै एक आयोजनामात्र सञ्चालन गर्न सक्ने पैसा भए तपाईं थुप्रै आयोजनाहरूमध्ये कुनचाहिँ छनोट गर्नुहुन्थ्यो, आफ्नो कक्षाका साथीहरूसँग सल्लाह गरी लेख्नुहोस् । जस्तै : म ..... सम्बन्धी आयोजना सञ्चालन गर्थें, किनभने ..... ।

३. पुस्तकालयमा गएर पत्रपत्रिका र पुस्तकहरूबाट देशमा सञ्चालित अन्य विकास आयोजना वा कार्यक्रमहरूसम्बन्धी विवरण सङ्कलन गर्नुहोस् । त्यस्ता आयोजनासम्बन्धी समाचार एवम् तस्विरहरू सङ्कलन गरी प्रदर्शन गर्नुहोस् ।

सामुदायिक कार्य

५-६ जनाको एक समूह हुने गरी विभिन्न समूहमा विभाजित हुनुहोस् । आफ्नो विद्यालय वा समुदायमा सञ्चालन गर्न सकिने स-साना आयोजनाहरू छनोट गर्नुहोस् जसको सञ्चालन तपाईंको समूहले गर्न सक्छ । जस्तै फूलवारी निर्माणका निम्ति योजना बनाउनुहोस् । योजनामा निम्न कुराहरू समावेश गर्नुहोस् : योजना कार्यान्वयन गर्नुहोस् :

- आयोजनाको नाम :
- उद्देश्य
- आवश्यक सामग्री
- सञ्चालन हुने मिति र अवधि
- जनशक्ति
- लागत
- स्रोत

आयोजनाहरूको मूल्याङ्कन गरी उत्कृष्ट आयोजना छनोट गर्नुहोस् ।

सारांश

यस एकाइमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौँ :

* तथ्यहरूसहितको नक्सा अध्ययन गरी त्यसको व्याख्या गर्न र तालिका बनाउन,
* नक्सा कोर्न र विभिन्न भौगोलिक तथ्यहरू देखाउन,
* तस्बिर अध्ययन गर्न, व्याख्या गर्न र विभिन्न सङ्केतहरूबीचमा तुलना गर्न,
* स्तम्भचित्र (Bar chart) को बयान गर्न,
* हावापानी सम्बन्धित तथ्याङ्कको वर्णन गरी व्याख्या गर्न,
* जनसङ्ख्या र क्षेत्रफलका आधारमा जनघनत्व पत्ता लगाउन,
* कुनै परिस्थितिमा आफ्नो दृष्टिकोण राख्न र त्यसको कारणहरू बताउन,
* समूहगत छलफल गरी प्रतिवेदन पेस गर्न,
* नेपालका नदी, पहाड र सहरहरू चिन्न र लेख्न,
* आफ्नो समुदाय र राष्ट्रमा सञ्चालित आयोजनाहरूको खोजी गरी विवरण दिन,
* विकास क्षेत्रहरूको तुलनात्मक अध्ययन गर्न ।

एकाइ २

विकासका पूर्वाधारहरू



यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौं :

- विकासको पूर्वाधारका रूपमा दक्ष जनशक्ति
- नेपालमा दक्ष जनशक्तिको वर्तमान अवस्थाको चित्रण र विकासमा तिनको योगदान
- महिला दक्ष जनशक्तिको वर्तमान अवस्था
- देश विकासमा महिलाको भूमिका
- पूर्वाधार निर्माणमा शान्ति सुव्यवस्थाको आवश्यकता
- विकास निर्माणमा सहभागिता

१. विकासका निम्ति दक्ष जनशक्ति

विकास मानिसका निम्ति आवश्यक छ । विकासका निम्ति विभिन्न स्रोत र साधनको आवश्यकता पर्दछ । यी स्रोत र साधनलाई दुई भागमा बाँड्न सकिन्छ :

१. प्राकृतिक स्रोत र साधनहरू (जस्तै: नदीहरू, जमिन, जङ्गल, उच्च पहाड, खनिज पदार्थहरू आदि)

२. मानवीय स्रोत र साधनहरू (जस्तै : दक्ष जनशक्ति, तालिम, प्रविधि आदि) ।

प्रशिक्षण कार्यक्रम

विकासको अति महत्त्वपूर्ण साधन मानवसाधन नै हो । हाम्रो देशमा सबै नेपालीले आफ्नो क्षमता, मिहिनेत र लगनशीलतालाई राम्ररी प्रदर्शन गर्ने हो भने त्यसबाट प्राप्त विकासको प्रतिफल चिरस्थायी हुन्छ ।

उदाहरण

हर्कबहादुर र उनका परिवारका सदस्यहरू ओखलढुङ्गामा बस्छन् । उनीहरूको सानो जमिनबाट आर्जित आयले बाँच्न धौधौ पर्दथ्यो । श्रीमती बेलुकाको साक्षरता कक्षामा जान थालिन् । यसबाट उनमा आत्मविश्वासको विकास भयो । त्यसपछि उनले आधारभूत पशुस्वास्थ्यसम्बन्धी तालिम लिइन् । अहिले गाउँमा पशुहरू बिरामी भए भने उनी उपचार गर्न सक्छिन् । उनी पशुस्वास्थ्यसम्बन्धी रोग र रोकथामका उपायहरू बताउँछिन् । उनी औषधीहरू किनबेच गर्छिन् । यसबाट आएको आयले उनको परिवारलाई पहिलेभन्दा खान र लगाउन सजिलो भएको छ र बालबालिकाहरूलाई विद्यालय पठाउन र पढाउन सुविधा पुगेको छ । गाउँघरका पशुहरूको स्वास्थ्यमा सुधार आई पहिलेभन्दा धेरै आम्दानी हुन थालेको छ । गाउँलेहरू आफ्ना पशुहरू हाटबजारमा लगी किनबेच गर्छन् ।

कल्पनाशील, विचारवान्, सीपयुक्त र परिश्रमी मानिसहरू विकासका निम्ति अति आवश्यक स्रोत र साधन हुन् । यसका निम्ति उनीहरूलाई राम्रो शिक्षा, तालिम आदिको आवश्यकता पर्दछ । जस्तै : पशुस्वास्थ्य कार्यकर्ता हुने, गणित तथा वैज्ञानिक ज्ञान र कम्प्युटर सिक्ने आदि । त्यस्तै अङ्ग्रेजी र अन्य भाषाको ज्ञान भएमा अझ विभिन्न प्रकारका ज्ञान सीप सजिलै पाउन सजिलो हुन्छ । यसरी काम हेरी तालिमको स्वरूप फरकफरक हुन्छ ।

प्राथमिकताहरू

मानवीय श्रम र साधनको विकासबाट भौतिक विकासको अभिवृद्धि हुन्छ । विकासका आधारभूत पक्षहरूमा जनस्वास्थ्य, पोषण, शिक्षा, खानेपानी जस्ता कुराहरू पर्दछन् । सबैलाई उचित शिक्षा तथा समयानुकूल आवश्यक तालिमको व्यवस्था हुन सके देशको विकासको गति तीव्र हुन सक्छ ।

क्रियाकलाप

१. स्रोत र साधन भनेको के हो ?

२. के नेपालको विकासका निम्ति पर्याप्त स्रोत र साधन उपलब्ध छन् ? छोटकरीमा लेखी समूहमा छलफल गर्नुहोस् । सामाजिक अध्ययन विषयबाट धेरै सिक्न केके स्रोतको आवश्यकता पर्दछ ?

३. मानिसहरूले आफ्नो जीवन निर्वाह र आर्थिक उन्नतिका निम्ति विभिन्न प्रकारका कामहरू गर्दछन् । ती सबैलाई निम्नानुसार चार भागमा बाँड्न सकिन्छ :

(क) **जीवन निर्वाहका निम्ति वा बिक्री गर्न कच्चापदार्थ उत्पादन गर्ने :**

खेतीपाती | वनजङ्गलको काम | माछा मार्ने | खनिज वस्तु/पदार्थ निकाल्ने

(ख) **उपलब्ध कच्चापदार्थको प्रयोग गरी सरसामान बनाउने :**

खाद्यपदार्थ प्रशोधन गर्ने | घरभवनहरू बनाउने | कलकारखानाबाट सर-सामान उत्पादन गर्ने | हस्तकलाको सरसामान बनाउने

(ग) **अरूलाई सेवा प्रदान गर्ने :**

पसल राख्ने | औषधी बेच्ने | शिक्षा दिने | यातायात र सञ्चार सेवा सञ्चालन गर्ने | सरकारी सेवा दिने | होटेल चलाउने | पर्यटकलाई पथप्रदर्शन गर्ने

(घ) **विशेषज्ञले अन्य समूहलाई सहयोग पुऱ्याउने :**

शोध कार्य गर्ने | कम्प्युटर प्रोग्राम बनाउने | आविष्कार गर्ने

माथिको बाकसमा दिइएका तथ्यहरूका आधारमा तपाईंको समुदायका मानिसले गर्ने कार्यलाई उक्त कार्यसँग तुलना गर्नुहोस् । केके भिन्नता पाउनुभयो ? लेख्नुहोस् ।

४. नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६०/६१ का अनुसार नेपालमा निरपेक्ष गरिबी ३८% बाट ३१ प्रतिशतमा झरेको देखाइएको छ । किन यसरी गरिबी घटेको होला ? तर्क दिनुहोस् ।

५. सबैले पढ्न र लेख्न सक्नुपर्छ । सूचना प्राप्त गरी सम्भाव्यताबारे बुझ्नुपर्छ र हिसाब गर्न सक्नुपर्छ । सन् २००६ को तथ्याङ्कअनुसार औद्योगिक मुलुकहरूमा साक्षरता ९९ प्रतिशत र नेपालमा ५४ प्रतिशत मात्र रहेको देखाएको छ । मानवसाधन र देशको विकासमा साक्षरताले खेल्ने भूमिकाबारे एउटा कथा लेख्नुहोस् ।

६. दक्ष जनशक्तिको उत्पादन विना देश विकास सम्भव छैन । नेपालमा प्रथमतः चाहिँदो मात्रामा दक्ष जनशक्ति उत्पादन हुन सकेको छैन । उत्पादन भएको जनशक्ति पनि विदेशतिर पलायन हुँदै गइरहेको छ । यस्तो किन भएको होला ? समूहमा छलफल गरी उक्त समस्या समाधानका उपाय निकाल्नुहोस् ।

२. दक्ष जनशक्ति : आज र भोलि

कुनै काम राम्रोसँग गर्ने क्षमता र सीप भएका व्यक्ति वा समूहलाई जनशक्ति भनिन्छ । जनशक्तिको अभावमा विकास निर्माणका कार्यहरू गर्न कठिनाइ पर्छ । त्यसैले देशमा विद्यमान कामका अवसरहरूलाई पूरा गर्न सक्ने खालको दक्ष जनशक्ति देशमा हुनुपर्दछ । यसबाट मात्रै देशको आवश्यकता पूरा हुन्छ । राम्रो स्वास्थ्यसेवाका निम्ति डाक्टर, नर्सहरू, गाउँ र समुदायमा काम गर्ने स्वास्थ्यकर्मीहरू, प्रशासक तथा मर्मत सम्भार गर्ने सीप भएका कामदारहरू चाहिन्छन् । यस किमिसका जनशक्ति तीन प्रकारका हुन्छन् : अदक्ष, अर्धदक्ष र दक्ष जनशक्ति । कामका आधारमा पनि जनशक्तिलाई विभाजन गर्न सकिन्छ । विकास कार्यका लागि हरेक क्षेत्रमा दक्ष जनशक्तिको आवश्यकता पर्छ ।



दक्ष व्यक्तिसँगको अन्तर्वार्ता

अल्पकालीन आवश्यकता

धेरैजसो मानिसहरू कृषिमा काम गर्ने भएकाले सरकारले ग्रामीण विकासका कार्यलाई अगाडि बढाउन खोजेको देखिन्छ । स्थानीय तहमा सञ्चालन गरिने निर्माण कार्यहरू, कृषिमा आधारित उद्योगहरू तथा कृषिफार्मसँग सम्बन्धित साना तथा मझौला खालका व्यवसायहरू र स्वरोजगारका अवसर सिर्जना गर्ने कार्य देशका विभिन्न ठाउँमा हुँदै छन् । यस्ता कामका निम्ति व्यवस्थापन तथा आयव्यय विवरण राख्ने तरिका, बढी उत्पादनमुखी कृषिकार्य, रेसम उत्पादन, मौरीपालन तथा अन्य थुप्रै निर्माणसम्बन्धी तालिमहरू आवश्यक छन् । देशमा पयर्टन व्यवसायसँग सम्बन्धित खाना पकाउने, होटल व्यवस्थापन, पैदलमार्ग प्रदर्शकजस्ता आयमूलक कार्यहरू पनि छन् । राम्रो तालिमले यी क्षेत्रका मानिसले काम गर्ने दक्षता प्राप्त गर्ने भएकाले बढी अर्थोपार्जन हुन सक्छ । यसै गरी स्वास्थ्य व्यवसाय, प्रशासन, पुलिस, शिक्षा, यातायात तथा सञ्चार जस्ता क्षेत्रमा दक्ष जनशक्ति चाहिन्छन् ।

दीर्घकालीन आवश्यकता

नेपाल सरकारले दक्ष जनशक्ति सम्बन्धमा दीर्घकालीन नीति र आयोजना बनाइराख्नुपर्ने हुन्छ । भविष्यमा विज्ञान र प्रविधिको उचित प्रगति गर्ने र ठूल्ठूला उद्योगधन्दाहरू स्थापना गरी विकास गर्ने लक्ष्य सरकारले राखेको छ । अझ विज्ञान शिक्षाको राम्रो उन्नति गर्न, कम्प्युटर शिक्षालाई प्रभावकारी रूपमा प्रयोग गर्न र भविष्यमा सिर्जना हुन सक्ने रोजगारका अवसरहरू तथा देशको आवश्यकतानुसारको जनशक्ति तयार पार्न सरकार कटिबद्ध छ । यसका निम्ति धेरै लामो समय लाग्ने हुँदा सरकारले योजना बनाई कार्य गर्नुपर्छ ।

स्थिर जनशक्तिको व्यवस्था

राज्यले देशका बढीभन्दा बढी व्यक्तिहरूलाई शिक्षित र दक्ष बनाउने तथा सिर्जना भएका सबै रोजगारका अवसरहरू प्रदान गर्ने लक्ष्य राखेको हुन्छ । यसबाट देशमा आवश्यक जनशक्तिको उपलब्धता स्थिर रूपमा भइरहन्छ र विकास गतिमा शिथिलता आउन पाउँदैन । उदाहरणका निम्ति यदि प्रत्येक वर्ष थप १००० शिक्षकको आवश्यकता पर्दछ भने त्यति नै नयाँ तालिम प्राप्त शिक्षकहरू देशमा नयाँ काम थाल्न तयार हुन सक्नुपर्छ ।

हाल देशमा स्थापित विभिन्न विश्वविद्यालयहरूले त्यस्ता जनशक्ति उत्पादन गरिरहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले पनि आधारभूत र मध्यम स्तरका प्राविधिक जनशक्ति उत्पादन गरिरहेको छ । यी संस्थाहरूले बजारको मागबमोजिम र देशको आवश्यकताबमोजिम दक्ष जनशक्ति उत्पादन गर्नुपर्छ । त्यस्ता जनशक्तिहरू कामको खोजी गर्ने खालका मात्र नभई आफैं रोजगारीको सिर्जना गर्ने खालका उद्यमशील, स्वावलम्बी, स्वाभिमानी र सीपयुक्त भएमा मात्र देशको विकास हुन्छ । दिनप्रतिदिन देशका सीमित दक्षजनशक्ति पनि विदेशतर्फ पलायन हुँदै जानु दुःखको कुरा हो । राष्ट्रले त्यस्ता दक्ष जनशक्तिहरूलाई स्वदेशमा नै कामको सिर्जना गरी वा स्वरोजगारको व्यवस्था गरी काममा लगाउनुपर्छ । यसबाट देशको विकास हुन जान्छ । त्यसैले आजका युवापुस्ताले आफ्नो स्वाभिमानको रक्षा गर्दै देश निर्माणमा जुट्नुपर्छ । आफ्ना सन्ततिको समुन्नत र नयाँ नेपाल निर्माणमा जुट्नुपर्छ । आफ्नो देशलाई माथि उठाउनु र विकसित देशको दाँजोमा पुऱ्याउनु नै सम्पूर्ण नेपालीको कर्तव्य र दायित्व हो ।

क्रियाकलाप

१. (क) आफ्नो देशको आवश्यकताको सीमाभित्र रही उपलब्ध अवसरहरूलाई समेत ध्यानमा राखेर हामीले आफ्नो पेसा छान्नुपर्दछ । यसबाट हामी सुखी र सन्तुष्ट रहन सक्छौं । तपाईं तलका कुराहरू हेर्नुहोस्, जहाँ ४ जना विद्यार्थी आफूले गर्ने कार्यबारे विचार गर्दै छन् ।

विद्यार्थी - १	विद्यार्थी - २	विद्यार्थी - ३	विद्यार्थी - ४
म अङ्ग्रेजीमा राम्रो गर्न सक्छु । मलाई मानिसहरूसँग भेटघाट र कुराकानी गर्न मन लाग्छ । यसैले म पर्यटन व्यवसायमा लाग्छु ।	मलाई घरबाहिर नै रहन र काम गर्न मन लाग्छ । हाम्रो जमिनलाई राम्रो बनाई खेतीबाली उमार्न मलाई रमाइलो लाग्छ । म किसान नै हुन्छु ।	मलाई हामीजस्तै साथीभाइसँग मिलेर नयाँ कुरा सिक्न तथा सिकाउन मन लाग्छ । त्यसैले म शिक्षक हुन्छु ।	मलाई मानिसको हेरचाह गर्न मन लाग्छ । म त सामुदायिक स्वास्थ्यकर्मी भई काम गर्छु । म विदेशमा गएर अरूको नोकर बन्दिनँ ।

माथिका यी चार विद्यार्थीहरू किन पर्यटन, कृषि, शिक्षण र स्वास्थ्यसँग सम्बन्धित व्यवसाय अवलम्बन गर्न चाहन्छन् ? बयान गर्नुहोस् ।

२. तपाईं भविष्यमा कुन पेसा अवलम्बन गर्न चाहनुहुन्छ, किन ? सकेसम्म धेरै कारणहरू दिनुहोस् । आफ्नो आनीबानी र चरित्रबारे विचार गर्ने, मन पर्ने कुराहरू र मन नपर्ने कुराहरूबारे विचार गर्ने, आदि कुन कुरामा तपाईं राम्रो गर्न सक्नुहुन्छ ? कुन कुरा तपाईं गर्न सक्नुहुन्न ? केकस्ता अवसरहरू विद्यमान छन् ? आदिबारे सोचविचार गर्नुहोस् । के तपाईं पनि विदेश पलायन हुन चाहनुहुन्छ ? समूहमा साथीहरूसँग छलफल गरी प्रतिवेदन तयार पार्नुहोस् ।

सामुदायिक कार्य

"विकासशील देशले शिक्षाविकासमा ठूलो धनराशि खर्च गर्नुपर्छ" यस कुरामा सहमत हुने र सहमत नहुने विद्यार्थीको बीचमा वादविवाद गराउनुहोस् ।

३. विकासमा महिलाको समान सहभागिता

महिला शिक्षाको वर्तमान स्थिति

विकासको क्रममा राज्यको परम्परागत भूमिका समयानुकूल परिवर्तन हुँदै आइरहेको छ । देशको कुल जनसङ्ख्याको आधा अंश ओगेटेका महिलाको सहभागिताविनाको विकास सार्थक हुन सक्दैन । समाजमा महिलाप्रति हेर्ने पुरातन दृष्टिकोणमा सुधार ल्याई विकासका हरेक पक्षमा महिलाको सहभागिता सुनिश्चित गर्नु आजको आवश्यकता हो । यसै आवश्यकतालाई महसुस गरी शिक्षामा महिलाको पहुँच बढाउन विभिन्न छात्रवृत्ति कार्यक्रम, महिला शिक्षा कार्यक्रम लागू भएका छन् ।

लैङ्गिक स्थितिसम्बन्धी तथ्याङ्क

	पुरुष	महिला
औसत आयु	५८.३	५९.८
साक्षरता (१५ वर्षभन्दा माथि)	६५.०८	४२.४९
निजामती सेवा	८७.३	१२.७
शिक्षक	८६.३	१३.७
कानुन व्यवसायी	९५.०३	४.९७
प्राथमिक तहमा भर्ना	७९.४	६४.४
निमावि तहमा भर्ना	३६.९	२५.५
मावि तहमा भर्ना	२५.३	१६.३
त्रिविमा भर्ना	७५.१	२४.१
कृषि उत्पादनमा योगदान	६६.८	८५.२

स्रोत : राष्ट्रिय कार्ययोजना, २०६०

नेपालमा महिलाको उत्थानका निम्ति निम्न प्रयासहरू भएका छन् :

१. हरेक क्षेत्रमा ३३% महिलाको सहभागितामा सुनिश्चितता गर्ने कार्यको थालनी

२. पैतृक सम्पत्तिमा समान हक

३. निजामतीलगायतका अन्य सेवामा आरक्षणको व्यवस्था

४. आमाको नामबाट पनि नागरिकता पाउने व्यवस्था

५. सुरक्षित गर्भपतनको अधिकार

स्तरीय कार्य तथा जीवनका महत्त्वपूर्ण कार्यमा कुल जनसङ्ख्याको ५०.०४% अंश ओगटेको महिलाको संलग्नता ज्यादै कम छ । यसरी पर्याप्त मात्रामा महिलालाई विकासका पूर्वाधार निर्माण गर्ने कार्यमा संलग्न गराउन सकिएको छैन । उनीहरूलाई उन्नति गर्ने पर्याप्त मौका दिइएको छैन र अगाडि बढ्न दुरुत्साहितसमेत हुने गरेको छ ।

संसारका विभिन्न देशहरूमा गरिएको अनुसन्धानले आमा शिक्षित छिन् भने उनका बालबच्चा बढी शिक्षित र स्वस्थ्यकर भएको देखाइएको छ। शिक्षित आमाका बच्चाहरू स्कुलमा पढ्न पठाइन्छन् र उनीहरूले स्कुलमा राम्रै पनि गर्दछन् । आमाले पनि घरबाहिर काम गरी आय आर्जन गर्छिन् र त्यो परिवार अरूको भन्दा सुखी तथा आर्थिक हिसाबले पनि उन्नतस्तरको हुन्छ। उनीहरूको बोलीचाली, पारिवारिक रहनसहन र सिङ्गो सभ्यता नै राम्रो हुन्छ । यसरी, त्यस्ता परिवारले देशका निम्ति आवश्यक दक्ष जनशक्ति प्रदान गर्छन् ।

समाधान

महिलालाई शिक्षित बनाई मानवीय सभ्यतालाई स्तरीय बनाउने कार्यका निम्ति सबैको चासो हुनुपर्छ । महिला र पुरुष दुवैलाई समान कानुनी अधिकार दिइनुपर्छ । छोराछोरी दुवैलाई विद्यालय पठाउन प्रेरित गर्नुपर्छ । धेरै महिलालाई दक्षता हासिल गराउन विभिन्न प्रकारका स्तरीय तालिमहरू दिइनुपर्छ । पुरुष र महिला समान हुने एक प्रगतिशील समाजको निर्माण कार्य तपाईंहरू जस्ता विद्यार्थीहरूले नै थालनी गर्नुपर्छ । यसबाट देश निर्माणको महान् कार्यमा सफलता प्राप्त भई हाम्रो समाज सुखी, सम्पन्न र समुन्नत हुन सक्छ ।

क्रियाकलाप

१. महिला शिक्षाको वर्तमान स्थिति कस्तो छ ? तालिकामा देखाउनुहोस् ।

क्र.सं.	सूचक	महिलाको स्थिति

२. नेपालको विकास कार्यमा महिलाको सहभागिता बढाउन कुनकुन पक्षमा ध्यान दिनुपर्ला ?

३. आमा शिक्षित भएमा परिवारको स्थिति राम्रो हुने तथ्य अनुसन्धानले देखाएको छ। यस भनाइलाई पुष्टि गर्ने आधारहरू प्रस्तुत गर्नुहोस् ।

सामुदायिक कार्य

१. आफ्नो समुदायको महिलाको अवस्था सर्वेक्षण गर्नुहोस् । यस सर्वेक्षणका निम्ति आफ्नो वडाको करिब १० महिला र १० पुरुषलाई (नगरपालिकामा भए अवस्था हेरी) नमुना छनोट गर्नुहोस् । सबैको नतिजा एक ठाउँमा जम्मा गरी तलको तालिका भर्नुहोस् र विश्लेषण गरी निष्कर्ष निकाल्नुहोस् ।

प्रश्न सोधिएको क्षेत्र	महिला	पुरुष
क्याम्पस तथा महाविद्यालय गएका		
प्रौढ शिक्षा अध्ययन गरेका		
विभिन्न तालिम हासिल गरेका		
समाचारपत्र पढ्नेको सङ्ख्या		
रेडियो सुन्नेको सङ्ख्या		

२. दक्ष महिला जनशक्तिको विकास गर्न कसकसले केके काम गर्नुपर्छ त्यसको योजना तयार गर्नुहोस् ।

४. शान्ति सुव्यवस्था

विकासका निम्ति शान्ति सुव्यवस्था अपरिहार्य कुरा हो । यसलाई विकासका पूर्वाधार निर्माणको पूर्व सर्तको रूपमा लिइन्छ । अशान्ति, द्वन्द्व र असमझदारीका बीचमा विकास सम्भव छैन । शान्ति सुव्यवस्था कायम गर्नका लागि राज्यले विशेष पहल गर्नु जरुरी छ ।

शान्ति सुव्यवस्था कायम गर्न अपनाउनुपर्ने कदमहरू यसप्रकार छन् :

* प्राकृतिक स्रोत र साधनको न्यायोचित वितरण
* मौलिक हक र अधिकारको निर्बाध प्रयोग
* जनसहभागिता
* भेदभावरहित सामाजिक वातावरण
* आपसी समझदारी र सहमतिको संस्कार

विस्तृत शान्ति सम्झौता, २०६३

राज्यमा शान्ति सुव्यवस्था कायम गर्न राज्यका सबै जिम्मेवार क्षेत्रबाट पहल हुनुपर्छ । देशमा शान्ति सुव्यवस्था कायम गरेर जनतामा सुरक्षाको भावना जगाउनु सर्वप्रथम राज्यको दायित्व हो । त्यसमा नागरिक समाज, सङ्घसंस्था र प्रत्येक नागरिकले सहयोग गर्नुपर्छ । आफ्नो अधिकार खोज्दा अरूको पनि अधिकार छ र त्यसको सम्मान गर्नुपर्छ भन्ने कुरा सोचिदिए मात्र पनि शान्ति स्थापनामा धेरै मद्दत पुग्दछ । देशमा शान्ति सुव्यवस्था कायम भयो भने शिक्षा, स्वास्थ्य, सञ्चार यातायात, विद्युत्, खानेपानी, वाणिज्य जस्ता पूर्वाधारहरूको निर्माण गर्न सहज वातावरण प्राप्त हुन्छ । विद्यालय, विश्वविद्यालयहरू सञ्चालन हुन्छन् । तालिम केन्द्रहरू सञ्चालन हुन्छन् र प्रशस्त दक्ष जनशक्तिको आपूर्ति हुन्छ । संसारकै इतिहास हेर्ने हो भने जहाँ शान्ति छ, त्यहाँ विकास तीव्रगतिमा भइरहेको छ । जहाँ अशान्ति छ, त्यहाँ विनाश मात्रै छ । विकास पछाडि परेको छ । त्यसैले देशमा शान्ति सुव्यवस्था कायम गर्नका लागि नागरिक समाज, राजनीतिक दललगायत सरकारी र गैरसरकारी सङ्घसंस्थाको योगदान महत्त्वपूर्ण रहन्छ । समाजका यिनै पक्षको सहयोगले मात्रै समाज तथा राष्ट्रको शान्ति सुव्यवस्था कायम हुन सक्छ । शान्ति सुव्यवस्था कायम भएमा मात्रै विकास अगाडि बढाउन सकिन्छ ।

क्रियाकलाप

१. "शान्ति, आजको अपरिहार्यता", "शान्ति र विकास एक अर्काका पूरक" यस्तै कुनै सुहाउँदो शीर्षकमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् । विद्यार्थीहरूमध्येबाट नै निर्णायक छान्नुहोस् । उत्कृष्ट वक्तालाई पुरस्कृत गर्नुहोस् ।

२. शान्ति स्थापना गर्ने पाँच उपायहरू उल्लेख गर्नुहोस् ।

३. अशान्ति हुँदा हुने हानि र शान्ति हुँदा हुने फाइदाको सूची तलको जस्तै तालिकामा देखाउनुहोस् :

अशान्तिबाट हुने हानि	शान्तिबाट हुने फाइदा

सामुदायिक कार्य

१. शान्ति सुव्यवस्था कायम भएमा नागरिकहरूले विभिन्न तालिमहरू लिएर आफ्नो सीपको प्रयोग गरी आयआर्जन गर्न सक्छन् । तपाईंको समुदायमा वरपर कुनै प्रशिक्षण केन्द्र वा तालिम दिने ठाउँहरू हुन सक्छन्, छन् भने त्यहाँ जानुहोस् र एउटा परियोजना कार्य (Project work) गरी प्रतिवेदन तयार गर्नुहोस् ।

परियोजना कार्यको योजना	प्रतिवेदनमा उल्लेख हुनुपर्ने कुराहरू
जाने ठाउँ :	शीर्षक :
मिति र समय :	पृष्ठभूमि :
भेट्ने मानिस :	उद्देश्य :
जानुको उद्देश्य :	- पत्ता लगाइएका कुराहरू
आवश्यक सामग्री :	- संस्थाको परिचय
त्यहाँ केके गर्ने :	- संस्थाको उद्देश्य
समय अवधि :	- हालसम्म संस्थाले गरेका कार्यहरू
	- भविष्यका लक्ष्य
	निष्कर्ष :

यदि तालिम केन्द्र छैन भने त्यस क्षेत्रमा कस्तो तालिम केन्द्र स्थापना गर्दा उपयुक्त होला भनी स्थानीय व्यक्तिहरूको सुझाव सङ्कलन गरी प्रस्ताव तयार गर्नुहोस् ।

२. तपाईंको समुदायमा व्यक्ति, परिवार र समाजमा हुने द्वन्द्वहरू पहिचान गरी त्यसका कारणहरू पत्ता लगाउनुहोस् र त्यसका समाधानका उपायहरू पनि उल्लेख गर्नुहोस् ।

सारांश

यस एकाइमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौं :

* वृत्तचित्र बनाउन,
* महत्त्वपूर्ण विचारलाई पुष्टि गर्न र कथा तयार पार्न,
* अनुसन्धानात्मक कार्य (Research Project) को योजना बनाउन,
* समूहमा काम गर्न,
* शान्ति र सुव्यवस्था कायम राख्न अपनाउने उपाय अवलम्बन गर्न,
* विकासका लागि दक्ष जनशक्तिको आवश्यकता बताउन,
* विकासमा महिलाको सहभागिता बताउन ।

एकाइ ३

हामी परम्परा, सामाजिक मूल्य र मान्यता



यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौं :

- विश्व सम्पदासूचीमा परेका हाम्रो देशका सम्पदाहरू
- अन्य हाम्रा सांस्कृतिक सम्पदाहरूको खोज, तिनीहरूको महत्त्व र संरक्षण
- नेपालका लोक गीत, लोक बाजा, शास्त्रीय सङ्गीत, शास्त्रीय तथा लोक नृत्य र राष्ट्रिय दिवसहरू
- अन्तरराष्ट्रिय व्यक्तित्वहरूको खोजी र तिनीहरूले गरेको योगदान

१. हाम्रा सम्पदा

विश्व सम्पदा सूचीमा परेका नेपालका सम्पदाहरूको सङ्क्षिप्त परिचय

लुम्बिनी : लुम्बिनी गौतम बुद्धको जन्मस्थल हो । यो विश्वभरका बौद्धमार्गीहरूको ठूलो तीर्थस्थलका रूपमा परिचित छ । यहाँ ई.पू.२४५ मा सम्राट अशोकद्वारा स्थापना गरिएको अशोक स्तम्भ रहेको छ । पुष्करिणी पोखरी र मायादेवी मन्दिर पनि यहाँ अवस्थित छन् । सन् १९७० मा नेपाललगायत १३ राष्ट्र रहेको अन्तरराष्ट्रिय लुम्बिनी विकास समिति गठन गरी लुम्बिनी विकास गुरुयोजना सुरु भएपछि यहाँ विभिन्न राष्ट्रद्वारा स्तूप, विहार आदि निर्माण गरिएका छन् । चीन, म्यान्मार, जापान, भियतनाम, दक्षिण कोरिया, भारत, थाइल्यान्ड, फ्रान्स, जर्मनी आदि धेरै देशहरूले बौद्ध विहार निर्माण गरेका छन् । यहाँ पुस्तकालय, म्युजियम, अन्वेषण केन्द्र आदि पनि रहेका छन् ।

पशुपति क्षेत्र : यो हिन्दुहरूको पवित्र तीर्थस्थल हो । यस क्षेत्रमा पशुपतिनाथको मन्दिरलगायत देउपाटन, जयवागेश्वरी, गौरीघाट, कुटम्बहाल, गौशाला, पिङ्गलाथान, श्लेष्मान्तक वनको आसपासको क्षेत्र पर्दछ । यहाँ करिब ४९२ ओटा विभिन्न शैलीमा निर्माण भएका मन्दिर, सतल, चैत्य, देवालय आदि छन् भने लगभग एकहजार शिवलिङ्ग रहेका छन् ।

सगरमाथा राष्ट्रिय निकुञ्ज : कुल १,१४८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस राष्ट्रिय निकुञ्जभित्र विश्वको सर्वोच्च शिखर सगरमाथालगायत ल्होत्से, चोयु, नुप्त्से, पुमोरी, आमादब्लम आदि हिमशिखरहरू र त्यस क्षेत्रमा पर्ने बस्तीहरूसमेत पर्दछन् । यस क्षेत्रमा गुराँस, धुपी, भोजपत्र आदि वनस्पतिहरू र कस्तूरी, भालु, न्याउरी मुसा, हिउँचितुवा, डाँफे आदि जीवजन्तुहरू पाइन्छन् ।

चितवन राष्ट्रिय निकुञ्ज : ९३२ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको यो राष्ट्रिय निकुञ्ज विश्वमा नै दुर्लभ मानिएको एक सिङ्गे गैंडाका लागि प्रख्यात छ । महत्त्वपूर्ण पर्यटक स्थलका रूपमा परिचित यस निकुञ्जमा ह्त्ती, गोही, पाटेबाघ, सालक, धनेस, मयूर आदि जीवजन्तु रहेका छन् ।

हनुमानढोका दरबार क्षेत्र : काठमाडौंमा रहेको यो दरबार क्षेत्रको नाम प्रताप मल्लले हनुमानको मूर्ति स्थापना गरेपछि हनुमान ढोका दरबार रहको भनाइ छ । यस क्षेत्रमा विभिन्न प्रकारका वास्तुकलाको नमुना देख्न पाइन्छ । दरबारका साथै यस क्षेत्रमा हनुमानको मूर्ति, वसन्तपुर दरबार, तलेजु मन्दिर, सङ्ग्रालय, कुमारी घर, काष्ठमण्डप, ठूलो घन्टा र नगरा आदि प्राचीन सम्पदाहरू यस क्षेत्रमा रहेका छन् ।

बौद्धनाथ महाचैत्य : बौद्धमार्गीहरूको पवित्र तीर्थस्थलका रूपमा चिनिने यो स्तूप काठमाडौंमा रहेको छ । यास स्तूपको निर्माण पाँचौं शताब्दितिर भएको विश्वास गरिन्छ । यस क्षेत्रमा अन्य ४५ भन्दा बढी बौद्ध विहारहरू रहेका छन् ।

पाटन दरबार क्षेत्र : मल्लकालीन राजाहरूको दरबारका रूपमा रहेको यो क्षेत्र ललितपुर जिल्लामा पर्दछ । यस क्षेत्रमा कृष्ण मन्दिर, भीमसेन मन्दिर, विश्वनाथ मन्दिर, जगतनारायण मन्दिर, योगनरेन्द्र मल्लको मूर्ति, महाबौद्ध, कुम्भेश्वर महादेव, रातो मच्छिन्द्रनाथ मन्दिर आदि छन् ।

भक्तपुर दरबार क्षेत्र : भक्तपुरका मल्लराजाहरूको दरबारका रूपमा रहेको यो क्षेत्र भक्तपुर जिल्लामा पर्दछ । न्यातपोल मन्दिर, पञ्चपन्न झ्याले दरवार, भूपतीन्द्र मल्लको शालिक, राष्ट्रिय कला सङ्ग्रालय, स्वर्णद्वार आदि सम्पदाहरू यस क्षेत्रभित्र रहेका छन् ।

चाँगुनारायण मन्दिर : भक्तपुर जिल्लामा रहेको यो मन्दिर राजा मानदेवको पालामा बनेको हो । प्यागोडा शैलीमा निर्माण भएको यस मन्दिर परिसरभित्र पाँचौं शताब्दिमा कुँदिएका शिलालेख, ढुङ्गा, काठ र धातुकलाका उत्कृष्ट नमुनाहरू पनि रहेका छन् ।

स्वयम्भूनाथ स्तूप : बौद्धमार्गीहरूको पवित्र धार्मिक स्थल मानिने स्वयम्भूनाथ काठमाडौं जिल्लामा रहेको छ । यस परिसरमा हालसालै नेपालमै सबैभन्दा ठूलो बुद्धको मूर्ति बनाइएको छ । यसका साथै अन्य विभिन्न मन्दिर, स्तूप र मूर्तिहरू पनि रहेका छन् । धार्मिक सहिष्णुताको नमुनाका रूपमा यस परिसरभित्र हिन्दु धर्मावलम्बीहरूले मान्ने सरस्वतीको मन्दिर पनि रहेको छ ।

विश्व सम्पदा सूचीमा परेका बाहेक हाम्रो देशको विभिन्न ठाउँमा छरिएर रहेका अन्य प्राकृतिक र सांस्कृतिक सम्पदाहरू पनि छन् । जस्तै: बर्दिया राष्ट्रिय निकुञ्ज, शिवपुरी राष्ट्रिय निकुञ्ज, खोटाङको हलेसी, महादेव, प्यूठानको स्वर्गद्वारी, रसुवाको गोसाईंकुण्ड, बाग्लुङको कालिका, पोखराको तालबाराही र विन्ध्यवासिनी, धनकुटाको छिन्ताङदेवी, ताप्लेजुङको पाथिभरा, मुस्ताङको मुक्तिनाथ, जनकपुरको रामजानकी मन्दिर, नेपालगञ्जको जयवागेश्वरी, जुम्लाको चन्दननाथ आदि केही उदाहरण हुन् ।

क्रियाकलाप

१. विश्वसम्पदा सूचीमा परेका सम्पदाहरू कुनकुन ठाउँमा रहेका छन्, नेपालको नक्सामा देखाई ती ठाउँहरू केको लागि प्रसिद्ध छन् ? लेख्नुहोस् ।

२. विश्वसम्पदा सूचीमा परेका स्थलहरूमध्ये कुनैमा जानुभएको छ भने देखेको आधारमा र जानुभएको छैन भने त्यससम्बन्धी पुस्तकहरू, पत्रपत्रिकामा प्रकाशित लेखहरू आदिको अध्ययनका आधारमा विदेशमा बस्ने साथीलाई चिठी लेख्नुहोस् ।

३. विश्वसम्पदा सूचीमा परेका दस स्थानमध्ये कुनै एक स्थान छान्नुपर्‍यो भने कुन छान्नुहुन्छ ? किन ?

४. विश्वसम्पदा सूचीमा परेका हाम्रो सम्पदाहरू विश्वसम्पदा सूचीको मापदण्डबाट खस्किँदो क्रममा रहेको समाचार समयसमयमा आउने गरेको छ । कतिपय सम्पदाहरूलाई त सूचीबाट हटाउने चेतावनीसमेत दिएका समाचार आउँछन् । यस्तो अवस्थामा यी सम्पदाहरूको संरक्षण गर्न केके गर्नुपर्ला, समूहमा छलफल गरी पाँचओटा उपाय लेख्नुहोस् । राम्रो सुझाव तयार गर्नुभएमा सम्बन्धित निकायमा पठाउन पनि सक्नुहुन्छ ।

५. दसओटाबाहेक अन्य सम्पादाहरू विश्वसम्पदा सूचीमा राख्नुपर्‍यो भने कुनकुन सम्पदाहरूलाई राख्न सिफारिस गर्नुहुन्छ ? किन ?

सामुदायिक कार्य

आफ्नो समुदायमा रहेको कुनै एक सांस्कृतिक सम्पदा रहेको स्थानको भ्रमण गर्नुहोस् र त्यसको बारेमा निम्न बुँदामा लेख्नुहोस् :

- सम्पदाको नाम र स्थान
- सम्पदाक्षेत्रमा रहेका वस्तुहरू
- ती सम्पदा बनेको मिति/समय
- ती सम्पदाको अवस्था
- धार्मिक, सांस्कृतिक, पर्यटकीय र ऐतिहासिक महत्त्व
- ती सम्पदालाई संरक्षण गर्ने उपायहरू

२. नेपालका लोक गीत

विभिन्न स्थान, जाति, धर्म, संस्कृतिअनुसारका विभिन्न लोक गीतहरू प्रचलनमा रहेका पाइन्छन् । यस्ता लोक गीतहरू विभिन्न चाडपर्व, उत्सव, जात्रा, मेला, विवाह, व्रतबन्ध आदिमा गाउने परम्परा छ । जस्तै : तिहारमा देउसी गीत, दसैंमा मालश्री गीत, तीजमा तीज गीत र रोपाइँमा असारे गीत, उँधौली उँभौली पर्वमा राईहरूले गाउने चन्डी गीत, छठपर्वमा गाइने गीत, ल्होसारमा गाइने गीत आदि । त्यसै गरी जाति र स्थान विशेषमा गाइने लोक गीतहरू पनि छन् । जस्तै : लिम्बूको पालम, शेर्पाहरूको स्याबु, तामाङहरूको सेलो, मगरहरूको कौरा, गन्धर्व जातिको कर्खा, पूर्वमा गाइने हाकपारे, डोटीतिर गाउने देउडा गीत, तराईतिरका होरी गीत, आशिका गीत आदि । आजभोलि यिनै लोक गीतले दोहोरी गीतका रूपमा व्यावसायिक रूप पनि लिन थालेका छन् । यहाँ केही नेपाली लोक गीतका नमुनाहरू प्रस्तुत गरिएका छन् :

तामाङ सेलो (बाल गीत)
घोर्कि स्याउरी ग्यालमरी
गेङ्ला टुक्रा साप्ररी
गेङ् टुक्राता स्याउरी से ढुइके लाजि च्यागो

झ्याउरे गीत (मेला पर्व र जात्रामा गाइने गीत)
लेकको पानी बेँसीको धान मेचिया चिया कालिका पान
आजका नानी भोलिका सान गाउँछौं एउटै राष्ट्रिय गान
शान्तिका गीत गुञ्जी रहून बज्यो नि मिठो धून
बालबालिका धर्तीका जून .....

पूर्वेली गीत (मेला पर्व र जात्रामा गाइने गीत)
धिनधिन मादल कहाँ बज्यो कोसी किनारमा
के छ के छ सान्नानी हाम्रो निधारमा
मादल बज्दा भाइबहिनी खरी रन्केको
उत्तर हेर्दा भाइबहिनी हिमाल टल्केको

तराई क्षेत्रमा गाउने होरी गीत (तराईमा होली पर्वमा गाइने गीत)
कौनै ओर जाँ भनैवा राजै कोनै ओर जा भनैवा
पूर्वै जाँ भने सूर्जेले खाला हो, हो ....
कौनै आगे जाँ भनैवा राजै
पछि मै जाँ भने वगुवाले खाला हो हो ...

तीज गीत (तीजको वेलामा महिलाहरूले गाउने गीत)

आमा लिन पठाउँछिन् बाबा लिन पठाउँछन्
मलाई लिन भरे दाज्यै आउँछन् वरिलै
मैले खाने दर आमा मिठो गरी पकाउलिन्
नैर गए आमा कति रोलिन वरिलै

पालम गीत (लिम्बू जातिको धान नाचमा गाउने गीत)

जेठ आम्बु पाक् मे मना
चरन जिउ आम्क आम्क
खाप्मा परो आपाङ लेरो

देउडा गीत (सुदूरपश्चिम तथा मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा गाइने गीत)

मालिकाका धुरामीको सल्लो हो कि दल्लो
सुवाको घर झान्या बाटो तल्लो हो कि मल्लो
झुन् झुन्यां वरषु लाग्यो काट्या बाटो दर्की
यसै दिन गई झान्या हुन् कि आउन्या हुन् कि फर्की

क्रियाकलाप

१. तपाईंले विभिन्न स्थान र अवसरहरूमा सुन्नुभएका गीतहरू सङ्कलन गर्नुहोस् र ती गीत कुन ठाउँमा कुन अवसरमा गाइने हुन् । ती गीत कुन जाति वा धर्मसँग सम्बन्धित हुन् सोसमेत छुट्याउनुहोस् ।

२. तपाईंले वर्षभरि मनाउने विभिन्न पर्वहरूमा गाउने लोक गीतहरू सङ्कलन गरी पर्वसमेत छुट्याउनुहोस् ।

३. "लोक गीतले संस्कृतिको स्थान तथा तत्कालीन समाजको प्रतिनिधित्व गर्छ ।" यस भनाइलाई कुनै लोक गीत कै उदाहरण दिई पुष्टि गर्नुहोस् ।

४. लोक गायनका क्षेत्रमा प्रसिद्ध लोकगायक झलकमान गन्धर्व र गायिका तारादेवीको छोटो परिचय दिनुहोस् ।

५. तपाईंले कुनै प्रख्यात लोक गायकलाई भेट्नुभयो भने केके प्रश्नहरू सोध्नुहुन्छ । नमुना प्रश्नावली तयार गर्नुहोस् ।

६. आफूलाई मनपर्ने लोक गीत गाउने अभ्यास गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा कुनै लोक गीत अवश्य पनि प्रचलनमा हुनुपर्छ । उक्त लोक गीत सङ्कलन गरी त्यसको बारेमा निम्न कुराहरू लेख्नुहोस् ?

- गीतको बोल
- गीत गाइने समय
- पर्वसँग सम्बन्धित भए पर्वको नाम
- गीतको मूलभाव
- गीत कुनै जातिसँग भए सम्बन्धित जाति

३. नेपाली लोकबाजा

विभिन्न पर्व, जात्रा, मेला आदिमा गीतहरूसँगै बाजा पनि बजाउने प्रचलन रहेको पाइन्छ । गीत जस्तै बाजाहरू पनि स्थान विशेष, जाति विशेष, पर्व विशेष, धर्म विशेष आदिका आधारमा फरकफरक हुन्छन् । यहाँ केही प्रचलित लोकबाजाहरूको छोटो परिचय प्रस्तुत गरिएको छ ।

मादल

मादल : नेपाली जनजीवनमा प्रचलित र लोकप्रिय बाजा मादल हो । यो बाजा सुरुमा मगर जातिबाट प्रचलनमा आए पनि आजभोलि नेपालको प्रायः सबै भागहरूमा पाइन्छ । यो बाजा काठको ढुङ्ग्रोमा दुई पट्टि छालाले मोडेर बनाइएको हुन्छ । कम्मरमा भिरेर दुवै हातले यो बाजा बजाइन्छ ।

सारङ्गी: यो गन्धर्व जातिको परम्परागत बाजा हो । यो बाजा विशेष गरी खिर्राका काठबाट बनाएको हुन्छ । यसका चारओटा तारहरू हुन्छन् । यसलाई रेटेर बजाइन्छ ।

बाँसुरी/ मुरली : यो बाजा मुरली बाँसमा सानासाना प्वाल पारेर बनाइन्छ । यो बाजा पनि देशका प्रायः सबै भागमा प्रचलित छ । मुरली ओठले च्यापेर बजाइन्छ भने बाँसुरी फुकेर बजाइन्छ ।

अन्य लोकबाजाहरू

लोकबाजा	विशेषता
झ्याली/झ्याम्टा/झुर्मा	: काँसको धातुबाट बनेका पञ्चैबाजा मध्येको एक हो । यो दुवै हातले ठोक्काएर बजाइन्छ ।
नरसिङ्गा :	तामाको धातुबाट बनेको घुमाउरो र लामो पञ्चैबाजा मध्येको एक हो । यो मुखले फुकेर बजाइन्छ ।
शङ्ख :	समुद्री जीव शङ्खे किराको खोलबाट बनाइएको यो बाजा पूजाआजा गर्ने समय र मृत मानिसलाई घाटमा लैजादाँ बजाइन्छ ।
खैंजडी :	काठमा छालाले मोरेर बनाइएको खैंजडी रोइला, बालन आदि गाउँदा बजाइन्छ ।
सहनाइ :	धातुबाट बनेको यो बाजा पञ्चैबाजा मध्येको एक हो । यो ओठले च्यापी फुकेर बजाइन्छ ।
पुँगी :	नरिवलको गट्टामा बाँस जोडेर बनाइएको यो बाजा तराई क्षेत्रमा सर्प नचाउनेले बजाउँछन् ।
टुङ्ना :	गुराँसको काठमा सारङ्गी जस्तै चारओटा तार जोडेर बनाएको यो बाजा हिमाली क्षेत्रको लोकप्रिय बाजा हो ।
यलम्बर :	भालुबाँसमा दुईओटा तार जोडेर बनाइएको यो बाजा किरातीहरूमा प्रचलित छ ।
एकतारे :	काठमा छालाले मोरेर त्यसमा डन्डी जोडी एउटा तार लगाएर बनाइएको यो बाजा सन्त र जोगीहरूले बजाउँछन् ।
नगरा/दमाहा:	तामाको धातुमा छालाले मोरेर बनाइएको यो बाजा पञ्चैबाजामध्येको एक हो ।
उर्नी :	धिमाल जातिमा प्रचलित यो बाजा नरिवलको गट्टामा छालाले मोरी डन्डीमा तार जोडिएको हुन्छ ।
ढोल/ढोलक :	ठूलो काठको ढुङ्ग्रोमा छालाले मोरेर बनाइएको हुन्छ ।
ट्याम्को :	पञ्चैबाजा समूहमा पर्ने यो बाजा नगरा जस्तै तर सानो हुन्छ । यसलाई दुईओटा गजोले बजाइन्छ ।
ढ्याङ्ग्रो :	काठको घेरोमा दुवैतिर छालाले मोरेर बनाइएको यो बाजा धामीझाँक्रीले प्रयोग गर्छन् ।

हुड्को : मध्य तथा सुदूरपश्चिम क्षेत्रमा प्रचलित यो बाजा डमरू जस्तै हुन्छ ।

विनायो : किरातीहरूमा लोकप्रिय यो बाजा बाँसलाई खिपेर त्यसमा सानो धागो जोडेर बजाइन्छ ।

मुर्चुङ्गा : यो पनि किरातीहरूमा प्रचलित बाजा हो । फलामबाट बनाइएको यो बाजाको स्वर विनायोको जस्तै हुन्छ ।

मसक : सारङ्गी जस्तै देखिने यो बाजा बझाङतिर प्रचलित बाजा हो ।

डफली : मध्यपश्चिम तराई क्षेत्रमा प्रचलित यो बाजा एकातर्फ मात्र छालाले मोरेर बनाइएको हुन्छ ।

फास्मुक : लिम्बू जातिमा प्रचलित यो बाजा तीनटुक्रा बाँस मिलाएर बनाइएको हुन्छ ।

पुङ : सोलु क्षेत्रका किरातहरूमा प्रचलित यो बाजा गोरुको सिङबाट बनाइएको हुन्छ ।

डम्कारी : मिथिला क्षेत्रमा प्रचलित यो बाजा काठमा ६ ओटा तार जोडेर बनाइएको हुन्छ ।

इर्लुङ पिपरी : कुसुन्डा जातिमा प्रचलित यो बाजा फुकेर बजाइन्छ ।

शृङ्गीनाद : जोगीहरूले घरघरमा फेरी लगाएर हिँड्ने यो बाजा कृष्णसारको सिङ्बाट बनाइएको हुन्छ ।

डम्फु : काठमा छाला मोरेर बनाइएको यो तामाङ जातिमा प्रचलित बाजा हो ।

क्रियाकलाप

१. लोकबाजा भनेको के हो, सङ्क्षेपमा उल्लेख गर्नुहोस् ।

२. तपाईंले हालसम्म देख्नुभएका लोकबाजाहरूको सूची बनाउनुहोस् र त्यो सूचीमा परेका बाजाहरू केबाट बनेका र कुन जातिसँग सम्बन्धित छन्, सोसमेत लेख्नुहोस् ।

३. नेपाली पञ्चैबाजाको नाम लेखी प्रत्येकको छोटो परिचय दिनुहोस् ।

४. पाठमा दिइएका बाजाहरूमध्ये तपाईंले देखेका र नदेखेका बाजा छुट्याएर लेख्नुहोस् । नदेख्नु भएका बाजा सम्बन्धित ठाउँमा जाने मौका मिलेको अवस्थामा खोजी गर्नुहोस् ।

५. तपाईंलाई मनपर्ने कुनै एउटा बाजाको चित्रसहित विस्तृत वर्णन गर्नुहोस् ।

६. हाम्रा कतिपय लोकबाजाहरू लोपोन्मुख अवस्थामा रहेका छन् । ती बाजाहरूको संरक्षणका लागि के गर्नुपर्ला ? समूहमा छलफल गरी लेख्नुहोस् ।

७. लोक बाजाले कुनै स्थान वा जाति विशेषको संस्कृतिको प्रतिनिधित्व गर्दछ भन्ने कुरालाई आफ्नो तर्कसहित पुष्टि गर्नुहोस् ।

८. विवाहमा बजाइने परम्परागत पञ्चैबाजालाई आयातित बैन्डबाजाले विस्तारै विस्थापित गरिरहेको देखिन्छ । सहरी क्षेत्रमा प्रायः विस्थापित गरिसकेको छ भने ग्रामीण क्षेत्रमा पनि विस्तारै विस्थापित गर्ने क्रम रहेको छ । पञ्चैबाजालाई प्रचलनमा ल्याइराख्न केके उपायहरू अवलम्बन गर्नुपर्ला ? पत्रिकाका लागि एक सम्पादकीय तयार गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा कुनै न कुनै लोकबाजा हुन सक्छन् । सम्बन्धित व्यक्तिसँग भेट गरी उक्त बाजाको सम्बन्धमा विस्तृत विवरण तयार गरी नेपाली लोकबाजा सङ्ग्रहालय काठमाडौँमा पत्राचार गर्नुहोस् ।

४. हाम्रा शास्त्रीय तथा लोक नृत्य

.गीत, नृत्य र बाजा एकअर्कामा अत्यन्त नजिकको सम्बन्ध रहेको हुन्छ । त्यसमध्ये कुनै एकको अभावमा अपूर्ण झैं लाग्दछ । प्राचीन शास्त्रमा आधारित नृत्य शास्त्रीय नृत्य हो भने लोक परम्परामा आधारित नृत्य लोक नृत्य हो । शास्त्रीय गीत वा बाजा बजाएर त्यसैको तालमा शास्त्रीय नृत्य गरिन्छ । त्यसैगरी लोक गीतसँगसँगै लोक नृत्य आउँछ । केही शास्त्रीय र लोक नृत्यका नमुना तल प्रस्तुत गरिएका छन् :

धान नाच : यो नाच लिम्बू जातिमा प्रचलित लोक नाच हो । राई जातिले पनि यो नाच नाच्छन् । मेला पर्वमा एकअर्कामा हात समाएर यो नाच नाचिन्छ । यस नाचमा गाइने गीतलाई पालम भनिन्छ ।

चन्डी नाच : विशेष गरेर ढोलक र झ्याम्टासहित चन्डीगीत गाउँदै राईहरूले उँधौली र उँभौली पर्वमा यो नाच नाच्छन् ।

डन्डी (फागु) नाच : यो नाच फागु पूर्णिमामा लठ्ठी जुधाएर नाचिन्छ । यो नाच नेपालको पूर्वी तथा मध्य तराईमा प्रचलित छ ।

गौना नृत्य : मिथिला परम्परामा आधारित यो लोक नृत्य जनकपुर क्षेत्रमा नाचिन्छ ।

कौरा नाच : कौरा गीतको तालमा नाचिने यो नृत्य नेपालको पश्चिमाञ्चल क्षेत्रका मगर जातिहरूको नाच हो ।

माडीखोले नाच : यो नाच विशेष गरेर मध्यपश्चिमाञ्चल क्षेत्रमा नाचिन्छ ।

देउडा नाच : यो पनि विशेष गरी मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रमा नाचिने नाच हो । यो नाच गोलो घेरामा एक अर्कामा कुम जोडेर नाच्ने गरिन्छ ।

मुन्धुम नाच : किरातहरूको मुन्धुममा आधारित यो नृत्य नेपालको पूर्वी पहाडी क्षेत्रमा प्रचलित रहेको पाइन्छ । यसमा फेदाङ्वा/फेदाङमा वा नाक्छोङ (पुजारी) ले साङ्गीतिक भावमा मुन्धुम भन्दै नाच्ने गरिन्छ ।

च्याब्रुङ : यो नृत्य पनि नेपालको पूर्वी पहाडी क्षेत्रका लिम्बू जातिमा आधारित नृत्य हो । यसमा च्याब्रुङको तालमा नृत्य गरिन्छ ।

होप्चा : राई जातिहरूको परम्परागत शास्त्रीय नृत्य हो । यो प्रायः धनकुटा जिल्लाका राईहरूले नाच्छन् ।

चर्या नृत्य : देवीदेवताको अभिनय गर्दै गरिने यो नृत्य काठमाडौं उपत्यकामा प्रचलित छ ।

घाटु नृत्य : यो नृत्य गुरुङ जातिमा प्रचलित नृत्य हो । यसमा ११ देखि १८।१९ वर्षसम्मका अविवाहित किशोरीहरूमा गुरुआमा तथा गुरुबाद्वारा देवता जगाएर नाच्न लगाइन्छ ।

भैरव नृत्य : भैरव देवताको रूप धारण गरेर नाचिने यो नृत्य काठमाडौं तथा पोखरामा बढी प्रचलित छ ।

सोरठी नृत्य : यो नृत्य पनि गुरुङ जातिहरूको परम्परागत शास्त्रीय नृत्य हो ।

हनुमान् नृत्य : भगवान् श्रीरामका सेना हनुमान्को रूप धारण गरी नाचिने यो नृत्य वाग्लुङ, स्याङ्जा आदि क्षेत्रमा प्रचलित छ ।

चरित्र नृत्य : पौराणिक कथाहरूमा रहेका विभिन्न पात्रहरूको अभिनय गरी गरिने यो नृत्य बढी मात्रामा तराई क्षेत्रमा प्रचलित छ ।

मारुनी नाच : नेपालको प्राय पूर्वी पहाडी क्षेत्रमा प्रचलित यो नाच पुरुषहरूले महिलाको वेष धारणा गरेर नाच्छन् ।

ख्याली नाच : ख्याली गीतमा आधारित यो नाचलाई पाङ्दुरे नाच पनि भनिन्छ ।

तर्वारे नाच : यो नाच गन्धर्व जातिहरूको परम्परागत लोक नृत्य हो ।

छोकरा नृत्य : यो नृत्य विशेष गरेर सुदूरपश्चिमाञ्चल क्षेत्रमा नाचिन्छ ।

सिँगारु नृत्य : यो नृत्य नेपालको मध्यपश्चिम क्षेत्रमा प्रचलित छ ।

हुड्केली नृत्य : पौराणिक कथमा आधारित यो नृत्य नेपालको सूदूरपश्चिमाञ्चल क्षेत्रमा प्रचलित रहेको छ ।

पञ्चबुद्ध नृत्य : यो बौद्ध धर्म परम्परामा आधारित नृत्य हो ।

देवी नाच : यो नाच विशेष गरी गाईजात्रादेखि इन्द्रजात्रासम्म काठमाडौं उपत्यकामा प्रदर्शन गरिन्छ । यो भक्तपुरको विशेष नाच हो ।

क्रियाकलाप

१. शास्त्रीय तथा लोकनृत्यमा केके भिन्नता रहेका हुन्छन् । अध्ययन र छलफलको आधारमा लेख्नुहोस् ।

२. गीत, नृत्य र बाजा एकअर्कामा सम्बन्धित हुन्छन् । यसमध्ये कुनै एक भएन भने अपूर्ण हुन्छ, किन ? आफ्नो तर्क दिनुहोस् ।

३. धान नाच कस्तो नाच हो ? कुन जातिसँग यो सम्बन्धित छ ?

४. कक्षामा लोक नृत्य प्रतियोगिता आयोजना गर्नुहोस् । आयोजना गर्दा आयोजक समिति, मूल्याङ्कन समिति पनि आफैँभित्रबाट गठन गर्नुहोस् । प्रतियोगितामा विजयी हुनेलाई पुरस्कारको पनि व्यवस्था गर्न सक्नुहुन्छ ।

५. पाठमा उल्लिखितमध्ये लोक तथा शास्त्रीय नृत्यहरूमा कुनकुन देख्नुभएको छ ? देख्नुभएका र देख्नु नभएका नृत्यहरूको वर्गीकरण गर्नुहोस् र नदेखेका नृत्यहरूका बारेमा खोजी गर्ने प्रयास गर्नुहोस् ।

६. पाठ्यक्रम विकास केन्द्र, सानोठिमीले बर्सैपिच्छे लोक गीत, लोक नृत्य र शास्त्रीय नृत्य प्रतियोगिता सञ्चालन गर्दै आएको छ । सो प्रतियोगितामा भाग लिनका लागि केके गर्नुपर्छ जानकारी लिनुहोस् र विद्यालयको तर्फबाट भाग लिन तयारी गर्नुहोस् । त्यस्तै आफ्नो क्षेत्रमा प्रचलित लोक नृत्य तथा शास्त्रीय नृत्यको विवरण तयार गरी स्थानीय पत्रिका र पाठ्यक्रम विकास केन्द्रमा पठाउनुहोस् ।

७. हाम्रो देशका विभिन्न ठाउँमा प्रचलित कतिपय लोक तथा शास्त्रीय नृत्यहरू लोप हुने अवस्थामा पुगेका छन् । तिनको संरक्षणका लागि कसले के गर्नुपर्ला ? संरक्षणका उपायसहितको सुझाव पत्रिकामा पठाउनुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा प्रचलित लोक तथा शास्त्रीय नृत्यहरूको खोजी गर्नुहोस् । ती नृत्यहरू कुन जाति वा धर्मसँग सम्बन्धित हुन् र तिनीहरूको वर्तमान अवस्था कस्तो छ ? तिनीहरूको संरक्षणका लागि तपाईं आफ्ले के गर्न सक्नुहुन्छ ?

तपाईंको समुदायमा रहेका कुनै नृत्य विशेषज्ञसँग भेट गर्नुहोस् र नृत्यको महत्त्व, यसबाट हुने फाइदा र नृत्य गर्ने तरिकाका सम्बन्धमा जानकारी लिई एक विवरण तयार गर्नुहोस् ।

५. हाम्रा राष्ट्रिय दिवसहरू

बाल दिवस

१. **बाल दिवस**

प्रत्येक वर्ष भाद्र ४ गते मनाइँदै आएको बालदिवस २०६३ सालदेखि भाद्र २९ गते मनाउन थालिएको हो । नेपालले सन् १९९० को सेप्टेम्बर १४ अर्थात् भदौ २९ गतेका दिन संयुक्त राष्ट्र सङ्घीय बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेको दिनलाई आधार मानेर बालदिवस भाद्र २९ गते मनाउने निर्णय गरिएको हो । प्रत्येक विद्यालयहरूमा विभिन्न कार्यक्रम गरी यो दिवस मनाउने चलन छ ।

२. **संविधान दिवस**

संविधान घोषणा भएको दिन प्रत्येक वर्ष संविधान दिवस मनाउने चलन छ । नेपालको अन्तरिम संविधान २०६३ माघ १ गते घोषणा भएकाले उक्त दिन संविधान दिवस मनाइन्छ ।

३. **सहिद दिवस**

राष्ट्रिय दिवसका रूपमा सहिद दिवस माघ १६ गते मनाइन्छ । लोकतन्त्रका खातिर सङ्घर्ष गर्दा जीवन उत्सर्ग गर्ने सहिदहरूको संस्मरण गर्न सात दिनसम्म सहिद दिवस मनाउने परम्परा छ ।

काठमाडौंको सहिदगेटमा सहिदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालालसमेतको प्रतिमा भएको सहिदद्वार छ । सहिद दिवसमा नेता तथा सर्वसाधरण जनताहरू त्यस सहिदद्वारमा आई पुष्पगुच्छाहरू चढाएर सहिदहरूप्रति सम्मान व्यक्त गर्दछन् । यसै गरी लैनचौरस्थित सहिद स्मारकमा पनि त्यसै दिन पुष्पगुच्छा चढाइन्छ । शुक्रराज शास्त्रीलाई फाँसीमा चढाएको ठाउँ टेकु-पचलीमा, धर्मभक्तलाई फाँसी दिएको सिफलमा, दशरथ चन्द र गङ्गालाललाई गोली हानेको ठाउँ शोभा भगवतीमा समेत फूल चढाई सहिद दिवसमा सहिदहरूप्रति सम्मान अर्पण गरिन्छ । वि.सं. २०४६ र २०६३ सालको जनआन्दोलन र लोकतन्त्र प्राप्तिका लागि लड्दालड्दै सहिद भएकाहरूको सम्झनामा पनि यसै अवसरमा देशभर विभिन्न कार्यक्रम गरी सहिदका रूपमा सम्मान गरिन्छ ।

४. प्रजातन्त्र दिवस

राणाशासनको अन्त्य गरेर प्रजातन्त्रको स्थापना भएको दिन २००७ साल फागुन ७ गतेको स्मरण गर्दै प्रत्येक वर्ष उक्त दिन प्रजातन्त्र दिवस मनाउने गरिन्छ ।

५. लोकतन्त्र दिवस

वि.सं. २०६२/०६३ को जनआन्दोलनबाट लोकतन्त्र प्राप्त भएपछि त्यसको स्मरणमा प्रत्येक वर्षको बैशाख ११ गते लोकतन्त्र दिवस मनाउन थालिएको छ ।

६. शिक्षा दिवस

प्रत्येक वर्ष विश्व साक्षरता दिवसको दिन नेपालमा शिक्षा दिवसको आयोजना गरिन्छ । यो दिन सेप्टेम्बर ८ मा पर्छ । यस दिन शिक्षा क्षेत्रमा विशेष योगदान दिने व्यक्ति तथा संस्थाहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरिन्छ । शिक्षा तथा खेलकुद मन्त्रालय, विभिन्न विश्वविद्यालय तथा शिक्षण संस्थाहरूले यस दिन विशेष सक्रियताका साथ भव्य रूपमा यो दिवस मनाउँछन् ।

७. अन्तरराष्ट्रिय महिला दिवस

महिलाहरूको सङ्घर्षपूर्ण दिनको स्मरण गर्दै प्रत्येक वर्ष मार्च ८ मा अन्तरराष्ट्रिय महिला दिवस मनाइन्छ । उक्त दिन सरकारी कार्यालयहरूमा महिला कर्मचारीलाई बिदा दिने चलन छ ।

८. अन्तरराष्ट्रिय श्रमिक दिवस

अन्तरराष्ट्रिय श्रमिक दिवसका रूपमा प्रत्येक वर्ष मे १ को दिन यो दिवस मनाइन्छ । देशमा लोकतन्त्र स्थापना भएपछि राष्ट्रिय पर्वका रूपमा मनाउने प्रचलन सुरु भएको हो । यसलाई मई दिवस पनि भनिन्छ ।

क्रियाकलाप

१. हाम्रा राष्ट्रिय दिवसहरू झल्कने तस्बिर तथा पोस्टर तयार गर्नुहोस् र त्यसको मुनि विवरण लेख्नुहोस् ।

२. राष्ट्रिय दिवसहरूका दिन तपाईं केके गर्नुहुन्छ वा गर्दै आउनुभएको छ ? लेख्नुहोस् ।

३. राष्ट्रिय दिवसहरू कसरी मनाउँदा तपाईं सन्तुष्ट हुनुहुन्छ ? आफ्नो सुझाव राखेर गोरखापत्रका सम्पादकलाई पत्र लेख्नुहोस् ।

४. विभिन्न समूहमा विभाजित भई प्रत्येक समूहले एकएकओटा राष्ट्रिय दिवसमा गरिने क्रियाकलापको अभिनय गर्नुहोस् र तीमध्ये कुनै एकको बारेमा समाचार तयार पार्नुहोस् ।

५. कुनै पर्व मनाउन जुलुस निस्किँदा बाटोघाटो बन्द भई बाटो हिँड्ने बटुवालाई बाधा पर्न सक्छ । यस्ता पर्वमा जुलुस जाने बाटोको रेखाङ्कन गरेर समयसमेत उल्लेख गर्नुहोस् जसले गर्दा बटुवाहरूलाई अप्ठ्यारो नपरोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा भएका बालबालिकाहरूको बौद्धिक तथा स्वास्थ्यको विकासका निम्ति एक योजना बनाई स्थानीय वा केन्द्रीय बालमन्दिरमा पत्र पठाउनुहोस् ।

६. अन्तरराष्ट्रिय व्यक्तित्वहरू

विश्व मानव समाजका लागि उल्लेखनीय योगदान दिने मानिसहरू अन्तरराष्ट्रिय व्यक्तित्वका रूपमा चिनिन्छन् । उनीहरूले आ-आफ्नो क्षेत्रमा मानवहितका काम गरेका हुन्छन् । यस्ता अन्तरराष्ट्रिय व्यक्तित्वहरू धेरै छन् । हामीले तिनीहरूको योगदानको कदर गर्ने, उनीहरूले गरेका राम्रा कामको अनुशरण गर्ने बानीको विकास गर्नुपर्छ । यहाँ उदाहरणका रूपमा दुईजना अन्तरराष्ट्रिय व्यक्तित्वहरूका बारेमा छोटाछोटा परिचय प्रस्तुत गरिएका छन् ।

हेलेन केलर (Helen Keller)

हेलेन केलर

हेलेन केलरको जन्म सन् १८८० जुन २७ मा संयुक्त राज्य अमेरिकाको ट्युकम्बीयामा भएको थियो । जन्मेको १८ महिनामा उनी एक्कासि दृष्टिविहीन र बहिरो भइन् । त्यसपछि उनी देख्न, बोल्न, सुन्न नसक्ने भइन् । ७ वर्षको उमेरमा दृष्टिविहीन बालबालिकाहरू पढ्ने विद्यालयमा भर्ना भइन् । एकदिन अन्न नाम गरेकी शिक्षकले उनमा ठूलो परिवर्तन ल्याइदिइन् । उनी छोएर सिक्न सक्ने भइन् । त्यसपछि उनको जीवनमा आमूल परिवर्तन भयो । उनी विद्यालय शिक्षा पूरा गरेर सन् १९०० मा कलेज भर्ना भइन् । सन् १९०४ मा दृष्टिविहीन र बहिरामध्येबाट विश्वमा नै पहिलो स्नातक (Graduate) गर्ने व्यक्ति भइन् । त्यसपछि उनले दृष्टिविहीन, बहिरा र महिला अधिकारका बारेमा थुप्रै पुस्तकहरू र लेखहरू लेखिन् । त्यसमध्ये 'The story of my life' पुस्तक धेरै लोकप्रिय भयो । हेलेन केलर अन्य दृष्टिविहीन र बहिराहरूका लागि त उदाहरण भइन् नै, साङ्ग मानिसहरूका लागि पनि उनी नमुना नै बनिन् । अवसर पाएमा अपाङ्गले राम्रो काम गर्न सक्ने पाठ विश्व समुदायलाई हेलेन केलरले आफू नमुना बनेर सिकाइन् । उनको मृत्यु १९६८ जुन १ मा ८७ वर्षको उमेरमा भयो ।

अमेरिकालगायत विश्वका विभिन्न मुलुकमा हेलेन केलरको नाममा विभिन्न सङ्घसंस्था स्थापना भएका छन् । ती सङ्घसंस्थाहरूले दृष्टिविहीन र बहिराहरूको हितमा थुप्रै काम गरेका छन् ।

वैज्ञानिक स्टेफेन हकिङ (Stephen Hawking)

स्टेफेन हकिङ

स्टेफेन हकिङको जन्म सन् १९४२ जनवरी ८ मा इङ्ल्यान्डको अक्सफोर्ड सहरमा भएको हो । उनी जन्मदा सामान्य नै भए पनि नसासम्बन्धी भयङ्कर रोगको कारण हिडडुल गर्न र बोल्नसमेत नसक्ने भए । उनी रोगका कारण उनका दुईओटा औंलाबाहेक अरू नचल्ने भए । उनले साधारण निजी विद्यालयमा शिक्षा लिए भने विश्वकै चर्चित अक्सफोर्ड विश्वविद्यालयबाट अनुसन्धान तहसम्मको उच्च शिक्षा पूरा गरे । अल्बर्ट आइन्सटाइनले प्रतिपादन गरेको सामान्य सापेक्षताको सिद्धान्त (General Theory of Relativity) र बीसौं शताब्दिमा विकास भएको क्वान्टम

सिद्धान्त (Quantum Theory) हुन् । यी दुईको सम्मिलन हुन्छ र त्यसबाट विश्वब्रम्हाण्डको वास्तविक र हस्य पत्ता लाग्दछ भन्नेबारेमा हकिङले खोज गरे । सापेक्षताको सिद्धान्त र क्वान्टम सिद्धान्तको सम्मिलनबाट उनले के कुरा पत्ता लगाए भने कालो प्वाल (Blackhole) सोचे जस्तो पूर्ण रूपमा कालो छैन, त्यसैले त्यस प्वालका विकिरण केही मात्रामा बाहिर निक्लिरहेको हुनुपर्छ । यसले गर्दा कालो प्वाल वाष्पीकरण भई अन्त्यमा अस्तित्वबाटै लोप हुने सम्भावना छ । हकिङले दिएको यस विचारअनुसार कालो प्वालबाट बाहिर निस्कने विकिरणलाई हकिङ विकिरण (Hawking's Radiations) भनिन्छ ।

सन् १९८८ मा 'समयको सङ्क्षिप्त इतिहास' नामक पुस्तकमार्फत स्टेफन हकिङले आफ्नो विचार बाहिर ल्याएपछि उनी एक विश्व प्रसिद्ध वैज्ञानिकको रूपमा स्थापित भए । उनी ह्वील चियरको सहायताले हिँड्ने उनी एक विशेष प्रकारको कम्प्युटर (जसको किबोर्ड दुईऔंलाले पनि चलाउन सकिन्छ) र कम्प्युटरको बोली संश्लेषण यन्त्र (Speech synthesiger) को सहायताले आफ्ना कुरा प्रस्तुत गर्छन् ।

क्रियाकलाप

१. हेलेन केलर र स्टेफेन हकिङको छोटो परिचय दिनुहोस् ।

२. हेलेन केलर र स्टेफेन हकिङमा पाइने समानता र असमानता केके हुन् ?

३. स्टेफेन हकिङले के कुरा पत्ता लगाएका छन् ?

४. अपाङ्ग व्यक्तिले अवसर पाएमा साङ्गले भन्दा राम्रो काम गर्न सक्छ भन्ने कुरा हेलेन केलर र स्टेफेन हकिङको उदाहरण दिँदै पुष्टि गर्नुहोस् ।

५. झमककुमारी घिमिरेको बारेमा पत्रपत्रिकामा प्रकाशित समाचारको खोजी गर्नुहोस् र उनी कुन जिल्लाकी हुन् ? उनी कस्ती छिन् र उनले केके काम गरेकी छिन् ? पत्ता लगाई लेख्नुहोस् ।

६. हेलेन केलर र स्टेफेन हकिङको जीवनीबाट केके कुराको अनुसरण गर्न सकिन्छ ? त्यस्ता व्यक्तित्वहरूलाई सम्मान गर्न के गर्नुपर्छ ?

सामुदायिक कार्य

१. **तपाईंको समुदायमा मानव समुदायको हितमा काम गरेका कोही उदाहरणीय व्यक्तित्वको खोजी गर्नुहोस् र उनीहरूले समाजका लागि दिएका योगदानको बारेमा लेख्नुहोस् ।**

२. **तपाईंको समुदायमा अपाङ्ग हुन सक्छन् । यस्ता व्यक्तिको खोजी गरी उनीहरूलाई कस्ता अवसरको आवश्यकता पर्दछ र कसरी उपलब्ध गराउन सकिन्छ भन्ने बारेमा कक्षाका साथीहरूसँग छलफल गर्नुहोस् ।**

सारांश

हामीले यस एकाइमा निम्नलिखित कुरा गर्न सिक्यौं :

* लुम्बिनी, पशुपतिनाथ, बौद्धनाथ, स्वयम्भूनाथ, हनुमानढोका दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, चाँगुनारायण, सगरमाथा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्जका बारेमा अध्ययन गरी यी सम्पदाहरू विश्वसम्पदा सूचीमा पर्नुको कारण पत्ता लगाउन,
* हाम्रो देशको विभिन्न भागमा रहेका सांस्कृतिक सम्पदाहरूको सूची बनाउन र तिनीहरूको महत्त्वका बारेमा छलफल गर्न,
* नेपालका लोक गीतहरू सङ्कलन गर्न, लोक नृत्यहरूको महत्त्व पत्ता लगाउन, शास्त्रीय नृत्य र लोक बाजाहरू खोजी गर्न,
* लोक गीत, लोक नृत्य र लोक बाजाहरूले हाम्रो संस्कृतिको प्रतिनिधित्व गर्ने कुरा पत्ता लगाउन,
* स्थानीय समुदायमा भएका सांस्कृतिक सम्पदाहरूको संरक्षणमा सहभागी हुन,
* लोक गीत, लोक बाजा र लोक नृत्य तथा शास्त्रीय नृत्यमा आ-आफ्नो प्रतिभा देखाउन,
* पाठ्यक्रम विकास केन्द्रद्वारा बर्सैपिच्छे सञ्चालित सांस्कृतिक प्रतियोगिताका साथै सो प्रतियोगितामा भाग लिन,
* अन्तरराष्ट्रिय व्यक्तित्वका रूपमा हेलेन केलर र स्टेफेन हकिङका बारेमा अध्ययन गरी उनीहरूले गरेको योगदान पत्ता लगाउन,
* झमककुमारी घिमिरेका बारेमा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार सङ्कलन गर्न र अपाङ्ग भएर पनि उनले साहित्य क्षेत्रमा गरेको प्रगतिबाट प्रभावित हुन,
* समाज र राष्ट्रका लागि योगदान दिने व्यक्तित्वहरूको खोजी गरी उनीहरूको योगदान बताउन,
* आफ्नो समुदायमा प्रतिभा भएका तर अवसर नपाएका व्यक्ति पत्ता लगाउन र सहयोग गर्न ।

एकाइ ४

सामाजिक समस्या र समाधान



यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौं :

- हाम्रो देशका सामाजिक समस्याहरूको पहिचान र समाधानका उपायहरू
- समाजमा रहेका विभिन्न कुप्रथाहरूको पहिचान र समाधानका उपायहरू
- सामाजिक समस्या समाधानका लागि कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घ संस्थाहरू

१. चेलीबेटी बेचबिखन र देहव्यापार

हाम्रो देशमा अशिक्षा, गरिबी, पछौटेपन अन्धविश्वास आदिका कारण विभिन्न सामाजिक समस्या सिर्जना हुने गरेका छन् । यस्ता समस्यामध्ये चेलीबेटी बेचबिखन र देहव्यापार पनि प्रमुख हुन् । गरिबीको मारमा परेका कतिपय केटीहरू विदेशमा लगेर बेचिन्छन् र वेश्यावृत्तिमा लाग्न बाध्य बनाइन्छन् । उनीहरू खास केही प्राप्त गर्न सक्दैनन् । उनीहरूलाई प्रयोग गरेर प्राप्त भएको पैसा वेश्यालयको मालिकले प्राप्त गर्छ । उनीहरूलाई वेश्यालय बाहिर निक्लेर जान दिइँदैन । यस्तै प्रकारले अर्काथरी दलालहरूले केटीहरूलाई कलकारखानामा लगेर बिक्री गर्दछन् । त्यहाँ उनीहरूले बडो कठिन जीवन बिताउनुपर्छ । दलालहरूसँग लोभिएर फन्दामा पर्ने थुप्रै नेपाली चेलीबेटीको जीवन कष्टप्रद भइरहेको छ । एक तथ्याङ्कअनुसार प्रत्येक वर्ष पाँच हजार जति केटीहरू विभिन्न हिसाबले बिक्री गरिन्छन् र दलालहरूले फाइदा लिन्छन् । वेश्या बन्न बाध्य बनाइएका कलिला केटीहरूलाई एड्स लाग्छ र त्यहाँबाट भयानक समस्यासहित रित्तो हात फर्किन्छन् । नेपालमा पुनः आइपुगेका पीडितहरूलाई समाजले तिरष्कार गर्छ । उनीहरूको जीवन सदा दुःखी हुन्छ । नेपालका कतिपय केटी तथा महिलाहरू सुखी जीवन र कामको प्रलोभनमा परी देहव्यापार गर्न बाध्य छन् ।

रोकथाम

समाजमा हुने विभिन्न समस्याप्रति जनसरोकार बढाउनुपर्ने ठूलो आवश्यकता भएकाले सबै सचेत नागरिकहरू मिली यो सामाजिक विकृति रोक्न आ-आफ्नो क्षेत्रबाट सक्रिय हुनु जरुरी छ । सभा, जुलुस र भाषणहरूद्वारा पनि जनजागरण ल्याउन सकिन्छ । समाचार पत्रहरूमा लेख, टिप्पणी आदि छापेर पनि यस कार्यमा सहयोग पुऱ्याउन सकिन्छ । चेलीबेटी बेचबिखन गैह्रकानुनी काम हो । अतः सरकारलाई चेलीबेटी बेचबिखन कार्यलाई सक्रिय रूपमा निरुत्साहित गर्न जनदबाब दिनु आवश्यक हुन्छ । चेलीबेटी बेचबिखन गर्नेलाई कानुनअनुसार दण्ड दिने व्यवस्था छ । यसलाई कडाइका साथ कार्यान्वयन गर्नु जरुरी छ ।

यस्ता विकृतिसम्बन्धी सूचनाहरू गाउँघरका विद्यालयमा शिक्षकशिक्षिकाहरूसम्म पुग्नुपर्छ । दलालहरूले गाउँघरका युवतीहरूलाई कसरी ललाईफकाई भुक्याउँछन्, त्यसपछि के हुन्छ, जस्ता विषयमा राम्ररी कुरा बुझाउन सकेमा सम्भावित खतराबाट उनीहरू बच्न सक्दछन् । हालसम्म पन्ध्रओटा यस्ता सङ्घसङ्गठनहरू एक भई चेलीबेटी बेचबिखन विरुद्धमा कार्य गर्न सक्रिय रूपमा लागेका छन् । यिनै सङ्गठनहरू मिलेर बनेको आटविन (Alliance Against Trafficking of Women and Girls in Nepal or AATWIN) ले यस समस्यालाई राष्ट्रिय र अन्तर राष्ट्रिय समस्याको रूपमा हेरेको छ ।

उद्धार

थुप्रै सामाजिक संस्थाहरूले बेचिएका केटीलाई नेपाल फर्काउन ठूलो सहयोग प्रदान गरिरहेका छन् । फर्किएका चेलीबेटीलाई राम्रो औषधोपचारको व्यवस्थासहित आवासगृहमा राखिन्छन् र उनीहरूलाई जीवनयापनका निम्ति केही अर्थोपार्जन गर्न सक्ने बनाउन उपयोगी तालिमहरू दिने गरेको पाइन्छ । उनीहरूको गहिरो मानसिक चोटलाई निको पार्ने एक वात्सल्यपूर्ण वातावरणको निर्माण गर्ने प्रयास गरिन्छ । फर्काइएका चेलीबेटीहरूलाई

आफ्नो समुदायले ग्रहण गर्नका निम्ति उनका बाबुआमाहरू तथा अन्य व्यक्तिहरूलाई आवश्यक उत्प्रेरणा प्रदान गर्नाका साथै अन्य सहयोगसमेत प्रदान गरिन्छ ।

क्रियाकलाप

१. (क) आपसी छलफलपश्चात् केके कारणले चेलीबेटीको बेचबिखन हुने गरेको छ ? सकेसम्म धेरै कारणहरू पत्ता लगाई सूचीबद्ध गर्नुहोस् ।

(ख) "चेलीबेटी बेचबिखन र देहव्यापार नराम्रो कार्य हो ।" यससम्बन्धी तपाईंको दृष्टिकोण के छ ? आफ्नो विचारलाई कारणसहित पुष्टि गर्नुहोस् ।

२. चेलीबेटी बेचबिखन हुने कुनै जिल्लाको अवस्थाको कल्पना गर्नुहोस् र नाटक, कविता वा गीत लेख्नुहोस् ।

३. निर्दोष र अबोध केटीहरूले भोग्नुपरेका अवस्थाका बारेमा जानकारी पाउन तलका पङ्क्तिलाई बढाएर कविता पूरा गर्ने अभ्यास गर्नुहोस् :

सुखी काम, आनन्दी जीवन र मेरो दुःखी परिवारको उद्धार गर्ने आशामा,
सहरी जीवन र रङ्गीचङ्गी कल्पनामा डुब्दै परेँ म दुष्टको पासामा
अन्धकार, पीडा, आँसु र निसासिँदो संसारमा दुःख खाई
फसे पनि आँट र साहस लिई बचाउनु छ मेरा बहिनीहरूलाई

४. तलका भनाइ अध्ययन गर्नुहोस् र त्यस्ता विचार राख्ने व्यक्तिलाई दिने जवाफ तयार गर्नुहोस् :

- पैसा नहुँदा हामी ज्यादै दुःखी छौँ । सहरमा छोरीलाई काम गर्न पठाउँदा केही राहत मिल्थ्यो कि ?
- छोरीलाई स्कुल पढाईदैन । उनीहरूले घरधन्दा गरेर बस्नुपर्छ ।
- महिलाहरूले खास केही गर्न सक्दैनन् तर विदेशमा गएर पैसा कमाउन सक्छन् ।
- हामी त मानिस, हामीलाई के हुन्छ र ? मलाई यसको केही परवाह छैन ।
- एक दिन पराईको घर जाने नै हो । हामीसँग सधैँ बसिरहने होइन क्यारे ।
- गारमेन्ट कारखानाको कष्टप्रद जीवनबाट मुक्ति पाउन यस्तै काम गर्नुपर्ने रहेछ ।

५. चेलीबेटी बेचबिखन रोक्नका निम्ति दीर्घकालीन उद्देश्यहरूको सूची बनाउनुहोस् ।

६. चेलीबेटी बेचबिखन रोक्न हाल देशमा भएगरेका विभिन्न कार्यहरू तथा प्रयासहरू केके छन् ? अनुसन्धान गरी उल्लेख गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा ललाईफकाई चेलीबेटीलाई बेच्न लैजाने, देहव्यापारमा संलग्न गर्ने गराउने व्यक्ति हुन सक्छन् । त्यस्ता व्यक्ति भए त्यस्ता व्यक्तिहरूलाई कानुनी कारवाहीका लागि सबै मिलेर प्रहरीको जिम्मा लगाउनुहोस् । त्यस्ता व्यक्तिहरूलाई सामाजिक वहिष्कार गर्नुहोस् ।

२. सामाजिक कुप्रथा

हाम्रा समाजमा सामाजिक परम्पराको नाममा कैयौं कुप्रथाहरू छन् । यस्ता कुप्रथाले समाजलाई विकासका पथमा अगाडि बढ्न रोक्ने गर्दछन् । यस्ता कुप्रथाहरूका केही उदाहरण यहाँ प्रस्तुत गरिएका छन् :

(क) **छुवाछुत प्रथा :** वि.सं.२०२० मा कानुनी रूपमा छुवाछुत प्रथा अन्त्य भएको घोषणा गरे पनि समाजमा यसले आजसम्म पनि जरो गाडेको छ । मानिस-मानिसबीच छुवाछुतको भेदभाव गरिने यो प्रथा सामाजिक कलङ्कका रूपमा रहेको छ । जातियताको आधारमा कायम रहेको यो प्रथालाई सामन्ती संस्कारको अवशेषका रूपमा लिन सकिन्छ । समाजमा कथित उपल्लो जाति र दलित जाति भनी छुट्याएर दलित जातिले छोएको खान हुँदैन भन्ने मान्यता राख्ने यो प्रथाले समाजमा विभेद सिर्जना गरेको छ । यसैको कारण विद्रोह जन्मिएको पनि पाइन्छ । त्यसैले सामाजिक विकृतिका रूपमा रहेको यस्तो प्रचलनलाई सबै मिलेर अन्त्य गरिनुपर्दछ ।

(ख) **दाइजो प्रथा :** विवाहको समयमा केटी पक्षका बाबुआमाले केटा पक्षलाई दिने जिन्सी तथा नगद नै दाइजो हो । मागेजति दाइजो नदिए केटा पक्षबाट विवाह नै नगर्ने परम्परा रहेको कारण समाजमा यसबाट थप सामाजिक समस्याहरू सिर्जना भएका छन् । दाइजो नल्याएको कारण पति र सासूससुराले शारीरिक तथा मानसिक यातना दिने गरेको समाचार समयसमयमा आइरहन्छन् । नेपालको तराई क्षेत्रमा बढी समस्याका रूपमा रहेको यो प्रथा देशको अन्य भागमा पनि विस्तारै फैलँदै गएको देखिन्छ । समाजका सबै चेतनशील व्यक्तिहरू मिलेर यस्तो कुसंस्कारको अन्त्य गर्नुपर्दछ ।

(ग) **घुम्टो प्रथा :** नेपालको तराई क्षेत्रमा प्रचलित यो प्रथा खास गरेर विवाहित महिलाले आफ्नो अनुहार पुरुषले नदेख्ने गरी सारीको सप्कोले छोप्ने गर्दछन् । यो प्रथा पनि लैङ्गिक विभेदको ज्वलन्त उदाहरण हो ।

(घ) **देउकी प्रथा :** सुदूरपश्चिमाञ्चलको पहाडी क्षेत्रमा प्रचलित यो प्रथाअन्तर्गत गरिब मानिसहरूले आफ्नै छोरी वा धनी मानिसले गरिबका छोरी किनेर सानै उमेरमा देवतालाई चढाउने गरिन्छ । त्यसरी देवतालाई चढाएका व्यक्तिले विवाह गर्नुहुँदैन भन्ने मान्यता रहेकाले त्यसबाट महिलाहरूको अधिकार हनन हुनुको साथै समाजमा विकृति फैलिएको पाइन्छ । त्यसैले मानिसलाई देवताको नाममा चढाउने अमानवीय यो प्रथालाई पनि हटाउन जरुरी छ । यो प्रथा जनचेतनाको कारणले विस्तारै हट्दै गएको छ ।

हाम्रो समाजमा यहाँ उल्लेख गरिएका बाहेक अन्य पनि यस्ता कुप्रथाहरू रहेका छन् । तिनीहरू सबैको निराकरण गर्नुपर्दछ । समाजमा रहेको कुप्रथा हटाउन चालिएको कदमको एउटा पत्रिकामा प्रकाशित समाचार यस्तो छ :

दाइजो प्रथाविरुद्ध जनकपुरधाम घोषणापत्र जारी

जनकपुरधाम, जेठ २० गते,

बालविवाह र दाइजो प्रथा उन्मूलन सम्मेलन सात बुँदे जनकपुरधाम घोषणापत्र जारी गर्दै आज सम्पन्न भयो । घोषणापत्रमा दाइजो नलिने र बाल विवाह नगराउनेलाई राज्यद्वारा विशेष प्रोत्साहन दिने व्यवस्था गर्नुपर्ने र दाइजो लिई बालविवाह गराउनेलाई सामाजिक वहिष्कार गरिने, दाइजो लिई विवाह गर्नेलाई सरकारले कडा सजाय दिने खालको नयाँ ऐन निर्माण गर्नुपर्ने कुरामा जोड दिइएको छ । विद्यालय पाठ्यक्रममा दाइजो र बालविवाह विरुद्धको सामग्रीसमेत समावेश गरिनुपर्ने र अनौपचारिक शिक्षाका माध्यमले पनि आमसमुदायलाई चेतनशील बनाउनुपर्ने घोषणापत्रमा उल्लेख छ । दाइजो र बालविवाह निरुत्साहित गर्न राजनीतिक दलले घोषणापत्रमा कार्यक्रम उल्लेख गर्नुपर्ने र यसको कार्यान्वयनका लागि आमजनसमुदाय एवम् सरकारसँग आवश्यक पहल गर्न माग गरिएको छ ।

क्रियाकलाप

१. हाम्रो समाजमा रहेको छुवाछुत प्रथा कस्तो प्रथा हो । यसले समाजमा कस्तो असर पारेको छ र यस्तो कुप्रथा हटाउन कस्ता कदमहरू चालिनुपर्छ ? समूहमा छलफल गरी लेख्नुहोस् ।

२. छुवाछुत प्रथा हटाउन विभिन्न नारा लेखिएका प्लेकार्ड तथा ब्यानर बनाउनुहोस् र उक्त प्लेकार्ड तथा ब्यानर प्रदर्शन गरी टोल वा सहरको परिक्रमासमेत गर्नुहोस् ।

३. छुवाछुतलगायत अन्य सामाजिक विकृति विरुद्ध पम्प्लेट तयार गरी ठाउँठाउँमा टाँस्नुहोस् ।

४. दाइजो प्रथा के हो र यसलाई किन सामाजिक समस्याका रूपमा लिइएको हो ?

५. दाइजो प्रथाविरुद्ध जनकपुरधाम घोषणापत्र तपाईंलाई कस्तो लाग्यो ? उक्त घोषणापत्रको समीक्षा गर्नुहोस् र तपाईं पनि कुनै सामाजिक समस्या उन्मूलन गर्न पत्रिकालाई त्यस्तै प्रकारको एउटा समाचार तयार गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा जरो गाडेर रहेको कुनै एउटा सामाजिक कुप्रथाको पहिचान गर्नुहोस् र उक्त कुप्रथा हटाउन केके गर्नुपर्छ समाधानको विस्तृत योजना तयार गर्नुहोस् ।

३. प्रमुख सामाजिक समस्या : भ्रष्टाचार

यहाँ भ्रष्टाचारीलाई प्रवेश निषेध छ ।

सामाजिक रूपान्तरको मूल आधार
भ्रष्टाचारमुक्त सभ्य सामाजिक व्यवहार

माथि उल्लेख गरिएका उद्‌गारहरू भ्रष्टाचार विरुद्धका नारा हुन् । भ्रष्टचार विरुद्धका यस्ता नाराहरू ठाउँठाउँमा टाँसेर वा विभिन्न सञ्चार माध्यमबाट प्रचारप्रसार गर्ने गरिए तापनि तिनै सञ्चार माध्यमहरूबाट नै विभिन्न ठाउँमा भ्रष्टाचार हुने गरेको समाचार पनि त्यति नै मात्रामा आइरहन्छन् । नेपालमा भ्रष्टाचारको अवस्था कस्तो छ भन्ने कुरा तलका तथ्यहरूले देखाउँछन् :

- नेपाल विश्वमा ५२ औँ भ्रष्टाचारयुक्त देशभित्र पर्दछ ।
- भ्रष्टाचार बढी हुनुका धेरै कारण भए पनि प्रमुख कारणहरूमा पारदर्शिताको अभाव, दायित्वबोधको अभाव, कम तलब, शक्तिको एकाधिकार, भ्रष्टाचारीहरूको शक्तिशाली समूह कानुनको अपहेलना आदिलाई लिन सकिन्छ ।
- सन् २००४ मा गरिएको एक राष्ट्रिय सर्वेक्षणबाट नेपालको पहिलो समस्या भ्रष्टाचार र दोस्रो समस्या बेरोजगार रहेको पाइएको थियो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले बर्सैपिच्छे विश्वको भ्रष्टाचारको सूचकाङ्क (index) निकाल्ने गरेको छ । सन् २००६ को प्रतिवेदनअनुसार सबैभन्दा कम भ्रष्टाचार हुने देशहरूमा फिनल्यान्ड र आइसल्यान्ड, न्युजिल्यान्ड आदि पर्दछन् भने सबैभन्दा बढी भ्रष्टाचार हुने देशमा हाइटी परेको देखिन्छ । विश्वका १६३ देशमा गरेको अध्ययनअनुसार विश्वका केही मुलुकको भ्रष्टाचारको अवस्था यस्तो छ :

देशको नाम	Corruption perceptions index (CPI) score	देशको नाम	Corruption perceptions index (CPI) score
फिनल्यान्ड	९.६	आइसल्यान्ड	९.६
न्युजिल्यान्ड	९.६	डेनमार्क	९.५
नर्वे	८.८	बेलायत	८.६
क्यानाडा	८.५	जर्मनी	८.०
जापान	७.६	संयुक्त राज्य अमेरिका	७.३
स्पेन	६.८	भूटान	६.०
ताइवान	५.९	मलेसिया	५.०
इटली	४.९	बुल्गेरिया	४.०
क्युवा	३.५	चीन	३.३
भारत	३.३	श्रीलङ्का	३.१
नेपाल	२.५	पाकिस्तान	२.२
बङ्गलादेश	२.०	म्यानमार	१.९
हाइटी	१.८		

स्रोत : ट्रान्सपरेन्सी इन्टरनेसनल, सन् २००६

० देखि १० अङ्कसम्मको range राखिएको उक्त भ्रष्टाचारसम्बन्धी तथ्याङ्कमा मध्यबिन्दु ५ लाई मानिएको छ । ५ भन्दा बढी अङ्क प्राप्त गर्ने देशहरू कम भ्रष्टाचार भएका मानिन्छन् र ती देशहरूले भ्रष्टाचारलाई आफ्नो देशको गम्भीर समस्याका रूपमा लिन जरुरी छैन । पाँचभन्दा कम अङ्क प्राप्त गर्ने देशहरूले भने भ्रष्टाचारलाई आफ्नो देशको प्रमुख समस्याका रूपमा लिई तुरुन्त न्यूनीकरणका उपायहरू अपनाउनुपर्दछ । दक्षिण एसियामा सबैभन्दा कम भ्रष्टाचार भएको देश भुटान देखाइएको छ भने सबैभन्दा बढी भ्रष्टाचार हुने देश बङ्गलादेश देखिन्छ ।

समस्या समाधान

(क) सुशासन र राजनीतिक प्रतिबद्धता : भ्रष्टाचार नियन्त्रणका लागि सुशासन र राजनीतिक दलहरू र राजनीतिज्ञहरूले भ्रष्टाचार नगर्ने र गर्नेलाई कडा सजाय दिने व्यवस्था गर्नुपर्छ ।

(ख) पारदर्शिता : हरेक सरकारी तथा गैरसरकारी कार्यालय तथा सङ्घ संस्थाहरूमा पारदर्शिता अपनाउनुपर्छ । बजेट प्राप्त हुने स्रोतहरू र खर्च गर्ने तौरतरिकाहरू सबै जनताले चाहेको अवस्थामा उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ ।

(ग) भ्रष्टाचारीलाई सामाजिक वहिष्कार : राजनीतिज्ञ, कर्मचारी, व्यापारी आदि जो सुकै भए पनि भ्रष्टाचार गर्ने व्यक्तिलाई सामाजिक वहिष्कार गर्ने परम्परा बसाल्नुपर्दछ ।

(घ) सञ्चार माध्यमबाट प्रचारप्रसार : भ्रष्टाचार गर्ने व्यक्तिका बारेमा सञ्चार माध्यमहरूले समाजको कलङ्कका रूपमा व्यापक प्रचार प्रसार गर्नुपर्दछ भने राम्रो काम गर्ने व्यक्तिको आत्मबल बढाउने र अरूलाई अनुकरण गर्न उत्प्रेरित गर्ने समाचार सम्प्रेषण गर्नुपर्छ ।

(ङ) शिक्षा स्वास्थ्य जस्ता क्षेत्रमा व्यापारीकरणको अन्त्य : मानिसलाई नभई नहुने शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा आवश्यकताभन्दा बढी पैसा तिर्नुपर्दा भ्रष्टाचार मौलाएकाले यस्ता क्षेत्रमा व्यापारीकरण हुन दिनुहुँदैन ।

(च) विलासी जीवनशैली त्याग : विलासिताका वस्तुहरू उपभोग गर्ने बानीले गर्दा खर्च बढ्ने र यसका लागि मानिस भ्रष्टाचारतर्फ उन्मुख हुने हुँदा विलासी जीवनशैलीलाई निरुत्साहित गर्नुपर्दछ ।

क्रियाकलाप

१. भ्रष्टाचारलाई किन सामाजिक समस्याका रूपमा लिइएको हो ?

२. हाम्रो देशमा भ्रष्टाचार हुनका कारणहरू केके होलान् ? अध्ययन र समूह छलफलको आधारमा लेख्नुहोस् ।

३. ट्रान्सपरेन्सी इन्टरनेसनलले भ्रष्टाचारसम्बन्धी दिएको विभिन्न देशको तथ्याङ्कलाई आफ्नो शब्दमा विश्लेषण गर्नुहोस् ।

४. हाम्रो देशमा भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक अङ्गका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यरत छ । यति हुँदाहुँदै पनि भ्रष्टाचार कम हुनुको सट्टा बढ्दै गएको देखिन्छ, किन ?

५. अख्तियार दुरुपयोग अनुसन्धानले गरेका कामहरूसम्बन्धी विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार सङ्कलन गर्नुहोस् । उक्त आयोगले गरेका काम तपाईंलाई कस्तो लाग्यो ? उपयुक्त सुझाव भए उक्त आयोगमा पठाउनुहोस् ।

६. भ्रष्टाचार विरुद्धका नारा लेखिएका विभिन्न पम्प्लेटहरू बनाएर सार्वजनिक स्थलहरूमा टाँस्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट कुनै निर्माण कार्य, विकास कार्य वा अन्य कार्य भइरहेको हुन सक्छ । उक्त कार्य सम्पन्न गराउने व्यक्तिहरूसँग भेट गरी बजेट प्राप्त भएको स्रोत र खर्च भएको कुरा सबै सामु पारदर्शी गर्न अनुरोध गर्नुहोस् ।

४. लागुपदार्थ दुर्व्यसन

राजु अहिले अठार वर्षका छन् । विगत दुई वर्षदेखि उनमा हेरोइनको प्रयोग गर्ने (इन्जेक्सन दिएर) नराम्रो लत बसेको छ । राजु धेरैजसो घरबाहिर रहने गरेको उनको परिवारले पनि महसुस गरेका छन् । उनलाई धेरैजसो झुम्म भएको जस्तो लाग्छ । उनको दिमागले चनाखो बनी काम गरेको जस्तो लाग्दैन । उनी झुठो बोल्छन् । उनलाई त्यो लागुपदार्थ हेरोइन नभई हुँदैन तर त्यो लागुपदार्थ ज्यादै महँगो छ । उनी घरबाट सरसामान चोरी गरेर बिक्री गरी त्यो पदार्थ किन्ने गर्छन् । घरबाट उनले रेडियो, क्यामेरा, भिडियो आदि चोरिसके । धेरैले एउटै इन्जेक्सन लिने बानीले गर्दा उनलाई एच्.आई.भी. विषाणुले आक्रमण गरिसकेको छ । यसबाट उनलाई एड्स (Aids) लागेको छ । यसको हालसम्म कुनै उपचार छैन । इन्जेक्सनको सुईबाट उनको शरीरमा एच्.आई.भी.को विषाणु सरेको हो । एड्स भएको मानिसले प्रयोग गरेको सुई प्रयोग गरेकाले नै उसलाई एच्.आई.भी.विषाणुले आक्रमण गर्न पुग्यो ।



लागुपदार्थ सेवन गर्नाले शरीरमा पुऱ्याउने असर

लागुपदार्थले हाम्रो मस्तिष्क र अङ्गलाई नकारात्क प्रभाव पारी हाम्रो शरीरको पनि क्षय गराउँछ ।

सुर्ती तथा रक्सी पनि लागुपदार्थ भएकाले विद्युतीय माध्यमबाट गरिने विज्ञापनमा रोक लगाइएको छ । अन्य केही लागुपदार्थ ज्यादै हानिकारक भएकाले संसारमा तिनको बिक्रीवितरणमा रोक लगाइएको छ । यस्ता पदार्थको बिक्री वितरण र ओसारपसार गर्ने कार्य अपराध मानिन्छ ।

कुलतबाट छुट्ने उपाय

समस्याको स्थायी समाधान लागुपदार्थलाई सदा तिरष्कार गर्नुमा हुन्छ । राजु पोखरामा बस्छन् । एक दिन उनी र उनका साथीहरू तालको छेउमा बसिरहेको वेला एकजना मानिस आएर उनीहरूको छेउमा बस्यो । उनीहरू आपसमा कुरा गर्दै गए । यस्तो प्रक्रिया सधैँ जसो हुन थाल्यो । एक दिन राजु र उनको साथीलाई आगन्तुकले आफूले लागुपदार्थको दुर्व्यसनमा परेकालाई सहयोग गर्न सक्ने कुरा बताए । राजुलाई आफ्नो जीवनदेखि घृणा लाग्न थालेको थियो । गोप्यरूपमा राजुले ती मानिससँग कुरा गर्न सुरु गरे । ती मानिस लागुऔषधी रोकथाम गर्ने संस्थामा काम गर्दा रहेछन् । राजुले आफ्नो बानी सुधार गर्ने विचार गरी ती व्यक्तिको सल्लाहमा पुनःस्थापना

केन्द्रमा जान थाले । त्यस्तै प्रकारले एकजना व्यक्तिले उनीसँग धेरै समय कुरा गर्दै उनलाई राम्रो सल्लाह प्रदान गऱ्यो । ती विशेषज्ञ राजुको घरमा पनि गए र उनका आमाबाबुसँग कुराकानी गरी राजुलाई सहयोग प्रदान गर्न उत्प्रेरित गरे । केही समयपछि राजुलाई पुन:स्थापना केन्द्रमा लगियो जहाँ उनी जस्तै अरू केटाकेटीहरू पनि थिए । यहाँ राजुले लागुपदार्थको प्रयोग नगरीकनै कसरी सामान्य जीवन यापन गर्न सकिन्छ भन्ने कुरा सिक्दै जान थाले । उनले त्यहाँ अध्ययन गर्न थाले र फुटबल खेल्न सक्ने पनि भए । अहिले उनी क्याम्पसमा अध्ययन गर्छन् र लागुपदार्थको दुर्व्यसनबाट मुक्ति प्राप्त गरिसकेका छन् । अहिले उनी अरूलाई लागुपदार्थ प्रयोग नगर्न अनुरोध गर्छन् ।

लागुपदार्थ प्रयोगको असर

तलका बुँदाहरूले लागुपदार्थको दुरुपयोगबाट व्यक्ति र समाजलाई पर्ने असरहरू देखाउँछन् । लागुपदार्थको दुर्व्यसन संसारमा नै एक ठूलो समस्या हो ।

एच्.आई.भी. र एड्स तीव्ररूपमा बढेको पाइन्छ ।	लागुपदार्थको दुर्व्यसनीले गर्दा अपराधहरू बढेको देखिन्छ ।
लागुपदार्थको अवैध व्यापार गर्ने व्यक्ति बीस वर्ष थुनामा पर्न सक्छ ।	लागुपदार्थले मानिसको स्वभावमा नकारात्मक परिवर्तन आउँछ ।

क्रियाकलाप

१. अवैध लागुपदार्थको ओसारपसार रोक्न सरकारी र निजी स्तरबाट केके गर्नुपर्ला ?

२. लागुपदार्थ सेवन गर्नुका कारणहरूको खोजी गरी सूची तयार पार्नुहोस् ।

३. एकपटक लागुपदार्थ सेवन गर्न तपाईंको अति घनिष्ठ मित्रले अनुरोध गरेमा यसको अस्वीकार कसरी गर्नुहुन्छ ?

४. लागुपदार्थको दुर्व्यसनबाट व्यक्ति, परिवार र समाजमा पर्ने असरहरूको सूची बनाउनुहोस् ।

५. रेडियोबाट लागुपदार्थ सेवनको खराबी बारेमा एक छोटो कविता वा गीत वा केही वाक्यहरू प्रसारण गर्नुपरेमा केकस्ता कुरा लेख्न उपयुक्त होला । पन्ध्र सेकेन्डमा रेडियोमा प्रसारण गरिसक्नुपर्ने गरी एक सन्देश तयार पार्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा कुनै व्यक्तिलाई लागुपदार्थको सेवन गर्ने बानी परेको छ भने उनलाई तपाईंले कसरी सुधार्न सक्नुहुन्छ ? आवश्यक भएमा त्यससम्बन्धी विशेषज्ञ वा डाक्टरको सल्लाह पनि लिन सक्नुहुन्छ ।

५. शरणार्थी समस्या

शरणार्थी शिविर

महिला शरणार्थी आफ्नो कथा यसप्रकार भन्दछिन्, "हामी छ वर्षसम्म गृहयुद्धको डरत्रास र खतराहरूको वातावरणमा बस्यौं । एकपटक केही बन्दुकधारीहरू हाम्रा घरमा आए । घरका सरसामान लुटे र तोडफोडसमेत गरे । तिमीहरूलाई गोली हानी मारिदिन्छौं भनी तर्साए । हामी त्यहाँबाट कुनै उपायले भाग्यौं । भाग्दा धेरै समस्या भोग्नुपर्‍यो । कोचाकोचले निसासिएर कतिपय त गाडीमै मरे । अन्तमा हामी एक अनौठो देशमा आइपुग्यौं । हामी शरणार्थी शिविरमा गयौं र निलो रङ्गको पालमा बस्यौं । त्यहाँ हामीलाई खानेकुरा प्राप्त भयो । अहिले हामी पनि एकआपसमा सहयोग गरी मिलेर बसेका छौं । मेरी आमा शिक्षिका भएकाले केटाकेटीहरू जम्मा गरी पढाउनुहुन्छ । मैले शरणार्थीहरूका निम्ति प्राप्त हुने छात्रवृत्ति प्राप्त गरें । म यो नयाँ ठाउँमा पनि स्कुल जाने गर्छु । पढेपछि मैले नर्स भई सेवा गर्ने विचार गरेकी छु ।"

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी आयोग

(United Nations High Commission for Refugees - UNHCR)

सं.रा.स.शरणार्थी आयोगको चिह्न

आफ्नो घर र देश छाडी अन्यत्र जान बाध्य पारिएका मानिसहरूलाई शरणार्थी भनिन्छ । शरणार्थीहरू संसारभरि नै छन् । लडाईंको कारणबाट तथा अन्य धार्मिक, जातीय, राजनीतिक द्वन्द्व आदि कारणले मानिसहरू आफ्नो घर तथा देश छोड्न बाध्य हुन्छन् । कहिलेकाहीं दुईचार जना व्यक्तिहरूमात्र घर छोडेर अन्यत्र जान्छन् भने कहिलेकाहीं हजारौंको सङ्ख्यामा मनिसहरू घर र देश छाडी अन्यत्र जान्छन् । त्यस्ता शरणार्थीले आफू मर्ने डरले आफ्नो धनसम्पत्ति, इष्टमित्र, नाताकुटुम्ब सबै त्यत्तिकै चटक्क छाडी हिँड्नुपर्ने बाध्यता हुन्छ ।

सन् १९५१ मा दोस्रो विश्व युद्धका कारणले शरणार्थी बनेकाहरूलाई सहयोग पुऱ्याउन संयुक्त राष्ट्र सङ्घीय शरणार्थी आयोग स्थापना भएको हो । अहिले यो आयोगको कार्य ११५ ओटा देशमा विस्तारित भएको छ । आयोगले शरणार्थीलाई खाने, बस्नेदेखि स्वास्थ्योपचारआदिको सुविधा उपलब्ध गराउँछ । उनीहरूलाई त्रास, आतङ्क र शोषणबाट मुक्ति दिलाउने प्रयास गर्छ । आयोगले उनीहरूलाई आ-आफ्ना घर फर्काउन विशेष प्रयत्न गर्दछ । यसले सम्बन्धित सरकारसँग सम्पर्क राखी छलफल गरेर ती शरणार्थीको जीवनलाई सुखी बनाउने प्रयास गर्दछ । घर फर्कन नचाहेमा शरण दिएकै देश वा अन्य देशमा उनीहरूलाई बसोबास गराउने प्रबन्ध मिलाउने कार्यसमेत आयोगले गर्दछ ।

आश्रयदाता देशहरू

यदि कुनै देशले शरणार्थीहरूलाई आफ्नो देशमा स्थायीरूपमा भित्र्याउँछ भने त्यो देशले तिनीहरूलाई शरण दिनुभन्दा पहिला नै उनीहरूका निम्ति आवास, शिक्षा र स्वास्थ्योपचारको प्रबन्ध गर्नुपर्दछ । शरणार्थीले पनि आफ्नो नयाँ देशमा केही राम्रो काम गरेरै देखाउने प्रण गरेको हुनुपर्दछ । अल्बर्ट आइन्स्टाइन जर्मनीबाट भागेका एक शरणार्थी थिए तर उनले एउटा सच्चा अमेरिकी नागरिकका रूपमा काम गरी सबभन्दा ठूलो वैज्ञानिकको रूपमा ख्याति कमाए ।

नेपालमा शरणार्थीहरू

सन् १९९० देखि हालसम्ममा नेपालमा भुटानबाट आएका शरणार्थीहरू करिब एक लाखभन्दा बढी पुगिसकेका छन् । संयुक्त राष्ट्रसङ्घीय शरणार्थी आयोगले तिनीहरूलाई विभिन्न शिविरमा राखेको छ । अहिलेसम्म पनि उनीहरू भुटान फर्केका छैनन् र त्यो सङ्ख्या अझै बढ्दो क्रममा छ । तिनीहरूलाई खुवाउन र बसोबास गराउन वार्षिक एक करोड अमेरिकी डलर जति खर्च हुन्छ । विश्व खाद्य कार्यक्रम र संयुक्त राष्ट्रसङ्घीय शरणार्थी आयोग मिलेर शरणार्थीको हेरविचारको व्यवस्था गरेका छन् । विभिन्न गैरसरकारी सङ्घसंस्थाहरूले शरणार्थीको भलाइका निम्ति कार्य गर्दै छन् । नेपाल जस्तो सानो र गरिब मुलुकलाई यसप्रकारको स्थिति एक समस्याकै रूपमा देखिएको छ । नेपालमा तिब्बती शरणार्थीहरू पनि रहेका छन् । सबै भुटानी शरणार्थीहरूले आफ्नो घर भुटान फर्की सामान्य जीवन बिताउन पाउनुपर्छ र त्यसका निम्ति भुटान सरकारले सकारात्मक सोचाइ राख्नु जरुरी छ ।

पन्ध्रओटा दातृराष्ट्रहरूबाट आफ्नो वार्षिक बजेटबाट केही प्रतिशत रकम शरणार्थीहरूका लागि खर्च गरिरहेका छन् ।



स्रोत : यु.एन्.एच्.सी.आर्.

क्रियाकलाप

१. संयुक्त राष्ट्रसङ्घीय शरणार्थी आयोगका बारेमा निम्नलिखित शीर्षकहरूका आधारमा एउटा छोटो लेख लेख्नुहोस् :

(क) ऐतिहासिक पृष्ठभूमि (ख) उद्देश्यहरू (ग) वर्तमानमा यसका कार्यहरू

(घ) आर्थिक स्रोत (ङ) आयोगले नेपालमा गरेका कार्यहरू

२. समाचारपत्र पढ्नुहोस्, रेडियो सुन्नुहोस् र टेलिभिजन हेर्नुहोस् । तीमध्ये आफूसँग उपलब्ध भएसम्म अनि संसारमा कुनकुन क्षेत्रमा शरणार्थीहरू छन्, पत्ता लगाउनुहोस् । त्यहाँ केकस्ता समस्या आइपरेका छन् ? किन मानिसहरू भागेर हिँडेका हुन् ? यस्ता प्रश्नको जानकारी लिई टिपोट गर्नुहोस् ।

सामुदायिक कार्य

UNHCR को नेपालस्थित प्रतिनिधिलाई सोध्ने नेपालको भुटानी शरणार्थी समस्यासँग सम्बन्धित प्रश्नावली तयार गर्नुहोस् ।

६. सामाजिक समस्या निराकरणमा अन्तरराष्ट्रिय संस्थाहरूको भूमिका

नेपाललाई विभिन्न अन्तरराष्ट्रिय सङ्घसङ्गठनहरूले समयसमयमा सहयोग गर्दै आइरहेका छन् । त्यसरी सहयोग गर्नेहरूमा विभिन्न राष्ट्रहरू, अन्तरराष्ट्रिय सङ्घसंस्थाहरू वा संयुक्त राष्ट्रसङ्घ र त्यसका विभिन्न निकायहरू पर्दछन् । तीमध्ये यहाँ केही उल्लेख गरिएको छ :

विभिन्न सङ्घसंस्था र तिनले गर्ने कार्यहरू

संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या गतिविधि कोष (United Nations Fund For Population Activities)	यस संस्थाले नेपाली महिलाहरूलाई विकासका विभिन्न क्षेत्रहरूमा समावेश गराई अघि बढ्नमा हौसला दिंदै आएको छ ।
अन्तरराष्ट्रिय विकासका लागि नर्वेजियन संस्था (Norwegian Agency for International Development)	यस संस्थाले नेपालमा महिलाहरूलाई नि:शुल्क रूपमा कानुनी सेवा प्रदान गर्दै आएको छ ।
अन्तरराष्ट्रिय श्रमसङ्गठन (International Labour Organisation)	यो संस्था सबै किसिमका बाल मजदुरको प्रथालाई अन्त्य गर्ने वा त्यसको रोकथाम गर्ने कार्यमा सक्रिय रूपले कार्यरत छ ।
विश्व खाद्य कार्यक्रम (World Food Programme)	यस संस्थाले विशेषगरी वर्तमान स्थितिमा नेपालमा रहेका भुटानी शरणार्थी (Refugees) लाई खाद्यान्न सहयोग जुटाउँदै आएको छ ।
डेनिस अन्तरराष्ट्रिय विकास संस्था (Danish International Development Agency)	यस संस्थाले नेपालमा बहिरा मानिसहरूलाई आवश्यक सहयोग गर्नुका साथै त्यससम्बन्धी तालिम पनि प्रदान गर्दै आएको छ ।
अन्तरराष्ट्रिय सेवाका लागि महानिर्देशनालय (नेदरल्यान्ड्स) Diroctorate General for International Service (Netherlands)	कर्मैयाहरूलाई सहयोग गर्नु, घरबारबिहीन महिलाहरूलाई आवास तथा तालिमको प्रबन्ध गर्नु र काठमाडौं उपत्यकामा फोहोरमैला व्यवस्थित गर्ने कार्यमा यस संस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।
अन्तरराष्ट्रिय नेपाल फेलोसिप (International Nepal Fellowship)	यसले लागुऔषधको सेवन गरी कुलतमा लागेकालाई सुधार्नमा विभिन्न किसिमले सहयोग गर्दै आएको छ ।
जेसिज, रोटरी क्लब, लियो, लायन्स (Jaycees, Rotary Clubs, Leo, Lions)	यी संस्थाहरू असहाय तथा अपाङ्ग व्यक्तिहरूको समूहलाई विभिन्न रूपले सहयोग गर्दै अन्य सामुदायिक सेवामा कार्यरत रहँदै आएका छन् ।
नेपाल रेडक्रस सोसाइटी (Nepal Red Cross Society)	यस संस्थाले आँखा शिविर, रक्तसञ्चार सेवा सञ्चालन गर्नुका अतिरिक्त प्राथमिक उपचारसम्बन्धी तालिम सञ्चालन गर्दै आएको हामी पाउँछौं ।
स्काउट्स (Scouts)	यस संस्थाले सेवामूलक कार्यमा युवाहरूलाई जुटाउन विभिन्न किसिमका तालिमहरू सञ्चालन गर्दै आएको छ ।
एसओएस (SOS)	टुहुरा र अनाथ बालबालिकाका लागि आवास र शिक्षा दिने काम गर्दै आएको छ ।

सबै मानवजाति यस विश्वमा परस्पर सहयोग गरी मिलेर बस्नुको मुख्य कारणचाहिँ आवश्यकताहरू उस्तै किसिमका हुनु नै हो । ती आवश्यकताहरू व्यक्तिका आधारभूत आवश्यकताभित्र पर्दछन् । ती आवश्यकताहरू पूरा हुन नसकेमा मानिस बाँच्न सक्दैन । साथै कोही पनि व्यक्ति डरत्रास, असुरक्षा र सधैँ चिन्ता लिएर बाँच्न सक्दैन, त्यसैले उसलाई आफू सुरक्षित भएको अनुभूति हुनुपर्दछ । यसरी बस्दा ऊ एक्लो भएर होइन परिवार वा समाजमा बस्न चाहन्छ । यसले गर्दा कुनै पनि व्यक्तिमा आत्मविश्वासको भावना पनि वृद्धि हुन्छ र म पनि समाजको एउटा महत्त्वपूर्ण व्यक्ति र राष्ट्रका लागि एक असल नागरिक हुँ भन्ने भावनाको विकास हुन्छ । हामीले आफ्नो बुद्धि र बल प्रयोग गरेर आफूले गर्न सक्ने विकासका कार्यहरू गर्दै जानुपर्दछ ।

क्रियाकलाप

१. तलका खाली ठाउँ भर्नुहोस् :

विश्वका मानव जाति परस्पर सहयोग गरी मिलेर बस्नुको कारण..... हो । मानव जाति सधैँ..... लिएर बाँच्न सक्तैन । यसैले ऊ परिवार वा ..... चाहन्छ, जसले गर्दा ऊ एक असल नागरिक हुन सक्तछ ।

२. नेपालमा कार्यरत अन्तरराष्ट्रिय संस्थाहरू अन्य पनि रहेका छन् । खोजी गरी तिनीहरूको नाम र काम लेख्नुहोस् ।

३. नेपालको सामाजिक सुधार तथा विकास कार्यमा अन्तरराष्ट्रिय संस्थाहरूले महत्त्वपूर्ण भूमिका निभाएका छन् । ती केके होलान् ? छलफल गरी लेख्नुहोस् ।

४. तलको लोगो हेरी एक अनुच्छेद लेख्नुहोस् ।

IUCN
The World Conservation Union

सामुदायिक कार्य

तपाईँको समुदायमा कुन अन्तरराष्ट्रिय संस्थाले कुन कुराहरूमा सहयोग पुऱ्याइरहेको छ ? कति खर्च भयो ? त्यसको उपलब्धिहरू केके भए ? त्यस संस्थाको अवलोकन गरेर प्रश्न गरी प्रतिवेदन तयार गर्नुहोस् ।

७. नेपालको विकासकार्यमा स्काउटले खेलेको भूमिका

बाडेन पावेल

तिनीहरूले अरू र आफ्नो कर्तव्यअनुसारको जीवनयापन गरून् ।

सन् १९०७ मा उनले लन्डनका २० जना केटाहरू जम्मा गरी क्याम्पको आयोजना गरे । सन् १९०८ मा उनले केटाहरूको निम्ति स्काउट (स्काउटिङ फर ब्वाइज) नामको पुस्तक प्रकाशित गरे । अनेक देशहरूमा स्काउटहरूको समूह गठन हुन थाल्यो जसमा केटी गाइड (पथप्रदर्शक) पनि थिए । केही देशहरूमा केटी स्काउटलाई गाइड भनिन्छ तर नेपालमा केटाकेटी दुवैलाई स्काउट भनिन्छ । चित्रमा देखाइएको चिह्न स्काउटको चिह्न (Emblem) हो ।

सन् १९०७ मा बेलायतमा २० जना सदस्यहरू भएको स्काउटको सुरु भएको थियो, जसमा अहिले नेपाल समेत १५० ओटा देशहरूमा १ करोड ६० लाख भन्दा बढी सदस्यहरू छन् ।

बाडेन पावेल एकजना बेलायती सैनिक थिए । यिनी धेरै समयसम्म दक्षिण अफ्रिकामा भएको युद्धमा संलग्न भएका थिए । यिनले कैयौं सप्ताहसम्म आक्रमण हुँदा पनि अन्नको अभाव र बिरामीको सामना गरी अर्को सहयोग नआएसम्म माफेकिङ सहरको प्रतिरक्षा गरिरहेको हुनाले प्रसिद्ध भएका थिए । यिनको चिन्तन बेलायती ती बालकहरूतर्फ थियो जसलाई राष्ट्रको अनुभव गर्ने अवसर थिएन । उनी तिनीहरूमा नेतृत्व विकास, समूहसीप र उत्तरदायित्वको बोध गराउन चाहन्थे । उनी तिनीहरूले जोखिमपूर्ण सिर्जनात्मक गतिविधि विकास गर्न र अरूलाई मद्दत गर्न सकून् भन्ने चाहन्थे । उनी इच्छा राख्दथे कि

Emblem of Nepal Scout

संसारभरिको स्काउट गतिविधि एकै किसिमको छ तर प्रत्येक देशका आफ्ना छुट्टाछुट्टै स्वतन्त्र स्काउट सङ्गठनहरू छन् । सन् १९९३ (वि.सं. २०५०) मा संसद्ले नेपाल स्काउट नियम बनाएर स्काउटलाई सुदृढ र

व्यवस्थित बनाउने लक्ष्य लिएको छ । नेपालमा केटा स्काउटले हल्का खरानी रङको कमिज र गाढा खरानी रङको पेन्ट लगाउँछन् । केटीहरूले हरियो साडी वा फ्रक लगाउँछन् । केटाकेटी दुवैले घाँटीमा कम्पनी (समूह) अनुसार बेग्लाबेग्लै रङको रुमाल बाँध्ने गर्दछन् । सबै स्काउटहरूले राष्ट्र र जनताप्रतिको आफ्नो कर्तव्य सम्झी अरूलाई सधैं मद्दत गर्न र स्काउट नियमको पालन गर्न श्रद्धापूर्वक सपथ ग्रहण गर्दछन् ।

सबै स्काउटहरूले अनेक सीप सिक्छन् । यिनीहरू खेल खेल्ने, नयाँ ठाउँ पत्ता लगाउने, कुनै निर्जर ठाउँमा जोखिमपूर्ण काम गर्ने र समुदायलाई सहयोग गर्नेजस्ता विभिन्न किसिमका गतिविधिहरूमा संलग्न हुन्छन् । नेपालमा यिनीहरू बिरुवा रोप्ने, खानेपानी र स्वास्थ्य शिक्षाजस्ता योजनाहरूमा संलग्न हुन्छन् । यिनीहरूको तहअनुसार ब्याच प्रदान गरिन्छ । जसले राम्रोसँग स्काउट तालिम प्राप्त गरेको हुन्छ, ऊ प्रशन्न रहन्छ ।

क्रियाकलाप

१. नेपालमा स्काउट कहिलेदेखि सुरु भएको हो ?

२. नेपाल स्काउटको चिह्न (Emblem) बनाउनुहोस् । प्रत्येक आकार तीनपाते किन छ ? अरू केके चिह्नहरू देख्न सक्नुहुन्छ ?

३. स्काउटको लक्ष्य नै सधैं तयार रहनु हो । किन सबै युवाहरूका निम्ति यो लक्ष्य राम्रो मानिन्छ ? दैनिक जीवन, दुर्घटना र भविष्यको विषयमा सोच्नुहोस् ।

४. तलका शब्दहरूको प्रयोग गरेर स्काउटको विषयमा पाँच वाक्यहरू तयार गर्नुहोस् :

उच्चस्तर, हाँकयुक्त, ४ देखि २५ वर्ष, प्रतिज्ञा, जनता र राष्ट्र, सहयोग, आनन्द, विश्वव्यापी, शान्ति

५. नेपाल स्काउटका केटा र केटीले लगाउने पोसाकको विवरण दिनुहोस् ।

६. तपाईंले स्काउटको तालिम लिनुभएको छ ? छ भने तालिम कसरी लिनुभयो ? आफ्नो अनुभव लेख्नुहोस् । यदि छैन भने स्काउट तालिम लिएको व्यक्तिलाई भेटी स्काउट तालिममा गर्नुपर्ने क्रियाकलापहरूको बारेमा सोधेर लेख्नुहोस् ।

सामुदायिक कार्य

तपाईं बसेको इलाकामा भएका क्लब तथा सङ्घसंस्था भ्रमण गरेर त्यहाँ प्राप्त गरेकाहरू तथा ती संस्थासँग सम्बन्धित व्यक्तिहरूसँगको अन्तर्वार्ताका आधारमा एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

८. नेपालको विकासकार्यमा रेडक्रस र एसओएसको योगदान

सन् १८५९ मा स्विस नागरिक जाँ हेनरी ड्युना रेडक्रसका जन्मदाता हुन् । उनी बिदा मनाउन इटली गए । त्यसबखत सल्फेरिनोमा ठूलो लडाइँ चलिरहेको थियो र अचानक अर्को दिन ड्युनाले युद्धको मैदान देखे । चालीस हजार मानिसहरू घाइते भए, मारिए । त्यहाँ मद्दत गर्ने कोही थिएनन् । त्यहाँ चिकित्सक र अस्पताल केही थिएनन् र यहाँसम्म कि घाइतेलाई ओसार्ने मानिसहरू पनि थिएनन् । ड्युना अत्यन्त त्रसित भए । तीन वर्षपछि यिनले एउटा पुस्तक प्रकाशित गरे जसमा "सबै देशका स्वयम्सेवक समूहहरूलाई युद्ध वा भुइँचालोजस्तो प्राकृतिक प्रकोपबाट घाइते भएकाहरूलाई सहयोग गर्न" आह्वान गरिएको थियो । सन् १८६३ मा १६ ओटा देशका मानिसहरू भेला भएर स्विट्जरल्यान्डमा अन्तरराष्ट्रिय रेडक्रसको स्थापना गरे । यसको झन्डा सेतो पृष्ठभूमिमा रातो जोड (क्रस) को चिह्न हुन्छ । स्विट्जरल्यान्डको झन्डामा रातो पृष्ठभूमिमा सेतो जोड चिह्न हुन्छ ।

नेपाल रेडक्रसको लोगो र जाँ हेनरी ड्युना

सन् १८६४ मा १२ ओटा देशहरूले स्विट्जरल्यान्डको राजधानी जेनेभा सम्झौतामा सही गरे । यस सम्झौतामा कुनै पनि घाइते फौज र रेडक्रसका स्वयम्सेवकमाथि आक्रमण नगर्ने कुरामा सहमति भएको थियो । त्यस सम्झौताले अहिले युद्धबन्दी र गैर सैनिकको पनि सुरक्षा गर्दछ ।

इस्लाम राष्ट्रहरूमा रेडक्रस सोसाइटीलाई रातो अर्द्धचन्द्र र इजराइलमा रातो तारा भनिन्छ । हाल विश्वका १७५ देशहरूमा रेडक्रस अथवा अर्द्धचन्द्र सङ्गठनहरू छन् । जसले युद्ध र प्राकृतिक प्रकोपका घाइते र सबैको स्वास्थ्यका निम्ति मिलेर काम गर्दछन् ।

जाँ हेनरी गरिब भए तापनि यिनले १५ वर्षसम्म गरिबहरूका निम्ति काम गरिरहे । सन् १९०१ मा यिनको कामको मूल्याङ्कन गरेर यिनलाई नोबेल शान्ति पुरस्कारबाट सम्मानित गरियो ।

एसओएसको लोगो

एसओएस

यस संस्थाका संस्थापक अस्ट्रियाका हर्मन माइनर हुन् । हाल १३३ भन्दा बढी देशहरूमा यसका शाखा संस्था कार्यरत छन् । नेपालमा सर्वप्रथम वि.सं. २०२८ मा भक्तपुर जिल्लाको सानोठिमीमा एसओएस बालग्रामको स्थापना

भएको थियो । यस संस्थाले विशेष गरेर असहाय, अनाथ, टुहुरा र घरबारविहीन बालबालिकाहरूलाई बसोबास र शिक्षाका लागि सहयोग गर्दछ । आमा बाबु नभएको र आमाबाबुको माया र प्रेमबाट अलग्गिएका बालबालिकाहरूलाई घरकै वातवारणमा माया, प्रेम र सुरक्षा दिई विद्यालयमा पढाउने व्यवस्थासमेत यस संस्थाले गरेको छ । भक्तपुरको सानोठिमीलगायत, इटहरी, पोखरा, सुर्खेत, चितवन, बनेपा आदि स्थानहरूमा यो संस्था खोलिएको छ ।

क्रियाकलाप

१. रेडक्रसको स्थापनामा जाँ हेनरी ड्युनाको के योगदान रहेको थियो ?

२. जेनेभा सम्झौतामा सही गर्ने राष्ट्रहरूले के कुरामा सहमति जनाए ? के यी देशहरूलाई सम्झौताअनुकूल चलाउन सकिन्छ ?

३. बाढी अथवा भुइँचालो आएमा रेडक्रसका स्वयम्सेवकहरूले सहायता सामग्री वितरण तथा स्वास्थ्यसेवा कसरी प्रदान गर्दछन् ?

४. आपत्कालमा सहयोग गर्न नेपाल रेडक्रस सोसाइटीले आँखा क्याम्प, रक्तसञ्चार सेवा, सामुदायिक स्वास्थ्य सेवा सञ्चालन र युवाहरूलाई प्राथमिक उपचार तालिम प्रदान गर्दछ । के तपाईंको विद्यालयमा जुनियर रेडक्रसको स्थापना गरिएको छ ? यसले तपाईंको छिमेकीलाई के मद्दत गर्न सक्छ ?

५. एसओएसले कस्ता व्यक्तिलाई केके सहयोग गर्छ ? अध्ययन र छलफलको आधारमा लेख्नुहोस् ।

६. एसओएसको विस्तारित रूप पत्ता लगाउनुहोस् ।

७. नेपालमा एसओएसले पुऱ्याएको योगदानको बारेमा चर्चा गर्नुहोस् ।

सामुदायिक कार्य

१. तपाईंको जिल्लास्थित रेडक्रस सोसाइटीले केकति महत्त्वपूर्ण कार्य गरिरहेको छ, समूहमा छलफल गरी सूची तयार गर्नुहोस् ।

२. तपाईंको समुदायमा कुनै अनाथ बालबालिका हुन सक्छन् । त्यस्ता बालबालिकाहरूलाई एसओएसले के सहयोग गरिदियोस् भन्ने चाहनुहुन्छ ? उक्त संस्थाको केन्द्रीय कार्यालय सानोठिमीमा पत्राचार गरी आवश्यक सहयोग गर्नुहोस् ।

यस एकाइमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौं :

* हाम्रो समाजमा रहेका चेलीबेटी बेचबिखन र देहव्यापार जस्ता सामाजिक समस्याले समाजमा परेको नकारात्मक प्रभाव र यसका समाधानका उपायहरूको खोजी गर्न,
* समाजमा रहेका विभिन्न कुप्रथाहरू छुवाछुत, दाइजो, देउकी, घुम्टो आदि अन्त्य गर्ने उपायहरूको बारेमा छलफल गर्न,
* सामाजिक समस्या र समाधानसम्बन्धी विभिन्न पत्रपत्रिकाका समाचार सङ्कलन गर्न र हामीले पनि समाचारको नमुना तयार गर्न,
* सामाजिक समस्याको रूपमा रहेको भ्रष्टाचारको अवस्था र यसका कारणहरू पत्ता लगाउन,
* भ्रष्टाचार हटाउन विभिन्न नाराहरू लेखिएका पम्प्लेट बनाउन र सार्वजनिक ठाउँहरूमा टाँस्न
* लागुपदार्थको दुर्व्यसनबाट हुने हानि पत्ता लगाउन र यसबाट बच्न,
* सामाजिक समस्या समाधानमा संलग्न विभिन्न सङ्घसंस्थाहरूको नाम र तिनीहरूले गर्ने कामको सूची बनाउन,
* नेपालको शरणार्थी समस्या र संयुक्त राष्ट्र सङ्घीय शरणार्थी आयोगले गरेका कामहरूको सम्बन्धमा छलफल गर्न,
* स्काउटको संस्थापक चिन्न र यसको लोगो बनाउन,
* स्काउटले गर्ने कामका बारेमा जानकारी प्राप्त गर्न,
* रेडक्रसले गर्ने कामको सम्बन्धमा छलफल गर्न,
* एसओएसले असहाय र टुहुराहरूलाई पुऱ्याएको सहयोग सम्बन्धमा जानकारी प्राप्त गर्न ।

एकाइ
५

नागरिक चेतना

यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौं :

- व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन प्रक्रिया र कार्यहरू
- संवैधानिक अङ्गहरूको परिचय
- राजनीतिक दल र तिनको भूमिका
- निर्वाचन प्रक्रिया र यसमा सहयोग
- मानव अधिकारप्रति सचेत र त्यसको पालना
- राष्ट्रिय सरोकारका विषयमा सचेतता

१. व्यवस्थापिका

राज्यका तीन अङ्गमध्ये व्यवस्थापिका एक महत्त्वपूर्ण अङ्ग हो । यसको स्थापना कानुन बनाउनका लागि गरिएको हो । कानुन बनाउने कार्य राज्यको सर्वोच्च कार्य हो । व्यवस्थापिकाले निर्माण गरेको कानुनको परिधिभित्र रहेर राज्य सञ्चालन हुन्छ । राज्यको एक अङ्गका रूपमा व्यवस्थापिकाको उदय १८ औँ र १९ औँ शताब्दिमा भएको हो । धेरैजसो देशहरूमा व्यवस्थापिकामा जनताबाट निर्वाचित प्रतिनिधिहरू रहने गरेको पाइन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ अनुसार व्यवस्थापिका संसद्मा ३३० सदस्य रहने व्यवस्था छ । यो एक सदनात्मक व्यवस्थापिका - संसद् हो । यसमा छ राजनीतिक दल र अन्य दलका निर्वाचित सदस्यसमेत गरी २०९ जना, नेपाल कम्युनिस्ट पार्टी माओवादीको तर्फबाट ७३ जना र संयुक्त वाममोर्चा, जनवर्गीय तथा पेसागत सङ्गठन उत्पीडित जाति, पिछडिएको क्षेत्र, आदिवासी जनजाति र महिला तथा राजनीतिक व्यक्तित्वहरूबाट सहमतिका आधारमा मनोनीति ४८ जना रहने व्यवस्था छ ।

व्यवस्थापिका संसद्को सदस्य हुनका लागि कुनै पनि व्यक्तिले निम्नलिखित योग्यता पूरा गरेको हुनुपर्छ :

(क) नेपाली नागरिक

(ख) कम्तीमा पच्चीस वर्ष उमेर पूरा भएको

(ग) जनआन्दोलनको भावनाप्रति प्रतिबद्ध रहेको

(घ) कुनै लाभको पद धारण नगरेको

कार्यहरू

आधुनिक व्यवस्थापिकाले विभिन्न प्रकारका कार्यहरू गर्दछ। संसदीय व्यवस्था भएको मुलुकमा यसले कार्यपालिकामाथि नियन्त्रण गर्दछ। व्यवस्थापिकाले मूलत: कानुन निर्माण गर्ने भए पनि यसले अन्य कार्य पनि गर्दछ। यसका प्रमुख कार्य यसप्रकार छन् :

१. कानुन निर्माणसम्बन्धी कार्य

व्यवस्थापिकाको सबैभन्दा प्रमुख र पहिलो काम नै कानुन निर्माण गर्नु हो । व्यवस्थापिकालाई जनताका प्रतिनिधिहरूको संस्था भएको हुनाले कानुन बनाउने कार्य सुम्पिइन्छ । व्यवस्थापिकाका सदस्य जनभावनाअनुरूप कानुन निर्माणमा संलग्न हुन्छन् । व्यवस्थापिकामा प्रस्तावहरू आउँछन्, त्यसमा छलफल गरिन्छ, विभिन्न समिति र उपसमितिहरूले परिमार्जन तथा संशोधन गरी विधेयकका रूपमा पारित गरी स्वीकृति पाएपछि देशको कानुन बन्दछ। मुलुकको आवश्यकताबमोजिम प्रचलित कानुनमा संशोधन तथा नयाँ कानुनको निर्माण गर्नु व्यवस्थापिकाको कार्य हो ।

२. आर्थिक नियन्त्रणसम्बन्धी कार्य

आर्थिक नियन्त्रण व्यवस्थापिकाको महत्त्वपूर्ण कार्य हो । यसले वार्षिक बजेट पारित गर्दछ । यसको स्वीकृति नलिई नयाँ कर लगाउन सकिँदैन र सरकारी ढुकुटीबाट खर्च गर्न पनि पाइँदैन । यसरी व्यवस्थापिकालाई आर्थिक

मामिलामा धेरै अधिकार प्रदान गर्नाले राज्यको राजस्वमा जनताको अधिकार भएको मानिन्छ । तसर्थ जनताको प्रतिनिधिका रूपमा व्यवस्थापिकाले राष्ट्रमा आर्थिक नियन्त्रण पनि गर्छ ।

३. प्रशासकीय कार्य

प्रशासकीय वा कार्यपालिकामाथि नियन्त्रण राख्नु व्यवस्थापिकाको अर्को महत्त्वपूर्ण कार्य हो । यदि संसदीय व्यवस्था भएको मुलुक छ भने कार्यपालिका प्रमुखको नियुक्ति संसद्बाट हुन्छ र संसदको विश्वास र समर्थन प्राप्त भएसम्म मात्र मन्त्रिपरिषद् टिक्न सक्छ । यस्तो देशमा मन्त्रिमण्डल व्यवस्थापिकाप्रति उत्तरदायी हुन्छ । व्यवस्थापिकाका सदस्यले प्रश्न सोधेर, ध्यानाकर्षण प्रस्ताव राखेर र आलोचना गरेर कार्यपालिकालाई नियन्त्रण गर्छ । त्यतिमात्र होइन व्यवस्थापिकासँग मन्त्रिमण्डलका विरुद्धमा अविश्वासको प्रस्तावसमेत ल्याउने अधिकार हुन्छ ।

४. संविधान संशोधनसम्बन्धी कार्य

धेरैजसो देशहरूमा व्यवस्थापिकालाई, संविधान संशोधन गर्न पाउने अधिकार पनि संविधानमै व्यवस्था गरिएको हुन्छ । हाम्रो देशको अन्तरिम संविधान २०६३ ले दुईतिहाइ बहुमतले संविधान संशोधन गर्न सक्ने व्यवस्था गरेको छ ।

क्रियाकलाप

१. व्यवस्थापिका भनेको के हो ? हाम्रो देशको व्यवस्थापिका कसरी बनेको छ ?

२. विधेयक भनेको के हो ? विधेयक कसरी कानुन बन्छ ?

३. आधुनिक व्यवस्थापिकाले गर्ने प्रमुख चारओटा कार्यहरूको वर्णन गर्नुहोस् ।

४. राज्यका तीन अङ्गहरूमध्ये व्यवस्थापिका अत्यन्त महत्त्वपूर्ण अङ्ग हो, किन ?

५. "लोकतन्त्रमा बहुमतको निर्णय मान्य भए पनि अल्पमतको पनि उचित कदर गर्नुपर्छ" यस भनाइलाई उपयुक्त तर्कहरू दिएर पुष्टि गर्नुहोस् ।

सामुदायिक कार्य

१. तपाईंले व्यवस्थापिकाको निर्वाचनमा भाग लिन र उम्मेदवार हुन अझै कति वर्ष कुर्नुपर्नेछ ? त्यस समयसम्म तपाईंले कुनकुन कुराहरूको जानकारी राख्नुपर्दछ ? आगामी निर्वाचनमा भाग लिँदा वा उम्मेदवार हुँदा केके कार्यहरू गर्नुहुनेछ ? कार्ययोजना तयार गर्नुहोस् ।

२. तपाईको जिल्लाबाट व्यवस्थापिका संसद्मा कुनकुन दलको प्रतिनिधित्व रहेको छ त्यसको सूची तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. कार्यपालिका

राज्यका प्रमुख तीन अङ्गमध्ये कानुनको कार्यान्वयन गर्ने अङ्ग कार्यपालिका हो । नेपालको अन्तरिम संविधान २०६३ को भाग ५ मा कार्यपालिकाको व्यवस्था गरिएको छ । यसलाई सरकार, मन्त्रिपरिषदजस्ता नामबाट पनि चिनिन्छ । कार्यपालिकाले सरकारी नीति तथा कार्यक्रमको तर्जुमा र कानुनको कार्यान्वयन गर्दछ । विस्तृत रूपमा हेर्दा कार्यपालिका भन्नाले मुलुकको सर्वोच्च प्रशासकदेखि तल्लो प्रशासनिक निकायसम्मलाई जनाउँछ ।

नेपालको अन्तरिम संविधान २०६३ अनुसार नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित छ । नेपालको कार्यकारिणी कामहरू नेपाल सरकारको नाममा हुन्छ । राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्री र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुन्छ ।

नेपाल सरकारको कार्य सञ्चालन संयुक्त जनआन्दोलनको भावना, राजनीतिक सहमति र सहकार्यको संस्कृतिअनुरूप हुने व्यवस्था संविधानमा छ । प्रधानमन्त्रीले व्यवस्थापिका संसद्को सदस्यहरूमध्येबाट सम्बन्धित राजनीतिक दलको सिफारिसमा उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री नियुक्त गर्ने व्यवस्था भए पनि राजनीतिक सहमतिका आधारमा व्यवस्थापिका संसद्को सदस्य नभएको व्यक्तिलाई पनि उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री पदमा नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ ।

कार्यहरू

आधुनिक युगमा कार्यपालिकाको कार्यक्षेत्र दिनहुँ बढिरहेको छ । कार्यपालिकाको दायित्व शान्ति र सुव्यवस्था कायम गर्नुका साथै गास, बास, कपास, शिक्षा र स्वास्थ्य इत्यादि पूरा गराउनु हो । एउटा समृद्ध देश बनाउन यी सबै कार्यहरू कार्यपालिकाले सम्पादन गर्नुपर्ने भएकाले यसको विशेष महत्त्व छ ।

कार्यपालिकाका कार्यहरू मुख्यतः निम्नलिखित छन् :

१. **प्रशासनिक कार्य** : कार्यपालिकाको प्रमुख कार्य मुलुकमा शान्ति र सुव्यवस्था कायम राख्नु हो । राज्यसम्बन्धी नीति तयार पार्नु, प्रशासन सञ्चालन, नियन्त्रण र निर्देशन गर्नु पनि कार्यपालिकाका काम हुन् । सरकारको प्रशासनिक संरचनाको सामूहिक सङ्गठन निर्माण गर्न र विभिन्न विभागहरूबीच समन्वय स्थापित गर्नु पनि यसको कार्य हो । कार्यपालिकाले कानुनको कार्यान्वयनको क्रममा विभिन्न प्रकारका घोषणा, सन्देश, आदेश र निर्देशनहरू पनि जारी गर्न सक्छ ।

२. **कूटनीतिक कार्य** : कार्यपालिकाले विदेश नीतिको निर्धारण, विदेशी राष्ट्रहरूसँग सम्बन्धको विस्तार, कूटनीतिक पदमा नियुक्ति, सन्धि सम्झौताजस्ता कूटनीतिक महत्त्वपूर्ण कार्यहरू गर्दछ । आफ्नो मुलुकको राजदूत नियुक्त गर्छ र अन्य देशका राजदूतहरूको ओहोदाको प्रमाणपत्र ग्रहण गर्छ ।

३. **आर्थिक परिचालन र व्यवस्थापन कार्य** : मुलुकको आर्थिक प्रशासनमा पनि कार्यपालिकाको अधिकार व्यापक छ । कार्यपालिकाले कर निर्धारण गर्ने, कर असुल गर्ने, ऋण लिने इत्यादि विषयको प्रस्ताव गर्छ । प्रत्येक वर्ष आयव्ययको अनुमानित वजेट अर्थमन्त्रीले प्रस्तुत गरी पारित गराउने कार्यपालिकाको प्रमुख कार्य हो ।

४. **सैन्यकार्य** : नेपालको अन्तरिम संविधानअनुसार नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोग गर्नका लागि मन्त्रिपरिषद्लाई सहयोग गर्न एक राष्ट्रिय सुरक्षा परिषद् रहने व्यवस्था छ । राष्ट्रिय सुरक्षा परिषद्को अध्यक्ष प्रधानमन्त्री रहने व्यवस्था छ । कार्यपालिकाका प्रमुख सामान्यत: राष्ट्रिय सेनाको परमाधिपति पनि हुन्छ । उसैले सेनापति र सेनाका महत्त्वपूर्ण पदाधिकारीहरूको नियुक्ति र बर्खास्त गर्छ । बाह्य आक्रमणको वेला देशको रक्षा कार्यपालिकाले नै गर्नुपर्छ । धेरैजसो मुलुकमा युद्धको घोषणा र शान्तिको प्रस्ताव पनि यसले गर्छ ।

क्रियाकलाप

१. कार्यपालिका भनेको के हो ? वर्तमान सरकारको संरचना कस्तो छ ?

२. तपाईं नेपालको प्रधानमन्त्री हुनुभयो भने देश विकासका लागि केकस्तो योजना वनाउनुहुन्छ ? योजना वनाई समूहमा छलफल गर्नुहोस् ।

३. कार्यपालिकाका महत्त्वपूर्ण चारओटा कार्यहरूको वर्णन गर्नुहोस् ।

४. कार्यपालिका राज्यको दोस्रो अत्यन्त महत्त्वपूर्ण अङ्ग हो, किन ? कुनै एक दैनिक पत्रिकालाई छोटो सम्पादकीय लेख्नुहोस् ।

५. तपाईंले व्यक्तिगत रूपमा सरकारलाई कसरी सहयोग गर्न सक्नुहुन्छ ?

६. वि.सं. २०४६ सालमा प्रजातन्त्र पुन: स्थापना भएपछि हालसम्मका प्रधानमन्त्रीहरूको नाम खोजी गरी लेख्नुहोस् ।

क्र.स.	प्रधानमन्त्रीको नाम	प्रधानमन्त्री भंएको अवधि (वर्ष)

सामुदायिक कार्य

तपाईंको समुदायमा सरकारी सेवामा लामो समय व्यतित गरेका कुनै निवृत्त कर्मचारी हुनुहुन्छ भने उहाँले आफ्नो कार्यकालमा धेरै राम्रा कामहरू गर्नुभएको हुन सक्छ । तपाईंले उहाँलाई भेटेर उहाँले गरेका राम्रा कामहरूको विषयमा सोध्दा केके भन्नुहुने छ र हाल उहाँकै पदमा कार्यरत कुनै कर्मचारी छन् भने उक्त कर्मचारीलाई उहाँको के सन्देश हुने छ ? त्यसको आधारमा एउटा विवरण तयार गर्नुहोस् ।

३. न्यायपालिका

न्यायपालिका राज्यका तीन अङ्गहरूमध्ये तेस्रो त्यत्तिकै महत्त्वपूर्ण अङ्ग हो । व्यवस्थापिकाले कानुनको निर्माण गर्छ भने कार्यपालिकाले त्यसलाई कार्यान्वयन गर्छ । न्यायपालिकाले कानुनको व्याख्या गर्छ र कानुन तोड्नेलाई उचित सजाय दिन्छ । कानुनको संरक्षक पनि न्यायपालिका नै हुन्छ । कुनै मुलुकमा अति नै असल व्यवस्थापिका र सर्वोत्तम कार्यपालिका भए पनि त्यहाँको न्यायपालिका स्वतन्त्र र निष्पक्ष छैन भने संविधानको कुनै मूल्य र मान्यता हुँदैन । जहाँ न्यायालय शक्तिशाली र सफल हुन्छ, त्यहाँको लोकतन्त्र पनि प्रभावकारी र सफल रहन्छ । किनकि लोकतन्त्रमा साधारण नागरिकको हित, सुरक्षा र स्वतन्त्रताको संरक्षक न्यायालय हो । वास्तवमा न्यायपालिका आधुनिक युगमा राजनीतिक व्यवस्थाको प्राण हो ।

नेपालको अन्तरिम संधिवान २०६३ को भाग १० मा न्यायपालिकाको व्यवस्था गरेको छ । यसमा उल्लेख भएअनुसार नेपालको न्यायपालिकाले स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्य मान्यतालाई अनुसरण गरी लोकतन्त्र र जनआन्दोलनको भावनालाई आत्मसात गर्नुपर्ने व्यवस्था छ । संविधानअनुसार नेपालमा तीन तहको अदालत रहने व्यवस्था छ । ती यसप्रकार छन् :

(क) सर्वोच्च अदालत (ख) पुनरावेदन अदालत (ग) जिल्ला अदालत

(क) **सर्वोच्च अदालत** : यो न्यायपालिकाको सबैभन्दा माथिल्लो तह हो । यो अभिलेख अदालत पनि हो । संविधानसभासम्बन्धी अदालतबाहेक अन्य सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालतका मातहतमा रहन्छन् । यस अदालतमा प्रधानन्यायाधीशका अतिरिक्त बढीमा १४ जनासम्म अन्य न्यायाधीशहरू रहने छन् । कुनै समयमा सर्वोच्च अदालतमा मुद्दाको सङ्ख्या बढ्न गई न्यायाधीशहरूको सङ्ख्या अपार्यप्त हुन गएमा कुनै निश्चित अवधिका लागि अस्थायी न्यायाधीश नियुक्त गर्न सकिने व्यवस्था छ ।

(ख) **पुनरावेदन अदालत** : पुनरावेदन अदालत हाल १६ ओटा छन् । प्रधानन्यायाधीशले न्यायपरिषद्को सिफारिसमा पुनरावेदन अदालतको मुख्य न्यायाधीश र न्यायाधीश नियुक्त गर्ने व्यवस्था छ । न्यायाधीश हुन निम्नलिखित योग्यता पुगेको हुनुपर्छ :

१. कानुनमा स्नातक उपाधि प्राप्त गरी जिल्ला न्यायाधीश वा न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तीमा सात वर्ष काम गरेको वा

२. कानुनमा स्नातक भई वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रूपमा कम्तीमा दस वर्ष वकालत गरेको वा

३. कम्तीमा दस वर्ष कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा काम गरेको

४. नेपाली नागरिक

(ग) **जिल्ला अदालत** : नेपालमा ७५ ओटै जिल्लामा जिल्ला अदालतहरू रहेका छन् । कानुनमा स्नातकोपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेको वा कानुनमा स्नातक भई अधिवक्ताका रूपमा कम्तीमा आठ वर्ष वकालत गरेको नेपाली नागरिक जिल्ला न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिन्छ ।

कार्यहरू

न्यायपालिका राज्यको उच्च मर्यादित अङ्ग हो । यसले कानुनको मर्यादा कायम राख्छ । लोकतन्त्रलाई सफल, सुदृढ र समृद्ध बनाउनमा न्यायपालिकाको **अहम्** भूमिका रहेको हुन्छ ।

न्यायपालिकाको कार्य

न्यायपालिकाले निम्नानुसारको कार्य गर्दछ :

१. **न्यायिक कार्य** : न्यायपालिकाको प्रमुख कार्य प्रचलित कानुनको प्रयोग गरी नागरिकलाई न्याय प्राप्त गराउनु हो । अर्को शब्दमा यसले देशको प्रचलित कानुनअनुसार न्याय सम्पादन गर्दछ र अपराधीलाई सजाय दिन्छ । यस्तो कार्य न्यायपालिकाले देवानी तथा फौजदारी दुवै किसिमका मुद्दाहरूको फैसला गर्छ ।

२. **कानुनको व्याख्या र निर्माण** : देशको प्रचलित कानुनको व्याख्या गर्नु पनि अर्को महत्त्वपूर्ण कार्य हो । मुद्दाहरूको फैसला गर्ने क्रममा कानुनको अर्थ प्रस्ट पार्छ । यस्तो व्याख्याले कानुनको रूप धारण गर्छ र पछिको फैसलाका लागि नजिर बन्न पुग्छ ।

३. **जनताको अधिकार र स्वतन्त्रताको संरक्षक** : कुनै पनि राज्यको संविधानले जनतालाई विभिन्न प्रकारका अधिकार र स्वतन्त्रताको प्रत्याभूति गरेको हुन्छ, तर व्यक्तिको त्यस्तो अधिकार र स्वतन्त्रताको सुरक्षाका लागि न्यायपालिकाले महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ । व्यक्तिको अधिकार हननको एक मात्र सुरक्षा गर्ने अङ्ग न्यायपालिका हो । त्यसैले न्यायपालिकालाई जनताको अधिकार र स्वतन्त्रताको रक्षक मानिन्छ ।

४. **परामर्शसम्बन्धी कार्य** : न्यायपालिकाले विभिन्न जटिल कानुनी प्रश्न र समस्याहरूमा कार्यपालिका र व्यवस्थापिकालाई परामर्श दिने कार्य गर्छ । यस्तो परामर्श ती निकायहरूले मागेको अवस्थामा मात्र दिइन्छ । यसप्रकारको परामर्श माग्ने प्रणाली क्यानडा, भारत, अस्ट्रेलिया, स्विडेन आदि मुलुकमा प्रचलित छ ।

क्रियाकलाप

१. न्यायपालिका भनेको के हो ? हाम्रो देशमा न्यायपालिकाको संरचना कस्तो छ ?

२. न्यायपालिकाले सम्पादन गर्ने विभिन्न कार्यहरूको वर्णन गर्नुहोस् ।

३. आधुनिक राज्यमा न्यायपालिकाको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ, किन ? व्याख्या गर्नुहोस् ।

४. लोकतान्त्रिक शासन प्रणालीमा जनताको अधिकार र स्वतन्त्रताको रक्षाका लागि न्यायपालिकालाई केकस्ता अधिकारहरू प्रदान गर्नुपर्ला ? बुँदागत रूपमा लेख्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा अदालतको निर्णयबाट खुसी वा निरास भएका कुनै महिला वा पुरुष हुन सक्छन् । त्यस्ता मानिसहरूको खोजी गर्नुहोस् र खुसी र निरास हुनुका कारणहरू सोध्नुहोस् । त्यसैका आधारमा अदालतलाई सही निर्णय दिने बनाउन केकस्ता उपायहरू अवलम्बन गर्नुपर्ला उल्लेख गर्दै सर्वोच्च अदालतलाई एउटा पत्र लेख्नुहोस् ।

४. संवैधानिक अङ्गहरू

राज्य सञ्चालन गर्ने कार्यमा निष्पक्षता, पारदर्शिता, जवाफदेहिताजस्ता गुणहरू हुनुपर्दछ । त्यसपछि मात्र राज्य सुचारु रूपमा सञ्चालन हुन सक्छ । राज्य सञ्चालनका लागि गठन भएका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबाहेक पनि अन्य थप निकायहरूको आवश्यकता पर्दछ । तसर्थ कुनै पनि देशमा संविधान, ऐन, कानुनहरूमा यी निकायहरूको व्यवस्था भएको हुन्छ । यदि यी निकायहरूको व्यवस्था संविधानमै उल्लेख गरिएमा तिनीहरूलाई संवैधानिक अङ्गहरू भनिन्छ । नेपालमा संवैधानिक अङ्गहरू निम्नानुसार छन् :

महालेखा परीक्षक

नेपालको अन्तरिम संविधान २०६३ ले महालेखा परीक्षकको व्यवस्था गरेको छ । महालेखा परीक्षकको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा प्रधानमन्त्रीले गर्ने प्रावधान रहेको छ ।

अदालत, संसद्, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, नेपाली सेना, नेपाल प्रहरीलगायत कार्यपालिकाअन्तर्गतका सबै सरकारी कार्यालयको लेखा परीक्षण गर्ने काम महालेखा परीक्षकबाट हुन्छ ।

पचास प्रतिशत वा सोभन्दा बढी सरकारको सेयर वा जायजेथा भएको कुनै सङ्गठित संस्था भएमा त्यस्तो संस्थाको लेखा परीक्षण गर्न महालेखा परीक्षकसँग परामर्श गरी लेखा परीक्षक नियुक्ति गर्ने कानुनी प्रावधान छ । यसका लागि महालेखा परीक्षकले आवश्यक निर्देशन दिन सक्दछन् ।

महान्यायाधिवक्ता

सरकारको मुख्य कानुनी सल्लाहकार भई संवैधानिक एवम् कानुनी विषयमा सरकारलाई वा सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने काम महान्यायाधिवक्ताको हो ।

आफ्नो पदअनुसारको कर्तव्य पालन गर्दा महान्यायाधिवक्ताले नेपाल राज्यको जुनसुकै अदालत, कार्यालय वा सरकारका पदाधिकारीसमक्ष उपस्थित हुन पाउँछन् । यस्ता कार्य उनले आफ्नो मातहतका अधिकृतहरूलाई पनि सुम्पन सक्दछन् ।

संविधानमा व्यवस्था भएबमोजिम महान्यायाधिवक्ताको नियुक्ति प्रधानमन्त्रीबाट हुने छ ।

लोकसेवा आयोग

निजामती सेवामा नियुक्ति गर्नका लागि उपयुक्त उम्मेदवार छनोट गर्ने काम लोकसेवा आयोगको हो । निजामती सेवासँग सम्बन्धित विषयमा सरकारलाई आवश्यक परामर्श दिने कामसमेत लोकसेवा आयोगले गर्दछ । लोकसेवा आयोगमा एक जना अध्यक्ष र आवश्यकताअनुसार अन्य सदस्यहरू हुन्छन् ।

यसका सदस्यहरूमध्ये कुनै सरकारी सेवामा रहेका व्यक्तिहरूबाट लिइन्छ र बाँकी सदस्यहरू विज्ञान, कला, साहित्य कानुन वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गरी ख्याति कमाएका व्यक्तिहरूमध्येबाट नियुक्त गरिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

कुनै पनि सार्वजनिक पद वा ओहदामा बसेको व्यक्तिले अनुचित कार्य गरेर अथवा भ्रष्टाचार गरेर आफ्नो

अधिकारको दुरुपयोग गरेमा यसले अनुसन्धान र जाँचबुझ गर्न वा गराउन सक्छ । यदि सार्वजनिक पद धारण गरेको व्यक्तिले कुनै अनुचित कार्य गरी आफ्नो अधिकारको दुरुपयोग गरेमा त्यस्ता व्यक्तिलाई सचेत गराउन विभागीय वा अन्य आवश्यक कारबाही गर्न सिफारिस गर्दछ । यसका साथै यस्ता व्यक्तिहरूलाई अदालतमा मुद्दा चलाउन सक्दछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा एक जना प्रमुख आयुक्त र आवश्यक सङ्ख्यामा अन्य आयुक्तहरू रहन्छन् ।

निर्वाचन आयोग

देशको संविधान र कानुनको अधीनमा रहेर संसद्, गाउँ, नगर र जिल्लाका स्थानीय निकायहरूको निर्वाचन, सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने काम निर्वाचन आयोगले गर्दछ । यसका लागि मतदाताहरूको नाम सङ्कलन र तयार गर्ने कामसमेत गर्दछ ।

निर्वाचन आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र आवश्यकताअनुसार अन्य निर्वाचन आयुक्तहरू रहन्छन् ।

राष्ट्रिय मानवअधिकार आयोग

मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्य राष्ट्रिय मानव अधिकार आयोगले गर्दछ । यसले कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुराको जानकारी लिई तत्काल उद्धार गर्ने, मानव अधिकारको उल्लङ्घनबाट पीडित भएको व्यक्तिलाई कानुनअनुसार क्षतिपूर्ति दिन आदेश दिने र अन्य अधिकारको प्रयोग एवम् कर्तव्यको पालना गर्ने गराउने कार्य गर्दछ ।

राष्ट्रिय मानव अधिकार आयोगमा एकजना अध्यक्ष र अन्य चारजना सदस्यहरू रहन्छन् ।

क्रियाकलाप

१. समूहमा विभाजित भई प्रत्येकले एकएकओटा संवैधानिक अङ्गहरूका निम्ति तालिका तयार गर्नुहोस् । तालिकामा संवैधानिक अङ्गको नाम, त्यसपछि क्रमशः गठनविधि, योग्यता तथा कार्यको उल्लेख पनि गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. संवैधानिक अङ्गहरूको गठन, योग्यता तथा कार्यविधि झल्कने कथा, गीत, कविता, चित्र, सम्पादकलाई पत्र, साथीहरूलाई पत्र, संवादमध्ये कुनै एक विधि छानी कक्षामा प्रस्तुत गर्नुहोस् । तपाईंका साथीहरूले गरेको प्रस्तुतिका आधारमा श्रेणीअनुसार मूल्याङ्कन गर्नुहोस् र मूल्याङ्कन गर्न लगाउनुहोस् । अरूले मूल्याङ्कन गर्दा तपाईंको उपलब्धि कस्तो पाउनुभयो, यो पनि लेख्नुहोस् ।

३. संवैधानिक अङ्गका प्रमुखहरूमध्ये कुनै एकले बोलेको कुरा रेडियो, टेलिभिजन, समाचारपत्र वा अरू कसैले भनेका आधारमा राम्रो लागेको छ भने उक्त भनाइ राम्रो लाग्ने कारण र स्रोतको पनि उल्लेख गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा संवैधानिक अङ्गको प्रमुख वा त्यसको सदस्य भएको कोही व्यक्ति हुन सक्छन् । तिनलाई भेटी ती अङ्गहरूले गर्ने मुख्य कार्यहरू जानकारी लिनुहोस् र राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस् ।

५. राजनीतिक दलहरू

नेपालको शासन प्रणालीमा राजनीतिक दलको भूमिका महत्त्वपूर्ण रहेको छ । नेपालमा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था विद्यमान छ । यसका लागि नेपालको अन्तरिम संविधान २०६३ को भाग १८ ले राजनैतिक दलहरूसम्बन्धी व्यवस्था गरेको छ । यसअनुसार राजनीतिक दल खोल्नका लागि निम्नलिखित सर्त पूरा गरेको हुनुपर्छ :

(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्छ ।

(ख) राजनीतिक दलको विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एकपटक सो दलका प्रत्येक तहका पदाधिकारीहरूको निर्वाचन हुने व्यवस्था हुनुपर्छ ।

(ग) विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलितलगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरूसमेत रहने समावेशी व्यवस्था गरिएको हुनुपर्छ ।

(घ) दलको विधानमा दलका सदस्यहरूलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था गरिएको हुनुपर्छ ।

निर्वाचनको प्रयोजनका लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनीतिक दलले निर्वाचन आयोगद्वारा निर्धारण गरिएको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनुपर्दछ । निवेदन गर्दा राजनीतिक दलको विधान, घोषणापत्र र नियमावलीका साथै निम्नलिखित विवरण पनि खुलाउनुपर्दछ :

(क) राजनीतिक दलको नाम र त्यसको प्रधान कार्यालय रहने ठेगाना

(ख) राजनीतिक दलको कार्यकारिणी समिति वा सो सरहको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना

(ग) राजनीतिक दलको आयस्रोतको कोष र सो जुटाउने स्रोतको विवरण ।

नेपालको अन्तरिम संविधान २०६३ ले कुनै पनि राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज गरेको छ तर धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने, मुलुकलाई विखण्डन गर्ने प्रकृतिको दललाई निर्वाचन आयोगले दर्ता गर्ने छैन ।

निर्वाचनका निम्ति दल दर्ता गर्ने प्रयोजनका लागि कम्तीमा दस हजार मतदाताहरूको समर्थनसहितको हस्ताक्षर युक्त निवेदन आवश्यक पर्ने छ तर अन्तरिम व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको हकमा यो प्रावधान लागू हुने छैन । संविधानको प्रस्तावनाको मूल भावना र मर्म प्रतिकूल उद्देश्य राखेका पार्टीहरू दल दर्ताका निम्ति योग्य मानिने छैनन् । यस्तो व्यवस्था अन्तरिम संविधानले गरेको छ ।

लोकतन्त्र स्थापना गर्न राजनीतिक दलको भूमिका

वि.सं. २००७ सालमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न राजनीतिक दलको सक्रिय भूमिका रह्यो। २०१७ साल पौष २२ गतेका दिन राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाइएको थियो। यस्तो अवस्थामा पनि गुप्त रूपमा राजनीतिक दलले सक्रिय भूमिका खेलिरहे। वि.सं. २०४६ सालमा संयुक्त जनआन्दोलनको परिणाम स्वरूप बहुदलीय शासन पद्धति पुन:स्थापना भयो।

मुलुकको समस्या समाधानका लागि छ राजनीतिक दल र नेकपा माओवादीसहितको सहभागितामा जनआन्दोलन भाग - २ भयो। दस बर्से जनयुद्धको पृष्ठभूमि र १९ दिने जनआन्दोलनले राजाको प्रत्यक्ष शासनको अन्त्य गऱ्यो। वि.सं. २०६३ वैशाख ११ गतेका दिन प्रतिनिधि सभा पुनस्थापना भयो। उक्त घोषणाले मुलुकको सार्वभौमसत्ता, राजकीय सत्ता र शासनाधिकार नेपाली जनतामा नै रहेको कुरा पुष्टि गऱ्यो। आन्दोलनकारी दलहरूले संयुक्त सरकार बनाए र नेकपा माओवादीसँग वार्ता गरी जनयुद्धको अन्त्य भएको घोषणा गरियो। त्यसपछि माओवादीसहितको सहमतिमा २०६३ माघ १ गते अन्तरिम संविधान जारी गरियो। यसरी छ राजनीतिक दल र नेकपा माओवादीसहितको अन्तरिम सरकार २०६३ चैत्र १८ गते गठन भयो। यसका लागि निर्वाचन आयोगमा दर्ता भएका र अन्य सबै राजनीतिक दलहरूले सक्रिय भूमिका खेली देशमा दिगो शान्ति ल्याउनु नै आजको अपरिहार्य आवश्यकता बनेको छ। यस कार्यका लागि सबै राजनैनिक दलको भूमिका महत्त्वपूर्ण रहन्छ।

क्रियाकलाप

१. राजनीतिक दल भनेको के हो ? नेपालका मुख्यमुख्य राजनीतिक दलहरूको सूची तयार गर्नुहोस्।

२. लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिका कस्तो हुनुपर्दछ ? सो उल्लेख गरी राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस्।

३. २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनमा प्रमुख राजनीतिक दलहरूको भूमिका कस्तो रहेको थियो ?

४. वि.सं. २०४६ साल चैत्र २६ को घोषणा र वि.सं. २०६३ वैशाख ११ को घोषणामा के अन्तर छ ?

५. प्रतिस्पर्धात्मक बहुदलीय शासन व्यवस्था भनेको के हो ? प्रस्ट पार्नुहोस्।

६. राजनीतिक दल खोल्न केकस्ता सर्तहरू पूरा गर्नुपर्छ ? त्यसको सूची तयार गर्नुहोस्।

सामुदायिक कार्य

तपाईंको समुदायमा रहेका कुनै एक राजनीतिक व्यक्तित्वसँग भेट गर्नुहोस्। संविधानसभा वा व्यवस्थापिकाको निर्वाचनमा भाग लिन कस्तो चुनावी घोषणा तयार गर्नुपर्ला ? उहाँसँग सोधी त्यसको नमुना तयार गर्नुहोस्।

६. निर्वाचन प्रक्रिया



मतदान प्रक्रिया

निर्वाचन सम्पन्न गराउने निकायहरू

(क) निर्वाचन आयोग - केन्द्रमा

(ख) निर्वाचन अधिकृत - निर्वाचन क्षेत्रमा

(ग) मतदान अधिकृत - मतदान केन्द्रमा



मतपेटिका

निर्वाचन आयोग

राष्ट्रको विभिन्न तहको निर्वाचन सम्पन्न गर्नका लागि राष्ट्रियस्तरको एक निष्पक्ष निर्वाचन आयोगको व्यवस्था भएको हुन्छ । यसले आफ्ना मातहतका निर्वाचन अधिकृत र मतदान अधिकृतहरूद्वारा निर्वाचन कार्य सम्पन्न गराउँछ ।

निर्वाचन अधिकृत

निर्वाचनको घोषणा भएपछि निर्वाचन आयोगले निर्वाचन अधिकृतहरू नियुक्ति गर्दछ ।

मतदान अधिकृत

मतदान केन्द्रमा मतदान कार्य सम्पन्न गर्नका निमित्त मतदान अधिकृतहरू नियुक्ति हुन्छन् । मतदानको दिन मतदान केन्द्रको व्यवस्था गर्ने, सुरक्षा व्यवस्था मिलाउने, कानुनी प्रक्रियाअनुसार मतदान कार्य सुरु गरी सम्पन्न गराउने, आवश्यकता परे स्थगित गर्ने, मतदान प्रक्रियाबारे परेका उजुरीहरू वा समस्याबारे तत्काल छानबिन गरी निर्णय दिने जस्ता कार्यहरू मतदान अधिकृतले गर्दछ ।

मतदाता नामावली

निर्वाचन आयोगले प्रत्येक वर्ष संविधान वा कानुनमा तोकिएको उमेर पुगेको वा यो कार्य नियमित रूपमा गर्ने गरिन्छ । नाम लेखाउन छुटेका मतदाताको नाम मतदाता नामावलीमा लेखाउने व्यवस्था गर्दछ । संविधानसभाको निर्वाचन प्रयोजनका लागि संवत् २०६३ साल मङ्सिर मसान्तसम्म १८ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई मतदान गर्ने अधिकार हुने व्यवस्था गरिएको छ तर मतदाता नामावली हरेक वर्ष अद्यावधिक गर्ने गरिन्छ ।

मतदान केन्द्र तथा उपकेन्द्र

मतदाताहरूलाई पायक पर्ने गरी नेपाल राज्यभर मतदान केन्द्र र उपकेन्द्रहरूको व्यवस्था गरिएको हुन्छ ।

उम्मेदवारको योग्यता

विभिन्न प्रकारका र तहका निर्वाचनका निम्ति उम्मेदवार हुन कानुनले उमेरको न्यूनतम हद तोकेको हुन्छ । तोकिएको उमेर र योग्यता पुगेका व्यक्तिहरूले मात्र उम्मेदवार हुन पाउँछन् । उम्मेदवारको उमेर कानुनले निर्धारण गरेबमोजिम हुन्छ । संविधानसभाको सदस्य हुनका लागि कुनै पनि व्यक्तिले निम्नलिखित योग्यता पूरा गरेको हुनुपर्छ :

(क) नेपाली नागरिक

(ख) कम्तीमा पच्चीस वर्ष उमेर पूरा भएको

(ग) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको

(घ) कुनै कानुनले अयोग्य नभएको

(ङ) कुनै लाभको पद धारण नगरेको ।

क्रियाकलाप

१. तपाईंहरू छ समूहमा विभाजन हुनुहोस् । एउटा समूहले निर्वाचन आयोग बनाई निर्वाचन अधिकृत तथा मतदान अधिकृत छान्नुहोस्, दोस्रो समूहले मतपत्र र मतपेटिका बनाउनुहोस् । तेस्रो समूहले मतदानसम्बन्धी नियम बनाउनुहोस् । चौथो समूहलाई पर्यवेक्षक, पाँचौं समूहलाई उम्मेदवारको चयन र उम्मेदवारी दाखिल गर्ने काम दिई छैटौं समूहलाई उम्मेदवारको प्रतिनिधि बनाएर कक्षामा निर्वाचन गराउनुहोस् । यसरी निर्वाचन गरेपछि परिणाम घोषणाका साथै सबै साथीहरूलाई कक्षामा हरेक समूहले गरेका कार्यको टिपोट गरी राष्ट्रिय निर्वाचन र कक्षाको निर्वाचनबीच तुलना गरी भिन्नता छुट्याउनुहोस् ।

२. हाम्रो देशमा धेरैजसो मतदाताहरू अशिक्षित भएको हुनाले मतपत्रमा नाम नदिएर चिह्न दिइएको हुन्छ । त्यस्ता चिह्न भएको खण्डमा आफूलाई मन पर्ने उम्मेदवारको नामसँगै स्वस्तिक छाप लगाउनुपर्दछ तर बेलायत तथा अन्य विकसित देशहरूमा मतपत्रमा चिह्न नभएर उम्मेदवारको दलको नाम र व्यक्तिको नाम मात्र हुन्छ, जहाँ रेजा चिह्न लगाइन्छ । ती दुवै प्रकारका मतपत्रहरूको नमुना बनाउनुहोस् ।

३. हाम्रो देशमा मतपत्रमा ठीक ठाउँमा छाप नलगाउनाले धेरैजसो मत्रपत्र बदर हुन्छन् । यसलाई रोक्न के गर्नुपर्ला, विचार व्यक्त गर्नुहोस् ।

७. निर्वाचनमा नागरिकको भूमिका

मिति २०६५।१।१५

मायालु अलका,

सुमधुर सम्झना ।

तिमीले मिति २०६५।१।१५ मा लेखेको चिठी पाएँ, । त्यस चिठीबाट अब हुने निर्वाचनमा मताधिकारका लागि तिमी बालिग हुने थाहा पाउँदा मलाई अत्यन्त हर्ष लागेको छ । निर्वाचनमा प्रत्येक नागरिकले कस्तो भूमिका खेल्नुपर्दछ भनी तिमीले सोधेकी रहिछौ । त्यही प्रश्न मैले निर्वाचनसम्बन्धी जानाकार व्यक्तिलाई सोधेको थिएँ । उहाँले दिएको उत्तर मैले जस्ताको त्यस्तै लेखेको छु । पढेर तिमीलाई खुसी लाग्ने छ ।



निर्वाचनमा नागरिकको भूमिका

* मतदाता नामावलीमा नाम समावेश गर्ने, सच्याउने, हटाउने ।
* मतदाता नामावलीमा तोकिएको उमेर पुगेका सबैले आफ्नो र आफ्नो परिवारको नाम समावेश गर्ने । मतदाता नामावलीमा नाम, थर, उमेर आदि गल्ती भएमा सच्याउन निवेदन दिने । आफ्ना छर छिमेकका मानिसहरूलाईसमेत त्यस सम्बन्धमा जानकारी गराउने ।
* मतदान प्रक्रिया सम्बन्धमा आफ्ना छर छिमेक र परिवारका सदस्यहरूलाई जानकारी गराउने ।
* मतपत्रमा भएका विभिन्न दल र उम्मेदवारहरूका चिह्नहरूका सम्बन्धमा र मतदान गर्ने तरिका सम्बन्धमा जनचेतना जगाउने ।
* विभिन्न दलहरू र उनीहरूका घोषणापत्र सम्बन्धमा प्रचारप्रसार गर्ने ।
* आर्थिक लोभमा फसेर वा डर र धम्कीमा परेर आफ्नो अमूल्य मतको दुरुपयोग नगर्ने । अरूलाई पनि यस सम्बन्धमा जानकारी गराउने ।
* मतदान गर्नु सम्पूर्ण बालिग मताधिकारबालाको कर्तव्य भएकाले आफ्नो मतको सदुपयोग गर्ने ।
* तोकिएको योग्यता पुगेका व्यक्तिहरूले निर्वाचनमा उम्मेदवार बन्ने अवसरको समेत सदुपयोग गर्ने ।

मतदाता नामावलीको तयारीमा सबै नागरिकहरू, राजनीतिक दल र नागरिक समाजको सक्रियता तथा कर्मचारीहरूको इमानदारी र कार्यक्षमताको आवश्यकता पर्दछ । स्कुलका बालबालिकाहरूले पनि आफ्ना अभिभावकलाई मतदाता नामावलीमा नाम लेखाउन तथा सच्याउन गा.वि.स. तथा नगरपालिकाका वडा कार्यालयलाई सहयोग गर्न सक्छन् ।

एक करोड मतदातामा एक प्रतिशत मात्र तलमाथि पर्न गए पनि एक लाख मतदाताको मताधिकार हनन हुन्छ । यसैले निर्वाचन आयोगले मंतदातालाई परिचयपत्र दिने व्यवस्था गरेको छ । यी कुराहरूको जानकारीबाट तिमी निकै खुसी हुनेछ्यौ । तिमी पनि निर्वाचनमा त्यस्तै सहयोग गर्नेछौ भन्ने आशा गरेको छु ।

माया गर्ने साथी
मुकेश

क्रियाकलाप

१. मुकेशले अलकालाई लेखेको पत्रको आधारमा संवाद बनाउनुहोस् र त्यसको आधारमा कक्षामा अभिनयसमेत गर्नुहोस् ।

२. तपाईं मतदान गर्न उमेर नपुगेको विद्यार्थीका हैसियतले निर्वाचनमा खेल्न सक्ने भूमिकाहरूको सूची बनाउनुहोस् ।

३. निर्वाचनमा प्रत्येक नेपाली नागरिकले खेल्नुपर्ने भूमिका बारेमा दुईजना साथीबीच छलफल गर्नुहोस् ।

४. निर्वाचनमा प्रत्येक नेपाली नागरिकले खेल्नुपर्ने भूमिकालाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको घरका कुनै न कुनै व्यक्तिले नाम दतदिखि मतदान गर्ने प्रक्रियासम्ममा आफूलाई संलग्न गराएकै हुनुपर्दछ । त्यस्ता प्रक्रियामा उहाँले कस्ताकस्ता अप्ठ्याराहरू भोग्नुपर्‍यो ? मतदान गरिसकेपछि पाएको आनन्दलाई उहाँले कसरी अभिव्यक्त गर्नुभयो, आफूले छानेको उम्मेदवार विजयी भएको उपलक्ष्यमा उहाँले कस्ता अनुभूतिहरू प्रस्तुत गर्नुभयो ? उहाँसँग सोधी यी सबै विषयलाई आधार बनाई मतदान प्रक्रियामा गर्नुपर्ने सुधारका सम्बन्धमा जिल्ला निर्वाचन कार्यालयलाई एउटा पत्र लेख्नुहोस् ।

८. मानवअधिकार

मानवअधिकारका सम्बन्धमा रीता र विष्णुचरणबीच भएको संवाद

रीता : विष्णुजी ! मानवअधिकारसम्बन्धी विचार सबभन्दा पहिले कसले अगाडि सारेको हो ?

विष्णुचरण : भूतपूर्व अमेरिकी राष्ट्रपति फ्राङ्कलिन रुजवेल्टकी पत्नी इलेनोर रुजवेल्ट (Eleanor Roosevelt) ले सर्वप्रथम मानव अधिकारसम्बन्धी सोच बनाइन् । उनको अथक प्रयासबाट १० डिसेम्बर १९४८ मा संयुक्त राष्ट्रसङ्घको साधारण सभाले मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको हो ।

रीता : के इलेनोर रुजवेल्टले राष्ट्रपतिकी पत्नी भएका आधारमा राष्ट्रपतिको प्रभाव प्रयोग गरेर मानवअधिकारसम्बन्धी घोषणापत्र जारी गर्न लगाएकी हुन त ?

विष्णुचरण : त्यो त होइन, उनी त्यसरी दबाब दिएर काम गराउने खालकी महिला थिइनन् । तिनको विचार उच्च थियो । तिनी आदर्श नारी थिइन् । तिनले पोलियोबाट अपाङ्ग भएका आफ्ना पति फ्राङ्कलिन रुजवेल्टलाई अनेक प्रेरणादायी वचनहरूद्वारा राष्ट्रपति पदमा विजयी हुनका लागि ठूलो योगदान पुऱ्याएकी थिइन् । तिनकै प्रयासबाट फ्राङ्कलिन रुजवेल्ट तीन पटकसम्म अमेरिकाका राष्ट्रपति भएका थिए ।

रीता : विष्णुजी ! मानवअधिकारका सम्बन्धमा आजकल निकै चर्चा गरेको पाइन्छ । मानवअधिकार भनेको के हो ?

विष्णुचरण : आफ्नो व्यक्तित्वको विकास गर्न पाउने अधिकार नै मानवअधिकार हो । यस किमिसका अनेक परिभाषाहरू हुन सक्छन् । तर यी सबै परिभाषाहरू मानवहितसँग सम्बन्धित छन् ।

रीता : संयुक्त राष्ट्रसङ्घको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा कति धारा छन् ?

विष्णुचरण : यस घोषणापत्रमा ३० ओटा धाराहरू (Articles) छन् ।

रीता : तपाईं ती धारामा कुनकुन धाराहरू चाहिँ महत्त्वपूर्ण ठान्नुहुन्छ ?

विष्णुचरण : सबैं धाराहरू उत्तिकै महत्त्वपूर्ण छन् ।

रीता : उदाहरणका लागि केही धाराहरूको विषयमा बताइदिनुहुन्छ कि ?

विष्णुचरण : सबै मानिसहरू स्वतन्त्र भएर जन्मेका छन् र सबैको इज्जत र अधिकारहरू समान छन्; सबैले एकअर्कासँग मैत्रिभावका साथ व्यवहार गर्नुपर्दछ भन्ने कुरा धारा एकमा लेखिएको छ ।

रीता : धारा दुईमा के लेखिएको छ नि ?

विष्णुचरण : धारा दुईमा जाति, रङ, लिङ्ग, भाषा, धर्म, राजनीति, विचार, राष्ट्रियता, सम्पत्ति, सामाजिक पृष्ठभूमि तथा अन्य स्थितिका आधारमा भेदभाव गर्न पाइने छैन भनी उल्लेख गरिएको छ ।

रीता : विष्णुजी ! एकपटक धारा तीनदेखि तीससम्ममा उल्लेख गरिएका सबै कुराहरूको सार सङ्क्षेपमां भनिदिनुहुन्छ कि ?

विष्णुचरण : कसैलाई कुनै पनि रूपमा दास बनाउन र व्यापार गर्न नपाइने, कुनै पनि व्यक्तिले आफूले गरेको अपराधको निम्ति स्वतन्त्र अदालतमा आफ्ना भनाइहरू राख्न पाउने, कसैलाई पनि जथाभावी किसिमबाट थुनछेक वा देशनिष्काशन गर्न नपाइने, कसैलाई पनि भेदभावपूर्ण ढङ्गबाट कानुनले संरक्षण दिन वा कानुनबाट वञ्चित गर्न नपाइने, महिला तथा बालबालिकाको स्वास्थ्य तथा शिक्षामा विशेष ध्यान दिनुपर्ने आदि कुराहरू उल्लेख गरिएका छन् ।

क्रियाकलाप

१. मानव अधिकार भनेको के हो ?

२. इलेनोर रुजवेल्टको जीवनबाट नेपाली महिलाहरूले हासिल गर्नुपर्ने प्रेरणा के हुन सक्छन् ?

३. तपाईंले आफ्नो कक्षामा आफ्नो अधिकारको उपयोग कसरी गर्न पाउनुभएको छ ? तपाईंले कसैको अधिकारको उल्लङ्घन त गर्नुभएको छैन, गर्नु भएको छ भने त्यसबारेमा तपाईंलाई लागेका कुरा लेख्नुहोस् ।

४. मानवअधिकार संरक्षण सम्बन्धमा नेपालमा रहेका मानवअधिकारवादी सङ्घसंस्थाले केकस्ता कार्य गर्दै आइरहेका छन्, चर्चा गर्नुहोस् ।

५. मानवअधिकारका रूपमा नेपाली नागरिकले प्राप्त गरेका मौलिक हकका बारेमा कक्षामा छलफल गर्नुहोस् ।

६. मानवअधिकारसम्बन्धी समाचारहरू सङ्कलन गरी एउटा लेख तयार गर्नुहोस् ।

राष्ट्रपति फ्र्याङ्कलिन र इलेनोर रुजवेल्ट

सामुदायिक कार्य

१. तपाईंको समुदायमा मानवअधिकार हनन भएका कुनै व्यक्ति हुन सक्छन् । तपाईंले उहाँसँग सोधेर मानवअधिकार हनन भएका सम्बन्धमा एक प्रतिवेदन तयार गर्नुहोस् ।

२. विगतका जनयुद्धका क्रममा सरकारी र विद्रोही पक्षबाट मानव अधिकार हनन गरी धेरै मानिसहरूलाई बेपत्ता बनाइएको छ । यसरी बेपत्ता बनाउन नपाउने मानव अधिकारको विश्वव्यापी मान्यता हुँदाहुँदै यस्ता कार्यहरू भएका छन् । अब यस्ता कार्यहरू रोक्न केके काम गर्नुपर्ला ? स्थानीय कानुनविद् वा मानवअधिकार कर्मीसँग सोधी तिनको एउटा सूची बनाउनुहोस् ।

१०. राष्ट्रिय सरोकारका विषय

नेपाल एक सार्वभौमसत्ता सम्पन्न मुलुक हो । नेपालको राष्ट्रिय अखण्डता, सीमा सुरक्षा, सीमा अतिक्रमण सार्वभौमिकता, आत्मसम्मान र स्वाभिमानको भांवना समाजमा जागृत गराउनका लागि राष्ट्रिय सरोकारका विषयहरूमा आम नागरिकलाई सचेत गराउनु आजको आवश्यकता भएको छ ।

(क) राष्ट्रिय अखण्डता

नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य हो । नेपालको राष्ट्रिय अखण्डता र स्वतन्त्रता जोगाउन सबैले प्रयास गर्नुपर्छ । कुनै पनि मुलुक टुक्रियो भने त्यसको अस्तित्व समाप्त हुन्छ । सबै जाति, भाषा, धर्म, संस्कृतिको संरक्षण र संवर्द्धन गरी सबैलाई समान अधिकार राज्यले प्रदान गर्नुपर्छ । यसबाट राष्ट्र विखण्डन हुन पाउँदैन । राज्यले कसैलाई काखा र कसैलाई पाखा गऱ्यो भने विभिन्न जाति, वर्ग, सम्प्रदायबीच असन्तुष्टि पैदा भई विद्रोह हुन्छ । यसले राज्यलाई टुक्याउन सक्छ । त्यसैले राज्यले सबै जातजाति, भाषाभाषी, लिङ्ग, वर्ग, क्षेत्रलाई समानुपातिक ढङ्गले हेरी त्यसको विकास र उत्थानका लागि प्राथमिकता दिनुपर्छ । राज्यको मूल प्रवाहमा सबैलाई समेट्न सक्नुपर्छ । सबैका जायज र न्यायिक मागहरू राज्यको स्रोत र साधनले भ्याएसम्म पूरा गर्नुपर्छ । त्यसैगरी स्रोत र साधनले समुचित वितरणको कानुनी व्यवस्था मिलाई कार्यान्वयन गर्नुपर्छ । यति गर्दागर्दै पनि कसैले देश टुक्र्याउन खोज्यो भने सबै मिली त्यस समस्याको समाधान गर्नुपर्छ र आवश्यक कानुनी कारवाही पनि गर्नुपर्छ । देश रहे मात्र हामी नेपाली भएर रहन पाउँछौं । त्यसैले यो देश हामी सबैको साझा कर्मभूमि हो । यसको रक्षा गर्नु नै हामी सबैको कर्तव्य हो ।

(ख) सीमा सुरक्षा / सीमा अतिक्रमण

खुला सीमानाका कारण दक्षिणतिरबाट नेपालमा कामका लागि मानिसहरू बर्सेनि आउने गर्छन् । नेपाली श्रम बजारमा दक्ष तथा अर्धदक्ष श्रमिक भारतबाट आउने गरेका छन् भने खुला सिमानाका कारण आपराधिक गतिविधिहरू पनि दिनानुदिन बढ्दै छन् । यसका लागि नेपालले सीमा सुरक्षाका लागि कदम चाल्नुपर्ने देखिन्छ । सरकारले त्यसका लागि दसगजा क्षेत्रहरूमा सीमा सुरक्षा बल तैनाथ गर्नुपर्छ । दुवै देशका सीमा सुरक्षा बलले संयुक्त रूपमा कार्य गर्न सकेमा आपराधिक गतिविधि नियन्त्रण गर्न सकिने छ ।

नेपालका केही स्थानमा सीमा विवादका कुराहरू पनि उठेका छन् । पञ्चशीलको सिद्धान्तका आधारमा दुवै देशले समस्याहरूको समाधान गर्नुपर्छ । यसका लागि सरकारलाई दवाव दिन सबैतिरबाट विशेष आवाज उठाउनुपर्छ । नेपाल र नेपालीको राष्ट्रियता माथि कसैले धावा बोलेमा त्यसका विरूद्धमा सङ्गठित भई बेलैमा हामी हाम्रो हितमा अग्रसर हुनुपर्छ । त्यसैगरी जनआवाज उठाउनु पनि जरुरी छ । राष्ट्रियताको भावना कमजोर भएमा देशका सीमाहरू मिचिन सक्छन् । राष्ट्र रहेन भने हामी नेपाली भएर बाँच्न पाउँदैनौं । त्यसैले सबैमा राष्ट्रियताको भावना जगाई सीमा सुरक्षा बलियो बनाउनुपर्छ । सरकारले त्यसका लागि पनि कुटनीतिक पहल गरी समस्याको समाधान गर्नु जरुरी छ ।

(ग) आत्मसम्मान/स्वाभिमान

नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य राष्ट्र हो । नेपालीहरूले अङ्ग्रेजहरू र खासगरी साम्राज्यवादीहरूसँग नझुकी आफ्नो बहादुरी देखाएका छन् । भीमसेन थापा साम्राज्यवादीका कट्टर विरोधी थिए । उनले साम्राज्यवादका विरुद्धमा आवाज उठाएका थिए । नेपालीहरू स्वभावैले पनि आत्मसम्मान चाहन्छन् । त्यसका लागि कसैको प्रलोभनमा फस्दैनन् । यो हाम्रो गौरवमय इतिहास भइसकेको छ । नालापानीको युद्धमा बलभद्र कुँवरले देखाएको वीरता, मलाउँको किल्लामा भक्ति थापाले देखाएको वीरता र अमरसिंह थापालगायत अन्य नेपाली वीर वीराङ्गनाले देखाएको वीरताबाट नेपालीहरूमा आत्मसम्मानको भावना उच्च रहेको प्रस्ट हुन्छ । आत्मसम्मान र स्वाभिमान नेपालीहरूको गौरव हो । विदेशीहरूले नेपाली वीरहरूलाई विभिन्न किसिमका प्रलोभनहरू देखाउँदा पनि त्यस्ता प्रलोभनको वास्ता नगरी साम्राज्यवादीहरूसँग वीरतापूर्वक लडेको इतिहास हाम्रो सामु छ । हामीले यसबाट के सिक्नुपर्छ भने नेपालीहरू स्वाभिमानी हुनुपर्छ । हामी कसैको प्रलोभनमा फस्नुहुँदैन । राष्ट्रका लागि आफ्नो बलिदान दिन पनि तयार हुनुपर्छ । हामी कसैका सामु झुक्नुहुँदैन । हाम्रो पुर्खाको वीरतालाई हामीले सम्मान गरी सोहीअनुरूपको आचरण देखाउनुपर्छ । यसमा नै हाम्रो महानता छ । नेपाललाई बचाइराख्नु हामी सबैको कर्तव्य हो ।

क्रियाकलाप

१. नेपालको दक्षिणतर्फका सीमाहरूमा किन आपराधिक गतिविधि बढी हुने गरेका छन् ? त्यसका कारणहरू सूचीबद्ध गर्नुहोस् ।

२. यदि तपाईंलाई परराष्ट्र मन्त्री बनाइयो भने ती मिचिएका सीमाहरूसम्बन्धी समस्या कसरी हल गर्नुहुन्छ ? बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

३. "नेपालीहरू स्वाभिमान र आत्मसम्मानका साथ बाँच्न चाहन्छन् ।" यस भनाइलाई ऐतिहासिक तथ्यहरूका आधारमा पुष्टि गर्नुहोस् ।

४. नेपालको राष्ट्रियता माथि कसैले आक्रमण गर्न खोजेमा हामीले केकस्ता कार्यहरू गर्नुपर्ला ? समूहमा छलफल गरी लेख्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा साँध सिमाना मिचिएको विषयमा विवाद उत्पन्न भएको हुन सक्छ, त्यसको खोजी गरी त्यस्ता विवादास्पद विषयको समाधानका लागि केकस्ता प्रयासहरू गर्नुपर्ला ? उल्लेख गर्दै कुनै पत्रिकाका लागि समाचारको नमुना तयार गर्नुहोस् ।

सारांश

यस एकाइमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौँ :

* निर्वाचनमा भाग लिँदा वा उम्मेदवार हुँदा आफूले गर्ने कामको तालिका बनाउन, कार्ययोजना बनाउन तथा वृत्तचित्र बनाउन,
* कार्यपालिकाको परिचय दिन र काम उल्लेख गर्न,
* न्यायपालिकाको कार्यविधि सम्बन्धमा छलफल गर्न,
* संवैधानिक अङ्गहरूको विवरण तयार गर्न,
* मतदानको प्रक्रिया सम्बन्धमा छलफल गर्न,
* निर्वाचनमा प्रत्येक नागरिकले खेल्नुपर्ने भूमिका सम्बन्धमा संवाद बनाई अभिनय गर्न,
* राष्ट्रिय सरोकारका विषयहरू (अखण्डता, सीमा सुरक्षा, सीमा अतिक्रमण विरुद्ध) मा आवाज उठाउन,
* आत्मसम्मान र स्वाभिमानको भावना विकास गर्न र सोअनुरूप आचरण गर्न,
* राष्ट्रियताको भावनाले ओतप्रोत हुन र सोअनुरूपको व्यवहार गर्न ।

एकाइ
६

हामो पृथ्वी

यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौं :

* विश्वका हावापानीका प्रकारहरू
* धरातलीय विविधताबाट विश्वको जनजीवनमा पर्ने असर
* उत्तर र दक्षिण अमेरिका एवम् अफ्रिका महाद्वीपहरूको प्राकृतिक, सामाजिक र आर्थिक क्रियाकलाप तथा सामाजिक जनजीवन
* भूकम्प, यसको कारण, असर र सुरक्षाका उपाय
* दिइएको विश्वको नक्सामा विभिन्न तथ्यहरू भर्ने
* विभिन्न तरिका अपनाई नेपालको नक्सा उतार्ने र प्रमुख तथ्यहरू भर्ने

१. हावापानी र प्राकृतिक वनस्पति



गर्मी ठाउँको मानिस

जाडो ठाउँको बालक

हावापानीले मानिसको सम्पूर्ण जीवनपद्धतिमा प्रभाव पार्दछ । हावापानी एक ठूलो क्षेत्रमा प्रायः एकैनासको पाइन्छ । दक्षिण एसियामा पाइने हावापानी प्रायः एकैनासको मौसमी हावापानी हो । एउटै हावापानी पाइने ठूलो क्षेत्रलाई हावापानीको प्रदेश भनिन्छ । विभिन्न किसिमका हावापानीका क्षेत्रहरूमा हावापानीको स्वरूपअनुसार भिन्नभिन्न प्रकारका प्राकृतिक वनस्पतिहरू पाइन्छन् । सोलुखुम्बुमा नरिवल खेती हुँदैन भने तराईमा लालीगुराँस पाइँदैन । संसारका सबै ठाउँमा हावापानीले प्राकृतिक वनस्पतिको स्वरूपलाई नियन्त्रण गरेको पाइन्छ । यसैका आधारमा संसारलाई हावापानी र प्राकृतिक वनस्पतिका विभिन्न क्षेत्रहरूमा विभाजन गर्न सकिन्छ । यससम्बन्धी विस्तृत विवरणका लागि एटलस अध्ययन गर्नुहोस् ।

हावापानीमा प्रभाव पार्ने तत्त्वहरू

१. भूमध्यरेखादेखिको दुरी

भूमध्यरेखादेखि जतिजति उत्तर वा दक्षिणतिरको दुरी बढ्दै जान्छ, त्यतित्यति सूर्यको किरण पनि छड्के पर्दै जान्छ । यसरी नै तापक्रम घट्दै जान्छ र हावापानीमा फरक पर्छ । छड्के परेको सूर्यको किरणले बाक्लो वायुमण्डलको सतह पार गर्नुपर्ने र यो ठूलो क्षेत्रमा फैलने हुँदा पनि तापक्रम कम हुन गएको हो ।

२. सामुद्रिक दुरी

सामान्यतया समुद्र नजिकका ठाउँहरूमा गर्मी याममा धेरै गर्मी र जाडोमा धेरै जाडो हुँदैन । त्यहाँ पानी पनि बढी पर्ने हुन्छ र ओसिलो भइरहन्छ । जमिनबाट समुद्रतर्फ वायु वहने भएमा भने यो अवस्था रहँदैन । समुद्रबाट दुरी बढ्दै जाँदा खासगरी महादेशका भित्री भागमा हावापानी विषम (Extreme) हुन्छ । यस्तो स्थानमा गर्मीमा बढी गर्मी हुने, पानी ज्यादै कम पर्ने तथा जाडो याममा अति जाडो हुने गर्दछ ।

३. उचाइ र ढाल

समुद्री सतहदेखि प्रत्येक १६० देखि १६५ मिटरको उचाइमा १° से. का दरले तापक्रम घट्दै जान्छ । यसैले उचाइको भिन्नताअनुसार हावापानीको अवस्था फरक पर्दै जान्छ । नेपालको तराई र हिमाली खण्डमा हावापानी फरक परेको उचाइले गर्दा नै हो । यस्तै वायु सम्मुख ढालमा बढी पानी



हावापानीका तत्त्वहरू

पर्छ भने विमुख ढालमा कम पानी पर्दछ । यसले तापक्रममा पनि फरक पार्छ । नेपालको दक्षिणी ढाल उत्तरीभन्दा न्यानो हुनुको कारण पनि यही हो ।

क्रियाकलाप

१. हावापानीमा प्रभाव पार्ने तत्त्वहरूको कारणले तापक्रम र वर्षाको असमान वितरण र स्थिति हुने हुँदा विभिन्न प्रकारका हावापानी पाइन्छन् । तलको चार्टले ती हावापानीका किसिमलाई प्रस्ट पार्छ । सो चार्ट राम्ररी हेर्नुहोस् र हावापानीमा प्रभाव पार्ने तत्त्वहरू र हावापानीको सम्बन्ध पत्ता लगाउनुहोस् ।



२. हावापानीको क्षेत्रहरू देखाइएको अनुसूची १ को नक्सा अध्ययन गर्नुहोस् र माथिको चार्टसँग तुलना गर्नुहोस् ।

२. हावापानी र प्राकृतिक वनस्पतिका प्रदेश

खास किसिमको हावापानीमा खास किसिमको वनस्पति हुर्कन्छ । तपाईंले विभिन्न ठाउँको भ्रमण गर्नुभयो भने विभिन्न किसिमका वनस्पतिहरू देख्नुहुने छ । जस्तै भूमध्यरेखीय प्रदेशमा उष्ण आद्र प्रकारको भूमध्यरेखीय हावापानी पाइन्छ । त्यसैले त्यहाँ भूमध्यरेखीय सदाबहार वनस्पति पाइन्छन् । त्यस्तै हावापानीमा आएको परिवर्तन, वातावरणीय ह्रास र मानवीय क्रियाकलापले प्राकृतिक वनस्पतिहरू परिवर्तन भएका छन् तैपनि तपाईंले जलवायुद्वारा संरक्षित अनेक वनस्पति तथा जनावरहरू अझै देख्न सक्नुहुने छ । दिइएको नक्सालाई अघिल्लो पृष्ठको हावापानीको नक्सासँग तुलना गर्नुहोस् ।



विश्वको प्राकृतिक वनस्पतिको प्रदेश

क्रियाकलाप

१. तल प्रत्येक प्राकृतिक वनस्पतिको प्रदेशसँग मेलखाने छोटो बयान लेखिएको छ र केही क्षेत्रका छओटा तस्बिर पनि दिइएको छ । दिइएका कुराहरूलाई राम्ररी अध्ययन गर्नुहोस् र अघिल्लो पृष्ठमा दिइएको नक्सासमेत हेरी तलको तालिका भर्नुहोस् :

प्रदेशको नाम	बयान	संसारमा कहाँकहाँ पाइन्छ ?	यस प्रदेशको हावापानीको विशेषता	दिइएको तस्बिर (दिइएको अक्षर)

केही पामका रूखहरू सहितको ज्यादै स-साना काँढेदार बिरुवाहरू र अग्लाअग्ला क्याक्टसहरू

केही छिटपुट रूखहरूसहितका अग्लाअग्ला घाँसको बिरुवाको पूर्ण घाँसेभूमि

३० मिटरसम्म अग्लाअग्ला विभिन्न प्रकारका रूखहरू

बाक्लो बोक्रा, लामो जरा र मसिनो भुवादार पातसहितको अति गर्मी, सुख्खा याममा बाच्न सक्ने बिरुवाहरू

अति जाडो खप्न सक्ने खालका सल्ला र धुपी जातका रूखहरू

रूखहरू तथा अन्य झाडी

छोटो तर बाक्लो घाँसे मैदान तर रूखहरू नपाइने

सदा हिउँ जमिरहने हुँदा वनस्पति केही नहुने स्थल

छोटो न्यानो ऋतु हुने हुँदा ज्यादै छिटो उम्रेर बढ्ने खालका विभिन्न प्रकारका फूलहरू र रूखहरू नपाइने

उचाइअनुसार सल्ला र धुपी जातका रूखको जङ्गल, टुन्ड्राको वनस्पति वा ध्रुवीय प्रदेशको वातावरण

(क)


(ख)


(ग)

(घ)


(ङ)

(च)


२. (क) विभिन्न प्राकृतिक वनस्पतिका प्रदेश र हावापानीका प्रदेशको प्रसङ्ग दिँदै हावापानीले वनस्पतिको स्वरूपमा कसरी नियन्त्रण गरेको छ ? लेख्नुहोस् ।

(ख) विभिन्न हावापानीको स्वरूप फरक परेअनुसार वनस्पतिका विशेषताहरू पनि फरक पर्दछन् । बिरुवाले आफूलाई हावापानीअनुकूल पार्न के गरेका हुन्छन् ? उदाहरणसहित लेख्नुहोस् ।

३. उष्ण प्रदेश

भूमध्यरेखादेखि लगभग ३०° अक्षांशसम्म दुवै गोलार्द्धमा उष्णप्रदेश पर्दछ । यहाँ सूर्यको किरण प्राय: सीधा परिरहने भएकाले धेरैजसो समय गर्मी हुन्छ तर यो प्रदेशमा वर्षाको अवस्था भने ठाउँ र समय हेरी फरकफरक रहन्छ । तापक्रम र वर्षाको अवस्थाको आधारमा यो प्रदेशलाई निम्नलिखित हावापानी र वनस्पतिको क्षेत्रमा बाँड्न सकिन्छ ।

१. भूमध्यरेखीय क्षेत्र



जङ्गल

करिब ५° उत्तर र दक्षिणको भूमध्यरेखीय क्षेत्रमा सूर्यको किरण लम्ब रूपले परिरहने भएकाले त्यहाँ वर्षभरि गर्मी हुन्छ । गर्मीको कारण प्राय: सतहको वायु तातिएर हलुका भई जलवाष्पसहित माथि जान्छ र प्रत्येक दिनको अपराह्नमा घनघोर वर्षा हुन्छ । यस प्रदेशमा ऋतुको अदलबदल हुँदैन र दिन र रातको लम्बाइमा पनि खास अन्तर हुँदैन । वर्षभरि गर्मी र ओसिलो हुने हुँदा यहाँको वातावरण बोट विरुवाको वृद्धिका निम्ति ज्यादै नै अनुकूल हुन्छ । यसैले यहाँ सयौँ जातका रूखहरू पाइन्छन् । यो क्षेत्र जैविक विविधताले भरिपूर्ण छ । संसारमा पाइने प्राणीहरूमध्ये करिब ९०% यही क्षेत्रमा पाइन्छन् ।

२. उष्ण मरुस्थलीय क्षेत्र

पृथ्वीको दुवै गोलार्धमा करिब २०° देखि ३०° अक्षांशको बीचमा महादेशहरूको मध्य र पश्चिमी खण्डमा सामान्यतया सधैँ अतिगर्मी र सुख्खा हुन्छ । त्यसैले यो प्रदेश मरुभूमि हुन पुगेको छ । सहारा, अटाकामा, पश्चिमी अस्ट्रेलिया, कालाहारीजस्ता ठूला मरुभूमिहरू यही क्षेत्रमा पर्दछन् । यहाँ दिउँसो ज्यादै गर्मी हुन्छ र तापक्रम ४०° - ४५° से.सम्म पुग्छ । कतिपय भूभागहरू वनस्पतिविहीन नाङ्गा चट्टानले ढाकिएका छन् । मैदानमा काँढेदार क्याक्टसका बिरुवाहरू यत्रतत्र देखिन्छन् । चराहरू क्याक्टसभित्र बस्दछन् । मरुभूमिमा पाइने फ्याउरा (Fox) हरूले स-साना जनावर खाँदा उनीहरूको रगतबाट तरल पदार्थ प्राप्त गर्छन् । बिरुवाका रसले नै उनीहरूलाई पुग्छ र दिउँसो दुलाभित्र बस्छन् । यिनीहरू राति बाहिर निस्कन्छन् ।



उष्ण मरुस्थलीय क्षेत्रमा पाइने जनावरहरू

३. उष्ण तृणभूमिको क्षेत्र

करिब ५° देखि २०° उत्तरी र दक्षिणी अक्षांशको बीचमा अफ्रिका महादेशमा पाइने विस्तृत घाँसेभूमिलाई सभाना भनिन्छ तर दक्षिणी अमेरिका र अस्ट्रेलियामा पाइने उष्ण तृणभूमिलाई पनि यही शब्दले जनाउँछ । यहाँ ग्रीष्म र हिउँद गरी दुई ऋतुहरू हुन्छन् । ग्रीष्ममा ज्यादै गर्मी हुन्छ र पानी पनि पर्छ । हिउँदमा न्यानो र सुख्खा हुन्छ । ग्रीष्मयाममा वर्षा हुने भए पनि धेरै लामो समयसम्म वर्षा हुँदैन । धेरै ठूला रूखका निम्ति पानी पर्याप्त नहुने हुनाले यहाँ घाँसैघाँसमात्र पाइन्छ तर छिटपुट रूपमा रूखहरू पनि हुन्छन् । घाँस तथा रूख दुवैका जराहरू लामा हुन्छन् भने सुख्खा अवस्थाबाट बच्न यहाँका केही रूखहरूको फेद फुलेको हुन्छ । यही भागमा रूखहरूले



सभाना प्रदेशका रूखहरू

पानी जम्मा गरिराखेका हुन्छन् । यहाँका रूखहरू छत्राकार हुन्छन् । अफ्रिका महादेशको यो विशाल तृणभूमिमा हजारौँ प्रकारका जङ्गली जनावरहरू पाइन्छन् । जेब्रा, जिराफ, गैँडा, विभिन्न प्रकारका सिंह तथा चित्तलजस्ता मांसाहारी, तृणाहारी जनावरहरू यहाँ पाइने हुँदा यस क्षेत्रलाई संसारको चिडियाखाना (Zoo of the World) पनि भनिन्छ ।

४. उष्ण मौसमी क्षेत्र

भूमध्यरेखाको ५° देखि लगभग ३०° उत्तर र दक्षिण महादेशको दक्षिण र पूर्वी भागमा पाइने हावापानी मौसमी हावापानी हो । ग्रीष्ममा गर्मी र वर्षा, हिउँदमा ठन्डा र शुष्क यहाँको हावापानीको विशेषता हो । पतझर प्रकारको जङ्गल यहाँको मुख्य वनस्पति हो । यहाँका अधिकांश रूखका पात हिउँदमा झर्छन् । यहाँ बाघ, भालु, गैँडा, हात्ती, मृग आदि जङ्गली जनावरहरू पाइन्छन् । पानी बढी पर्ने र गर्मी हुने ठाउँमा सदाबहार जङ्गल पनि पाइन्छ ।

क्रियाकलाप



१. अघिल्लो पाठमा दिइएका नक्साहरू राम्ररी हेर्नुहोस् र विश्वमा भूमध्यरेखीय घना जङ्गलले ढाकिएका तीन ओटा महादेशमा पर्ने एकएकओटा देशहरूको नाम लेख्नुहोस् ।

२. दिइएको तस्बिर हेर्नुहोस् । दक्षिण अमेरिकाको अमेजनको जङ्गल पैँसट्ठी लाख वर्गकिलोमिटरमा फैलिएको छ तापनि यो तीव्ररूपमा मासिँदै गएको छ ।

(क) संसारमा जनसङ्ख्या बढ्दै गएकाले मानिसलाई धेरै खाद्यपदार्थ, बस्ने ठाउँ, खनिजहरू, काठदाउरा आदि चाहिन्छन् । यस अवस्थामा भूमध्यरेखीय जङ्गल मासेर जमिनलाई उपयोग गर्दा के हुन्छ ? छलफल गर्नुहोस् ।

(ख) प्राकृतिक वनस्पति (जङ्गल) मास्दा त्यसले वातावरणीय र जैविक विविधतामा कस्तो असर पार्छ, बुँदा टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. विश्वको नक्सा ट्रेस गरी तल दिइएका मरुभूमिहरूको क्षेत्र देखाउनुहोस् :

(क) कालाहारी मरुभूमि (द. अफ्रिका) (ख) सहारा मरुभूमि (उ. अफ्रिका), (ग) मरुभूमि (द. अमेरिका) (घ) अरेबियाको मरुभूमि (मध्यपूर्व), (ङ) थार मरुभूमि (भारत), (च) अस्ट्रेलियाको मरुभूमि (अस्ट्रेलिया) (छ) एसियाको मध्यभागको गोवी मरुभूमि

४. उत्तरी गोलार्धको सभाना प्रदेशमा पर्ने एक ठाउँको तापक्रम र वर्षाको अवस्था देखाइएको तलको तालिका हेर्नुहोस् । यसलाई रेखाचित्र (Line Graph) मा देखाउनुहोस् । यो हावापानीका विशेषताहरूको व्याख्या गर्नुहोस् ।

महिना -	जनवरी	फरवरी	मार्च	अप्रिल	मे	जुन	जुलाई	अगस्ट	सेप्टेम्बर	अक्टुबर	नोभेम्बर	डिसेम्बर
तापक्रम(°से.)	२२	२८	३४	३२	३१	२८	२७	२६	२८	२८	२६	२४
वर्षा (मि.मि.)	०	०	०	१०	८०	१४०	२००	३००	१००	१०	०	०

५. (क) उष्ण मौसमी प्रकारको हावापानी खेतीपातीका निम्ति अनुकूल छ, कसरी ? कक्षामा छलफल गर्नुहोस् ।

(ख) मौसमी क्षेत्रको प्रसङ्ग दिएर हावापानी र वनस्पतिको सम्बन्ध प्रस्ट्याउनुहोस् । नेपाल मौसमी क्षेत्रको देश हो तर हिमाली भाग र तराईको वनस्पतिमा ठूलो अन्तर छ, किन ?

४. उष्ण प्रादेशिक जनजीवन

१. भूमध्यरेखीय क्षेत्र

भूमध्यरेखीय सदाबहार घना जङ्गलका क्षेत्रमा धेरै पहिलेदेखि नै मानिसहरू बसोबास गर्दै आइरहेका छन् । यी क्षेत्रमा मानिसको जीवनशैली प्रारम्भिक प्रकारको छ । उनीहरूको शरीरको बनोट गर्मी र ओसिलो हावापानी तथा घना जङ्गलको वातावरणसँग मिल्ने खालको छ । यिनीहरू कन्दमूल जम्मा गर्नमा र धनुवाण प्रयोग गरी सिकार खेल्न सिपालु हुन्छन् । कुनैकुनै जातिहरूले जङ्गलका ठाउँठाउँमा केही मात्रामा खेतीपाती गरेका पनि पाइन्छन् । खासगरी अमेजन र जायरबेँसीमा यस्ता मान्छेहरू छन् । दक्षिण पूर्वीद्वीप समूहमा भने मानवसभ्यताको ठूलो विकास भएको पाइन्छ । यसो हुनुको मूल कारण युरोपेली प्रभाव र त्यहाँको मानिसको परिश्रम र विकासप्रेमी विचार हो । इन्डोनेसिया, मलेसिया र सिङ्गापुर यसका उदाहरण हुन् ।


आरक्षण केन्द्रको पाल (सभाना)

२. उष्ण प्रादेशिक तृणभूमि (सभाना)

यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जीवनशैली आधुनिक प्रकारको छैन । कतिपय जातिहरू फिरन्ते छन् र आफ्ना घरपालुवा गाई, बाख्राजस्ता जनावर लिई घाँस र पानीको खोजी गर्दै एक ठाउँदेखि अर्को ठाउँ घुम्दै हिँड्दछन् । केही जातिहरू खेतीपाती पनि गर्दछन् । केन्या, तान्जानिया र युगान्डाका मसाई (Masai) जाति र नाइजेरियाका हाउसा (Hausa) जातिका जीवनशैली यसका उदाहरण हुन् ।

आजकल सभाना प्रदेशमा नेपालको चितवन राष्ट्रिय निकुञ्ज जस्तै थुप्रै वन्यजन्तु आरक्षण केन्द्रहरू र निकुञ्जहरूको स्थापना गरिएको छ । यहाँ हजारौँ सङ्ख्यामा पर्यटकहरू जाने गर्दछन् । कतिपय फिल्महरूको सुटिङ पनि यी क्षेत्रहरूमा हुने गर्दछ । ठाउँठाउँमा आधुनिक प्रकारको खेतीपाती पनि गर्न थालिएको छ । यहाँ चिया, कफी, केरा आदि नगदे बालीहरू पनि उत्पादन हुन्छन् । यस क्षेत्रको विकासको सम्भावना ज्यादै ठूलो देखिएको छ । अस्ट्रेलिया र दक्षिण अमेरिकाको तृणभूमि प्रदेशमा पनि ठूलो मात्रामा गाईवस्तु पालिन्छन् ।

३. उष्ण मरुस्थलीय क्षेत्र

संसारको कुल जनसङ्ख्याको ५ % जनसङ्ख्या मरुभूमि प्रदेशमा बसोबास गर्दछ । मरुभूमिका कुनैकुनै बासिन्दाहरू फिरन्ते (Nomads) हुन्छन् र पालमा बस्दछन् । यिनीहरू आफ्नो व्यवसायको सिलसिलामा एक ठाउँदेखि अर्को ठाउँमा हिँडिरहन्छन् । कतिपय मानिसहरू स्थायी रूपमा नै कुनै एक ठाउँमा बसोबास गर्छन् । मैदानमा बस्ने बासिन्दाहरूले स्थायी रूपमा बसोबास गरेको पाइन्छ । ऊँट नै यी मानिसको यातायातको मुख्य साधन हो । ऊँटबाट मानिसले दूध, मासु, ऊन, छाला र हाड प्राप्त गर्छन् । अतः ऊँट ज्यादै नै उपयोगी **जनावर हो । ऊँटलाई**


उष्णमरुस्थलीय प्रदेशमा ऊँट

मरुभूमिको जहाज (Ship of the desert) पनि भनिन्छ । मरुद्यान (Oasis) क्षेत्रहरू बसोबास र खेतीपातीको हिसाबले महत्त्वपूर्ण छन् ।

४. उष्ण मौसमी क्षेत्र

मौसमी प्रदेशको हावापानी खेतीपातीका निम्ति ज्यादै अनुकूल भएको हुँदा यस क्षेत्रका सबैजसो मुलुकहरू कृषिप्रधान छन् । आवादी ज्यादै बाक्लो छ । धान, गहुँजस्ता खाद्यवाली र चिया, कफी, सुर्ती, उखु आदि नगदेबाली लगाइन्छन् । उद्योग व्यापारको पनि राम्रो विकास भएको छ । सिन्धुघाँटी सभ्यता, हवाङ्हो सभ्यताजस्ता पुराना मानवीय सभ्यताको विकास भएको यो क्षेत्र संस्कृतिले ज्यादै धनी छ । यसलाई पूर्वीय संस्कृति भनिन्छ । आजकल पश्चिमी संस्कृतिप्रति केही व्यक्तिको आकर्षण बढे पनि हामी यही पूर्वीय संस्कृतिलाई जोगाई यसै अनुकूल चल्नुमा हाम्रो कल्याण छ । तीव्र रूपमा बढेको जनसङ्ख्यालाई नियन्त्रण गर्नु पनि यस क्षेत्रका लागि आवश्यक कुरा हो ।

क्रियाकलाप

१. भूमध्यरेखीय क्षेत्रमा पर्ने पूर्वीद्वीप समूहका मानिस र अमेजनको जङ्गलमा बस्ने मानिसको जीवनशैलीको तुलना गर्नुहोस् । एउटै हावापानीको क्षेत्रमा बसोबास गर्ने भएर पनि मानिसको जीवनशैली किन फरकफरक हुन्छ ? कक्षामा छलफल गरी एक अनुच्छेद लेख्नुहोस् ।

२. तलको अनुच्छेदमा दिइएका बाकसका शब्दहरू खाली ठाउँमा भरी आफ्नो अभ्यास पुस्तिकामा सार्नुहोस् :

पानी, दूध तथा मासु, ओएसिस, घरायसी प्रयोग, मरुभूमि, पेटको थैलो, पामका रूखहरू, खुट्टा, आँखीभौं

मरुभूमि प्रदेशमा कतैकतै ..... उपलब्ध हुन्छ त्यस्तो ठाउँमा मानिसको जीवन सम्भव हुन्छ । सधैं पानी उपलब्ध हुने यस्ता ठाउँहरूलाई ..... भनिन्छ र यहाँ ..... उम्रन्छन् । स्थानीयस्तरमा तिनलाई ..... का निम्ति प्रयोग गरिन्छ र फल चाहिँ एक प्रकारले नगदेबाली नै हो भने पनि हुन्छ । ऊँट अति महत्त्वपूर्ण जनावर हो । यो बालुवा तथा कडा चट्टानी क्षेत्रमा सजिलै हिँड्न सक्छ किनकि यसको ..... बालुवामा भासिँदैन । .....मा चल्ने बालुवाको हुरीबतासबाट पनि उसको आँखा जोगिन्छ किनकि यसको ..... बाक्लो हुन्छ । यो जनावर धेरै टाढाटाढासम्म सजिलै हिँड्न सक्छ किनकि यसले आफ्नो ..... मा धेरै पानी बोक्छ । ऊँटबाट .....पनि प्राप्त हुन्छ । मालसामान ओसारपसार गर्न यसको प्रयोग गरिन्छ ।

३. सभाना प्रदेशमा बसोबास गर्ने मानिसको जीवनशैली प्रारम्भिक प्रकारको छ तर यस क्षेत्रमा विकासको ज्यादै ठूलो सम्भावना देखिन्छ भन्ने बारेमा कक्षामा छलफल गर्नुहोस् र यसबारे एक अनुच्छेद लेख्नुहोस् ।

४. विकास नभएका नेपालका दुर्गम ठाउँहरूमा विकासका सम्भावनाहरू प्रशस्त छन् । यसबारेमा तपाईंको आफ्नो राय के छ ? लेख्नुहोस् ।

५. मौसमी क्षेत्रमा जनआवादी ज्यादै बाक्लो छ । भारत, बङ्गलादेश, जापान, चीन, नेपाल आदि यसका उदाहरण हुन् । यहाँ आवादीको ज्यादै बाक्लो हुनाका कारणहरू पत्ता लगाउनुहोस् ।

६. संसारको रेखाङ्कित मानचित्रमा भूमध्यरेखीय क्षेत्र, उष्ण मरुस्थलीय क्षेत्र, सभाना क्षेत्र र उष्ण मौसमी क्षेत्रहरूलाई उपयुक्त रङ वा अन्य सङ्केतको प्रयोग गरी देखाउनुहोस् । प्रत्येक क्षेत्रमा पर्ने मुख्य दुईदुईओटा देशहरू कुनकुन हुन् पत्ता लगाउनुहोस् ।

५. अर्धोष्ण प्रदेश

लगभग ३०° देखि ६०° अक्षांशको बीचमा दुवै गोलार्धमा अर्धोष्ण प्रदेश पर्दछ । यहाँ न त धेरै गर्मी हुन्छ न त धेरै जाडो नै हुन्छ । यहाँ पर्याप्त वर्षा हुन्छ । त्यसैले यो प्रदेश खेतीपाती र बसोवासका निम्ति अति उपयोगी छ । विभिन्न प्रकारका खाद्यान्न र नगदे वालीहरू उत्पादन गरिन्छ र विभिन्न प्रकारका घरपालुवा जीवजन्तुबाट मानिसले धेरै फाइदा लिएका छन् । बसोवासका हिसाबले यो प्रदेश ज्यादै उपयुक्त भएकाले प्राकृतिक वनस्पतिको धेरैजसो भाग फँडानी भई नष्ट भइसकेको छ । विश्वको अधिकतम जनसङ्ख्या यही क्षेत्रमा छ र ठूलाठूला आधुनिक सहरहरू पनि अवस्थित छन् । यस प्रदेशमा हावापानी र प्राकृतिक वनस्पतिको हिसाबले धेरै नै विविधताहरू छन् र यस प्रदेशका निम्नलिखित क्षेत्रहरूलाई यहाँ मुख्य रूपमा उल्लेख गरिएको छ :


भूमध्यसागरीय बुट्यान

१. भूमध्यसागरीय क्षेत्र

यहाँ ग्रीष्ममा गर्मी र सुख्खा हुन्छ भने हिउँदमा न्यानो र वर्षा हुन्छ । ग्रीष्मको औसत तापक्रम २१° से. र हिउँदको १०° से जति हुन्छ । वार्षिक वर्षा ठाउँ हेरी ५० से.मि. देखि १०० से.मि. हुन्छ । ग्रीष्ममा सुख्खा वाणिज्य वायुको प्रभावले गर्दा पानी पर्दैन तर हिउँदमा समुद्रबाट वहने पश्चिमी वायुले पानी पार्छ । भूमध्यसागर वरिपरिका युरोपका मुलुकहरू, दक्षिण अमेरिकाको मध्य चिली, संयुक्त राज्य अमेरिकाको क्यालिफोर्निया क्षेत्र, अस्ट्रेलियाको दक्षिणी र दक्षिणपश्चिमी क्षेत्रमा यो हावापानी पाइन्छ । हिउँदमा पानी पर्ने हुँदा गर्मीको सुख्खापनबाट बच्न यहाँका रूखहरूका जरा लामा हुने, बोक्रा बाक्लो हुने, सानो र चिप्लो पात हुने गर्दछ । झाडी, बुट्यान तथा रूखहरू हेर्दा यहाँको वनस्पतिको स्वरूप अरू प्रदेशको भन्दा बेग्लै खालको देखिन्छ ।

२. समशीतोष्ण तृणभूमिको क्षेत्र

महादेशको भित्री भागमा ग्रीष्ममा गर्मी २५° से. र जाडोमा अतिजाडो ०° से. हुन्छ । वार्षिक वर्षा ठाउँअनुसार ४० से.मि. देखि ७५ से.मि.सम्म हुन्छ । ठूलाठूला रूखहरू बढ्न पानी नपुग्ने हुँदा यहाँ प्रशस्त घाँसैघाँस उम्रन्छ । माटो अति नै उर्वर छ किनकि कुहिएको घाँस झारपातले माटोमा उब्जनी शक्ति बढाउँछ । उत्तर अमेरिकामा यसलाई प्रेरिज (Prairies), युरोप, एसियामा स्टेप (Steppe), अर्जेन्टिनामा पम्पास (Pampas) र अस्ट्रेलियामा डाउन्स (Downs) भन्दछन् । एसियाको मध्यभागमा यस्तो मरुभूमि छ । उष्णमरुभूमिमा भन्दा तापक्रम कम हुन्छ तर अन्य प्राकृतिक अवस्था भने समान छन् ।


तृणक्षेत्रीय रूख

३. समशीतोष्ण सामुद्रिक क्षेत्र

पश्चिमी युरोप तथा उत्तर अमेरिकाको सेन्ट लरेन्स क्षेत्रको हावापानी मानवीय स्वास्थ्यका निम्ति अति उपयोगी मानिन्छ । यहाँ ग्रीष्मयाममा न्यानो (२०° से.) र हिउँदमा ठन्डा (०°से.) हुन्छ । सामुद्रिक प्रभाव भएकाले वार्षिक तापान्तर ज्यादै कम रहेको हुन्छ । यहाँ सालैभर पानी परिरहन्छ । पश्चिमी वायु र समशीतोष्ण आँधीबेहरीले पानी पार्छ । प्राकृतिक वनस्पति पतझर प्रकारको हुन्छ ।


सामुद्रिक वनस्पति

४. **समशीतोष्ण मौसमी प्रदेश**

एसिया महादेशको पूर्वी खण्ड (चीन, जापान, कोरिया) अस्ट्रेलियाको दक्षिण पूर्व खण्ड, युएसएको दक्षिणपूर्व खण्डमा समशीतोष्ण मौसमी हावापानी पाइन्छ । यो हावापानीको ठूलो क्षेत्र पूर्वी चीन भएकाले यसलाई चिनियाँ प्रकारको हावापानी (China type of climate) पनि भनिन्छ । ग्रीष्ममा सरदर तापक्रम २५° से र हिउँदमा १२° से हुन्छ । मौसमी वायुबाट ठाउँ हेरी ७५ सेमिदेखि १५० सेमि वर्षा हुन्छ । यहाँ पतझर जङ्गल पाइन्छ ।

क्रियाकलाप

१. पाठको आधारमा तलको नक्सामा देखाइएका क्षेत्रहरूसँग सम्बन्धित विवरण तयार गर्नुहोस् :





२. खाली ठाउँ भरी अनुच्छेद पूरा गरेर आफ्नो अभ्यास पुस्तिकामा सार्नुहोस् । समशीतोष्ण प्रदेश भूमध्यरेखाको ..... (उत्तरी/दक्षिणी/उत्तरी र दक्षिणी दुवैतर्फ) अवस्थित छ । रोम ..... (रुस / इटली) मा पर्दछ र यहाँ भूमध्यसागरीय हावापानी पाइन्छ । यहाँ ..... (हिउँद/ग्रीष्म) मा ज्यादै थोरै पानी पर्छ र औसत तापक्रम ..... (२५° से./३५° से.) जति हुन्छ । हिउँदमा तापक्रम घट्छ र ..... (७° से./-७° से.) सम्म पुग्छ । रमणीय हावापानी पाइने ठाउँ ..... (उत्तरी अस्ट्रेलिया/दक्षिणी अस्ट्रेलिया/दक्षिणी अफ्रिका) पनि हो । भूमध्यरेखादेखि अझ टाढाको ठाउँहरूमा ठन्डा हुन्छ र ..... (समुद्र/ध्रुव) देखि नजिकका ठाउँहरूमा मध्यम वर्षा हुन्छ । पेरिसमा ..... (२०० मि. मि./६००) मि.मि पानी पर्छ । यहाँ औसत तापान्तर ..... (२° से./१५° से) पाइन्छ । रुसको ओडिसामा भने औसत तापान्तर (१५°/२७° से.) जति हुन्छ । मध्य एसियामा पाइने घाँसेभूमिलाई स्टेप्स (Steppes) भनिन्छ । यो इरान, उज्बेकिस्तान, कजाकस्तान, मङ्गोलिया र चीनको केही खण्डमा फैलिएको छ । यस्तै घाँसेभूमि ..... (मेक्सिको/संयुक्त राज्य अमेरिका) को मध्य भागमा पनि पाइन्छ र यहाँ यसलाई प्रेरिज (Prairies) भनिन्छ । यो ..... (अति जाडो/अति सुख्खा) भएको हुँदा रूखहरू उम्रदैनन् तर ..... (गहुँ / धान) को उत्पादनका निम्ति भने वातावरण ज्यादै अनुकूल छ । यहाँ पाइने धेरैजसो जङ्गली जनावरहरूको सङ्ख्या ज्यादै कम भइसकेको छ तर गाईवस्तु, घोडाहरू, बाखा, भेडा, ऊँट, चौँरीगाईहरू भने पर्याप्त मात्रामा पालिन्छन् ।

३. संसारको नक्सामा भूमध्य सागरीय क्षेत्र, समशीतोष्ण तृणभूमिको क्षेत्र र समशीतोष्ण सामुद्रिक क्षेत्र देखाउनुहोस् । भूमध्य सागरीय र समशीतोष्ण सामुद्रिक हावापानीको तुलना गर्नुहोस् ।

६. अर्धोष्ण प्रदेशीय जनजीवन

यो प्रदेश संसारको ज्यादै विकसित प्रदेश हो । उत्तर अमेरिकाको युएसए युरोपका सबै विकसित मुलुकहरू, एसियाका चीन, जापान, कोरिया, अष्ट्रेलियाको विकसित खण्ड यही प्रदेशमा पदर्छन् । उत्तर पश्चिम युरोप, दक्षिण पूर्व क्यानडा र पूर्वी तथा उत्तर पूर्वी यु.एस.ए. आधुनिकताको हिसाबले ज्यादै अगाडि छन् । ठूलठूला कलकारखानाहरू, विकसित यातायात र सञ्चारका साधनहरू, शिक्षा स्वास्थ्यका उच्चतम सुविधाहरू यी क्षेत्रमा उपलब्ध छन् । मानिसको बसोबास ज्यादै नै बाक्लो र मानव सभ्यताको आधुनिकतम स्वरूप यहीं देख्न पाइन्छ । अर्धोष्ण प्रदेशका अन्य क्षेत्रहरूमा समशीतोष्ण तृणभूमिका भागहरू उल्लेखनीय छन् । यी घाँसे मैदानहरूमा पशुपालन र गहुँ खेती गरिन्छ । अत यो खण्डलाई संसारको अन्न भण्डार (granary of the world) भन्ने गरिएको हो । पशुपालनबाट मासु र दूध प्राप्त हुन्छ । आधुनिक मेसिन र प्रविधिको प्रयोग गरी पशुपालन र गहुँ खेती गरिने हुँदा आर्थिक हिसाबले यी क्रियाकलापहरू ज्यादै महत्त्वपूर्ण छन् । भूमध्यसागरीय क्षेत्रमा अङ्गुरलगायत अन्य रसिला फलफूलहरूको उत्पादन हुन्छ । यहाँ हिउँदमा पानी पर्ने हुनाले फलफूल खेती भएको हो । अङ्गुरबाट विभिन्न प्रकारका वाइन (wines) उत्पादन हुन्छन् र यी कार्य आर्थिक हिसाबले ज्यादै महत्त्वपूर्ण छन् । फ्रान्स, इटाली, ग्रीस, स्पेन जस्ता देशहरूले करोडौँ रुपियाँ बराबरको वाइन निर्यात गर्दछन् । यो क्षेत्रको आवादी पनि ज्यादै बाक्लो छ र उद्योग व्यापार विकसित छ । युएसएको क्यालिफोर्निया क्षेत्र पनि यी कार्यमा अगाडि छ र यहाँ फिल्म उद्योग (film industry) को पनि ठूलो विकास भएको पाइन्छ । समशीतोष्ण मरुस्थलीय क्षेत्रमा आवादी ज्यादै कम छ । जनजीवन कठिन छ । आर्थिक क्रियाकलापहरू ज्यादै सीमित र प्रारम्भिक प्रकारका छन् ।



पशुपालन

क्रियाकलाप

१. तल दिइएका वाक्यांशहरू पढ्नुहोस् :

- ८० देखि ८५% अस्ट्रेलियनहरू अस्ट्रेलियाको दक्षिण पूर्वी खण्डमा बस्दछन् ।
- संसारका सरदर चारजना मानिसमध्ये एकजना पूर्वी एसियामा बस्दछ ।
- ७५% भन्दा बढी अमेरिकनहरू सहरमा बस्छन् ।
- युरोप सबभन्दा विकसित महादेश हो ।

यी माथिका तथ्यहरूबारे कक्षामा छलफल गर्नुहोस् र ती वाक्यलाई पुष्टि गर्ने तथ्य र कारणहरूको खोजी गर्नुहोस् ।

२. घाँसे मैदान (Prairies) क्षेत्रमा गहुँ खेती र पशुपालन विकास हुनुको कारणहरूको खोजी गर्नुहोस् । किन अर्जेन्टिनाले मासु र अस्ट्रेलियाले ऊन निर्यात गर्छ ?



३. अनुसूची २ मा दिइएको नक्सा राम्ररी हेर्नुहोस् । अर्धोष्ण प्रदेशमा उद्योग, व्यापार, खेतीपातीबाहेक अर्को एक महत्त्वपूर्ण आर्थिक क्रियाकलाप के हो ? पत्ता लगाउनुहोस् । कुनकुन क्षेत्र, देशहरूमा यो कार्य किन र कसरी विकसित भएको छ ? छलफल गर्नुहोस् र अन्य विभिन्न अध्ययन स्रोतहरूबाट यसबारे बढी जानकारी प्राप्त गर्नुहोस् ।

७. जाडो प्रदेश

सुमेरु र कुमेरु वृत्तबाहिर अर्थात् ध्रुवीय प्रदेशमा सूर्यको किरण ज्यादै छड्के पर्ने हुँदा अत्यन्त जाडो हुन्छ । ती क्षेत्रमा हिउँदभरि सूर्यको प्रकाश पर्दैन र अँध्याराको अँध्यारै भइरहन्छ । समुद्रको पानी जाडोले जम्दछ। दक्षिणी गोलार्धमा भने हिउँले ढाकिएको ठूलो क्षेत्र आन्टार्कटिका महादेश पर्दछ । यस महादेशमा कहींकहीं ४ कि.मि. को गहिराइसम्म बरफ नै जमेको हुन्छ । यहाँ केही पनि उम्रँदैन र कुनै पनि जीवजन्तु पाइँदैनन् तर महादेशको किनारी भागमा भने हजारौं चराहरू तथा अन्य जनावरहरू पाइन्छन् । समुद्री भागमा विभिन्न प्रकारका माछा र चराहरू तथा ह्वेल एवम् सिल माछाहरू हजारौंको सङ्ख्यामा पाइन्छन् । यहाँ पाइने चरामा पेन्गुइन प्रमुख चरा हो ।



स्याटालाइटबाट खिचेको आन्टार्कटिका

पेन्गुइन पौडी खेल्नसमेत सक्ने खालको चरा हो। यसको मसिना प्वाँखले शरीरको ताप बचाउँछ भने पानी शरीरमा पस्न पाउँदैन ।



ह्वेलको जस्तै सिलको शरीरभित्र पनि बाक्लो बोसो हुन्छ जसले उनीहरूको शरीर न्यानो पारिराख्न मद्दत गर्दछ ।

पेन्गुइन चरा र सिल माछा

आन्टार्कटिकामा कोही पनि स्थायी रूपमा बसोवास गर्दैनन् तर आजकल थुप्रै वैज्ञानिकहरू विभिन्न किसिमका अनुसन्धान गर्न त्यहाँ जाने गर्दछन् । केही समयका निम्ति उनीहरूलाई बस्न र खान चाहिने सबै कुराहरू पानीजहाजबाट ल्याइएको हुन्छ ।

उत्तरी ध्रुवीय खण्डमा (टुन्ड्रा) हिउँले जमिन जमेको हुन्छ । ग्रीष्ममा भने तापक्रम केही बढ्ने हुँदा जमिन जम्दैन र विभिन्न प्रकारका बोटबिरुवा र फूलहरू उम्रन्छन् । ग्रिनल्यान्ड, क्यानडा र स्केन्डिनेभिया यो प्रदेशमा पर्दछ । रूसको धेरै भागमा पनि यस्तै हावापानी पाइन्छ । यहाँ स्थायी रूपमा बसोवास गर्ने मानिसहरू छन् । उनीहरूको आफ्नै प्रकारको जीवनशैली छ तर आजकल त्यहाँ आधुनिक सुविधाहरू पुऱ्याइएको हुँदा पुरानो शैली लोप हुँदै छ । त्यहाँ बस्ने जाति इन्युइट (Inuit) हो । क्यानडा र ग्रिनल्यान्डमा बस्ने यो जातिको परम्परागत जीवनशैली विभिन्न प्रकारको हुन्छ । चराको प्वाँख, जनावरको भुवा (Fur) र छालाबाट लगाउने कपडा बनाउँछन् । सिलको छाला मुख्यरूपमा प्रयोग गर्दछन् । घरहरू ढुङ्गाबाट र हिउँदमा बरफका ढिक्काहरूबाट बनाइन्छन् । यस्ता घरलाई इग्लु (Igloo) भनिन्छ । यी अस्थायी वासस्थान हुन् । ग्रीष्म याममा उनीहरू सिलको छालाबाट बनाइएका पालमा बस्ने गर्छन् ।

टुन्ड्राको दक्षिणपट्टि नरम काठको कोणधारी सदाबहार जङ्गल छ । यहाँ पनि अति जाडो हुन्छ । क्यानडामा र एसियाको साइबेरिया क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म नै यो जङ्गल फैलिएको छ । यहाँ यसलाई टायगा (Taiga) भनिन्छ । आर्थिक दृष्टिले यो जङ्गल अति महत्त्वपूर्ण छ । ठूलाठूला कागजका कारखानाहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ यहींबाट प्राप्त हुन्छ । यो प्रदेशमा पनि अति जाडो हुँदा आबादी अत्यन्तै पातलो छ ।

क्रियाकलाप

१. तलका तस्विरहरूले ५० वर्ष अघिका इन्युइट र हालका इन्युइटहरूको अवस्था देखाउँछन् :
(क) तपाईंको विचारमा तिनीहरू के गरिरहेका छन् ? (ख) तिनीहरू के कुराको प्रयोग गरिरहेका छन् ?



२. दिइएको धुपी सल्लो (Pine) जातको रूखको चित्र हेरी तल दिइएका कुराहरू कुनकुन नम्बरको बाकसमा लेख्दा ठीक हुन्छ ? निर्णय गर्नुहोस् र आफ्नो अभ्यास पुस्तिकामा त्यस्तै धुपी सल्लो जातको रूखको चित्र कोरी ती बाकसभित्र उपयुक्त कुराहरू भर्नुहोस् ।

* ज्यादै रूखो, एसिडयुक्त माटो, धेरै समयसम्म जमेर रहने ।
* रूखमुनि अन्य केही नउम्रने, जमिनको सतह जमेको
* सतहमा सीमित जराहरूले पानी सङ्कलन गर्छन् ।
* बाक्लो बोक्रा र पातहरूले रूखलाई जाडोबाट बचाउँछन् ।
* कोणधारी हुनाले र हाँगाहरू लचकदार हुनाले हिउँ पर्दा हिउँ सजिलै तल झर्छ ।
* सियोजस्ता पातले गर्दा रूखबाट धेरै वाष्प उम्कन पाउँदैन ।
* जमिनमा जम्मा हुने पातहरू तुरुन्तै कुहिँदैनन् ।
* कोणधारी रूख हुनाले अरू घाँसपात उम्रँदैनन् ।



३. चित्रमा देखाइएका भुवादार छाला भएका जन्तुहरू सङ्कटमा छन् ? के यिनको संरक्षण जरुरी छ ? यी जीवजन्तुबाट कसरी आर्थिक फाइदा लिन सकिएला ? विचार विमर्श गर्नुहोस् ।

८. उत्तर अमेरिकाको भौगोलिक वातावरण

उत्तरी अमेरिका महादेश पश्चिमी गोलार्धमा पर्दछ । उष्ण मण्डलदेखि शीत मण्डलसम्म फैलिएको यस महादेशको भौगोलिक वातावरणमा ठूलो विविधता छ । प्राकृतिक स्वरूपको हिसाबले यसका ३ भागहरू छन् । अलास्कादेखि पनामासम्म पश्चिमतर्फ विस्तृत पर्वत शृङ्खला छ, जसलाई रकी पर्वत शृङ्खला भनिन्छ । यसमा उत्तर दक्षिण फैलिएका विभिन्न श्रेणीहरू र तिनका विचारमा शुष्क मरुस्थलीय क्षेत्रहरू छन् । महादेशको पूर्वी खण्डमा अपलेचियन पर्वत श्रेणी छ । सेन्टलरेन्स नदीको उत्तरतर्फ लरेन्सियन शिल्ड (Laurentian shield) र दक्षिणमा अप्लेचियन श्रेणी छ । यो भाग पुरानो चट्टानले बनेको थोरै उचाइ भएको क्षेत्र हो । महादेशको मध्य

उत्तर अमेरिकाको प्राकृतिक स्वरूप

भागमा विशाल मैदान छ । दक्षिणतर्फको भागमा मिसिसिपी र मिसौरी नदी बग्दछन् । उत्तरतर्फका नदीहरू उत्तरी सागर र हडसन खाडीतर्फ जान्छन् । ग्रेट लेक (great lake) सुपेरियर मिचिगन र हुरन (Huran) ताल मिली बनेको ज्यादै ठूलो ताल हो ।

उत्तरी अमेरिकाको दक्षिणी खण्ड र मध्य अमेरिकामा हावापानी गर्मी छ । मध्यभागमा शीतोष्ण प्रकारको र उत्तरतर्फ ठन्डा छ । मध्य मैदानी खण्डमा ग्रीष्ममा बढी गर्मी र हिउँदमा धेरै जाडो हुन्छ । क्यानडाको पश्चिमी खण्डमा र सेन्टलरेन्स नदी वरिपरिको क्षेत्रमा वर्षभरि पानी पर्छ । क्यालिफोर्निया क्षेत्रमा हिउँदमा मात्र र युएसएको दक्षिण पूर्वी खण्डमा ग्रीष्ममा पानी पर्छ र खतरनाक आँधी बेहरीको प्रकोप भइरहन्छ । मध्य अमेरिकामा सामान्यतया वर्षभरि पानी पर्छ । युएसएको दक्षिण पश्चिमतर्फ कहिल्यै पानी पर्दैन र मरुभूमि छ ।

उत्तरी अमेरिका महादेशका उत्तरी खण्डमा खास गरी क्यानडामा विस्तृत कोणधारी जङ्गल छ । मध्य अमेरिकामा उष्ण सदाबहार प्रकारको जङ्गल र सेन्टलरेन्स क्षेत्र र दक्षिण पूर्वमा पतझर जङ्गल छ । मध्य भागको मैदानी क्षेत्रमा घाँसे भूमि छ जसलाई प्रेरिज (Prairies) भनिन्छ । यसप्रकार उत्तरी अमेरिका महादेश धरातलीय स्वरूप हावापानी, वनस्पति र जीवजन्तु आदिको हिसाबले ज्यादै ठूलो विविधतायुक्त महादेश हो ।

क्रियाकलाप



१. उत्तरी अमेरिका महादेशको रेखाङ्कित मानचित्रमा तीनओटा प्राकृतिक प्रदेश छुट्याउनुहोस् ।

२. दायाँ दिइएको हावापानीसम्बन्धी नक्सा अध्ययन गरी विभिन्न क्षेत्रमा नक्सामा देखाइएअनुसार हावापानीको अवस्था किन फरक भएको होला ? कारण पत्ता लगाउने प्रयत्न गर्नुहोस् ।

३. उत्तरी अमेरिका महादेशका देशहरू पत्ता लगाई सूचीकृत गर्नुहोस् ।

४. उत्तरी अमेरिकाको कुनकुन क्षेत्रमा भूकम्प र ज्वालामुखीको प्रकोप हुन्छ ? कुनकुन क्षेत्रमा आँधीबेहरी र कुन क्षेत्रमा बाढी प्रकोप हुन्छ ? उल्लेख गर्नुहोस् ।

५. उत्तरी अमेरिकाको रेखाङ्कित मानचित्रमा निम्नलिखित कुराहरू देखाउनुहोस् :

माकेञ्जी पर्वत, ग्यान्ड क्यानियन गल्छी, ग्रेट लेक, मिसिसिपी नदी, गहुँ उत्पादन हुने क्षेत्र (प्रेरिज) अपलेचियन पहाड, हिउँदमा मात्र पानी पर्ने क्षेत्र, वासिङ्टन, लस एन्जलस, मन्ट्रियल र न्यूयोर्क

९. उत्तर अमेरिकाको प्राकृतिक साधन र यसको उपयोग

क्यानडा

उत्तरी खण्डमा बसोवास गर्ने धेरैजसो मानिसहरू इन्युट (Inuit) नामका आदिवासी हुन् । अन्य मानिसहरू ब्रिटिस वा फ्रान्सबाट आएका मानिसका सन्तानहरू हुन् तर आजकल एसियाबाट बसाइँ सरी आएका थुप्रै मानिसहरू पनि यहाँ बसोबास गर्दछन् । तलको नक्सा अध्ययन गर्नुहोस् र क्यानडाको प्रतिव्यक्ति आय १९,००० डलर किन पुग्यो होला, विचार गर्नुहोस् ।



क्यानाडा



सम्पूर्ण भूभागको ४९% भूभाग जङ्गलले ढाकिएको छ । नरम काठको कोणधारी जङ्गलबाट प्राप्त कच्चा पदार्थबाट ठूलठूला कागज (Pulp) कारखानाहरू चलाइएका छन् । नदीमा काठका मुढाहरू बगाउँदै काठ चिर्ने कारखानासम्म पुऱ्याइन्छ । जङ्गलबाट क्यानडाले ठूलो आर्थिक फाइदा गर्दै आएको छ । क्यानडामा खनिज पदार्थहरूको ज्यादै ठूलो महत्त्व छ । खनिजमा आधारित ठूलठूला उद्योगहरू सञ्चालित छन् । तामा, निकेल, जस्ता, फलाम, सुन, प्लाटिनम, आसबेस्टस तथा चाँदी महत्त्वपूर्ण छन् । कोइला, पेट्रोल तथा ग्यास पनि पर्याप्त पाइन्छन् । सुँगुर र गाईवस्तुहरू मासु तथा दूधका निम्ति पालिन्छन् । प्रेरिजमा प्रशस्त गहुँको खेती हुन्छ । विश्वमा क्यानडा दोस्रो गहुँ निर्यात गर्ने देश हो । निर्यातका लागि जहाजहरूको प्रयोग गरिएको हुन्छ । पूर्वी खण्डमा प्रशस्त आलुको खेती हुन्छ र पश्चिमी खण्डमा फलफूलहरू उत्पादन गरिन्छ । खासगरी यहाँ स्याउ उत्पादन गरिन्छ । जलविद्युत् उत्पादन गर्न र माछा मार्न यहाँको जलस्रोत ज्यादै उपयोगी छ । समुद्रमा माछा मार्ने व्यवसाय चल्छ ।

संयुक्त राज्य अमेरिका

संसारका सबैजसो महादेशका मानिसहरू आई बसोबास गरेको मुलुक संयुक्त राज्य अमेरिका हो । यहाँ आउने क्रम २००-३०० वर्ष पहिलेदेखि सुरु भएको हो । आजकल पनि बाहिरबाट आउने क्रम जारी छ । करिब १२% मानिसहरू काला जातिका छन् र यिनीहरूका पुर्खा अफ्रिकी महादेशबाट यहाँ आएका वा ल्याइएका थिए । अधिकांश बासिन्दाहरू युरोपेली मूलका छन् । यहाँ थुप्रै एसियनहरू पनि बसोवास गरेका छन् तर ती सबै अमेरिकी हुन् । यहाँ सबै प्रकारको खेतीपाती हुन्छ । देशलाई चाहिनेभन्दा बढी अन्न उत्पादन हुन्छ र बढी भएको अन्न निर्यात गरिन्छ ।

१. दक्षिण पूर्वको खाडीको आसपासमा कपास, उखु तथा धानको उत्पादन हुन्छ ।
२. पूर्वतर्फको किनार तथा अप्लेचियन क्षेत्रमा बदाम, फलफूल, सुर्ती, चुकन्दर (Sugar beet) आदि उत्पादन गरिन्छ ।
३. ठूला तालको वरिपरि गाईवस्तु पाल्ने, बङ्गुर पाल्ने काम हुन्छ ।
४. मध्यखण्डको सबै क्षेत्रमा मकै, गहुँ र भटमास उत्पादन गरिन्छ ।
५. दक्षिणपूर्व तथा दक्षिणपश्चिममा पर्याप्त मात्रामा सुन्तला र अङ्गुरजस्ता फलफूल उत्पादन गरिन्छ ।

उत्तरपश्चिम खण्डमा प्रशस्त जङ्गल छ र यसको राम्रो उपयोग गरिएको छ । खाडी क्षेत्र, अलास्का र मिसिसिपीको पश्चिमपट्टि प्रशस्त तेल उत्पादन हुन्छ । उत्तरपूर्वतर्फको समुद्री क्षेत्र तथा खाडीमा माछा मार्ने काम ज्यादै विकसित छ । पश्चिमी खण्डमा प्राकृतिक दृश्य बडो रमाइलो हुँदा पर्यटन व्यवसाय राम्ररी चल्दछ । यहाँ आधुनिक उद्योगधन्दाहरू बन्दव्यापार अति उत्कृष्ट खालका छन् ।

क्रियाकलाप

युएसए र क्यानडाको आर्थिक क्रियाकलाप



१. क्यानडा युएसएका प्राकृतिक स्रोतहरूको उल्लेख गरी त्यसका मानिसका आर्थिक क्रियाकलापहरू लेख्नुहोस् ।
२. संयुक्त राज्य अमेरिकाको एक रेखाङ्कित नक्सा एटलस हेरी खिच्नुहोस् र निम्नलिखित तथ्यहरू देखाउनुहोस् : रकी पर्वत, मिसिसिपी नदी, अप्लेचियन हड्सन खाडी, मेक्सिको खाडी र ताल

१०. दक्षिण अमेरिकाको भौगोलिक वातावरण

दक्षिण अमेरिका १२° उत्तरदेखि ५५° दक्षिण अक्षांशसम्म फैलिएको छ। यसको क्षेत्रफल लगभग १ करोड ८० लाख वर्ग किलोमिटर छ। यस महादेशमा मुख्य तीन प्राकृतिक प्रदेशहरू छन्। पश्चिमी खण्डमा उत्तरदेखि दक्षिणसम्म करिब ७००० कि.मि. मा फैलिएको संसारको सबभन्दा लामो विशाल पर्वतीय शृङ्खला छ। यसलाई एन्डिज पर्वत श्रेणी भनिन्छ। यहाँ ६००० मिटरभन्दा अग्ला थुप्रै पर्वत टाकुराहरू छन्। यो प्रदेश हाम्रो हिमालय प्रदेश जस्तो हो। ६९६० मिटर अग्लो अकान्कागुवा सबभन्दा अग्लो शिखर हो। यो क्षेत्रमा पर्याप्त ज्वालामुखीहरू छन् र भूकम्प गई नै रहन्छ। पर्वत श्रेणीका बीचमा उच्च समस्थली छन्। यस महादेशमा सबभन्दा बढी उचाइमा रहेको टिटिकाका नामको ताल छ।

पूर्वीखण्डमा ब्राजिलको उच्चभूमि छ। यो ज्यादै पुरानो कडा चट्टानले बनेको भाग हो। उत्तर पूर्वतर्फ यस्तै गायनाको उच्च भूमि छ। यो उच्चभूमि र एन्डिजको बीचमा ओरिनोको नदी र यसले बनाएको समतल मैदान छ। बीचमा संसारकै ठूलो अमेजन नदी छ। दक्षिणतर्फ पाराना र पाराग्वे नदी र यसको समतल मैदान छ। यो मैदान घाँसे घाँसको तृणभूमि हो, जसलाई पम्पास भनिन्छ। यसको अझै दक्षिणमा पाटागोनिया मरुभूमि छ। एन्डिजको वृष्टि छायामा परेकाले यो मरुभूमि भएको हो। अमेजन बेंसीमा वर्षभरि गरम र ओसिलो हावापानी पाइन्छ भने किनारी खण्डमा सामुद्रिक प्रभावले गर्दा हावापानी केही रम्य छ। चिलीको उत्तरतर्फ अटाकामा मरुभूमि रहेको छ। यस महादेशका विभिन्न ठाउँमा विभिन्न प्रकारका हावापानी र प्राकृतिक वनस्पति पाइन्छन्। अमेजनको सदाबहार घनाजङ्गललाई सेल्वास (Selvas) भन्दछन्। ब्राजिल र गायनाको उच्चभूमिको घाँसे मैदान, पम्पास घाँसे मैदान र वनस्पतिरहित अटाकामा मरुस्थल र एन्डिजको विभिन्न उचाइमा विभिन्न प्रकारको वातावरणले गर्दा यहाँको प्राकृतिक वातावरणमा ज्यादै विविधता छ।



दक्षिण अमेरिकाको प्राकृतिक स्वरूप

क्रियाकलाप

१. दिइएको दक्षिण अमेरिकाको नक्सा र सोसम्बन्धी केही तथ्यहरू तल दिइएका छन् । राम्ररी अध्ययन गर्नुहोस् नक्साका अङ्कसँग भिडाउनुहोस् र ती कुराका कारणहरू पत्ता लगाउनुहोस् :

(क) बर्सैभरि पानी परिरहने घना जङ्गल क्षेत्र

(ख) ग्रीष्ममा पानी पर्ने उष्ण तृणभूमि

(ग) पानी नपर्ने मरुभूमि

(घ) ग्रीष्ममा पानीपर्ने समशीतोष्ण तृणभूमि (पम्पास)

(ङ) उचाइअनुसारको विविधता



२. बायाँ दिइएको ब्राजिलको नक्सामा अङ्कित x र y बीचको जमिनको स्वरूपलाई तलको क्रस सेक्सनमा देखाइएको छ । यसलाई जस्ताको तस्तै आफ्नो अभ्यास पुस्तिकामा सार्नुहोस् । तलका कोठामा दिइएका कुराहरू उपयुक्त ठाउँमा भर्नुहोस् । नक्सा सकेसम्म ठूलो बनाउन सक्नुभयो भने राम्रो हुने छ ।



आन्ध्र महासागर	रियो द जेनेरियो	गायना उच्चभूमि	अमेजन नदी

ब्राजिलको उच्चभूमि ग्रीष्ममा गर्मी र औसिलो हिउँदमा न्यानो र सुख्खामा उब्जाउ माटो	अस्वस्थकर हावापानीको क्षेत्र अमेजन बँसी, उब्जाउ माटो ज्यादै कम	साँगुरो किनारी मैदान, प्रशस्त पानी पर्ने क्षेत्र

११. दक्षिण अमेरिकाको आर्थिक क्रियाकलाप

सन् १५०० पछि पुर्तगाली र स्पेनिसहरूले युरोपबाट आएर यो महादेशको बारेमा जानकारी प्राप्त गरेपछि यसलाई उनीहरूले अधीनस्थ गरे । यिनीहरूको आक्रमण र लुटपाटबाट इन्का (Inca) सभ्यताको लोप भयो । हाल यहाँ विभिन्न देशहरू छन् । यिनै स्पेनिस र पुर्तगालीका सन्तानहरू बसोबास गर्छन् । आदिवासी Red indians हरू अमेजनको जङ्गलमा अति प्रारम्भिक जीवन निर्वाह गरिरहेका छन् । ब्राजिल र अर्जेन्टिना यो महादेशका मुख्य देश मानिन्छन् । तलको बाकसमा ब्राजिलबारेका तथ्यहरूको अध्ययन गर्नुहोस् र तिनको कारण पत्ता लगाउनुहोस् । यसको साथै यहाँका केही देशको कुल ग्राहस्थ उत्पादन (GDP) र अन्य केही विकसित मुलुकको GDP तुलना गर्नुहोस् ।

अमेजन बँसी ज्यादै गर्मी र ओसिलो छ । बाढी आइरहन्छ । जङ्गल यति घना छ कि यसलाई फाँड्न सजिलो छैन । जङ्गल फँडानी गरे बढी वर्षाको कारणले माटोको उब्जाउशक्ति तुरुन्तै कम भइहाल्छ । यस क्षेत्रमा विकास कार्यका निम्ति खास लगानी भएको छैन तर यति वेला एउटा ठूलो राजमार्ग निर्माण गरिँदै छ । काठका निम्ति रूखहरू ढाल्ने र खानी खोज्ने काम बढ्दै गएको हुँदा पर्यावरण र त्यहाँका वासिन्दाको जीवनशैलीमा नकारात्मक असर पर्ने देखिन्छ ।

पूर्वउत्तरमा असामयिक वर्षा र गर्मी हुन्छ, ठूलो आँधी आउँछ, खानाको वितरण अनिश्चित छ, जन्मदर बढी छ ।



ब्राजिलको मध्यभागमा अनिश्चित प्रकारले वर्षा हुन्छ । कहिलेकाहीँ ठूलो खडेरी पर्छ । जमिन उब्जाउ छैन । केही खनिज पदार्थहरू भने पाइन्छन् । यातायातको सुविधा छैन । जमिनको फैलावट विस्तृत छ । यो उच्च समस्थलीका रूपमा विद्यमान छ ।

ब्राजिलको दक्षिणी किनारी भागमा वर्षभरि पानी परिरहन्छ । साँगुरो समतल किनारी भाग ज्यादै उब्जाउशील पनि छ । यहाँ बन्दरगाहहरू रहेका छन् । व्यापार ज्यादै फस्टाएको छ । सरकारी लगानी पनि प्रशस्त भएकाले यहाँ धेरै सेवामूलक कार्यहरू सञ्चालित छन् । पर्यटन उद्योग पनि विकसित अवस्थामा छ ।

Economies

Gross Domestic Product (GDP)

(In U.S. Dollars)

Gross Domestic Product is the total value of all goods and services produced by a country in one year.

Gross Domestic Product

Countries	Trillions	Billions
Argentina		185
Brazil		785
Chile		96
Peru		70
Canada		617
Japan	2	549
United States	6	379

दक्षिणपूर्वी ब्राजिलको हावापानीमा सामुद्रिक प्रभाव पर्दछ । अझ उच्च समस्थली भागमा त हावापानी अति मनोरम हुन्छ । पानी नियमित रूपमा पर्छ । कफी उत्पादनका निम्ति जमिन अति योग्य छ । खनिज पदार्थहरू पनि पाइन्छन् । यातायातको राम्रो सुविधा छ । यो क्षेत्र ज्यादै विकसित क्षेत्र हो ।

दक्षिण अमेरिका महादेशको विभिन्न ठाउँमा विभिन्न खनिज पदार्थहरू पाइन्छन् । ब्राजिलको उच्चभूमि र एन्डिज क्षेत्र यसका निम्ति महत्त्वपूर्ण छन् । कोलम्बिया तथा भेनेजुयलामा पेट्रोल उत्पादन हुन्छ । अर्जेन्टिनामा गहुँको उत्पादन हुनुको साथै प्रशस्त पशुपालन हुन्छ । अत यो देशले गहुँ र मासुको निर्यात गर्दछ । ब्राजिलको दक्षिणपूर्वमा प्रशस्त कफी उत्पादन गरिन्छ ।



क्रियाकलाप

१. दिइएको तस्बिर हेर्नुहोस् । माराकैबो ताल कहाँ छ ? एटलस हेरी पत्ता लगाउनुहोस् । तालबाट कसरी प्राकृतिक ग्यास र तेल निकालिन्छ ? तस्बिरका आधारमा छलफल गर्नुहोस् ।

२. दक्षिण अमेरिकाको कुनकुन क्षेत्रमा जन आवादी बाक्लो छ र कुनकुन क्षेत्रमा पातलो छ पत्ता लगाउनुहोस् र त्यसका कारण पनि विचार विमर्श गर्नुहोस् ।



३. बायाँ दिइएको विश्वको कफी उत्पादनको स्थिति देखाउने चक्र चित्र हेर्नुहोस् र दक्षिण अमेरिकामा कफी उत्पादनका निम्ति अनुकूल वातावरण के हो ? यो कार्यको के आर्थिक महत्त्व छ ? प्रस्ट पार्नुहोस् ।

४. आजकल मध्य ब्राजिलका गाउँहरूबाट मानिसहरू किनारी क्षेत्रमा अवस्थित ठूलठूला सहरहरूमा बसाइँ सर्दै छन् । ब्राजिलको ८० प्रतिशत जनसङ्ख्या सहरमा बसोबास गर्दछ । यो बसाइँसराइका निम्ति दुईओटा बाध्यात्मक (Push) र दुईओटा आकर्षक (Pull) तत्त्वहरू केके हुन् ? लेख्नुहोस् । यसरी बढ्दो सहरीकरणबाट केके फाइदा र बेफाइदा हुन्छ ? छलफल गर्नुहोस् ।

५. नेपालको हिमाली खण्डमा भेडा च्याङ्ग्राले जस्तै दक्षिण अफ्रिकाका लामा (Lamas) जातिको जनावरले मालसामान ओसारपसार गर्दछन् । एन्डिज पर्वतीय खण्डमा यस्तो काम हुन्छ । किन होला ?

१२. अफ्रिका महादेशको भौगोलिक वातावरण

यो एसिया पछिको दोस्रो ठूलो महादेश हो । यसलाई भूमध्यरेखा, कर्कटरेखा र मकररेखाले काटेको छ । अफ्रिकाको उत्तर पश्चिममा एटलस पर्वत श्रेणी र वरिपरिको किनारी भागमा साँघुरो मैदान छ । यसको पूर्वी खण्डमा भने केही अग्लो पर्वतीय श्रेणी छ जसमा सबभन्दा अग्लो टाकुरा माउन्ट किलिमञ्जरो (५८९५ मिटर) छ । यहाँ उत्तरमा लालसागरदेखि दक्षिणमा जाम्वेजी नदीसम्म फैलिएको एक विस्तृत घसान घाँटी (Rift Valley) छ र त्यस्ता दरार घाँटीमा पानी जम्मा भई बनेका थुप्रै तालहरू छन् । भिक्टोरिया तालबाट नाइल नदी (६६७० कि.मि.) को उत्पत्ति भएको छ । जायर, जाम्वेजी, अरेन्ज, सेनेगल, नाइजर आदि नदीहरू प्रसिद्ध छन् । यो महादेशको अधिकांश ठाउँमा हावापानी स्वस्थकर छैन । जायर बेंसीमा भूमध्यरेखीय प्रकारको गरम र ओसिलो हावापानी पाइन्छ । सहारा, कलाहारी तथा नमिव विस्तृत मरुस्थल नै हुन् ।



भूमध्यरेखीय क्षेत्र खास गरी जायर बेंसीमा उष्ण सदाबहार घना जङ्गल छ । यसलाई Rain forest पनि भनिन्छ । उष्ण घाँसेभूमिलाई सभाना (Savana) भनिन्छ । यो ज्यादै विशाल छ । वन्यजन्तुमा धनी भएकाले यो क्षेत्रलाई Zoo of the World पनि भन्न सकिन्छ । यो महादेशको भौगोलिक वातावरण पनि विविध प्रकारको छ ।

क्रियाकलाप

१. तल दिइएका अफ्रिका महादेशको हावापानीको अवस्था देखाउने नक्सा अध्ययन गर्नु भई तिनको व्याख्यात्मक विवरण आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् :



२. तलका तस्बिरहरू राम्ररी हेरी अफ्रिकाको भौगोलिक वातावरणबारे एक अनुच्छेद लेख्नुहोस् ।





३. अफ्रिकाको रेखाङ्कित नक्सामा निम्नलिखित तथ्यहरू देखाउनुहोस् :
एटलस पर्वत श्रेणी, भूमध्यरेखा, कर्कट र मकर रेखा, सहारा मरुस्थल, कालाहारी, माउन्ट किलीमन्जारो, भिक्टोरिया ताल, नाइल नदी, नाइजर नदी, उष्ण सदाबहार जङ्गलको क्षेत्र, घसान घाँटी (Rift valley)

४. जोडा मिलाउनुहोस् :

खण्ड 'क'	खण्ड 'ख'
१. सबैभन्दा गर्मी हुने क्षेत्र	- पूर्वी अफ्रिका
२. सबैभन्दा बढी पानी पर्ने क्षेत्र	- सभाना
३. भूमध्यसागरीय हावापानी क्षेत्र	- उत्तर पश्चिमी अफ्रिका
४. उष्ण घाँसे भूमि	- मध्य अफ्रिका
५. पानी नै नपर्ने वा ज्यादै कम पानी पर्ने क्षेत्र	- कालाहारी
६. ग्रीष्ममा बढी पानी पर्ने क्षेत्र	- दक्षिण अफ्रिका
	- नाइल नदीको उपत्यका
	- सहारा

१३. अफ्रिका महादेशको आर्थिक क्रियाकलाप

अफ्रिका महादेशमा विभिन्न ८०० भन्दा बढी जातका काला मानिसहरू बसोबास गर्दछन् । युरोपेलीको अधीनस्थ भएर यो महादेश विभिन्न देशमा बाँडिएको हो । उपलब्ध स्रोत र साधनको राम्रो प्रयोग भएर पनि यी देशहरू धनी बन्न सकेका छैनन् । गरिबी, अशिक्षा, रोग व्याधि, अनिकाल, लडाईं, झगडा आदि यहाँका विशेषता भने पनि हुन्छ । एड्स रोगको महामारीले यो महादेश आक्रान्त छ । धेरै जसो मानिस खेतीपाती गर्छन् । पशुपालन वैज्ञानिक प्रकारको छैन तर केही ठाउँहरूमा विदेशी लगानीमा नगदेबाली लगाउने कार्य भएको छ । नियमित रूपमा पानी पर्ने केही क्षेत्रहरूमा धनी मानिसहरूले सञ्चालन गरेका ठूलठूला कृषि फर्महरू छन् । यिनलाई इस्टेट (Estate) भनिन्छ । यस्ता इस्टेटहरू सरकारी स्वामित्वमा वा ठूलठूला कम्पनीको स्वामित्वमा सञ्चालित छन् । केरा, कफी, कोका, साइसल, (जुटजस्तो रेसादार बाली) आदि बालीहरू यस्ता इस्टेटमा उब्जाइन्छन् र तिनलाई ठूलोमात्रामा विदेशमा निर्यात गरी प्रशस्त विदेशी मुद्रा आर्जन हुन्छ । यस्तो एक इस्टेटमा खाद्यान्न, पानी, बसोबास गर्ने घर सबैको राम्रो व्यवस्था गरिएको हुन्छ । हिरा, सुन, तामा, पेट्रोल यहाँका प्रमुख खनिज हुन् । सहारा, कालाहारी मरुस्थलीय क्षेत्र उजाड छ र मानिसको बसोबास खासै छैन तर ओसिस वरिपरि कृषि तथा व्यापार हुन्छ । यस क्षेत्रका लागि ऊँट बडो उपयोगी जनावर हो । अफ्रिकाको पूर्वीय खण्डमा खासगरी केनिया, ताञ्जानिया युगान्डामा ठूलठूला राष्ट्रिय निकुञ्जहरूको स्थापना गरिएको छ ।



पर्यटनका लागि बसहरूको सुविधा

केन्या भन्ने देशमा मात्रै यस्ता निकुञ्जहरूको सङ्ख्या ४० छ । यी जङ्गली जनावरहरू हेर्नका निम्ति बर्सेनि लाखौँको सङ्ख्यामा अफ्रिकी देशहरूमा पर्यटकहरू जाने गर्दछन् । जङ्गलभित्र मिनिबस चढेर वन्यजन्तु अवलोकन गर्न पर्यटकहरूको ताँती नै लाग्छ । यसरी यी देशले पर्याप्त विदेशी मुद्रा आर्जन गर्दछन् तर यस व्यवसायसँग सम्बन्धित कतिपय समस्याको सही समाधान हुनु अति आवश्यक देखिन्छ ।

(क) पर्यटकहरूका आवश्यकताहरू (जनावरलाई नजिकबाट हेर्नु, पर्याप्त खानेकुराको र पानीको प्राप्ति, यातायातका साधनहरूको व्यवस्था), वन्यजन्तुका आवश्यकताहरू (शान्त वातावरण, पर्याप्त चरनको सुविधा, प्राकृतिक वातावरणलाई कायम राख्नुपर्ने) र स्थानीय बासिन्दाका आवश्यकताहरू (घरपालुवा जनावरलाई चर्ने चौर, पानीको प्राप्ति र अन्य सुविधाहरूजस्तै खेती गर्ने जमिन आदि) का बीचको राम्रो सन्तुलन कायम गर्नुपर्ने ।

(ख) अवैध सिकारको (सिङ, दाह्रा, छाला आदिको निम्ति) समस्या निकै जटिल छ । निकै निपुण र तालिम प्राप्त सुरक्षा गार्डहरूको राम्रो प्रबन्ध मिलाउनुपर्ने ।

क्रियाकलाप

१. नाइल नदीको किनारमा अवस्थित इजिप्टको राजधानी कायरोको तस्बिर हेर्नुहोस् । ज्यादै कम वर्षा हुने ठाउँमा पनि यति ठूलो सहरको विकास भएको छ । किन होला ?



२. अफ्रिकाका कुनै १० ठूलठूला सहरहरूको नाम लेखी तिनलाई रेखाङ्कित मानचित्रमा देखाउनुहोस् ।

३. दिइएको तस्बिर हेर्नुहोस् । अफ्रिकामा कहाँकहाँ पेट्रोल उत्पादन हुन्छ ? तलको नक्सा हेरी अफ्रिकाको खनिज साधनबारे एक विवरण तयार पार्नुहोस् ।





१४. उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र नेपाल

उत्तर अमेरिका र दक्षिण अमेरिका तथा अफ्रिका नेपालबाट धेरै टाढा छन् । अमेरिकामा त नेपालमा दिन हुँदा त्यहाँ रात र त्यहाँ रात हुँदा यहाँ दिन हुन्छ । उत्तरी अमेरिकाका मुख्य देशहरू युएसए र क्यानडा हुन् । ती ज्यादै विकसित छन् । युएसए र क्यानडासँग नेपालको घनिष्ठ सम्बन्ध छ । ती देशबाट नेपालको विकासमा ठूलो आर्थिक र प्राविधिक सहयोग प्राप्त भइरहेको छ । त्यहाँ बर्सेनि थुप्रै नेपाली विद्यार्थीहरू अध्ययन गर्न जान्छन् । कतिपयलाई छात्रवृत्ति प्रदान गरिन्छ । यसरी शैक्षिक सम्बन्ध पनि प्रगाढ छ । कुटनैतिक सम्बन्ध पनि बलियो छ । दक्षिणी अमेरिकाको पर्वतीय खण्ड हाम्रो पर्वतीय खण्डसँग मिल्दोजुल्दो भए तापनि त्यहाँका देशहरूसँग भने त्यति नजिकको सम्बन्ध रहेको देखिँदैन । त्यहाँका देशहरू पनि नेपाल जस्तै कम विकसित नै छन् । फोकलैन्ड विवादमा बेलायत र अर्जेन्टिनाको लडाई हुँदा त्यहाँ नेपालको चर्चा थियो । विस्तारै हाम्रो सम्बन्ध दक्षिण अमेरिकी मुलुकसँग बढ्दै जाने कुरामा विवाद छैन ।



ब्रासिलिया सहर



अमेजन राजमार्ग

यस्तै प्रकारले अफ्रिका हाम्रो निम्ति विरानो महादेश लागे तापनि नेपाल र इजिप्टको सम्बन्ध पुरानो छ । कतिपय नेपालीहरू अफ्रिकी मुलुकमा विभिन्न व्यवसाय गरी बसिरहेको कुरा जानकारीमा आएको छ । केन्या र ताञ्जानियामा स्थापना भएका राष्ट्रिय निकुञ्जहरूको व्यवस्थापन, पर्यटन व्यवसायको विकास आदिबाट नेपालले धेरै कुरा सिक्न सक्छ ।

कतिपय अफ्रिकी मुलुकमा विद्यमान द्वन्द्व समाधान गर्न नेपाली सेना संयुक्त राष्ट्रसङ्घको शान्ति सेनाका रूपमा कार्यरत रहँदै आएको छ । यस प्रकार कुनै न कुनै रूपले नेपालको अफ्रिका महादेशसँग आफ्नो सम्बन्ध कायम भइरहेको कुरा पाइन्छ ।

क्रियाकलाप

१. नेपालसँग मिल्दो जुल्दो भौगोलिक वातावरण भएका अफ्रिका, उत्तर अमेरिका र दक्षिण अमेरिकाका क्षेत्रहरू उल्लेख गर्नुहोस् ।

२. नेपाललाई युएसए र क्यानडाले के कसरी सहयोग पुऱ्याएका छन् ? नेपालको ती देशसँग के कस्तो सम्बन्ध छ लेख्नुहोस् । विभिन्न व्यवसाय गरी त्यहीँ बसिरहेका नेपालीबारे तपाईंलाई के जानकारी छ ?

३. नेपाली र अमेरिकी तथा अफ्रिकी मानिसहरूमा केके समानता र केके असमानता पाउन सकिन्छ ? छलफल गरी समानता र असमानताको दुई बेग्लाबेग्लै सूची बनाउनुहोस् ।

४. एड्स भन्ने रोगले नेपाल, अफ्रिकी मुलुक र अमेरिकी मुलुकलाई के कसरी प्रभाव पारेको पाउनुहुन्छ ? उल्लेख गर्नुहोस् ।

५. तल केही अफ्रिकी देश र युएसए तथा क्यानडाका मानिसको औसत आयु देखाइएको छ । प्रत्येकसँग नेपालको स्थितिको तुलना गर्नुहोस् ।

औसत आयु (Life Expectancy)

क्र.सं.	देश	पुरुष/वर्ष	महिला/ वर्ष
१.	अङ्गोला	४५	४८
२.	बोत्सवाना	५८	५८
३.	चाड	४६	४९
४.	इजिप्ट	६०	६३
५.	केन्या	५७	६१
६.	नाइजेरिया	५१	५४
७.	रुवान्डा	४५	४८
८.	दक्षिण अफ्रिका	६०	६६
९.	सुडान	५१	५३
१०.	कङ्गो गणतन्त्र	५०	५३
११.	क्यानडा	७४	८१
१२.	संयुक्त राज्य अमेरिका	७३	७९

६. अफ्रिकामा लगभग ७५% मानिसहरूले कृषि कार्य गरी जीवन निर्वाह गर्छन् भने क्यानडामा जम्मा ३% मानिस कृषिमा छन् । नेपालको स्थितिसँग तुलना गर्दै यसका कारणहरू पत्ता लगाउनुहोस् ।

७. दक्षिण अमेरिकाको एन्डिज क्षेत्र, अफ्रिकाको मरुभूमि क्षेत्र र नेपालको हिमाली क्षेत्रमा मालसामान ओसारपसार गरी व्यापारिक कार्य गर्न सहयोग पुऱ्याउने जनावरहरू केके हुन् ?

१५. भूकम्प

पृथ्वीको सतह हल्लनु वा थर्कने प्राकृतिक प्रक्रियालाई भूकम्प भनिन्छ । भूकम्प हुँदा पृथ्वीको बाहिरी सतह तलमाथि भएर वा दायाँबायाँ अगाडि पछाडि भएर हल्लिन्छ । तलमाथि हुने कम्प ठाडो कम्प (Vertical quake) र अर्को क्षितिज (Horizontal quake) हो । पृथ्वीको भित्री भागको सबभन्दा पहिला भूकम्पको उत्पत्ति हुने बिन्दुलाई हाइपोसेन्टर (Hypocenter) र यहाँबाट सतहमा रहेको कम्प सबभन्दा पहिला आउने बिन्दुलाई इपिसेन्टर (Epicenter) भनिन्छ । यहींबाट भूकम्पका तरङ्गहरू (Wave) चारैतिर फैलिएर जान्छन् । भूकम्पको तीव्रता, उत्पत्ति, स्थान, वेग, फैलावट आदि नाप्ने यन्त्रलाई सिस्मोग्राफ (Seasmograph) भन्दछन् । यो यन्त्रमा जडान भएको ग्राफपेपरमा भूकम्प जाँदा बाङ्गाटिङ्गा रेखा अङ्कित हुन्छन् । सिस्मोग्राफका रेखाहरूको विश्लेषण गरेर भूकम्पसम्बन्धी जानकारी लिइन्छ ।



भूकम्पमापक यन्त्र

"क" चित्रमा तारद्वारा झुन्डाइएको र "ख" चित्रमा स्प्रिङगद्वारा अड्याइएको गह्रौँ पदार्थ सदा स्थिर रहन्छ र ड्रम तलमाथि, दायाँ बायाँ चल्छ ।

पृथ्वीको बाहिरी सतह विभिन्न भागमा बाँडिएको छ जसलाई महादेशीय प्लेट (Continental plates) भनिन्छ । यी पृथ्वीभित्रको ज्यादै तातो तरल र अर्ध तरल पदार्थमा तैरिएर विस्तारै सर्दा दुई प्लेट जोडिने ठाउँमा प्रवाह वा हलचल हुन्छ । यस्तो क्षेत्रमा पृथ्वीको चट्टान मोडिने, भाँचिने, घस्रिने आदि हुँदा भूकम्प जान्छ । यस्तै प्रकारले यही क्षेत्रमा पर्याप्त ज्वालामुखी विस्फोटन हुन्छ र जमिनमुनि परेको पानी वाफ बनेपछि पनि यो वाफले ज्वालामुखी विस्फोटन गराउन वा जमिनलाई धक्का दिई हल्लाउन सक्छ र भूकम्प जान्छ । यसरी दुई प्लेट जोडिने स्थानमा भूकम्प र ज्वालामुखी गइरहन्छ ।

प्रशान्त महासागरको वरिपरिको क्षेत्र जसमा रकी पर्वत शृङ्खला, एन्डिज पर्वत शृङ्खला र पूर्वी एसियाको क्षेत्र पर्दछ, एसियाको हिमालय प्रदेश, हिन्दुकुश, सुलैमन पर्वत शृङ्खला हुँदै इरान, टर्की र युरोपको आल्पस पर्वतीय खण्डमा भूकम्प जान्छ । नक्सा हेरी जानकारी लिनुहोस् ।

भूकम्पबाट ठूलो धन र जनको क्षति हुन्छ । घर भत्कने, बाटो पुल, कलकारखाना आदिको ठूलो विनाश हुनुको साथै मानिसलाई ठूलो आपत् विपद् परी रोग व्याधि अनिकालको महामारी फैलिन सक्छ । यसरी नै भूकम्पबाट पृथ्वीको सतहमा दरार बन्ने, जमिन उठ्ने वा भासिने, बाढीपहिरो, सुनामी, आँधिबेहरी आदिबाट ठूलो असर पर्दछ ।

भूकम्प गइरहने ठाउँमा यसबाट बच्नका निम्ति ठूलो सतर्कता अपनाइरहनुपर्छ । सरकारी स्तरमा पनि यसको तयारी हुनुपर्ने, विद्यालयमा भूकम्प जाँदा के गर्ने भनी बचावटका अभ्यासहरू गर्ने कार्य हुन जरुरी छ ।

उदाहरणका निम्ति :

* भूकम्प जाँदा आत्तिएर नदौड्ने,
* टेबल मुनि बस्ने
* कम्पन कम भएपछि घरबाट बाहिर निस्कने,
* घर कम्पन हुँदा तल झर्ने गरी सरसामान नराख्ने ।
* छिमेकीलाई सहयोग पुऱ्याउने
* उद्धार कार्यमा सरकारी वा गैर सरकारी निकायलाई खबर गर्ने

क्रियाकलाप

१. भूकम्प जाने क्षेत्र देखाइएको विश्वको नक्सा हेर्नुहोस् र त्यस क्षेत्रमा कुनकुन देश वा कुनकुन देशको कुनकुन भाग पर्ने रहेछ आफ्नो एटलस हेरी लेख्नुहोस् ।

२. फरक छुट्याउनुहोस् :

(क) हाइपोसेन्टर र इपिसेन्टर

(ख) भूकम्प र ज्वालामुखी

३. भूकम्पबाट बच्न केके सुरक्षाका उपायहरू अवलम्बन गर्नुपर्ला ? आफ्नो स्थानीय समुदायको सन्दर्भमा एक भूकम्प सुरक्षा योजना तयार पर्नुहोस् ।

४. आफ्नो विद्यालयको भवन र आफ्नो घरमा भूकम्पीय हिसाबले केके कुरा जोखिमपूर्ण छन् भन्ने तपाईंलाई लाग्छ ? किन ? कुनै जोखिम छैन भने कसरी ? यसबारे सबै विद्यार्थी मिलेर एक मूल्याङ्कन प्रतिवेदन तयार पार्नुहोस् । यसबारे विद्यालयका सामाजिक शिक्षक र प्रधानाध्यापकबीच छलफल गराई भूकम्पीय सुरक्षाका निम्ति सतर्कताको वातावरण सिर्जना गराउनुहोस् ।

१६. नक्साको माध्यमबाट सूचनाको प्रवाह

नक्सामा सङ्केतहरू



नक्सामा विभिन्न सङ्केतहरू

नक्साहरूमा प्रायजसो सम्पूर्ण विवरण दिने ठाउँ हुँदैन र यो दिन पनि सम्भव हुँदैन । त्यसैकारण नक्सामा ज्यादै साना चिह्नहरू, अक्षरहरू र चित्रहरूको प्रयोग गरिएको हुन्छ । तिनीहरूको सङ्केत नक्साको एक छेउमा छुट्टै स्थानमा दिइएको हुन्छ । नक्सामा उल्लेख गरिएको पूरै भागमध्ये कुनै खास भाग, जस्तै : खेतीपातीयोग्य जमिन आदिलाई छुट्टै देखाइएको हुन्छ । तिनीहरूलाई विभिन्न रङमा वा छायाका रूपमा दिइएको हुन्छ । रङको अर्थ पनि छुट्टै साङ्केतिक चिह्न (Key) प्रयोग गरी दिइएको हुन्छ ।

जानकारीमूलक नक्साहरू

एउटा नक्साबाट धेरै कुराहरूको जानकारी लिन वा दिन सकिन्छ । नक्सा कोर्नुको खास उद्देश्य हुन्छ र त्यसको माध्यमबाट केके कुराको जानकारी दिनु आवश्यक छ भन्ने समेत निर्धारण गर्दछ । एउटा विश्वभ्रमण गर्न लागेको व्यक्तिका लागि भ्रमण गरिने मुलुकहरूमा पाइने हावापानीका सम्बन्धमा जानकारी हुनु आवश्यक हुन्छ । त्यसैगरी हरेक सहरमा प्रवेश गर्ने नवागन्तुकले त्यस ठाउँको हिँड्ने बाटोघाटो र होटेलहरूका साथै घुम्न लायकका ठाउँहरूका सम्बन्धमा जान्न चाहेको हुन्छ । एउटा सरकारी कर्मचारी कुनै ठाउँमा जाँदा त्यस ठाउँको बनावट हावापानी र सरकारी कार्यालयहरू रहेको स्थानका सम्बन्धमा पनि जान्न चाहन्छ । यसरी जान्न चाहेका केही कुरा व्यक्त गर्ने किसिमका नक्साहरूलाई जानकारीमूलक नक्साहरू (Thematic Maps) भनिन्छ । सबैले जान्न चाहेका भौतिक विषयहरूसम्बन्धी जस्तै जमिनको उचाइ, नदीनालाहरू र राजनीतिसम्बन्धी जस्तै : मुलुकहरू, अञ्चलहरू र जिल्लाहरू पनि जानकारीमूलक नक्सामा पर्दछन् । त्यसैगरी जनघनत्व, वातावरणको किसिम, हावापानी, सञ्चारका साधन र तिनको प्रयोग र उद्योग आदिलाई पनि यही नक्सामा देखाइन्छ ।

छिमेकी राष्ट्र चीनमा भूमिको प्रयोग

क्रियाकलाप

१. नेपालको नक्सा बनाई निम्नलिखित तथ्यहरू देखाउनुहोस् :

* कालीगण्डकी नदी, हेलम्बु, पृथ्वी राजमार्ग, कोसी टापु वन्यजन्तु आरक्ष, दिपायल, कपास उत्पादन क्षेत्र
* अरुण नदी, जलेश्वर, माछापुच्छे, अरनिको राजमार्ग, खप्तड राष्ट्रिय निकुञ्ज, रारा ताल
* सोलुखुम्बु, मकालु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष, जुट उत्पादन हुने क्षेत्र, लाङटाङ हिमाल, महेन्द्र राजमार्ग, डोल्पा
* सगरमाथा, सुनकोसी नदी, मदन भण्डारी मार्ग, भीमदत्त पन्त मार्ग, तमोर नदी, तिलिचो ताल, मुक्तिनाथ, नाम्चेबजार, धुलिखेल, बुटवल, गौरीशङ्कर हिमाल, पलाञ्चोक भगवती, हलेसी महादेव

२. दिइएको महाद्वीपको नक्सामा निम्नलिखित तथ्यहरू देखाउनुहोस् :

(क) **अफ्रिका :** भूमध्यरेखा, कर्कटरेखा, मकररेखा, लालसागर, स्वेज नहर, जिब्राल्टार जलसंयोजक, ड्राकेन्सवर्ग पर्वत, माउन्ट किलिमाञ्जारो, नाइल नदी, भिक्टोरिया झरना, जायर नदी, सुनखानी क्षेत्र, बुरुन्डी, कायरो, पेट्रोलियम पाइने क्षेत्र, कालाहारी र सहारा मरुभूमि, सभाना घाँसे मैदान

(ख) **दक्षिण अमेरिका :** भूमध्यरेखा, मकररेखा (Tropic of capricorn), प्रशान्त महासागर, पनामा नहर (Panama canal), अताकामा मरुभूमि, पालागोनिया मरुभूमि, साउपाउलो, रियो दि जेनेरियो, ब्युनसआयर्स, फकल्यान्ड टापु, टिटिकाका ताल, पम्पास, बोलिभिया, गाइवस्तु पाल्ने क्षेत्र, हिउँदे वर्षा हुने क्षेत्र

(ग) **उत्तर अमेरिका :** बेरिङ जलसंयोजक, क्यालिफोर्नियाको खाडी, मेक्सिकोको खाडी, क्यारिबियन सागर, एटलान्टिक महासागर, ग्रान्ट स्लेभ तालु रकी माउन्टेन, माउन्ट म्याकिन्ले, ओटावा, भ्यान्कुवर, न्युयोंक हिउँदे वर्षा हुने क्षेत्र, हुरिकेनको क्षेत्र, वेस्ट इन्डिज, मेक्सिको वासिङटन डिसी, नुनिलो पानीको ताल, सेन्ट लरेन्स डिथ भ्याली (Death valley), सिकागो, सनफ्रान्सिस्को, सुमेरु वृत्त (Artic circle)

सामुदायिक कार्य

तपाईं तराई, पहाड वा हिमाली क्षेत्रमध्ये कहाँ हुनुहुन्छ ? तपाईं वा तपाईंसँग परिचित अरू मानिसले आफ्नो क्षेत्रबाहेक अन्य ठाउँमा जाँदा, बाटोमा परेका वा यातायातसम्बन्धी समस्याका बारेमा एक प्रतिवेदन तयार गर्नुहोस्। तर यदि तपाईं सहरमा हुनुहुन्छ भने तपाईं वा तपाईंको कुनै मानिसले अन्य कुनै क्षेत्रको भ्रमण गर्दा यातायातसम्बन्धी बाधा व्यवधान भोग्नुपरेको भए सोधेर प्रतिवेदन तयार गर्नुहोस्। त्यस सम्बन्धमा निम्न प्रश्नहरूलाई समेत आधार मानी प्रतिवेदन तयार गर्नुहोस् :

१. तपाईंले भ्रमण गर्दा मौसम कस्तो थियो ?

२. तपाईंले यातायातका निम्ति कुनकुन साधनहरूको प्रयोग गर्नु भएको थियो ?

३. बाटोमा तपाईंले केके समस्या भोग्नुभयो ?

अनुसूची १

विश्वको हावापानी



अनुसूची २

विश्वका माछा मार्ने प्रमुख स्थलहरू



The Main Fishing Grounds of the World

सारांश

यस एकाइमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौं :

* विभिन्न प्रकारका हावापानी चिन्न र तिनीहरूको क्षेत्र बताउन,
* हावापानीको स्वरूपका आधारमा प्राकृतिक वनस्पतिको स्वरूप बताउन,
* स्थानीय र राष्ट्रिय नक्साहरू बनाई प्रदर्शन गर्न,
* उचाइ र वनस्पतिका क्षेत्रहरू (नेपालमा) बताउन र आफ्नो स्थानीय इलाका कुन क्षेत्रमा पर्छ पहिचान गर्न,
* जनसङ्ख्यासम्बन्धी तथ्याङ्कहरूको हरहिसाब गर्न र चित्रहरूमा देखाउन,
* उत्तरी अमेरिका, दक्षिणी अमेरिका र अफ्रिका महाद्वीपका नक्सामा देखाइएका तथ्यहरू पहिचान गर्न,
* उत्तरी अमेरिका, दक्षिणी अमेरिका र अफ्रिका महाद्वीपहरूको प्राकृतिक, सामाजिक र आर्थिक क्रियाकलापहरूको नेपालसँग तुलना गर्न,
* रेखाङ्कित नक्सा बनाएर विभिन्न भौगोलिक तथ्यहरू भरी देखाउन,
* सामान्य रूपले नक्सा कोर्न,
* स्केल, भूबनोट र विभिन्न जानकारीसहित नक्सा अध्ययन गर्न,
* भूकम्प, यसको कारण, असर बताउन र सुरक्षाका उपायहरू अवलम्बन गर्न,
* विभिन्न तरिका अपनाई नेपालको नक्सा उतार्न र विभिन्न तथ्यहरू भर्न,
* हावापानीले प्राकृतिक वनस्पतिको स्वरूप निर्धारण गर्दछ र यसले मानिसको जीवनशैलीमा पनि ठूलो प्रभाव पारिराखेको छ भन्ने कुरा बताउन र यसको व्याख्या गर्न ।

एकाइ
७

हामो विगत

यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौं :

- वि.सं. २००७ देखि वि.सं. २०४६ सम्मका प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव
- वि.सं. २०४६ देखि हालसम्म भएका प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव
- प्रथम र द्वितीय विश्वयुद्धका कारण, परिणाम, प्रभाव र नेपालीहरूको भूमिका ।

१. दिल्ली सम्झौता र २००७ सालको आन्दोलनको अन्त्य

नेपालमा रहेको निरङ्कुश राणाशासन विरुद्ध नेपाली काङ्ग्रेसले देशभरि शसस्त्र सङ्घर्षको तयारी गरिरहेको थियो । यस कदमलाई सहयोग गर्ने सिलसिलामा वि.सं. २००७ साल कार्तिक २१ गते राजा त्रिभुवन सपरिवार भारतीय विमानद्वारा दिल्ली प्रस्थान गरे । राजा त्रिभुवन सपरिवार भारत गएपछि तत्कालीन प्रधानमन्त्री मोहनशमशेरले त्रिभुवनका माहिला नाति ज्ञानेन्द्रलाई गद्दीमा राखी राजा घोषणा गरे तर भारतलगायतका अन्य मित्र राष्ट्रहरूले मोहनशमशेरको यस कार्यलाई मान्यता दिएनन् । यता मुक्ति सेनाले विराटनगरलगायत पूर्वी पहाडी क्षेत्र राणाहरूको हातबाट खोसी आफ्नो अधिकारमा लियो । यस्तै पश्चिमको मुख्य केन्द्र पाल्पामा पनि मुक्ति सेनाले अधिकार जमायो ।

मुक्ति सेनाले सशस्त्र मुठभेड गरी तलका ठाउँहरू कब्जा गरेको थियो :

इलाम, दिक्तेल, आठराई, तेह्रथुम, ओखलढुङ्गा, परवानीपुर, सिर्सिया नदीको पुल, भैरहवा, गोर्खा, कैलाली-कञ्चनपुर, डोटी, विराटनगर, रङ्गेली, मलङ्गवा, उपरदाङगढी, वीरगन्ज र परासी ।

मुक्ति सेनाले विनायुद्ध वा सामान्य सङ्घर्षले कब्जा गरेका ठाउँहरू :

भोजपुर, खोटाङ, धनकुटा, महोत्तरी, महिनाथ, ठोरी, चितवन, तौलिहवा, पाल्पा, पोखरा, गुल्मी, स्याङ्जा, बाग्लुङ, कोइलावास, दाडदेउखुरी, प्युठान, डडेल्धुरा, सुर्खेत, दैलेख, बैतडी र शिवराज खजहनी ।

काठमाडौंमा पनि राणाशाही मुर्दावाद, प्रजातन्त्र जिन्दावाद भन्ने नाराका साथ जुलुस र विरोध प्रदर्शन बढ्दै गयो । यसरी दिनानुदिन बढ्दो विरोधले गर्दा मोहनशमशेरले भारतसँग मध्यस्थता गर्न अनुरोध गरे । भारत सरकारले पनि राजा त्रिभुवन, नेपाली काङ्ग्रेस र राणा पक्षसँग वार्ता गर्नका लागि मध्यस्थताको भूमिका निर्वाह गऱ्यो । त्रिपक्षीय छलफलद्वारा वि.सं. २००७ मा दिल्ली सम्झौता भयो । यो सम्झौताको डा. के. आई. सिंह पक्षधरहरूले विरोध गरे ।

मुक्ति आन्दोलन

यो सझौतानुसार एउटा अन्तरिम सरकारको गठन हुने भयो, जसमा पाँच जना राणा पक्षका र पाँचजना नेपाली काङ्ग्रेस पक्षका मन्त्री रहने भए । यसपछि त्रिभुवन नेपाल फर्के । वि.सं. २००७ फागुन ७ गते (तदनुसार १८ फ्रेवुअरी १९५१) राजा त्रिभुवनले नेपालमा राणाशासन समाप्त भएको र प्रजातन्त्रको स्थापना भएको घोषणा गरे ।

दिल्ली सम्झौताका पाँचओटा मुख्य बुँदाहरू

(क) अब उप्रान्त जनताले निर्वाचन गरेको वैधानिक सभाले गणतन्त्रात्मक विधान तर्जुमा गर्ने,

(ख) नयाँ विधान निर्माण नहुन्जेलसम्म दैनिक प्रशासन सञ्चालन गर्न अन्तरिम मन्त्रिमण्डल गठन गरिने, जसमा पाँचजना राणातर्फबाट र पाँचजना नेपाली काङ्ग्रेसतर्फबाट मन्त्री रहने,

(ग) नेपालको वैधानिक राजा त्रिभुवन नै हुने,

(घ) फौजदारी अभियोग लागेका बाहेक अरू राजबन्दी रिहा हुने,

(ङ) आन्दोलनकारीहरूले सरकारलाई आफ्ना हतियारहरू बुझाउनुपर्ने र आन्दोलन रोक्नुपर्ने ।

यो सम्झौतापछि नेपाली काङ्ग्रेसले आन्दोलन रोक्ने सहमति जनायो । यसपछि नेपालमा चलेको सशस्त्र सङ्घर्ष रोकियो ।

क्रियाकलाप

१. पाठमा दिइएका घटना तथा घोषणाबाट क्रान्तिको परिणामको कस्तो आभास पाइन्छ भन्ने कुरामा संवाद तयार गर्नुहोस् अथवा आफ्ना मित्रलाई पत्र लेख्नुहोस् ।

२. फागुन ७ गतेको प्रजातन्त्र दिवस मनाउने सबै जिम्मेवारी तपाईंलाई दिइएमा तपाईं कसरी योजना बनाउनुहुन्छ ?

३. प्रजातन्त्र दिवससम्बन्धी पोस्टर तयार गर्नुहोस् ।

४. २००७ सालको घोषणापछि मानिसलाई प्रजातन्त्रको अनुभूति किन भयो ? त्यसबाट समुदायमा कस्ताकस्ता परिवर्तनहरू देखा परे त्यसका आधारमा एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

५. किन दिल्ली सम्झौताको विरोध भएको होला, आफ्नो विचार व्यक्त गर्नुहोस् ।

सामुदायिक कार्य

२००७ सालसम्बन्धी विशेषाङ्क पत्रिका प्रकाशित भयो र त्यसको मूल्याङ्कन गर्न तपाईंलाई दिइयो भने तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ? मूल्याङ्कनका आधारहरू प्रस्तुत गर्नुहोस् ।

जस्तै : चित्रको प्रस्तुतीकरण

---

२. २००७ देखि २०१७ सालसम्मको राजनीतिक घटनाक्रम

२००७ सालमा प्रजातन्त्रको घोषणाअनुसार राणा र नेपाली काङ्ग्रेसको संयुक्त मन्त्रिमण्डल बन्यो । यस मन्त्रिमण्डलले २००७ साल चैत्र १७ गते नेपाल अन्तरिम शासन विधान पारित गऱ्यो । यो विधानमा जनप्रतिनिधिमूलक शासन स्थापना गर्ने व्यवस्थासहित राज्यका नीति निर्देशक सिद्धान्तहरू उल्लेख गरिएको थियो । यसमा नागरिक अधिकारको पनि व्याख्या गरिएको थियो । यसवेला आफ्नो पुरानो सत्ता प्राप्त गर्ने प्रयत्नमा राणाहरू थिए । मोहनशमशेर सत्तामा रहेसम्म प्रजातन्त्र पूर्ण प्राप्त हुन नसक्ने ठहर गरी २००८ साल कार्तिक २५ गते सरकारमा रहेका काङ्ग्रेसतर्फका मन्त्रीहरूले राजिनामा दिएपछि मोहनशमशेर र राणापक्षीय मन्त्रीहरूले पनि बाध्य भएर राजिनामा दिनुपऱ्यो ।

मातृकाप्रसाद कोइराला

मोहनशमशेरको राजिनामापछि राजा त्रिभुवनले नेपाली काङ्ग्रेसका सभापति मातृकाप्रसाद कोइरालाको नेतृत्वमा १४ सदस्यीय मन्त्रिमण्डल गठन गरे । यो मन्त्रिमण्डलले निम्नलिखित कर्तव्य पूरा गर्नुपर्ने घोषणा गरिएको थियो :

(क) स्वतन्त्र न्याय विभाग खडा गर्ने,

(ख) लोकसेवा आयोगको व्यवस्थालाई राम्रोसँग लागू गर्ने,

(ग) सकेसम्म वि.सं. २००९ सालभित्रै वैधानिक सभाको निर्वाचन गर्ने,

(घ) जनताका नागरिक अधिकारहरू निश्चित गर्ने ।

त्यस समयमा नेपाल प्रजा परिषद्, नेपाल कम्प्युनिस्ट पार्टी र अरू विभिन्न सङ्घसंस्थाहरूले एउटा जनतान्त्रिक संयुक्त मोर्चा खडा गरी सर्वदलीय सरकारको गठन गरिनुपर्ने माग गरिरहेका थिए । यता डा. के. आई सिंहले पनि मातृका सरकारको विरुद्धमा विद्रोह सुरु गरे तर उनी असफल भएको हुँदा भागेर तिब्बततिर लागे । यही समयमा राणाशासन विरुद्ध मोर्चाबन्दी गर्ने भीमदत्त पन्तले पनि सरकारका कामप्रति असन्तुष्ट भई भू-स्वामित्व, जनाताको हित र सुरक्षाका लागि आवाज उठाई आन्दोलन गरे । यसरी सबैतिरबाट सरकारको विरोध भयो । नेपाली काङ्ग्रेसभित्रै पनि आपसमा मनोमालिन्यको वातावरण सिर्जना भयो, जसको परिणामस्वरूप नेपाली काङ्ग्रेसको सरकारले सफल भूमिका निर्वाह गर्न सकेन ।

टङ्कप्रसाद आचार्य

त्रिभुवनले पुनः ५ सदस्य रहेको परामर्शदातृ सरकार गठन गरे तर देशभित्रै र भारत सरकारले पनि यसको विरोध गरेको हुँदा वि.सं. २०१० मा यो सरकार विघटन भयो । यसपछि मातृकाप्रसाद कोइरालाको नेतृत्वमा

पुनः पाँच सदस्यीय मन्त्रिमण्डल गठन भयो । पाँच जना मन्त्रीहरू मात्र रहेको हुँदा विभिन्न विभागहरू सञ्चालनका निम्ति १२ जना सचिवहरू नियुक्त भए । आपसी झगडा र देशमा शान्ति कायम गर्न नसकेका कारण वि.सं. २०११ मा मातृकाप्रसाद कोइरालाको सरकार पनि विघटन भयो । यसको तत्कालै वि.सं. २०११ मा राजा त्रिभुवनको देहावसान भयो र महेन्द्र राजा भए । राजा हुने बित्तिकै उनले एउटा सल्लाहकार सभा गठन गरी प्रत्यक्ष शासन सुरु गरे ।

वि.सं. २०१२ सालमा प्रजापरिषद्का अध्यक्ष टङ्कप्रसाद आचार्यको नेतृत्वमा मन्त्रिमण्डल गठन भयो । यो मन्त्रिमण्डल छ महिनापछि वि.सं. २०१३ मा विघटन भयो र डा.के.आई सिंहको नेतृत्वमा अर्को मन्त्रिमण्डल गठन भयो तर यो मन्त्रिमण्डल पनि धेरै समय टिक्न सकेन र विघटन भयो ।

क्रियाकलाप

१. २००७ सालको अन्तरिम शासन विधानका दुईओटा विशेषता उल्लेख गर्नुहोस् ।

२. तलको समयरेखालाई आफ्नो कापीमा सार्नुहोस् । प्रत्येक १ इन्चलाई बाह्र महिनामा विभाजित गरिएको छ । यसमा दुई ठूला ठाडो धर्काको बीचमा बाह्र महिनाको सानो धर्को छ । तपाईंले घटना भएको धर्कोलाई पाठमा दिइएको प्रमुख ऐतिहासिक घटनाका आधारमा लामो पारी घटनाहरू लेख्दै जानुहोस् । त्यसपछि तल सोधिएका प्रश्नहरूको जवाफ दिनुहोस् ।



(क) उक्त समय रेखामा उल्लेख गरिएका राजनीति घटनाहरू कुनकुन हुन् ? तिनको छोटोछोटो विवरण दिनुहोस् ।

(ख) तपाईंले यस समय रेखामा उल्लेख गरिएका घटनाहरू आफैंले देखेको ठानेर यसका मितिहरू उल्लेख नगरी कथा बनाउनुहोस् । त्यसको सुरु यसरी गर्नुहोस् : "म त्यस बखत दस वर्षको थिएँ । मलाई मेरा ..... ले प्रजातन्त्रको धारणा सुनाउनुभयो तर मलाई प्रजातन्त्र भनेको कस्तो हुन्छ थाहा थिएन ।" तर यो कथा आधा पाना वा दस पङ्क्तिभन्दा बढी नबनाउनुहोस् ।

३. प्रत्यक्ष शासन र दलहरूमाथिको प्रतिबन्ध

राजा महेन्द्रले वि.सं. २०१४ साल मार्ग २१ गते सुवर्णशमशेरको अध्यक्षतामा सरकार गठन गरे । वि.सं. २०१५ फागुन १ गते नेपाल अधिराज्यको संविधान, २०१५ जारी गरियो । यसै वर्ष आम चुनाव पनि भयो र चुनावमा नेपाली काङ्ग्रेसले १०८ सीटमध्ये ७४ सिट प्राप्त गऱ्यो । विश्वेश्वरप्रसाद कोइराला नेपालको प्रथम निर्वाचित प्रधानमन्त्री भए र नेपाली काङ्ग्रेसको एकलौटी सरकार गठन भयो । अत्यन्त महत्त्वकाङ्क्षी राजा महेन्द्रले सत्ता आफ्नो हातमा लिनका लागि २०१७ साल पौष १ गते विश्वेश्वरप्रसाद कोइरालालाई अपदस्थ गरी कैद गरे । उनले २०१५ को संविधानको धारा ५५ प्रयोग गरी संसद निलम्बन गरेर दलहरू (नेपाली काङ्ग्रेस, नेपाल कम्युनिष्ट पार्टीलगायत अन्य) माथि प्रतिबन्ध लगाए । यसलाई २०१७ सालको काण्ड भनिन्छ ।


वी.पी. कोइराला

वि.सं. २०१६ साल जेठ १३ गते गठन भएको मन्त्रिमण्डललाई प्रतिबन्ध लगाए र त्यस वेला विघटन गरिएको मन्त्रिमण्डलको नामावली तल दिइएको छ :

१. विश्वेश्वरप्रसाद कोइराला
२. सुवर्णशमशेर ज.ब.रा
३. गणेशमान सिंह
४. सूर्यप्रसाद उपाध्याय
५. रामनारायण मिश्र
६. काशीनाथ गौतम
७. परशुनारायण चौधरी
८. शिवराज पन्त
९. प्रेमराज आङ्देम्बे
१०. सूर्यनाथदास यादव
११. ललितचन्द
१२. द्वारिकादेवी ठकुरानी
१३. मीनबहादुर गुरुङ
१४. जमानसिंह गुरुङ
१५. योगेन्द्रमान शेरचन
१६. नेवबहादुर मल्ल
१७. डा. तुलसी गिरी
१८. शिवप्रसाद शाह
१९. दिवानसिंह राई
२०. होराप्रसाद जोशी
२१. त्रिवेणीप्रसाद प्रधान

पुष्पलाल श्रेष्ठ

"जनताको पीर, मर्का र बाधा जस्ताको तस्तै रह्यो । यसबाट देशको शान्ति खल्बलिएको मात्र होइन कि नेपाल राष्ट्रको मौलिक एकता र सार्वभौमसत्तामा पनि आघात पुग्ने आशङ्का देखा पर्न गयो ।" राजा महेन्द्रले यस किसिमका आरोप लगाई दलहरू माथि प्रतिबन्ध लगाएर निरङ्कुश पञ्चायती शासनको सुरुवात गरे । नेपाली जनताले तीस वर्षसम्म आफ्ना गुमेका मौलिक अधिकार र लोकतन्त्र प्राप्तिका लागि लड्नुपऱ्यो ।

वि.सं. २००७ देखि २०१७ सम्मका सामाजिक र आर्थिक उपलब्धि

२००७ सालको परिवर्तनपछि नेपालमा वैधानिक शासनअन्तर्गत बहुदलीय शासन प्रणालीको सुरुआत भयो । राजनीतिक दलहरूले मान्यता पाए । विकासका निमित्त पञ्चवर्षीय योजनाहरू बन्न थाले । छिमेकी राष्ट्रहरूलगायत विश्वका विभिन्न राष्ट्रहरूसँग मैत्री सम्बन्ध कायम भयो । काठमाडौं नगरपालिकाको चुनाव भयो । भूमिसुधारको योजना लागू भयो । बिर्ता उन्मूलन ऐन लागू भयो । हवाई यातायातको सुरुवात भयो । निजामती सेवा ऐन २०१३ को कार्यान्वयन भयो । राष्ट्र बैङ्कको स्थापना भयो । शिक्षा क्षेत्रमा ठूलो परिवर्तन आयो । सर्वसाधारणले पनि पढ्न पाउने भए । क्रमशः देशभरि नै अङ्ग्रेजी भाषाका स्कुल कलेजहरू पनि खुले । सम्पूर्ण जङ्गललाई राष्ट्रियकरण गरियो । यातायात विकासका लागि राजमार्गहरू निर्माणको थालनी भयो । आन्तरिक तथा अन्तरराष्ट्रिय हवाई उडान सुरु गरियो । टेलिफोन र आकाशवाणी (टेलिग्राम) सुरु गरियो । यस्ता सामाजिक र आर्थिक उपलब्धि केही हदसम्म भए पनि राजनीतिक उपलब्धि हुन सकेन । वि.सं.२००७ देखि २०१७ सम्मको अवधि राजनीतिक अस्थिरताका कारण विकासले खासै गति लिन सकेन ।

क्रियाकलाप

१. नेपालको इतिहासमा २०१७ साल पौष १ गतेलाई किन कालो दिन मान्ने गरिन्छ ?

२. राजा महेन्द्रले दलहरूमाथि प्रतिबन्ध लगाउँदा उल्लेख गरेका कारण लेख्नुहोस् ।

३. वि.सं.२००७ देखि २०१७ सम्म भएका सामाजिक र आर्थिक पक्षहरू उल्लेख गर्दै त्यसले के कस्तो प्रभाव पाऱ्यो ? लेख्नुहोस् ।

४. यदि तपाईं कुनै राजनीतिक दलको सदस्य भएको भए २०१७ साल पौषमा पार्टीमाथि प्रतिबन्ध लगाउँदा त्यसका विरुद्धमा केकस्ता कार्यक्रमहरू आयोजना गर्नुहुन्थ्यो ? त्यसको खाका तयार गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा पुराना राजनीतिज्ञ हुनुहुन्छ होला । तपाईंले उहाँलाई भेटेर वि.सं.२०१७ देखि २०२८ सम्मको अवधिमा केकस्ता कार्यहरू भएका थिए ? त्यसको खोजी गर्न प्रश्नावली तयार गर्नुहोस् । प्रश्नावलीका आधारमा एक प्रतिवेदन तयार गर्नुहोस् ।

४. वि.सं.२०१७ देखि २०३६ सालसम्मका राजनीतिक घटनाहरू

वि.सं. २०१७ साल पौष १ गते निर्वाचित सरकारलाई विघटन गरेपछि राजा महेन्द्रले आफ्नो अध्यक्षतामा एउटा मन्त्रिमण्डल गठन गरे । यसपछि वि.सं. २०१७ पुष २२ गते नेपालमा पञ्चायती व्यवस्थाको घोषणा गरे । पञ्चायत व्यवस्थालाई दह्रो बनाउनका लागि पञ्चायत मन्त्रालयको गठन गरी यसअन्तर्गत पञ्चायत निर्देशन विभाग, पञ्चायत विकास विभाग खडा गरिए । देशलाई १४ अञ्चल ७५ जिल्लामा विभाजित गरियो ।

वि.सं. २०१९ साल पौष १ गतेको दिन पञ्चायत व्यवस्थालाई टेवा दिन नेपालको संविधान २०१९ घोषणा भयो । यो संविधानले नेपालमा दलविहीन पञ्चायती शासन व्यवस्थालाई वैधानिक रूप प्रदान गऱ्यो ।

वि.सं.२०१८ साल माघमा राजा महेन्द्र चढेको गाडीमा सहिद दुर्गानन्द झाले बम हाने, जसलाई जनकपुर काण्ड भनिन्छ । यस काण्डमा दुर्गानन्द झा, अरविन्दकुमार ठाकुर र दलसिंह थापालाई मृत्युदण्डको घोषणा गरियो । वि.सं. २०२० माघ २५ गते दुर्गानन्द झालाई फाँसी दिइयो भने बाँकी दुईजनालाई जन्मकैदको सजायमा परिवर्तन गरियो । वि.सं. २०२३ सालमा नेपालको संविधान २०१९ मा पहिलो संशोधन भयो । वि.सं. २०२४ सालमा गाउँ फर्क राष्ट्रिय अभियान लागू गरियो । वि.सं. २०२८ माघमा राजा महेन्द्रको मृत्यु भयो । वि.सं. २०२८ सालमा झापा विद्रोह भयो । त्यसमा संलग्न केही सदस्यहरूलाई पक्राउ गरी इलामको सुखानीमा लगी वि.सं. २०२९ मा हत्या गरियो, जसलाई सुखानी हत्याकाण्ड भनिन्छ । त्यस हत्याकाण्डमा रामनाथ दाहाल, नारायण श्रेष्ठ, कृष्ण कुँइकेल, नेत्रप्रसाद घिमिरे र विरेन राजवंशीलाई तत्कालीन सरकारले गोली हानी हत्या गऱ्यो । उनीहरूलाई तत्कालीन रा.पं.स. धर्मप्रसाद उपाध्यायको हत्या गरेको अभियोग लगाएर समातिएको थियो । वि.सं. २०३० सालमा सिंहदरबारमा आगलागी भयो । त्यसवेला नेपालका प्रधानमन्त्री कीर्तिनिधि विष्ट थिए । वि.सं.२०३१ मा ओखलढुङ्गाको टिम्बुरबोटे काण्डमा रामलक्ष्मणसहित अन्यको हत्या भयो । यसै काण्डमा पक्राउ परेका क्या. यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठको पनि हत्या गरियो । वि.सं. २०३२ मङ्सिर २६ गते नेपालको संविधान २०१९ मा दोस्रो संशोधन गरी "विकासका निम्ति राजनीति" भन्ने नारा ल्याइयो । त्यस संशोधनले गाउँफर्क अभियानलाई पनि संवैधानिक अङ्ग बनायो । यसैगरी वि.सं. २०३५ चैत्र २७ गते रत्नकुमार वान्तावालाई पनि इलामको देउमाई नदीको किनारमा तत्कालीन सरकारले गोली हानी हत्या गरेको थियो । पञ्चायत कालमा नै ऋषिराज देवकोटा (आजाद) र जयगोविन्द शाहलाई पनि मारियो । पञ्चायत व्यवस्थालाई निर्दलीय शासन पद्धतिका रूपमा कायमै राख्न नयाँनयाँ कदमहरू चालियो । यता प्रजातन्त्रका पक्षधरले भारत र सीमावर्ती क्षेत्रबाट आफ्नो विरोध कार्यक्रम भने जारी नै राखेका थिए ।

वि.सं. २०३६ सालमा विद्यार्थी आन्दोलनबाट सुरु भएको पञ्चायत विरोधी आन्दोलनमा जनताले पनि समर्थन गरे । त्यसबखत पाकिस्तानका तत्कालीन शासक जुल्फिकार अलि भुट्टोलाई सैनिक शासकद्वारा फाँसीको सजाय दिइयो । यसबाट नेपाली विद्यार्थीहरू आन्दोलित हुन पुगे । पञ्चायती शासकले यसलाई दबाउन प्रयास गऱ्यो तर जनआक्रोश झन्झन् बढ्दै गयो र वि.सं. २०३६ साल जेठ १० गते जनमत सङ्ग्रहको घोषणा भयो । प्रधानन्यायाधीश भगवतीप्रसाद सिंहको अध्यक्षतामा १५ सदस्यीय राष्ट्रिय चुनाव आयोग गठन गरियो । यसमा सुधारिएको पञ्चायती व्यवस्था अथवा बहुदलीय शासन व्यवस्थामध्ये कुनै एक छनोट गर्नुपर्ने भयो । वि.सं. २०३७ साल वैशाख २० गते भएको जनमत सङ्ग्रहमा पञ्चायती पक्ष विजयी घोषित भयो ।

क्रियाकलाप

१. नेपालको संविधान २०१९ तीनपटक संशोधन भयो । यी संशोधनमा केकस्ता परिवर्तनहरू भएका थिए ? खोजेर लेख्नुहोस् ।

२. २०३६ सालको जनमत सङ्ग्रह हुनका कारणहरू केके थिए ?

३. २०३६ सालको जनमत सङ्ग्रहको परिणाम कसको पक्षमा आयो ? त्यसका कारणहरू खोज्नुहोस् ।

४. तलको तालिकामा वि.सं. २०१७ देखि २०३६ सालसम्म भएका राजनीतिक घटनाक्रम र मिति उल्लेख गर्नुहोस् । यसका लागि तपाईंले विद्यालयमा आफ्नो शिक्षक, घरमा अभिभावक वा समुदायका समाजसेवी वा राजनीतिज्ञको सहयोग लिन सक्नुहुने छ । विभिन्न स्रोतबाट प्राप्त गरेको उक्त जानकारीका आधारमा तालिका भरिसकेपछि कक्षामा समूहमा बसी साथीहरूसँग छलफल गर्नुहोस् र यसलाई अन्तिम रूप दिनुहोस् ।

मिति	राजनीतिक घटनाक्रम

५. वि.सं. २०१७ देखि अहिलेसम्म शिक्षा क्षेत्रमा केके परिवर्तनहरू भए शिक्षक वा अभिभावकसँगको सहयोग लिई लेख्नुहोस् ।

६. २०२० साल भाद्र १ गते मुलुकी ऐनको घोषणा भयो तैपनि हालसम्म समाजमा जातपातसम्बन्धी भेदभाव पनि कायम छ । महिला, दलित, आदिवासी जनजातिहरूमाथि कुनै वा कुनै किसिमबाट शोषण भइरहेको छ । यसलाई पूर्ण रूपमा हटाउने अभियानमा तपाईं कसरी संलग्न हुन सक्नुहुन्छ, योजना बनाउनुहोस् ।

सामुदायिक कार्य

समुदायमा रहेका बूढापाकाहरूसँग प्रश्नावली तयार गरी २०३७ सालको जनमत सङ्ग्रहको विषयमा सोध्नुहोस् र टिप्पणी लेख्नुहोस् ।

५. वि.सं.२०३६ देखि २०४६ सालसम्मका राजनीतिक घटनाक्रम

वि.सं. २०३७ साल बैशाख २० गते भएको जनमत सङ्ग्रहमा पञ्चायती व्यवस्थाको पक्षमा २४ लाख र बहुदलीय शासन व्यवस्थाको पक्षमा २० लाख मत प्राप्त भएको थियो । यसरी पञ्चायती व्यवस्थाको विजय भएपछि वि.सं. २०३८ सालमा राष्ट्रिय पञ्चायतका लागि चुनाव भयो र सूर्यबहादुर थापा प्रधानमन्त्री भए । वि.सं. २०४० सालमा सिन्धुपाल्चोकको पिस्कर हत्याकाण्ड भयो । वि.सं. २०४० सालमा उनलाई राष्ट्रिय पञ्चायतमा (त्यस वेलाको संसद्) अविश्वासको प्रस्ताव ल्याई प्रधानमन्त्रीबाट हटाइयो र लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री भए । वि.सं. २०४२ सालमा फेरि राष्ट्रिय पञ्चायतका लागि चुनाव भयो र मरिचमान सिंह श्रेष्ठ प्रधानमन्त्री भए । उनको समयमा २०४२ साल असारमा काठमाडौंको विभिन्न स्थानहरूमा बम काण्ड भयो । यसले नेपाली काङ्ग्रेसले सुरु गरेको सत्याग्रह विथोलियो । देशमा भ्रष्टाचार, तस्करी, दमनले झन् उग्र रूप लिन थाल्यो । नेपाली जनताहरू मानव अधिकारबाट पनि बञ्चित त छँदै थिए । यसै पृष्ठभूमिमा निरङ्कुश पञ्चायती व्यवस्थाबाट देश र जनतालाई छुट्कारा दिलाउन नेपाली काङ्ग्रेस र संयुक्त बाम मोर्चाले संयुक्त रूपमा जनआन्दोलन गर्ने ऐतिहासिक निर्णय गरे ।

गणेशमान सिंह

वि.सं. २०४६ सालें माघ ५ देखि ७ सम्म नेपाली काङ्ग्रेसका लौह पुरुष गणेशमान सिंहको आँगनमा नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूको राष्ट्रिय सम्मेलन भयो । यस सम्मेलनमा संयुक्त वाममोर्चाका नेता तथा भारतका विभिन्न राजनीतिक दलका नेताहरूले पनि भाग लिएका थिए । भारतीय नेताहरूले नेपालमा प्रजातन्त्रको पुर्नबहाली गरी मानवअधिकार प्राप्तिका लागि नेपाली जनआन्दोलनलाई सहयोग गर्ने वचन दिए । त्यसैगरी नेपाली काङ्ग्रेस, संयुक्त बाममोर्चा र संयुक्त राष्ट्रिय जनआन्दोलन समिति मिलेर वि.सं. २०४६ साल फागुन ७ गतेदेखि संयुक्त रूपमा जनआन्दोलन सुरु गर्ने निर्णय भयो । नेपाली काङ्ग्रेसका नेता गणेशमान सिंहलाई आन्दोलनको कमान्डर बनाइएको थियो । विद्यार्थीहरू अत्यन्तै सक्रिय भएर आन्दोलनमा लागे । वकिल, डाक्टर, प्राध्यापक, शिक्षक, व्यवसायी र सरकारी कर्मचारीले समेत आन्दोलनको पक्षमा बन्द, हडताल, कालोपट्टी बाध्ने आदि कार्य गरी पञ्चायत विरोधी कार्यमा सघाए । यता पञ्चायती सरकारले कडा दमनकारी नीति लियो । कैयौं सहिद भए, कैयौं घाइते भए । अन्तरराष्ट्रिय सञ्चार माध्यमहरूले पनि आन्दोलनको खबरहरू प्रसारित गरे । जनतालाई साम्य पार्न राजा वीरेन्द्रले मरिचमान सिंह श्रेष्ठको मन्त्रिमण्डल विघटन गरी लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाए तर आन्दोलन झन्झन् चर्केको हुँदा २०४६ साल चैत्र २६ गते राजा वीरेन्द्रले पार्टीका नेताहरू कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, साहना प्रधान र राधाकृष्ण मैनाली रहेको पार्टी प्रतिनिधि

साहना प्रधान

मण्डलसँग वार्ता गरी समझदारी कायम गरे। यसअनुरूप नेपालको संविधान २०१९ मा रहेको "दलविहीन" शब्द हटाई दलहरू माथि लगाइएको प्रतिबन्ध फुकुंवा गरियो र देशमा पुनः बहुदलीय प्रजातन्त्रको स्थापना भयो।

क्रियाकलाप

१. तलको तस्बिरमा तपाईं कुनकुन कुराहरू देख्नुहुन्छ ? त्यसका आधारमा राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस्।



२. २०३६ सालदेखि २०४६ सम्मका मुख्यमुख्य घटनाहरूलाई समयरेखामा देखाउनुहोस्।

३. किन नेपाली काङ्ग्रेस, संयुक्त वाम मोर्चा र संयुक्त राष्ट्रिय जनआन्दोलन समितिले जनआन्दोलन गर्ने निर्णय गरे ?

४. पञ्चायती व्यवस्था किन टिक्न सकेन ? त्यसका कारणहरू पत्ता लगाउनुहोस्।

५. बहुदलीय शासन व्यवस्था पुनस्थापनाका लागि भएको जनआन्दोलनमा धेरै व्यक्तिहरू सहिद भए। त्यसपछिको सरकारले सहिदप्रति सम्मान गर्न केके कामहरू गऱ्यो ? त्यसको खोजी गरी लेख्नुहोस्।

सामुदायिक कार्य

२०४६ सालको जनआन्दोलनमा तपाईंको समुदायमा केकस्ता घटनाहरू भए ? त्यस घटनाका सम्बन्धमा स्थानीय व्यक्तिसँग सोधपुछ गरी एक प्रतिवेदन तयार गर्नुहोस्।

६. वि.स. २०४६ पछिका राजनीतिक घटनाक्रम

वि.सं. २०४६ फागुन-७ गते सुरु भएको जनआन्दोलन २०४६ साल चैत्र २६ गते राति ११.४५ बजे बहुदलीय प्रजातन्त्रको पुर्नबहाली गराउन सफल भयो। यसपछि २०४७ साल वैशाख ३ गते राष्ट्रिय पञ्चायत, पञ्चायत नीति तथा जाँचबुझ समिति र पञ्चायतका वर्गीय सङ्गठनहरू विघटन गरिए। यसपछि नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा जनआन्दोलनमा सहभागी दलहरू सामेल भएको अन्तरिम मन्त्रिमण्डल गठन भयो। अन्तरिम सरकारको दुईओटा प्रमुख कार्य थिए : (क) बहुदलीय प्रजातन्त्रका अनुकूलको संविधान बनाउने (ख) आम चुनाव गराउने। उक्त जिम्मेवारीअनुसार २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ लागू भयो। यो संविधानले नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने स्पष्ट किटान गर्नुको साथै संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र, बालिक मताधिकार, मानव अधिकार र बहुदलीय प्रजातन्त्रको संवैधानिक ग्यारेन्टी प्रदान गऱ्यो।

वि.सं. २०४८ वैशाखमा आम चुनाव भयो र नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गऱ्यो। सो पार्टीका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा काङ्ग्रेसको एकमना सरकार गठन भयो। काङ्ग्रेसको आन्तरिक मतभेदले गर्दा उक्त संसद् विघटन भई वि.सं. २०५१ मा मध्यावधि चुनाव भयो। यो चुनावमा कुनै दलको स्पष्ट बहुमत प्राप्त नगरेको हुँदा संसदमा सबभन्दा बढी स्थान प्राप्त गर्ने नेकपा एमालेले मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा सरकारको गठन गऱ्यो। वि.सं. २०५२ मा नौ महिनापछि यो सरकार विरुद्ध अविश्वासको प्रस्ताव पास गरियो। त्यसपछि शेरबहादुर देउवाको प्रधानमन्त्रीमा नेपाली काङ्ग्रेस, राष्ट्रिय प्रजातन्त्र पाटी र सद्भावना पार्टीको संयुक्त सरकार बन्यो।

वि.सं. २०५२ फागुन १ गतेदेखि नेकपा माओवादीले सशस्त्र जनयुद्ध सुरु गऱ्यो। वि.सं. २०५८ जेठ १९ गते नारायणहिटी राजदरबारमा ठूलो हत्याकाण्ड भई सपरिवार राजा वीरेन्द्रको वंशको अन्त्य भयो। वि.सं. २०५९ असोज १८ गते राजा ज्ञानेन्द्रले तत्कालीन संविधानको धारा १२७ प्रयोग गरेर प्रधानमन्त्री शेरबहादुर देउवालाई पदमुक्त गरी सम्पूर्ण अधिकार आफ्नो हातमा लिए। लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापा क्रमशः प्रधानमन्त्रीमा नियुक्त भए। व्यापक जनदबाब र विरोधले गर्दा पुनः शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गरियो। वि.सं. २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले प्रधानमन्त्री देउवालगायत सबै नेताहरूलाई नजरबन्द गरी आफ्नो नेतृत्वमा सरकार गठन गरे।

राजा ज्ञानेन्द्रको माघ १९ गतेको कदमपछि नेपाली जनताले व्यापक विरोध गरे। वि.सं. २०६२ मङ्सिरमा सात दल र नेकपा माओवादीबीच १२ बुँदे समझदारी भयो। वि.सं. २०६३ चैत्र २४ गतेदेखि लोकतन्त्रको पक्षमा व्यापक जनआन्दोलन गर्न सात दलको सहमति भयो। १९ दिनसम्म जनताले आन्दोलनमा गरेको अभूतपूर्व उत्सर्गलाई साम्य गर्न नसकी वि.सं. २०६३ वैशाख ११ गते राजा ज्ञानेन्द्रले आफूले लिएको सार्वभौमसत्तासमेत एवम् राजकीय सत्ता जनतालाई फर्काएको घोषणा गरे। यसपछि आन्दोलन रोकी संसद् पुनः स्थापना भई नयाँ सरकार गठन भयो। गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भए। पुनस्थापित संसद्ले प्रतिनिधिसभाको घोषणा २०६३, जारी गरी देशमा धेरै महत्त्वपूर्ण राजनीतिक परिवर्तन गरियो। संविधानसभाको निर्वाचन गर्ने, माओवादीसँग वार्ता गर्ने, अन्तरिम संविधान निर्माण गर्ने कुरा संसद्ले सर्वसम्मतिबाट पारित गऱ्यो। वि.सं. २०६३ असार २ गते माओवादी

र सातदलको बीचमा आठ बुँदे सहमति भयो । वि.सं. २०६३ मङ्सिर ५ गते नेपाल सरकार र नेकपा माओवादीबीच विस्तृत शान्ति सम्झौता भयो । दस बर्से जनयुद्धको अन्त्य भएको घोषणा गरियो । सात दल र माओवादीसमेतको सहमतिमा नेपालको अन्तरिम संविधान २०६३, माघ १ गते जारी भयो । देशमा उठेका जनलहरका मागअनुसार अन्तरिम संविधानमा थप संशोधनहरू भए । यसरी क्रमिक रूपमा भएको राजनीतिक परिवर्तनले देश विकासको सबै पक्षलाई प्रभावित तुल्यायो ।

क्रियाकलाप

१. वि.सं. २०४६ सालको जनआन्दोलन पछिको अन्तरिम सरकारको प्रमुख २ ओटा कार्यहरू के थिए ? वर्णन गर्नुहोस् ।

२. वि.सं. २०५२ देखिको माओवादी जनयुद्धले देशमा केकस्तो परिवर्तन ल्यायो, छलफल गर्नुहोस् ।

३. वि.सं. २०५९ असोज १८ मा राजाबाट चालिएको कदम प्रजातन्त्रको हितमा थिएन किन ? पुष्टि गर्नुहोस् ।

४. वि.सं. २०६१ माघ १९ पछिको राजाको प्रत्यक्ष शासनले नेपाली जनतामा कस्तो असर गऱ्यो, उल्लेख गर्नुहोस् ।

५. वि.सं. २०६२ चैत्र २४ गते देखि २०६३ वैशाख ११ सम्म जम्मा १९ दिन दोस्रो जनआन्दोलन सञ्चालन भएको थियो । पत्रिका पढेर, टेलिभिजनमा समाचार हेरेर वा रेडियो सुनेर, आफूभन्दा ठूला मानिसहरूबाट अथवा आफ्नै अनुभव र अन्य कुनै स्रोतबाट दोस्रो जनआन्दोलनका बारेमा जानकारी लिई त्यस आन्दोलनका प्रमुख घटनाहरूको बुँदागत रूपमा सूची बनाउनुहोस् ।

६. वि.सं. २०४६ जनआन्दोलनबाट स्थापित प्रजातान्त्रिक शासन पद्धतिका सबल पक्षहरू केके हुन् ? साथीहरूको समूहमा बसी छलफल गर्नुहोस् र निष्कर्ष निकाल्नुहोस् । छलफल गरी निस्केको निष्कर्षलाई बुँदागत रूपमा बेग्लाबेग्लै सूची बनाउनुहोस् ।

७. वि.सं. २०४६ देखि हालसम्म भएका आर्थिक र सामाजिक उपलब्धिहरूलाई तालिकामा देखाउनुहोस् ।

सामुदायिक कार्य

तपाईँको समुदायमा भएका राजनीतिज्ञ, समाजसेवी, बुद्धिजीवी व्यक्तिहरूसँग भेटेर वि.सं. २०४६ को जनआन्दोलनसम्बन्धी जानकारी लिन प्रश्नहरू तयार पार्नुहोस् । प्रश्नहरू बढीमा दसओटा मात्र तयार पार्नुहोस् । त्यसबाट प्राप्त भएका उत्तरहरूलाई मिलाएर एउटा लेख तयार गर्नुहोस् ।

७. प्रथम विश्वयुद्धका कारणहरू



१. गुटबन्दी

युरोपमा बिस्मार्कले सुरु गरेको गुटबन्दी प्रथम विश्वयुद्धको महत्त्वपूर्ण कारण बन्न गयो । त्यस वेला जर्मनी इटाली र अस्ट्रिया त्रिपक्षीय सन्धि (Triple alliances) मा बाँधिएका थिए । बेलायत र जापानको बीचमा इ.सं. १९०२ मैत्री सन्धि भएको थियो । बेलायतले फ्रान्स र रुससँग पनि त्रिपक्षीय मैत्री सन्धि (Triple entente) गरेको थियो । यसरी युरोपका शक्तिहरू दुई गुटमा बाँडिएकाले गर्दा एक अर्काप्रति शङ्का गर्ने स्थिति आयो ।

२. सैन्यवाद

जर्मनी र इटालीको एकीकरणपछि युरोपमा नयाँ सैन्यवाद बढ्न गयो । प्रत्येक राष्ट्रले आफ्नो सुरक्षाका लागि भनेर सैनिक सङ्ख्यामा वृद्धि गर्ने र हातहतियार जम्मा गर्ने होड चल्यो ।

३. आर्थिक सामाज्यवाद

औद्योगिक क्रान्तिको परिणाम स्वरूप उत्पादित सामानहरूका लागि बजार विस्तार गर्नु आवश्यक थियो । यसका लागि साम्राज्य वा उपनिवेशवादी नीतिको होड चल्यो । यसले एक आपसमा तनाव उत्पन्न गरायो ।

४. विलियम द्वितीयको चरित्र

जर्मनीका सम्राट कैजर विलियमले जसरी पनि जर्मनीलाई विश्वको सर्वशक्तिमान राष्ट्र बनाउन चाहन्थे । उनले "विश्वप्रभुत्व वा सर्वनाश" (World Power or Downfall) भन्ने नीति लिए । उनी जसरी भए पनि बेलायतलाई कमजोर देखाउन चाहन्थे । यसले गर्दा जर्मनी र इङ्ल्यान्डको सम्बन्ध चिसियो ।

५. बालकन प्रायद्वीपको समस्या

टर्की साम्राज्यअन्तर्गत ग्रीस, बुल्गेरिया, सर्विया, मेसोडोनिया पर्दथे, जसलाई अटोमन एम्पाएर (Ottoman empire) भनिन्थ्यो । त्यहाँ टर्की शासकहरूको दमनपूर्ण शासन थियो । त्यहाँका क्रिश्चियन जनताहरू अत्यन्त पीडित थिए । उनीहरू टर्कीबाट स्वतन्त्र हुन चाहन्थे ।

६. बोसनिया र हर्जगोभिना

यी दुई राज्य बालकन राज्य थिए । इ.सं. १८७८ को वर्लिन सम्मेलनले यी दुई राज्यलाई अस्ट्रिया तथा हङ्गेरीअन्तर्गत राखिदिएको थियो, जसले गर्दा स्वतन्त्रताका लागि यिनीहरू सधैं विद्रोह गरिरहन्थे ।

७. एलसेस र लोरेन फिर्ता लिने चाहना

१८७१ इ.सं.मा जर्मनी एकीकरणका लागि युद्ध भएको थियो । यस युद्धमा फ्रान्सलाई पराजित गरेपछि जर्मनीले एलसेस र लोरेन दुईओटा प्रान्तलाई आफूमा गाभ्यो । यो अपमानलाई फ्रान्सले बिर्सन सकेन र सधैँ बदलाका लागि अवसरको खोजीमा रह्यो ।

८. उग्रराष्ट्रवादको भावना र समाचारपत्रहरू

यस समयमा सबै राष्ट्रले आफ्नो राष्ट्रप्रति कट्टरता दर्साउने नीति लिएका थिए । जस्तै : जर्मनी इङ्गल्यान्डसँग घृणाको भावना राख्दथ्यो भने फ्रान्स जमर्नीसँग वैरभाव गर्थ्यो । त्यसबेलाका समाचारपत्रहरू पनि अन्य राष्ट्रका विषयमा झुठा समाचारहरू प्रकाशित गरी जनभावनालाई भड्काउने काम गर्दथे ।

९. तत्कालीन कारण

अस्ट्रियाका राजकुमार आर्क ड्युक फ्रान्ज फर्डिनान्ड (Arch Duke Franz Ferdinand) र उनकी पत्नी सोफी चोटेक (Sophie Chotek) बोसनियाको राजधानी सेराजेभो (Sarajevo) घुम्न गएका थिए । त्यस बखतमा २८ जुन १९१४ मा बोसनियाका एक विद्यार्थी गाभ्रिलो प्रिन्सिप (Govrilo Princip) ले गोली हानी हत्या गरि दिए । उनी ब्ल्याक ह्यान्ड (Black Hand) नामक गुप्त संस्थाको सदस्य थिए । त्यस घटनामा सर्वियन सरकारको हात रहेको ठहर भयो । जर्मनीको इसारामा अस्ट्रियाले ब्ल्याक ह्यान्डलाई त्यहाँको सरकारले दमन गर्नुपर्ने र सो कार्यको निरीक्षण अस्ट्रियाले गर्न पाउनुपर्ने सर्त राखी २४ घण्टाभित्रमा जवाफ पठाउन सर्वियालाई चेतावनी दियो । सर्वियाले ब्ल्याक हयान्डलाई दमन गर्न सकिने तर अस्ट्रियालाई निरीक्षण गर्न दिन नसकिने जवाफ दिएपछि दुवै राष्ट्रका बीचको तनावले युद्धको रूप लियो ।

क्रियाकलाप

१. यस पाठमा युरोपेली राष्ट्रहरूको स्थितिसम्बन्धी तथ्य दिइएको छ । यी तथ्यले केके कुराहरू देखाइएका छन् ? के यी तथ्यले प्रथम विश्वयुद्धका कारण बताउँछन् ? बताउँछन् भने कसरी ? प्रत्येक तथ्यको आधारमा बयान गर्नुहोस् र तपाईं किन रोग, शोक र गरिबीलाई आफ्नो शत्रु ठान्नुहुन्छ ? यसबाट मुक्ति पाउन तपाईं केके योजना बनाउनुहुन्छ ? योजनाहरूलाई तलको जस्तै तालिका बनाई उल्लेख गर्नुहोस् :

समस्या	तत्कालीन योजना	परिणाम
नराम्रो स्वास्थ्य	योगाभ्यास वा खेलकुद	औषधीसेवनबाट मुक्ति
चिन्ता		
गरिबी		
श्रम		

२. माथि पाठमा उल्लेख गरिएका व्यक्ति, पद र ठाउँहरूको नामको सूची बनाउनुहोस् । आफ्ना कक्षाका साथीहरूमध्ये केहीलाई व्यक्ति, पद र ठाउँको नामको ट्याग दिनुहोस् र तिनैलाई माथिको घटनाको आधारमा संवाद लेख्न लगाउनुहोस् । यसरी लेखिएको संवादका आधारमा अभिनय गर्नुहोस् । कक्षामा कसकसले केके गरे एकजना साथीले प्रतिवेदन लेख्नुहोस् र कक्षाको अन्त्यमा सबैले सुन्ने गरी पढ्नुहोस् ।

८. प्रथम विश्वयुद्धका प्रमुख घटना र परिणामहरू

प्रथम विश्वयुद्धका प्रमुख घटनाहरू

मिति	घटनाहरू
२८ जुलाई १९१४	अस्ट्रिया हङ्गेरीका सम्राट फ्रान्ज़ जोसेफद्वारा सर्बियामाथि आक्रमण गर्ने घोषणा
२९ जुलाई १९१४	रुसद्वारा आफ्ना सेनालाई सर्बियाको रक्षा गर्ने आदेश
३० जुलाई १९१४	जर्मनीद्वारा रुसका सम्राट् जार निकोलस द्वितीयलाई आफ्नो सेना फिर्ता बोलाउन दबाब
१ अगस्ट १९१४	जर्मनीद्वारा रुसमाथि युद्धको घोषणा
३ अगस्ट १९१४	जर्मनीद्वारा फ्रान्स विरुद्ध युद्धको घोषणा
४ अगस्ट १९१४	बेलायतद्वारा जर्मनीविरुद्ध युद्धको घोषणा
१२ अगस्ट १९१४	बेलायत र फ्रान्सद्वारा अस्ट्रिया र हङ्गेरीमाथि युद्धको घोषणा
२० अक्टुबर १९१४	प्रथम यप्रस युद्ध (First Battle of Ypres) प्रारम्भ
२४ मई १९१५	इटलीद्वारा अस्ट्रियाविरुद्ध युद्धको घोषणा
१५ अक्टुबर १९१५	बेलायतद्वारा बुल्गेरियाविरुद्ध युद्धको घोषणा
२७ अगस्ट १९१६	रोमानियाद्वारा अस्ट्रियाविरुद्ध युद्धको घोषणा
२८ अगस्ट १९१६	इटलीद्वारा जर्मनीविरुद्ध युद्धको घोषणा
६ अप्रिल १९१७	संयुक्त राज्य अमेरिकाद्वारा जर्मनीविरुद्ध युद्धको घोषणा
७ अगस्ट १९१८	जर्मन सेनाको कालो दिन
९ नोभेम्बर १९१८	जर्मन सम्राट् कैजर विलियम द्वितीय हल्यान्ड पलायन
२९ जुन १९१९	भर्सेल्सको सन्धि तथा युद्धको अन्त्य

मानव इतिहासमा प्रथम विश्वयुद्ध पहिलो सबभन्दा ठूलो मानवीय तथा भौतिक क्षति थियो । भर्सेल्सको सन्धिअनुसार जर्मनीले आफ्नो तेह्र प्रतिशत भूभाग र साठी लाख जनता गुमाउनुपर्‍यो । सन्धिका अन्य कुरा तल दिइएको छ :

१. युद्ध अपराध

सन्धिको धारा २३१ अनुसार जर्मनीले सबै किसिमको युद्धको क्षतिको उत्तरदायित्व स्वीकार गर्नुपर्‍यो ।

२. राज्यको क्षति

- एल्सेस र लोरेन फ्रान्सलाई फर्काउनुपर्ने,
- युरपेन र मालमेडी (Eurpen-Malmedy) बेल्जियमलाई दिने,
- उत्तरी स्लेसविग (North Schleswig) डेनमार्कलाई दिने,

- पोलिस कोरिडर पोसेन र पश्चिमी प्रुसिया (Posen and West Prussia) पोल्यान्डलाई दिने र अपर सिलेसिया (Upper Silesia) पनि पोल्यान्डलाई दिने,
- सारक्षेत्र (Saar) र डान्जिङ (Danzing) राष्ट्रसङ्घको प्रशासनअन्तर्गत राख्ने,
- नवनिर्मित बाल्टिक राज्य लिथुवानिया (Lithuania) लाई मेमलको सहर दिने,
- जर्मन उपनिवेश मित्रराष्ट्रहरूलाई दिने ।

३. सैनिक प्रतिबन्ध

- राइनल्यान्डबाट जर्मन फौज हटाउनुपर्ने र त्यसलाई १५ वर्षसम्म मित्रराष्ट्रको फौजको अधिकारमा राख्ने,
- १००,००० जर्मन सेना घटाउनु पर्ने र सेना भर्ती गर्न नपाइने,
- जर्मनीले ६ ओटाभन्दा बढी युद्धपोत राख्न नपाउने,
- जर्मनीले युद्धपोत, ट्याङ्क र हवाईजहाज बनाउन नपाउने ।

४. क्षतिपूर्ति

- मित्रराष्ट्र क्षतिपूर्ति आयोग (Allied Reparations Commission) लाई जर्मनीले छैंसट्ठी करोड पाउन्ड मोल पर्ने सुन वा अन्य वस्तु बुझाउनुपर्ने,
- सार (Saar) को कोइला उत्पादन क्षेत्र पन्ध्र वर्षका निम्ति फ्रान्सलाई दिने ।

प्रथम विश्वयुद्धमा नेपालीहरूको भूमिका

प्रथम विश्व सुरु भएपछि त्यसबेलाका नेपालका राणा प्रधानमन्त्री चन्द्रशमशेरले अङ्ग्रेजहरूलाई सहयोग गर्नका लागि बबरशमशेरको नेतृत्वमा सात हजार पाँच सय नेपाली फौज पठाए । यसपछि जनरल पद्मशमशेर, तेजशमशेर र केशरशमशेरको नेतृत्वमा पनि फौज पठाए । युद्ध बढ्दै गइरहेको हुँदा अङ्ग्रेजहरूलाई सहयता गर्न नयाँ सैनिक भर्तीको क्रम पनि जारी राखियो । नेपालले त्यस बेला अङ्ग्रेजलाई दस लाख पौन्ड सहयोग पनि गऱ्यो ।

नेपाली फौजले प्रथम विश्व युद्धमा आफ्नो वीरता र साहस प्रदर्शन गरी अदभूत पराक्रम देखायो । यसले गर्दा शत्रुपक्षले पनि नेपाली फौजको मुक्तकण्ठले प्रशंसा गरेका थिए । प्रथम विश्वयुद्धमा सहयोग गरेबापत नेपाल सरकारले ब्रिटिस-भारत सरकारबाट प्रतिवर्ष दस लाख रुपियाँ नगद पाउने भयो । युद्धमा वीरता प्रर्दशन गरेबापत धेरै नेपाली फौजले अङ्ग्रेज सरकारबाट भिक्टोरिया क्रस (Victoria cross) र मिलिटरी क्रस (Military cross) जस्ता सम्मानित पदक पाएका थिए । नेपाली वीरहरूका सम्बन्धमा जर्मन सम्राट केजर विलियम द्वितीयले यसो भनेका थिए : "म मेरा सेनालाई विश्वका जुनसुकै सेनासँग लड्न पठाउन सक्छु तर गोरखाली सैनिकको नाम सुन्नासाथ मेरो मुटु थर्कन्छ ।"

क्रियाकलाप

१. प्रथम विश्वयुद्धको परिणामले दोस्रो विश्वयुद्धलाई जन्माएको थियो भन्ने कुरामा तपाईं कसरी सहमत हुनुहुन्छ ?
२. बदलाको भावनाबाट समस्याको समाधान हुन सक्दैन भन्ने कुरा दुई विश्वयुद्धबाट कसरी प्रमाणित भएको छ ?
३. प्रथम विश्व युद्धमा घटेका प्रमुख घटनाहरू केके थिए ? तालिकामा देखाउनुहोस् ।
४. प्रथम विश्वयुद्धका परिणामहरू केके थिए ? त्यसको सूची तयार गर्नुहोस् ।
५. प्रथम विश्व युद्धमा नेपाली वीरहरूले कस्तो भूमिका खेलेका थिए ? उल्लेख गर्नुहोस् ।

९. द्वितीय विश्वयुद्धका कारण



१. **भर्सेलिजको सन्धि**

भर्सेलिजको सन्धि जर्मनीका लागि अपमानजनक भएको हुँदा जमर्नी सधैं नै युद्धमा संलग्न राष्ट्रहरूसँग बदला लिने उद्देश्यमा थियो । जमर्नीलाई सन्धिका सर्तहरू मान्न लगाउन विदेशी सेना जर्मनीमा तैनाथ थिए । जर्मनी सरकार अत्यन्त कमजोर भएको हुँदा जर्मनीमा उग्रवादी राष्ट्रहरूले प्रभाव बढाउन थाले ।

२. **हिटलरको उदय र सैन्यवाद**

उग्र राष्ट्रवादको नारा दिएर हिटलर र उनको नाजी पार्टीले आफ्नो प्रभाव विस्तार गर्न लाग्यो । हिटलरले संविधानलाई निलम्बन गरेर सम्पूर्ण शक्तिहरू आफ्नो हातमा लिए र भर्सेलिजको सन्धिलाई पनि उलङ्घन गरी जर्मनीमा व्यापक हातहतियार सैनिक सुदृढीकरण गर्न थाले । बेलायतले उनलाई प्रोत्साहित गऱ्यो ।

३. **साम्यवादी शक्तिको उदय**

सन् १९१७ को रुसी अक्टोबर क्रान्तिपछि विश्वमा साम्यवादको प्रभाव बढ्दै गयो । सन् १९३६ मा जर्मनीले जापानसँग एन्टी कमिनटर्न प्याक्ट (Anti comintern pact) गऱ्यो । यो प्याक्टको मुख्य उद्देश्य युरोपमा फैलिरहेको साम्यवादलाई रोक्नु थियो । सन् १९३७ मा इटाली सम्मिलित भएपछि Anti comintern pact लाई रोम-बर्लिन-टोकियो एक्सिस (Rome -Berlin-Tokyo -Axis) भनियो । यो एक्सिसबाट चीनमा बढिरहेको साम्यवादी प्रभावलाई जापान दमन गर्न चाहन्थ्यो ।

४. **जापानी साम्राज्यवाद**

प्रथम विश्व युद्धमा जापानले मित्र राष्ट्रहरूको तर्फबाट भाग लिएको थियो । यसको बदलामा जापानले चीनमा धेरै भूभाग र सुविधाहरू प्राप्त गऱ्यो । जापानले द्रुत गतिमा आर्थिक उन्नति गरेको हुँदा उसलाई आफ्नो सामान खपत गर्न बजारको आवश्यकता थियो । यसर्थ जापान पनि साम्राज्यवादी होडमा सामेल भयो । सन् १९३१ मा मन्चुरिया कब्जा गरी सन् १९३७ सम्ममा चीनको धेरै भूभाग माथि जापानको अधिकार भइसकेको थियो ।

५. **विश्वव्यापी आर्थिक सङ्कट**

प्रथम विश्वयुद्धपछि विश्वभरि नै आर्थिक सङ्कट परेको थियो । कारण युद्धमा युवाहरूको मृत्यु भएको हुँदा कृषि

तथा कारखानामा काम गर्ने मजदुरहरूको कमी भयो । युद्धले तहसनहस गरेको ठाउँहरूमा मानिसहरू भोकभोकै मर्न लागे । यस्तो समयमा जब हिटलरले राष्ट्र निर्माणको आह्वान गरे । मानिसहरूले उनको समर्थन गरे ।

६. लिग अफ नेसनको असफलता

सन् १९३१ मा जापानले मन्चुरिया कब्जा गर्दा लिगअफ नेसनले केही गर्न सकेन । यसबाट उत्साहित भएर हिटलरले जर्मनीमा वाइमर संविधानलाई निलम्बन गरी भर्सेलिजको सन्धिलाई उल्लङ्घन गरे तर यसमा पनि लिगअफ नेसन केही गर्न असमर्थ भयो । यसपछि हिटलरले राइनल्यान्ड कब्जा गरी भर्सेलिजको सन्धिबाट गुमेका आफ्ना भूभागहरू विस्तारै कब्जा जमाउन थाले । लिग यो रोक्न असफल भयो ।

७. तात्कालीन कारण

१९३९ मा हिटलरले पोल्यान्डसँग डान्जिङ (Danzing) र पोलिस कोरिडोरको माग गऱ्यो । जर्मनीमा यी भूभागहरू भर्सेलिजको सन्धिले पोल्यान्डलाई दिएको थियो । पोल्यान्डले जर्मनीको यस मागलाई अस्वीकार गरेपछि अगस्ट १९३९ मा हिटलरले रूससँग एउटा सन्धि गरी दुवै देशले दस वर्षसम्म एक अर्कासँग युद्ध नगर्ने र पोल्यान्डलाई बाँडेर लिने कुरामा सहमत भए । यसपछि १ सेप्टेम्बर १९३९ मा हिटलरले पोल्यान्डमाथि आक्रमण गरे । फ्रान्स र बेलायतले पोल्यान्डको पक्षमा जर्मनीको विरुद्ध युद्धको घोषणा गरेपछि द्वितीय विश्वयुद्ध सुरु भयो ।

क्रियाकलाप

१. द्वितीय विश्वयुद्धका कारणहरूमा जर्मनी नै बढी दोषी देखिन्छ । के यो युद्धको निम्ति जर्मनीलाई अपमान गर्ने किसिमको भर्सेल्सको सन्धि गर्ने राष्ट्रहरू दोषी थिएनन् ? थिए भने कसरी ? थिएनन् भने कसरी ? त्यसमा बेलायत र रुसको के दाउ थियो ?

२ वैज्ञानिक अल्वर्ट आइस्टाइनलाई एउटा पत्रकारले तेस्रो विश्वयुद्ध भएमा कस्तो हतियारको प्रयोग होला भनी प्रश्न गर्दा तेस्रोमा कस्तो हतियारको प्रयोग होला त्यो त मलाई थाहा छैन तर चौथौ भयो भने ढुङ्गाको हातहतियार प्रयोग हुने छन् भनी जवाफ दिएका थिए । अल्वर्ट आइस्टाइनको उक्त भनाइप्रति सहमत हुँदै युद्ध कदापि हितकर नहुने पक्षलाई जोड दिएर तर्क दिनुहोस् ।

सामुदायिक कार्य

नेपालअङ्ग्रेज युद्धको समयमा अङ्ग्रेजहरू नेपालीका शत्रु थिए । प्रथम तथा द्वितीय विश्वयुद्धमा अङ्ग्रेजहरू नेपालीका मित्र भए र जर्मन र जापान शत्रु भए । आज अङ्ग्रेज, जर्मन र जापानी नेपालीका मित्र छन् । तपाईंका आजका विरोधी भोलि तपाईंका मित्र हुन सक्छन् । त्यसैले आफ्ना विरोधीप्रति नकारात्मक भावना नराख्नुहोस्, कुनै दिन काम लाग्न सक्छन् । तपाईंको समुदायमा कुनै व्यक्तिले आफ्ना विरोधीलाई मित्र बनाएको देख्नुभएको छ ? देख्नुभएको छैन भने पनि पत्ता लगाई त्यस घटनाको आधारमा एक कथा तयार पार्नुहोस् ।

१०. द्वितीय विश्वयुद्धका प्रमुख घटनाहरू

द्वितीय विश्वयुद्धको सुरुमा जर्मनीले चौतर्फी विजय हासिल गऱ्यो । जर्मनीले फ्रान्स, चेकोस्लोभाकिया, पोल्यान्ड, डेनमार्क, नर्वे, वेल्जियम, नेदरल्यान्ड आदि आक्रमण गरी मित्रराष्ट्रको शक्तिहरूलाई पराजित गर्दै लग्यो । जर्मनीको साथमा इटाली पनि थियो । यता एसियामा जापान पूर्वी एसियामा कब्जा गरी भारतसम्म पनि आइपुग्यो । १९४१ डिसेम्बरमा जापानले पर्ल हार्वरमा अमेरिकाको आक्रमण ध्वस्त पारिदियो । यस समयसम्म अमेरिकाले युद्धमा भाग लिएको थिएन । यो घटनापछि अमेरिकाले युद्धमा प्रवेश गरेपछि मित्रराष्ट्रहरूको विजय अभियान सुरु भयो । अप्रिल १९४५ मा हिटलरले आत्महत्या गरेपछि जर्मनीले आत्मसर्मपण गऱ्यो तर जापान एक्लै चवालीस देशसँग लड्दै थियो । ६ अगस्ट १९४५ मा जापानको हिरोसिमा र ९ अगस्टमा नागासाकीमा अमेरिकाले एटम बम प्रहार गरेपछि १२ सेप्टेम्बरमा जापानले आत्मसमर्पण गऱ्यो र द्वितीय विश्वयुद्धको अन्त भयो ।

द्वितीय विश्वयुद्धका प्रमुख घटनाहरूलाई तल तालिकामा देखाइएको छ :

सन् १९३६ जर्मनीले राइनल्यान्डमाथि कब्जा
सन् १९३८ जर्मनीद्वारा अस्ट्रियामाथि आक्रमण

सन् १९३९
१० मार्च-जर्मनीद्वारा चेकोस्लोभाकियामाथि अधिकार
१ सेप्टेम्बर-जर्मनीद्वारा पोल्यान्डमाथि आक्रमण
३ सेप्टेम्बर- बेलायत र फ्रान्सद्वारा जर्मनविरुद्ध युद्धको घोषणा

सन् १९४०
९ अप्रिल-जर्मनीद्वारा डेनमार्क र नर्वेमाथि आक्रमण
३० अप्रिल-जापान धुरी राष्ट्र (Axis Power) मा सामेल
१० मे - जर्मनीद्वारा बेल्जियम, नेदरल्यान्ड र लक्जमवर्गमाथि आक्रमण
१७ मे - जर्मनद्वारा फ्रान्समाथि आक्रमण
१० जुन इटलीद्वारा बेलायत र फ्रान्समाथि युद्धको घोषणा
१० जुलाई - बेलायतद्वारा युद्ध प्रारम्भ
२८ अक्टुबर - इटलीद्वारा ग्रिसमाथि आक्रमण

सन् १९४१
६ अप्रिल-जर्मनीद्वारा युगोस्लाभिया र ग्रिसमाथि आक्रमण
२१ अप्रिल-ग्रिसद्वारा आत्मसमर्पण
२२ जुन-जर्मनीद्वारा रुसमाथि आक्रमण,
७ डिसेम्बर - जापानद्वारा पर्लहार्बर (Pearl Harbour) मा रहेको अमेरिकी पानी जहाजमाथि बम्बवर्षा
८ डिसेम्बर-अमेरिकाद्वारा धुरी राष्ट्रविरुद्ध युद्धको घोषणा

सन् १९४२
२७ फरवरी-जाभाको सामुद्रिक युद्ध
४ मे - कोराल (Coral) सामुद्रिक युद्ध
४ जुन-मिडवेको युद्ध (Battle of Midway)

सन् १९४३
३ सेप्टेम्बर इटलीद्वारा आत्मसमर्पण

सन् १९४४
२५ अगस्ट मित्रराष्ट्रद्वारा पेरिस स्वतन्त्र

सन् १९४५
१७ जनवरी- रुसद्वारा वार्सा (warsaw) माथि अधिकार
१२ अप्रिल- अमेरिकी राष्ट्रपति फ्राङ्कलिन डी. रुजवेल्ट (FrankLin D. Roosevelt) को मृत्यु
२८ अप्रिल- मुसोलिनीको हत्या
३० अप्रिल- हिटलर र यिनकी प्रेयसी इभा ब्रुन (Eva Braun) द्वारा आत्महत्या
७ मे - रिम (Rheims) मा जर्मनीद्वारा अन्तिम रूपमा आत्मसमर्पण
६ अगस्ट - अमेरिकाद्वारा जापानको हिरोसिमामाथि एटमबम प्रहार
९ अगस्ट - अमेरिकाद्वारा नागासाकीमा दोस्रो एटम बम प्रहार
१२ सेप्टेम्बर- जापानद्वारा आत्मसमर्पण र युद्धको अन्त्य

द्वितीय विश्वयुद्धको परिणाम

द्वितीय विश्वयुद्धमा जर्मनीको नराम्रोसँग पराजय भयो । जर्मनी २ भागमा बाँडियो - पूर्व र पश्चिम जर्मनी । पूर्व जर्मनीमा रुसको प्रभाव रह्यो भने पश्चिम जर्मनीमा बेलायत, फ्रान्स र अमेरिकी प्रभाव कायम भयो । जापानले पनि कोरियालगायत पूर्व एसियामा कब्जा गरेका भूभागहरू छोड्नुपर्‍यो । साथै जापानले विश्व शान्ति प्रक्रियामा सामेल हुने प्रतिवद्धता गर्‍यो । जापानी सैनिक वृद्धिमा पनि प्रतिबन्ध लगाइयो । द्वितीय विश्वयुद्धमा हिटलरको शक्तिलाई परास्त गर्नका लागि बेलायत, फ्रान्स र अमेरिकाले रुसको सहयोग लिएका थिए तर युद्ध समाप्त भएपछि यी राष्ट्रहरूको रूससँग शीतयुद्ध सुरु भयो । अब विश्वका शक्ति राष्ट्र अमेरिका र रुस भए । द्वितीय विश्व युद्धका सबैभन्दा महत्त्वपूर्ण परिणाम संयुक्त राष्ट्र सङ्घको स्थापना थियो ।

द्वितीय विश्वयुद्धमा नेपालको भूमिका

द्वितीय विश्वयुद्धताका जुद्धशमशेर नेपालका प्रधानमन्त्री थिए । उनले अङ्ग्रेजी फौजमा रहेका गोरखाली फौजमा एकएक हजार जवानको थप गरी नयाँ रेजिमेन्ट रिक्रुट (नयाँ भर्ना) गर्न दिने घोषणा गरे । यसको साथै नेपालबाट आठ हजार सेना बहादुरशमशेरको कमान्डमा भारत पठाए । यसरी सरकारीस्तरमा बाहेक युद्धकालमा बृटिसले भारतमा करिब एकलाख नेपाली जवानलाई सेनामा भर्ती गरेको थियो । नेपाली फौजले प्रत्येक मोर्चामा बडो बहादुरीपूर्वक लडे । यसवापत धेरै नेपाली वीरहरूले बेलायतको सर्वोच्च पदक भिक्टोरिया क्रस र मिलिटरी क्रस प्राप्त गरे । नेपालले युद्धमा सहयोग गरेबापत ब्रिटिस सरकारले जुद्धशमशेरलाई ब्रिटिश फौजको पूर्ण अनररी जर्नेलको उपाधि दियो । यसको साथै नेपाल सरकारलाई एकमुष्ट रकम तीन करोड तेत्तीस लाख र वर्सेनि दस लाख रुपियाँ दिने क्रम पनि यथावत नै राख्यो । द्वितीय विश्वयुद्धमा लड्न गएका नेपालीहरूले विदेशमा भएको विकास र प्रगतिदेखि नेपालमा पनि प्रजातन्त्रको स्थापनाका लागि सहयोग गरे ।

नेपाली फौजले पनि विभिन्न मोर्चाहरूमा अङ्ग्रेजहरूको तर्फबाट जर्मन तथा जापानीहरूको विरुद्धमा युद्ध गरेका थिए । यस युद्धमा नेपाली फौजले साइप्रस, ग्रिस, सिरिया, लेबनान, प्यालस्टाइन, इराक, सिङ्गापुर, मलाया तथा बर्मामा बडो बहादुरीका साथ युद्ध गरेका थिए । यस युद्धमा भाग लिन दुई लाख पचास हजार नेपाली फौज पठाएकामा सात हजार पाँचसय चवालीस युद्धमा मारिए वा हराए र तेइस हजार ६ सय पचपन्न जना घाइते भए । त्यस्ता घाइतेहरूमध्ये कति त बाँकी जीवनमा केही गर्न नसक्ने गरी अपाङ्ग भए ।

क्रियाकलाप

१. द्वितीय विश्वयुद्धको अन्त्य कसरी भयो ? प्रस्टसँग उल्लेख गर्नुहोस् ।

२. द्वितीय विश्वयुद्धका प्रमुख घटना, द्वितीय विश्वयुद्धको परिणाम र द्वितीय विश्वयुद्धमा नेपालको भूमिकालाई विस्तारपूर्वक उल्लेख गर्नुहोस् ।

सारांश

यस एकाइको अन्त्यमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौं :

* वि.सं. २००७ सालको आन्दोलनको कारणहरू बताउन,
* दिल्ली सम्झौताबारे जानकारी दिन,
* वि.सं. २००७ देखि २०१७ सालसम्मको राजनीतिक घटनाक्रमको विश्लेषण गर्न,
* दलहरूमाथिको प्रतिबन्धबारे उल्लेख गर्न,
* वि.सं. २००७ देखि २०१७ बीचका उपलब्धि बताउन,
* वि.सं. २००७ देखि २०३६ बीचमा भएका घटनाहरू र उपलब्धि बताउन,
* वि.सं. २०३६ देखि २०४६ बीचका राजनीतिक घटनाहरूलाई विश्लेषण गर्न,
* वि.सं. २०४६ देखि २०६३ सम्मका घटनाहरू वर्णन गर्न,
* प्रथम विश्वयुद्धका कारणहरू बताउन,
* प्रथम विश्वयुद्धबाट विश्वमा परेको प्रभावको बारेमा उल्लेख गर्न,
* द्वितीय विश्वयुद्धका कारणहरू उल्लेख गर्न,
* द्वितीय विश्वयुद्धबाट विश्वमा परेका प्रभावहरूबारे जानकारी दिन ।

एकाइ
८

आर्थिक क्रियाकलाप



यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौं :

- नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्त्व र विकासका सम्भावना
- पर्यटन उद्योग विकासका समस्या र समाधानका उपाय
- नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारको महत्त्व, सम्भावना र चुनौती
- चालु योजना र यसका उद्देश्य एवम् कार्यक्रम

१. पर्यटन उद्योग र यसको महत्त्व

पर्यटकहरूलाई सहयोग पुऱ्याउने जुनसुकै सेवा तथा वस्तुको उत्पादनसम्बन्धी उद्योगलाई पर्यटन उद्योग भनिन्छ। यो अरू उद्योगजस्तै ठूलो र तीव्र गतिमा बढिरहेको उद्योग हो । कुल ग्राहस्थ उत्पादनमा यस क्षेत्रको योगदान आ.व. ०६३।६४ मा १.२ प्रतिशत रहेको थियो । आन्तरिक र बाह्य पर्यटकका केही उदाहरण तल दिइएका छन् :

काभ्रे जिल्लाको कक्षा १० का विद्यार्थीहरू सामाजिक अध्ययनको शैक्षिक भ्रमणमा काठमाडौँमा छन् । तिनीहरू पनि कुनै एक विद्यालयका पर्यटक हुन् । कुनै व्यक्ति घर छोडेर कुनै नयाँ ठाउँमा बिदा मनाउन, व्यापार गर्न, तीर्थाटन गर्न, सम्मेलनमा भाग लिन वा अन्य कुनै विशेष परिस्थितिबस आउने जाने गर्दछन्, त्यस्ता व्यक्ति पर्यटक हुन्छन् ।

श्रीमान् र श्रीमती चौधरी नेपालगञ्जबाट आएर मुङ्गलिनमा बास बसे। यिनीहरू भोलिपल्ट केबलकार (Cable Car) बाट मनकामना दर्शन गर्न गए । यिनीहरू घरेलु वा आन्तरिक पर्यटक (Domestic tourists) हुन् ।

प्रायजसो व्यापार तथा धार्मिक दृष्टिकोणबाट पर्यटन गर्दछन्। हिमाल र राष्ट्रिय निकुञ्जको भ्रमण गर्नेहरूको सङ्ख्या पनि बढिरहेको छ । आजका नेपाली युवाहरू विभिन्न ठाउँहरू घुम्न मन पराउँछन् ।

अन्तरराष्ट्रिय पर्यटक आफ्नो देशबाट अर्को देशमा जाने गर्दछन् । पचास वर्षअघि यस्तो पर्यटन थोरै हुने गर्दथ्यो किनभने त्यसबखत यातायातको असुविधा, बस्ने, खान होटलको कमी, सूचना र सञ्चारको अभाव आदि थियो। अहिले यी सबै किमिसका सुविधाले गर्दा अन्तरराष्ट्रिय पर्यटकको सङ्ख्यामा पनि निकै नै वृद्धि भएको छ ।

पर्यटन गर्ने कारणहरू

- बिदाका समयमा मनोरञ्जन गर्न
- अरूको जीवन पद्धति हेर्न र सिक्न
- सरकारी कामका लागि
- मौसम छल्न
- प्रसिद्ध ठाउँको भ्रमण गर्न
- तीर्थयात्रा गर्न
- पैदल यात्रा, हिमाल आरोहण गर्न तथा व्यापार गर्न



पर्यटनसम्बन्धी विस्तृत विवरणका लागि सम्भव भएसम्म तलको वेभसाइट ठेगानामा हेर्न सकिन्छ :

www.tourism.gov.np

क्रियाकलाप



१. तस्बिरमा हेर्नुहोस् र तलका प्रश्नहरूका जवाफ दिनुहोस् ।

(क) राफ्टिङ भनेको के हो ?

(ख) राफ्टिङ कस्ता नदीहरूमा गर्न सकिन्छ ?

(ग) यस किसिमको व्यवसायबाट गर्दा जीविकोपार्जन गर्न सकिएला ?

२ तलका तथ्यका आधारमा पर्यटनसम्बन्धी सम्पादकीय तयार गर्नुहोस् :

(क) काठमाडौं आएर पाँच तारे होटलमा बसेका वृद्ध पर्यटकहरूले पोखरा र सगरमाथाको दृश्यावलोकन गर्न हवाई उडान गर्दछन् ।

(ख) अन्नपूर्ण आधार शिविरको भ्रमण गर्ने दुई विद्यार्थीहरू लजमा बस्छन् । ।

(ग) बिदा मनाउन आएका केही जापानी व्यापारीहरू चितवनको राष्ट्रिय निकुञ्जमा रहेको लजमा बस्दछन् ।

(घ) एक महिलाले आफूमा अनुभव नभए पनि सगरमाथा चढ्ने सपना देखेकी छन् । अहिले चढ्ने कोसिस गर्ने तयारीमा छन् ।

४. पर्यटन उद्योगबाट हाम्रो समाजमा पारेको सकारात्मक र नकारात्मक असरबारे पाँचओटा बुँदाहरू लेख्नुहोस् ।

५. पर्यटकलाई आकर्षक गराउने मुख्य पक्षमा होटल सुविधा पनि पर्दछ । सन् २००६ सम्म नेपालमा होटलहरूको सङ्ख्या निम्नलिखित छन् । त्यसका आधारमा स्तम्भ चित्र (Bargraph) तयार गर्नुहोस् ।

होटल विवरण

(क)	पाँच तारे होटल	-	९ ओटा
(ख)	चार तारे होटल	-	८ ओटा
(ग)	तीन तारे होटल	-	१७ ओटा
(घ)	दुई तारे होटल	-	३६ ओटा
(ङ)	एक तारे होटल	-	४१ ओटा

सामुदायिक कार्य

तपाईंको समुदायमा गई त्यहाँका मानिसहरूलाई निम्नलिखित प्रश्नहरू सोध्नुहोस् र त्यसका आधारमा गोरखापत्रका लागि समाचारको नमुना बनाउनुहोस् :

(क) तपाईं कहिले पर्यटक हुनुभएको छ ? कहाँ र कहिले ?

(ख) तपाईंले पर्यटकहरूलाई भेट्नुभएको छ ? तिनीहरूले के गरिरहेका थिए ?

२. नेपालमा पर्यटन उद्योगका सम्भावना

नेपाल सानो मुलुक भए पनि प्राकृतिक रूपले धनी र सुन्दर छ । विश्वको सर्वोच्च शिखर सगरमाथा, मनोरम हावापानी, भौगोलिक विविधता नै यसका विशेषता हुन् । यहाँका पहाड, हिमाल, तराई, झरना, ताल तलैया, नदीनाला, गल्छी (कालीगण्डकी) आदिको मनोरम दृश्यावलोकन गर्न मानिसहरू नेपाल आउने गर्छन् । पर्यटन उद्योगका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्न सकेमा यस उद्योगको विकासका सम्भावनाहरू अझ बढ्ने छन् । यसका सम्भावनाहरू तलको चार्टमा देखाइएका छन् :



यिनै सम्भावनाहरू भएकाले नेपालमा बर्सेनि पर्यटकहरू आउने गरेका छन् । यहाँ सन् २००२ देखि सन् २००५ सम्म नेपाल आएका पर्यटकहरूको सङ्ख्या तलको तालिकामा देखाइएको छ :

महिना/वर्ष	सन् २००२	सन् २००३	सन् २००४	सन् २००५
जनवरी	१७१७६	२१२१५	३०९८८	२५७४४
फ्रेबुअरी	२०६६८	२४३४९	३५६३१	२०३३८
मार्च	२८८१५	२७७२७	४४२९०	२९८७५
अप्रिल	२१२५३	२५८५१	३३५१४	२३४१४
मई	१९८८७	२२७०४	२६८०२	२५५४१
जुन	१७२१८	२०३५१	१९७९३	२२६०८
जुलाई	१६६२१	२२६६१	२४८६०	२३९९६
अगस्त	२१०९३	२७५६८	३३१६२	३६९१०
सेप्टेम्बर	२३७५२	२८७२४	२५४९६	३६०६६
अक्टोबर	३५२७२	४५४५९	४३३७३	५१४९८
नोभेम्बर	२८७२३	३८९३८	३६३८१	४१५०५
डिसेम्बर	२४९९०	३३११५	३१००७	३८१७०

स्रोत : *Statistical Pocket Book, 2006 CBS, Nepal.*

क्रियाकलाप

१. पर्यटन क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरूले देख्ने गरी तालिकाहरू राखिएका छन् । यसलाई आफ्नो कापीमा सार्नुहोस् र त्यस तालिकामा दिइएका चार प्रमुख क्षेत्रले गर्ने गतिविधि लेख्नुहोस् :



२. एक उपयुक्त नारा :

पदचिह्न छोड अरू केही नछोड
फोटो लेऊ अरू केही नलेऊ
Leave Nothing But Foot Prints
Take Nothing But Photos

पर्यटकहरूले के कुरा छोड्नुपर्छ, के कुरा लिनुहुँदैन र के कुरा लिनुपर्छ भनिएको छ, व्याख्या गर्नुहोस् ।



३. सोलुखुम्बु, लाङ्टाङ, हेलम्बु, अन्नपूर्ण, सैलुङ प्रमुख पैदलयात्रा (Trekking Area) क्षेत्र हुन् । अन्य क्षेत्रहरू पनि बडो सतर्कतासाथ खोलिँदै छन् । यसले वातावरणको संरक्षण तथा स्थानीय व्यक्तिहरूमाथि पनि नियन्त्रण राख्न सकिन्छ । अब खोलिने क्षेत्रहरूमा रोलवालिङ, मनास्लु, गोरखा, डोल्पा पर्दछन् । यी ठाउँहरू नेपालको नक्सामा कहाँ पर्छन्, हेर्नुहोस् र तपाईंको घरबाट कुन ठाउँ सबभन्दा नजिक पर्छ, लेख्नुहोस् ।

सामुदायिक कार्य
तपाईंको समुदायमा प्राचीन कला र सांस्कृतिक स्थलहरू हुन सक्छन्, तिनको खोजी गरी पर्यटन विकासमा तिनले कसरी सहयोग पुऱ्याउँछन्, लेख्नुहोस् ।

३. नेपालमा पर्यटन उद्योगका समस्याहरू

नेपालमा पर्यटन उद्योग विकासका सम्भावना धेरै छन् तर विभिन्न समस्याहरूले यो उद्योग फस्टाउन सकेको छैन । यसका समस्याहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) यातायात तथा सञ्चारको सुविधाको अभाव : नेपालमा विदेशबाट आउने पर्यटकहरू हवाई सेवाको उपयोग गरी यहाँ आउने गर्छन् । नेपालबाट अन्य देशसँग हवाई सम्पर्क थोरै (कमै) देशहरूमा मात्र छ । गाउँहरूमा सबै ठाउँमा सञ्चारको सुविधा पुऱ्याउन सकिएको छैन । पर्यटकहरू आफ्नो घर परिवारमा खबर आदानप्रदान गर्न सञ्चार समस्या प्रमुख रूपमा आउने गरेको छ । यसैगरी भौगोलिक विकटताका कारण मनोरम स्थलहरूमा पनि यातायातको सुविधा पुऱ्याउन सकिएको छैन ।

(ख) सांस्कृतिक तथा धार्मिक स्थलहरूको संरक्षणको कमी : नेपाल सांस्कृतिक तथा धार्मिक स्थलहरूमा निकै धनी छ तर तिनीहरूको जीर्णोद्धार, संरक्षण र संवर्द्धनको अभाव छ । भएका धरोहरहरू पनि मर्मत सम्भार गर्न सकिएको छैन । तिनीहरूको उचित संरक्षण र संवर्द्धनको अभावमा पर्यटकहरू आकर्षित गर्न सकिएको छैन ।

(ग) मनोरञ्जनका साधनको अभाव : नेपालमा पर्यटकहरूलाई चाहिने सेवा र सुविधाहरूको अभाव छ । मनोरञ्जनका साधनहरू पनि पर्याप्त मात्रामा उपलब्ध गराउन सकिएको छैन । भौतिक पूर्वाधारको कमीले यस्ता साधनहरू उपलब्ध गराउन कठिनाइ भोग्नु परेको छ । परिवारसहित आउने पर्यटकहरूका बालबालिकाहरूका लागि आकर्षक मनोरञ्जन स्थलको अभाव छ । यसले गर्दा नेपालमा पर्यटकहरूको बसाइ अवधि निकै छोटो हुने गर्दछ ।

(घ) व्यवस्थित पर्यटन केन्द्रहरूको कमी : नेपालमा आउने पर्यटकहरूलाई आवश्यक सूचना र सहयोग गर्ने व्यवस्थित पर्यटन केन्द्रहरूको अभाव रहेको छ । दसौँ योजनासम्म पनि नेपालमा क्षेत्रीयस्तरमा पर्यटन केन्द्रहरू निर्धारण गरी कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्ने रणनीति लिए पनि त्यसको समुचित विकास हुन सकेको छैन । व्यवस्थित सूचना केन्द्रको अभावले गर्दा कतिपय क्षेत्रमा पर्यटकहरू जान हिच्किचाउँछन् ।

(ङ) पर्यटनयोग्य वस्तुहरूको अभाव : पर्यटनका लागि आवश्यक वस्तुहरूको उत्पादन हुन नसक्नाले पनि नेपालमा पर्यटकहरू आकर्षित हुन सकेका छैनन् । यस्ता वस्तुहरू नेपालमा उत्पादन गर्न नसकिएकाले विदेशबाट आयात गर्नुपर्ने र त्यसका लागि पुँजी विदेसिने सम्भावना रहेको छ । विदेशबाट सामान ल्याउँदा महँङ्गो पनि पर्दछ ।

(च) प्रचारप्रसारको अभाव : नेपाल प्राकृतिक रूपमा सम्पन्न र धनी भए पनि बिदेशमा यसको प्रचारप्रसार हुन सकेको छैन । यसले विदेशीहरूलाई नेपालबारे पर्याप्त जानकारी गराउन सकिएको छैन । कतिपय विदेशीलाई नेपालको प्राकृतिक सौन्दर्य र मनोरम स्थलहरूको जानकारी नै गराउन सकिएको छैन ।

(छ) पर्यटकका लागि सुविधा तथा सुरक्षाको कमी : पदयात्राको सुव्यवस्थाको कमी र सुरक्षाको प्रत्याभूति दिन सकिएको छैन, यस्तै पदयात्रामा जाँदा पर्यटकहरूलाई बस्ने, खाने व्यवस्थाको अभाव छ । पर्यटकहरूको सुरक्षा दिन पनि सकिरहेको अवस्था छैन । यसले गर्दा पर्यटकहरू ठगिने र ज्यान जोखिममा पर्न जाने आशङ्काले थोरै मात्रामा मात्र पर्यटकहरू नेपाल आउन थालेका छन् ।

(ज) सरसफाइको अभाव : नेपालका सहरहरूमा प्रायजसो फोहोरको थुप्रो रहने गरेको छ। यसले पर्यटकहरूलाई हतोत्साहित गर्दछ। फोहोरमैलाले दुर्गन्ध र रोगव्याधि उत्पन्न गराई पर्यटकहरू पीडित हुने हुनाले पर्यटकहरूको आगमनमा विस्तारै कमी आउने गरेको छ।

क्रियाकलाप

१. तल देखाइएको जस्तो तालिका बनाउनुहोस् र यसमा पर्यटकहरूले गर्नै राम्रा र नराम्रा कामहरू लेख्नुहोस् ।

राम्रा कुरा	नराम्रा कुरा

२. यहाँ आन्तरिक पर्यटकले काठमाडौँमा गर्न चाहने क्रियाकलापहरू उल्लेख गरिएका छन् । अन्तिमबाहेक सबै क्रियाकलाप आधा दिनका हुन् । कुनै पर्यटन स्थललाई आधार मानेर तपाईं पनि यस्तै क्रियाकलापको सूची बनाउनुहोस् ।

- पशुपतिको भ्रमण
- स्वयम्भूको भ्रमण
- दरबारहरूको भ्रमण
- चिडियाखानाको भ्रमण
- नयाँ सडकमा किनमेल गर्नु
- फुटबल प्रतियोगिता हेर्नु
- विमानस्थलको भ्रमण
- बौद्धनाथको भ्रमण
- पोखरीमा पौडनु
- सिनेमा हेर्नु
- बूढानीलकण्ठको भ्रमण गर्नु
- गोदावरी बोटानिकल गार्डेनमा वनभोज गर्नु

३. तीन दिन काठमाडौँमा बिताउनु छ, कसरी बिताउनु हुन्छ ? त्यसको एउटा योजना बनाउनुहोस् । यदि तपाईं काठमाडौँमा नै बस्नुहुन्छ भने काठमाडौँ आउने आफ्नो भतिजाको निम्ति योजना बनाउनुहोस् ।

४. कक्षा १० को विद्यार्थीका रूपमा तपाईं पाँच दिनको शैक्षिक भ्रमणमा ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक स्थल जानु भएको छ भने शैक्षिक भ्रमणको उपलब्धिका बारेमा सम्पादकीय तयार गर्नुहोस् ।

५. नेपालमा पर्यटन उद्योगको विकासमा केकस्ता समस्याहरू रहेका छन् ? सङ्क्षिप्त रूपमा वर्णन गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईं बसेको इलाकालाई पर्यटन क्षेत्र बनाउनुपर्यो भने केके समस्याहरू आउन सक्छन् । त्यसमा बुद्धिजीवीसँग सोधखोज गरी त्यससम्बन्धी एक प्रतिवेदन तयार गर्नुहोस् ।

४. पर्यटन उद्योगका समस्या समाधानका उपायहरू

नेपाल पर्यटनका लागि उपयुक्त स्थल मानिन्छ तापनि पर्यटन उद्योगको विकासमा थुप्रै समस्याहरू रहेका छन् । तिनको समाधानका लागि नेपालले धेरै कामहरू गर्नु जरुरी छ । नेपालमा पर्यटन उद्योगको विकासमा देखिएका समस्याहरूको समाधानका लागि निम्नानुसारका कदमहरू चालिनुपर्छ :

* पर्यटन उद्योगको विकास लागि राष्ट्रिय र अन्तरराष्ट्रिय हवाई सेवा र वायुयानहरूको क्षमता अभिवृद्धि गरिनुपर्छ ।
* पर्यटन केन्द्रहरूमा यातायात र सञ्चारको सुविधा उपलब्ध गराउनुपर्छ ।
* पर्यटकहरूका लागि आवश्यक पर्ने सामानको व्यवस्था, बजार, बैङ्क र सुरक्षाको प्रत्याभूति दिलाउनुपर्छ ।
* पर्यटन उद्योगका लागि आवश्यक वस्तुहरूको उत्पादन स्वदेशमा नै गर्ने व्यवस्था गर्नुपर्छ ।
* पर्यटकहरूले प्राप्त गर्ने अध्यागमनलाई सरल र सुलभ तरिकाले उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ ।
* विश्वभरि नै नेपालको कला, सौन्दर्य, सर्वोच्च शिखर आदिको प्रचारप्रसार गरी पर्यटकहरूको आगमनलाई विस्तार गर्ने अभियानको थालनी गर्नुपर्छ ।
* धार्मिक र सांस्कृतिक स्थलहरूको संरक्षण र संवर्धन गरी धार्मिक पर्यटनलाई अझ विकास गर्नुपर्छ ।
* स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गरी पर्यटन उद्योगको विकासमा अभिप्रेरित गर्नुपर्छ ।

यसरी पर्यटन उद्योगलाई सेवामूलक उद्योगका रूपमा विकास गरी पर्याप्त मात्रामा विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । भौतिक पूर्वाधारहरूको विकास गरी पर्यटन क्षेत्रलाई आयआर्जनको मुख्य क्षेत्र बनाउन सकिन्छ । यसबाट नेपालको प्रगति र उन्नति गर्न सकिने छ । यसको विकासमा सरकारी र गैरसरकारी प्रयासको खाँचो छ । सबैको संयुक्त प्रयास र साझेदारीबाट मात्रै पर्यटन उद्योगको विकास गर्न सकिन्छ ।



जोमसोमबाट देखिने नीलगिरी हिमाल

क्रियाकलाप

१. यहाँ ठमेलको दुई तारे होटलको पुस्तिका छ । कल्पना गर्नुहोस् तपाईं त्यस होटलमा रिसेप्सनमा काम गर्नुहुन्छ । तपाईंले आफ्ना होटलका पाहुनाका यी प्रश्नहरूको जवाफ दिनुहोस् :

(क) के म विदेशमा भएकी मेरी पत्नीलाई टेलिफोन गर्न सक्छु ?

(ख) पैदलभ्रमणका निम्ति म एक सप्ताह अन्यत्र जादै छु । के म आफ्नो सुटकेस यहाँ छोड्न सक्छु ?

(ग) हामी यहाँ थोरै दिन बस्छौं । के हामी हिमाल हेर्न सक्छौं ?

(घ) हामीले ६.०० बजे बिहान विमानस्थल पुगिसक्नुपर्छ । यसका लागि के व्यवस्था छ ?

TV in all rooms
24 hour shower (hot and cold)
24 hour room service
Luggage store
Laundry service
International calls
Internet/e-mail,Fax
Doctor on call
Free airport pick-up
Treks arranged
Big garden
View of mountains from roof
Major credit cards accepted

२. पर्यटन उद्योगमा देखिएका समस्याहरू समाधानका लागि केके कदमहरू चाल्नुपर्छ ? लेख्नुहोस् ।

सामुदायिक कार्य

(क) तलका जस्तै प्रश्न बनाउनुहोस् र तपाईंको समुदायमा आउने बेलाबेलामा समूहका तीनचारजना पर्यटकहरूलाई अङ्ग्रेजी भाषामा नम्रतापूर्वक ती प्रश्नहरू सोध्नुहोस् ।

Excuse me, would you mind helping us in a survey we are doing for our Social Studies course ? त्यसपछि प्रश्न सोध्नुहोस् र पूर्ण विवरण भर्नुहोस् । सूचना प्राप्त गरे पछि Thank you भन्न नबिर्सनुहोस् ।

..... Secondary School Tourist Survey

1. Age Less than 20 ☐ 20-29 ☐ 30-39 ☐ 40-49 ☐ 50-59 ☐ 60 or more ☐

2. Nationality ☐

3. Length of stay in Nepal 1 week ☐ 2 weeks ☐ 3weeks ☐ 4 weeks ☐ More than 4 weeks ☐

4. How many times visiting Nepal 1 ☐ 2 ☐ 3 ☐ 4 ☐ More ☐

5. What did you enjoy most ?.....

6. What did you dislike most ? .....

7. What improvements would you like to see ? .....

(ख) आफ्ले पाएका जवाफहरू सङ्कलन गर्नुहोस् र १ देखि ४ सम्मका जवाफहरूलाई स्तम्भचित्रमा देखाउनुहोस् ।

(ग) समूहमा छलफल गर्नुहोस् र प्रश्न ५ देखि ७ सम्मका उत्तरहरू एक ठाउँमा राखी परियोजना कार्यको प्रतिवेदन तयार गर्नुहोस् ।

५. नेपालका पर्यटन केन्द्रहरू

नेपालका पर्यटन केन्द्रहरू तल नक्सामा देखाइएका छन् । नक्सा राम्ररी अध्ययन गर्नुहोस् :



नेपालका पर्यटन केन्द्रहरू

हामीले वास्तविकरूपमा प्राकृतिक वातावरणमा हाम्रा खास किसिमको जनावरलाई उसकै अनुकूल हुने गरी कुनै किसिमको बाधा, नोक्सानी नहुने गरी सुरक्षासाथ राख्नुपर्दछ । हामीले बाघ र गोहोलाई बचाएका छौँ । हामीमाथि सम्पूर्ण विश्वको उत्तरदायित्व छ ।

पर्यटकहरू जनावर हेर्न चाहन्छन् । तिनीहरूले आरक्षणको निम्ति शुल्क तिर्छन् र रोजगार उपलब्ध गराउँछन् । हामीलाई राम्रो हवाईमैदान चाहिएको छ । हामी लजका मालिकहरूले पनि पर्यटकहरूको दृश्यावलोकनका निम्ति हात्तीको प्रयोग गर्न पाउने अनुमति पाउनुपर्दछ ।

हामीले जनावर चराउने ठाउँ गुमायौँ तर वर्षमा एक सप्ताह घाँस काट्न पाउँछौँ । हामी नाचेर पैसा कमाउँछौँ तर हाम्रो समुदायको एकजनाको मात्र लज छ । हामीसँग पूँजी र तालिम पनि छैन । कहिलेकाहीँ निकुञ्जबाट हिँस्रक पशुहरू पनि हाम्रो गाउँघरमा आउँछन् ।

क्रियाकलाप

१. सबै पर्यटकहरू विभिन्न काम गर्न, विभिन्न कुराहरू हेर्न र स्पष्ट सूचना प्राप्त गर्न चाहन्छन् । यसका लागि केकस्ता कार्यहरू गर्नुपर्ला ?

२. कल्पना गर्नुहोस् तपाईं सुनकोसी च्याफ्टिङ कम्पनीमा काम गर्नुहुन्छ । मानिसहरूलाई च्याफ्टिङमा भाग लिनका लागि उत्साहित गर्न कस्तो पोस्टर तयार गर्नुपर्ला ? एउटा आकर्षक पोस्टर तयार गर्नुहोस् ।

३. तपाईं पर्यटक स्थलमा हुनुहुन्छ भने नयाँ क्रियाकलापको विषयमा सोच्नुहोस् । त्यस क्रियाकलापका निम्ति पर्यटकहरू आए भने कुनकुन सामग्री चाहिन्छ, तिनको सूची बनाउनुहोस् ।

४. तीन वर्षे अन्तरिम योजनामा सङ्ख्यात्मक र गुणात्मक पर्यटन विकासमा विशेष प्राथमिकता दिइने छ । यसका लागि भौगोलिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थलजस्ता क्षेत्रहरूको पहिचान, सुधार र विकास गरिने छ । आन्तरिक र क्षेत्रीय पर्यटनलाई प्रवर्द्धन गरिने छ भन्ने उल्लेख छ । सो योजनालाई आधार मानी पर्यटन बोर्डले पर्यटक आकर्षित गराउन केकस्ता कार्यक्रमहरू अघि बढाउनुपर्छ ? उक्त बोर्डका तर्फबाट सो सम्बन्धमा एउटा योजनाको खाका तयार गर्नुहोस् ।

सामुदायिक कार्य

तलको जस्तै प्रश्नावली बनाउनुहोस् र आफ्ना छिमेकीसँग अन्तर्वार्ता लिनुहोस् । सो सन्दर्भमा विभिन्न व्यवसाय तथा अनुभव समेटेका धेरै व्यक्तिहरूसँग अन्तर्वार्ता लिनुहोस् । आफूले साधेको जवाफ दिन नम्रतासाथ अनुरोध गर्नुहोस् । प्रत्येक व्यक्तिका निम्ति छुट्टाछुट्टै प्रश्नावलीको प्रयोग गर्नुहोस् र कुनै पनि कुरा नछुटाई लेख्नुहोस् ।

खाली कोठामा रेजा चिह्न (√) लगाउनुहोस् :

१. लिङ्ग : म ☐ पु

२. वर्ष : बीसभन्दा कम ☐ बीस वर्षदेखि उनन्तीससम्म ☐ तीसदेखि उनन्चालीससम्म ☐
चालीसदेखि उनन्चाससम्म ☐ पचासदेखि उनन्साठीसम्म ☐ साठीदेखि माथि सयसम्म ☐

३. तपाईं यहाँ बसोबास गर्नु भएको कति भयो ?
पाँच वर्षभन्दा कम ☐ पाँचदेखि नौ वर्षसम्म ☐ दसदेखि चौध वर्षसम्म ☐
पन्ध्रदेखि उन्नाइस वर्षसम्म ☐ बीस वर्षभन्दा बढी ☐

४. पर्यटक भन्नाले के बुझ्नुहुन्छ ?

५. के पर्यटक नेपाली पनि हुन सक्छन् ?

६. यस समुदाय वा ठाउँमा पर्यटकहरू किन नआएका होलान् ?

७. के तपाईंको विचारमा पर्यटकहरू यहाँ आएमा रमाउलान् ?

८. पर्यटक यहाँ आए भने हामीलाई के फाइदा हुन्छ ?

९. यस ठाउँलाई पर्यटकीय स्थल बनाउन स्थानीय तवरबाट गर्नुपर्ने प्रयासहरू केके हुन सक्छन् ?

आफूले प्राप्त गरेको जवाफहरूलाई जम्मा गर्नुहोस् त्यसबाट प्राप्त तथ्यहरू समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

६. वैदेशिक रोजगार

परिचय

मानिसहरू आफ्नो देश छोडी विभिन्न देशमा गएर काम गरी जीवन निर्वाह र आयआर्जन गर्दछन् । यस्ता कार्यले एकातिर उनीहरूको जीवनस्तरमाथि उठेको छ भने अर्कोतिर नेपाललाई विदेशी मुद्रा पनि आर्जन भएको छ । नेपालको श्रम बजारमा पर्याप्त रोजगारका अवसरहरू सिर्जना गर्न नसेकाले धेरैजसो नेपालीहरू विदेसिन बाध्य भएका छन् तापनि तत्कालका लागि फाइदा भएको छ तर यसले दीर्घकालसम्म फाइदा पुऱ्याउन सक्दैन । यसबाट नेपाली श्रम र पसिना विदेशमा जाने र स्वंदेशको विकासमा श्रमशक्तिको अभाव हुन जाने देखिन्छ ।

महत्त्व

नेंपालको अर्थतन्त्रमा वैदेशिक रोजगारले महत्त्वपूर्ण स्थान ओगटेको छ । नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६०।६१ काअनुसार पूर्ण बेरोजगारी ३.८ प्रतिशत रहेको अनुमान छ । आन्तरिक श्रम बजारमा पर्याप्त रोजगारका अवसर सिर्जना हुन नसकेकाले विभिन्न देशहरूमा २०६४ असारसम्म ८ लाख युवाहरू रोजगारीका लागि गएका छन् । सरकारी कार्यविधि पूरा नगरी तेस्रो मुलुक जाने युवाहरूको सङ्ख्या पनि प्रशस्त रहेको छ । कतिपय नेपालीहरू भारतका विभिन्न स्थानहरूमा मौसमी र स्थायी रूपमा प्रवासित (emigratted) भएका छन् । यसरी प्रवासिएकामध्ये भारतमा मात्रै ७७ प्रतिशत भएको तथ्याङ्कले देखाएको छ ।

विदेश गएको जनसङ्ख्यालाई तलको तालिकामा देखाइएको छ :

क्षेत्र	१९९१		२००१	
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
भारत	५८७२४३	८९.२	५८९०५०	७७.३
अन्य दक्षिण एसिया	४९७७	०.८	२६९१	०.३
पश्चिम एसिया	६३४३	१.०	११८२६	१४.५
अन्य एसिया	२००२४	३.०	३३७८५	४.४
यूरोप	६४०४	१.०	१११५७	१.५
उत्तर अमेरिका	२१५०	०.३	१९९७	१.३
अन्य	५८१	०.१	५११५	०.७
उल्लेख नभएको	३०५६६	४.६	-	-
जम्मा	६५८२९०		७६२१०१	

स्रोत : नेपाल जनसङ्ख्या प्रतिवेदन, २०६४

वैदेशिक रोजगारमा जानका लागि श्रम स्वीकृति लिनेहरूको सङ्ख्या

आ.व. देशको नाम	०५८/५९	०५९/६०	०६०/६१	०६१/६२	०६२/६३	०६३/६४
मलेसिया	५२९२६	४३८१२	४५७६०	६६२९१	७५५२६	७४०२९
साउदी अरब	२१०९४	१७९९०	१६८७५	१३३६६	१५८१३	३९२७९
युएई	८४११	१२६५०	१२७९०	१२७२६	१५३१७	२५१७२
कतार	१९८९५	२६८५०	२४१२८	४२३९४	५५८९२	६०००५
कुबेत	३७८	९०७	३१९४	१७८९	६४०	२४४१
हङकङ	४८२	५६४	६७२	५२३	१४०	२६१
बहराइन	६९५	८१८	६०६	५३६	५४०	१२००
दक्षिण कोरिया	१३१	७१२	१३२४	३२७	१३१	७६५
इजरायल	१६	५५	४३३	८१५	८७६	४०५
ओमन	९६	४४	७३	३३०	२८	५०९
अन्य	६१०	६४१	८३५	८६४	३४९	६५५
जम्मा	१०४७३४	१०५०४३	१०६६६०	१३९९६१	१६५२५२	२०४७२१

स्रोत : श्रम तथा रोजगार प्रवर्धन विभाग

क्रियाकलाप

१. वैदेशिक रोजगारबाट विप्रेषण रकम (Remittance) आर्जन हुन्छ । यसले देशको आम्दानी बढाउँछ । अन्तरराष्ट्रिय सीप र प्रविधि सिक्ने अवसर प्राप्त हुन्छ । यिनै तथ्यहरूलाई समेट्दै संवाद तयार गर्नुहोस् ।

२. नेपालबाट मानिसहरू कुनकुन कामका लागि विदेसिएका होलान् खोजी गरी लेख्नुहोस् ।

३. वैदेशिक रोजगारको महत्त्वहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

४. सन् २००१ मा वैदेशिक रोजगारका लागि विदेश गएको जनसङ्ख्यालाई वृत्तचित्रमा देखाउनुहोस् ।

सामुदायिक कार्य

तपाईको समुदायमा वैदेशिक रोजगारका लागि कति मानिसहरू विदेश गएका छन् । तिनको खोजी गरी कुनकुन मुलुकमा गएका छन् त्योसमेत उल्लेख गर्नुहोस् ।

७. वैदेशिक रोजगारका चुनौती र सम्भावना

चुनौती र सम्भावना

वैदेशिक रोजगारका लागि आकर्षण बढ्दै गए पनि सुरक्षित एवम् व्यवस्थित पद्धति अपनाउन सकिएको छैन । विदेशी श्रम बजारको मागअनुसार सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न सकिएको छैन । यसले गर्दा हाम्रा मानिसहरू अदक्ष, अर्धदक्ष र कामदारका रूपमा विदेसिने गरेका छन् । अन्य देशले सस्तो कामदार पाएका छन् भने नेपालीहरू विदेशमा गएर उपयुक्त र सम्मानजनक काम पाउन सकेका छैनन् । यसले गर्दा धेरै लगानी गरी आफ्नो मूल्य र श्रमलाई कौडीको दाममा बेच्न नेपाली बाध्य भएका छन् ।

वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगारका लागि नेपाली नागरिकहरूलाई विदेशमा पठाउने स्पष्ट कानुनी व्यवस्था भए पनि त्यो ठीक ढङ्गले कार्यान्वयन हुन सकेको छैन । इजाजत विना नै वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरी दलालहरूले सोझा नेपाली नागरिकहरूलाई ठग्ने काम गरेका छन् । इजाजतपत्र प्राप्त संस्थाले नेपाली नागरिकहरूलाई विदेश पठाउँदा पनि नेपालीहरूसँग उपयुक्त सीप र ज्ञानको कमीले सम्मानजनक काम पाउन सकेका छैनन् । यो चुनौतीका रूपमा रहेको छ । विदेशमा गर्नुपर्ने कामको प्रकृतिअनुरूपको योग्यता, दक्षता, सीप र क्षमता नभएकाले कतिपय कामदारहरू विदेश पुगेर पनि फर्कनुपर्ने स्थिति सिर्जना भएको छ ।

वैदेशिक रोजगारका चुनौतीको सामना गरी वैदेशिक श्रम बजारको पहिचान गरेर रोजगारीको अवसर प्राप्त गर्न कानुनी, प्राविधिक तथा व्यावहारिक तालिमको आवश्यकता रहेको देखिन्छ । विदेशमा जाने नेपालीहरूलाई कामको प्रकृतिअनुसार दक्ष बनाई पठाएमा काम पनि पाउने र श्रमको उचित मूल्य पाउने सम्भावना रहेको छ । उनीहरूको जीवन रक्षाका लागि दुर्घटना र जीवन बीमाको व्यवस्था गर्नुपर्ने देखिन्छ । तीन बर्से अन्तरिम योजनाले पनि रोजगारका लागि बढी कामदारहरू गएका मुलुकसँग श्रम सम्झौता गर्ने प्रावधान राखेको छ । यसबाट वैदेशिक रोजगारको सम्भावना दिनप्रतिदिन बढ्दै गइरहेको देखिन्छ ।

वैदेशिक रोजगारले नेपालमा बर्सेनि एक अरबभन्दा बढी रुपियाँ आम्दानी हुने गरेको तथ्य सार्वजनिक भएको छ । यसरी बर्सेनि आउने रकमले उद्योगधन्दा, कलकारखाना स्थापना भई आन्तरिक रोजगार र उत्पादनमा पनि सहयोग पुगेको छ तापनि यसबाट राम्रा र दक्ष मानिसहरू पलायन हुँदा श्रमशक्ति विदेसिने क्रमले निरन्तरता पाइरहेमा नेपालको विकासमा समेत बाधा पुग्ने देखिन्छ । आफ्नो देश आफैँ बनाऔँ, देशको उन्नति नै आफ्नो उन्नति भन्ने नारालाई अघि सारी विदेसिने क्रमलाई क्रमशः न्यूनीकरण गर्दै लानुपर्ने देखिन्छ । आफ्नो देशको विकास भए मात्र हामीले विदेशमा पनि सम्मान पाउँछौँ । अरूको देशमा गएर बहादुर र कान्छाका रूपमा काम गरिरहँदा नेपालीहरूको रगत र पसिना अरू देशको विकासमा खर्च हुन्छ । हाम्रो देश सधैँ पछाडि पर्छ । त्यसैले आफ्नै देशमा रोजगार सिर्जना गरी अघि बढ्नु जरुरी छ । यसका लागि तालिम, सीप र ज्ञान आर्जन गरी स्वदेशमा नै आफ्नो श्रम र पसिना बगाउनुपर्छ । आफ्नो देशलाई नै माया गर्ने देशभक्तिको भावना जगाउनुपर्छ । यसमा नै हामी सबै नेपालीको हित र कल्याण हुन्छ ।

क्रियाकलाप

१. वैदेशिक रोजगारका चुनौतीहरू उल्लेख गर्नुहोस् ।

२. नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारले योगदान पुऱ्याए पनि प्रतिवर्ष नेपालीहरूको विदेसिने क्रम अर्थात् पलायन हुने क्रम बढेको छ । यसले नेपालको विकास र अर्थतन्त्रमा नकारात्मक असर पारेको छ । वर्सेनि नेपालीहरू विदेशिनाले नेपाली श्रमबजारमा जनशक्तिको अभाव भइरहेको छ । नेपालीहरूको श्रम र पसिना विदेसिएको छ । यस्तो समस्या समाधानका लागि कस्तो उपाय अपनाउनुपर्ला ?

३. वैदेशिक रोजगारका लागि विदेश जाने नेपालीहरूसँग उपयुक्त ज्ञान र सीप छैन । यसले गर्दा नेपालीहरूले सम्मानजनक काम र कामअनुसारको तलब भत्ता पाउन सकेका छैनन् । यस्तो अवस्थामा नेपालीहरूले विदेश गएर सम्मानजनक काम पाउन कुनकुन पक्षमा सुधार गर्नुपर्ला उल्लेख गर्नुहोस् ।

४. नेपालबाहिर करिब २० लाख नेपालीहरू कामका लागि गएका छन् । यसबाट धेरै विप्रेषण रकम (Remittance) नेपाल भित्रिएको छ तापनि यसको सही सदुपयोग भएको छैन । यस्तो रकमको सदुपयोग गर्न कुनकुन काम गर्नुपर्ला ? त्यसको योजना बनाउनुहोस् ।

५. नेपालीहरू विदेश गएर जस्तोसुकै काम गर्न बाध्य छन् । आफ्नै देशमा काम गरौँ र स्वदेशी श्रमको उपयोग गरी नेपाललाई समृद्धशाली बनाऔँ भन्ने भावनाको विकास गराउन केकस्ता कार्यक्रमहरू तर्जुमा गर्नुपर्ला ? समूहमा छलफल गरी त्यस्ता कार्यक्रमहरूको रूपरेखा तयार गर्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको गाउँ/सहरमा कुनकुन कामका लागि विदेश जाने गरेका छन् ? विदेशबाट फर्किएर आएका व्यक्तिसँग त्यहाँ जाँदा प्राप्त गरेका अनुभवसमेत सोधखोज गर्नुहोस् । कामहरू र अनुभवसमेत खुल्ने गरेर प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

८. चालु योजनाको उद्देश्य र कार्यक्रम

नेपालमा योजनाबद्ध विकास प्रयासको पाँच दशकमा दसओटा आवधिक योजना सम्पन्न भइसकेका छन् । यस अवधिमा भौतिक संरचनाको विकास, क्षेत्रीय विकास, न्यूनतम आवश्यकता परिपूर्ति, गरिबी निवारणजस्ता विभिन्न पक्षहरूमा विकास प्रयासहरू केन्द्रित रहे । योजनाले अपेक्षा गरेअनुसार आर्थिक वृद्धि हासिल हुन नसके तापनि केही कार्यहरू भएका छन् । वि.सं.२०६४ श्रावणदेखि तीन वर्षीय अन्तरिम योजनाको कार्यान्वयनमा आएको छ । यो योजना आ.व. ०६६।०६७ सम्म रहने छ । समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्नु यस योजनाको दीर्घकालीन सोच रहेको छ । यस योजनाका उद्देश्य र कार्यक्रमहरू निम्नानुसार रहेका छन् :

१. **उद्देश्य** : देशमा विद्यमान बेरोजगारी, गरिबी र असमानता घटाई दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु यस योजनाको प्रमुख उद्देश्य रहेको छ । यो उद्देश्य पूरा गर्नका लागि यस योजनाका रणनीतिहरू निम्नलिखित रहने छन् :

(क) राहत, पुन:निर्माण र पुन: एकीकरणमा विशेष जोड दिने

(ख) रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धि गर्ने

(ग) सुशासन प्रर्वद्धन तथा सेवा प्रवाहमा प्रभावकारिता बढाउने

(घ) भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने

(ङ) सामाजिक विकासलाई जोड दिने

(च) समावेशी विकास र लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने

२. **कार्यक्रमहरू**

तीन वर्षीय अन्तरिम योजनाको कुल विकास कार्यक्रम खर्चको विस्तृत क्षेत्रगत बाँडफाँड

(२०६३/०६४ को स्थिर मूल्यमा) *(रू. करोडमा)*

क्र.सं.	विवरण	रकम रू.	अंश (%मा)
१	**कृषि, सिँचाइ तथा वन**	**३६०१.८**	**१२.८५**
१.१	कृषि	१४३४.१	५.१२
१.२	सिँचाइ	१६५०.६	५.८९
१.३	वन	२८९.५	१.०३
१.४	भूमिसुधार र नापी	२२७.६	०.८१
२	**उद्योग, भूगर्भ तथा खानी**	**१६७.६**	**०.६०**
३	**विद्युत्, ग्यास तथा पानी**	**५४६०.२**	**१९.४८**
३.१	विद्युत्	३२४०.०	११५६
३.२	अन्य ऊर्जा	४६९.४	६.२५
३.३	खानेपानी	१७५०.८	१.६७
४.	**थोक तथा खुद्रा व्यापार**	**३२३.९**	**१.१६**
४.१	वाणिज्य	१७४.२	०.६२
४.२	आपूर्ति	१४९.६	०.५३
५.	**होटेल तथा रेस्टुराँ**	**१९७.०**	**०.७०**
५.१	पर्यटन	४०.७	०.१५
५.२	संस्कृति	१५६.३	०.५६

६.	**यातायात, सञ्चार तथा भण्डारण**	**५०१९.५**	**१७.९१**
६.१	सडक	३३०८.४	११.८०
६.२	नागरिक उड्डयन	७४५.७	२.६७
६.३	सञ्चार	३६५.४	१.३०
६.४	आवास तथा सहरी विकास	६००.०	२.१४
७.	**साधारण प्रशासन तथा रक्षा**	**८६३.९**	**३.०८**
७.१	सामान्य प्रशासन	२०.०	०.०७
७.२	राजस्व तथा आर्थिक प्रशासन	२५.२	०.०९
७.३	संवैधानिक निकायहरू	१४०.३	०.५०
७.४	योजना तथा तथ्याङ्क	३७.४	०.१३
७.५	गृह	३०.८	०.११
७.६	अन्य आर्थिक *(वित्तीय मध्यस्थताको बजेटसमेत रहेको)*	४५०.५	१.६१
७.७	श्रम तथा यातायात व्यवस्थापन	५९.८	०.२१
७.८	अन्य *(ज्येष्ठ नागरिक, अपाङ्गता, युवा र गैरसरकारी संस्थाको बजेट रहेको)*	९९.९	०.३६
८	**सामाजिक सेवा**	**११६३४.८**	**४१.५१**
८.१	शिक्षा	३५३५.०	१२.६१
८.२	स्वास्थ्य तथा सामाजिक कार्य *(जनसङ्ख्याको रू. ६ करोड बजेटसमेत रहेको)*	३०१७.४	१०.७६
८.३	स्थानीय विकास	४८१२.९	१७.५३
८.४	महिला, बालबालिका तथा समाज कल्याण	१६९.६	०.६०
९	**विविध**	**७५९.५**	**२.७१**
९.१	वातावरण	१३.०	०.०५
९.२	विज्ञान तथा प्रविधि	८९.७	०.३२
९.३	शान्ति तथा पुन:निर्माण	५०४.६	१.८०
९.४	अन्य विविध	१५२.२	०.५४
	जम्मा	२८०३०.१	१००.००

स्रोत : तीन वर्षीय अन्तरिम योजना

क्रियाकलाप

१. तीन वर्षीय अन्तरिम योजना (२०६४/६५ देखि ०६६/०६७) ले सबै नागरिकलाई क्रमश: साक्षर बनाउने र गुणस्तरयुक्त तथा रोजगारमूलक शिक्षा प्रदान गर्ने उद्देश्य राखेको छ। यसका लागि केकस्ता कार्यहरू गर्नुपर्ला ? लेख्नुहोस् ।

२. तीन वर्षीय अन्तरिम योजनामा तपाईंको विद्यालयले केके काम गर्नुपर्ला त्यसको योजना बनाउनुहोस् ।

३. अन्तरिम योजनाअनुसारका पाठमा उल्लिखित कार्यक्रमहरूलाई स्तम्भ चित्रमा देखाउनुहोस् ।

४. "एक गाउँमा कम्तीमा एक विद्यालयको अवधारणा" लागू गर्ने तीन वर्षीय अन्तरिम योजनाको प्रमुख नीति रहेको छ। यसले शिक्षा विकासमा कसरी सहयोग पुऱ्याउँछ ? लेख्नुहोस् ।

५. चालु योजनाका मुख्यमुख्य रणनीतिहरू केके हुन् ? लेख्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा प्राविधिक तथा व्यावसायिक तालिमलाई अझ व्यवस्थित र विस्तृत गर्नका लागि कुनकुन सीपहरू प्रदान गर्नुपर्ला ? स्थानीय व्यक्तिसँग सोधपुछ गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

सारांश

यस एकाइमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौँ :

* नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्त्व उल्लेख गर्न र डायग्राममा देखाउन,
* नेपालमा पर्यटन उद्योगविकासका सम्भावनाहरूलाई चार्टमा देखाउन,
* पर्यटन तथ्याङ्कलाई तालिकामा देखाउन,
* स्तम्भ चित्र बनाई प्रस्तुत गर्न,
* समाचारको नमुना तयार गर्न,
* दिइएका तथ्यका आधारमा सम्पादकीय तयार गर्न,
* प्रमुख पैदल यात्राका क्षेत्रहरूलाई नेपालको नक्सामा सङ्केत गर्न,
* पर्यटन उद्योगका समस्या र समाधानका उपायहरू उल्लेख गर्न,
* वैदेशिक रोजगारको महत्त्व, सम्भावना र चुनौतीहरू उल्लेख गर्न,
* चालु योजनाको कार्यक्रमलाई तालिका र स्तम्भ चित्रमा देखाउन,
* पर्यटन क्षेत्रले गर्ने कामहरूको सूची बनाउन,
* पर्यटकहरूप्रति राम्रो व्यवहार गरी उनीहरूलाई सहयोग पुऱ्याउन,
* पर्यटकका लागि पथप्रर्दशन गर्न ।

एकाइ
१

अन्तरराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग

यस एकाइमा हामी निम्नलिखित विषयवस्तु अध्ययन गर्ने छौं :

- संयुक्त राष्ट्रसङ्घ र यसका अङ्ग
- संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूसँगको सम्बन्ध तथा सहयोग
- अन्तरराष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान
- विश्वमा घटेका समसामयिक घटनाहरूले मानव जीवनमा पारेका प्रभाव
- जलवायु परिवर्तन र यसबाट बच्ने उपाय

१. संयुक्त राष्ट्रसङ्घ र यसका अङ्ग

मिति : २०६४।६।१५

प्रिय बहिनी एलिना,

सुमधुर सम्झना ।

तिमीले संयुक्त राष्ट्रसङ्घको स्थापना तथा यसका अङ्गहरूको विषयमा जिज्ञासा राखेर लेखेको पत्र पढ्दा धेरै खुसी लाग्यो । भनिन्छ, प्रथम विश्वयुद्धलाई द्वितीय विश्वयुद्धले पूरा गरेको र राष्ट्रसङ्घले पूरा गर्न नसकेको कुरा पूरा गर्न संयुक्त राष्ट्रसङ्घको स्थापना भएको थियो । युद्धको विनाशभित्र पनि केही राम्रा कुराहरू हुन्छन्, तिनै राम्रा कुराहरूमध्ये एउटा कुरा संयुक्त राष्ट्रसङ्घको स्थापना हो ।

अगस्ट १९४१ मा अमेरिकी राष्ट्रपति फ्रयाङ्कलिन रुजवेल्ट तथा बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिल (Winston Churchil) ले आन्ध्र महासागरमा रहेको युद्धपोतभित्र संयुक्त राष्ट्रसङ्घजस्ता विश्वसंस्थाको स्थापना गर्ने विषयमा सन्धि गरेका थिए, जसलाई एटलान्टिक चार्टर भनिन्छ ।

२६ जुन १९४५ मा ५० ओटा राष्ट्रहरूले अमेरिकाको सनफ्रान्सिस्को (San Francisco) मा संयुक्त राष्ट्रसङ्घको घोषणापत्र (Charter) मा हस्ताक्षर गरे । २४ अक्टुबर १९४५ मा ५१ ओटा राष्ट्रहरू मिलेर न्युयोर्क (New York) मा प्रधान कार्यालय रहने गरी संयुक्त राष्ट्रसङ्घको स्थापना गरे जसका प्रमुख अङ्गहरू यसप्रकार छन् :



महासभा : यो संयुक्त राष्ट्रसङ्घको संसद् हो । राष्ट्रसङ्घको घोषणापत्रको अधीनमा रही यसका सदस्य राष्ट्रहरूले बोल्न र मत दिन पाउँदछन् । मत दिँदा एक राष्ट्र एक मतको आधार रहन्छ । यसले संयुक्त राष्ट्रसङ्घको वार्षिक बजेट पारित गर्नुको साथै कुनै देशले राष्ट्रसङ्घको सदस्य हुन आवेदन दिएमा सदस्यताका लागि सिफारिस गर्ने गर्दछ ।

सचिवालय : सचिवालयले महासभाले गरेको निर्णयलाई कार्यान्वयन गर्दछ । यसको प्रमुखलाई महासचिव भनिन्छ । महासभाले पाँच वर्षका लागि महासचिव नियुक्त गर्दछ ।

सुरक्षा परिषद् : सुरक्षा परिषद्मा अमेरिका, बेलायत, फ्रान्स, रुस र चीन गरी पाँच राष्ट्रहरू स्थायी सदस्य र पन्ध्र राष्ट्रहरू अस्थायी सदस्य रहन्छन् । अस्थायी सदस्यहरू महासभाबाट पालैपालो गरी दुई वर्षका लागि

निर्वाचित हुन्छन् । यसको मुख्य काम शान्ति सुरक्षा कायम राख्नका लागि सेना परिचालन **गर्नु हो । यसका स्थायी** सदस्यहरूले भने निषेधाधिकार (Veto) प्रयोग गरी महासभाले गरेको निर्णयलाई अस्विकार गर्न सक्छन् ।

अन्तरराष्ट्रिय न्यायालय : अन्तरराष्ट्रिय न्यायलयमा पन्ध्र न्यायाधीशहरू रहन्छन् । यिनीहरूको निर्वाचन नौ वर्षका निम्ति सुरक्षा परिषद् र महासभाबाट गरिन्छ । कुनै पनि देशबाट एकभन्दा बढी न्यायाधीश नियुक्त हुन पाइँदैन । यसको प्रधान कार्यालय हल्यान्डको हेगमा छ । यसको मुख्य काम सदस्य राष्ट्रहरूबीचको विवाद सुल्झाउनु हो ।

संरक्षण परिषद् : सुरक्षा परिषद्का पाँच स्थायी सदस्य नै यसका पनि सदस्य हुन्छन् । यसको मुख्य काम विश्वयुद्धमा पराजित तथा उपनिवेशमा रहेका राष्ट्रहरू आत्मनिर्णय गर्न सक्ने स्थितिमा नपुग्दासम्म तिनको हेरविचार गर्नु हो ।

आर्थिक एवम् सामाजिक परिषद् : यो परिषद्ले आर्थिक, सामाजिक, सांस्कृतिक र मानवीय गतिविधि जस्ता विषयमा हेर्दछ । यसमा ५४ जना सदस्य हुन्छन्, जसको कार्यकाल तीन वर्षको हुन्छ । प्रत्येक वर्ष एक तिहाई अथवा १८ जना सदस्यको निर्वाचन हुन्छ र एउटा कार्यकारी सभा बन्दछ, जसले विभिन्न कामहरूको रेखदेख गर्दछ । यहाँ साधारण बहुमतद्वारा प्रस्ताव पास गरिन्छ र प्रत्येक सदस्यलाई एक भोटको अधिकार हुन्छ ।

मैले गरेको वर्णनबाट तिमीलाई धेरै कुरा थाहा हुन्छ । यस्तै, अर्को पत्रमा राष्ट्रसङ्घको विशिष्टीकृत संस्थाहरूको विषयमा लेख्ने छु । यस पत्रबाट भने यत्ति मात्रै जानकारी गराउन सकें ।

माया गर्ने दिदी
श्रुति

क्रियाकलाप

१. संयुक्त राष्ट्रसङ्घको स्थापना किन भयो ?

२. महासभा भनेको के हो ? यसका कार्यहरू उल्लेख गर्नुहोस् ।

३. निषेधाधिकार (Veto) भनेको के हो ? संयुक्त राष्ट्रसङ्घमा निषेधाधिकारको प्रयोग कसले गर्न सक्छ ?

४. कक्षालाई संयुक्त राष्ट्रसङ्घको महासभा मानी बैठकको आयोजना गर्नुहोस् । एउटा विद्यार्थीलाई एक देशको प्रतिनिधि मान्नुहोस् । सुरक्षा परिषद्का लागि पाँच स्थायी र दस अस्थायी सदस्य चयन गर्नुहोस् । त्यसैगरी महासचिव, न्यायाधीशहरू आर्थिक एवम् सामाजिक परिषद्का एकतिहाइ सदस्यहरूको पनि चयन गर्नुहोस् । हरेक अङ्गको छुट्टाछुट्टै बैठक बसी भावी योजना बनाउनुहोस् । योजनाहरू महासभाको बैठकमा पनि पारित गराउनुहोस् ।

२. संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्था

संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाको स्थापना र तिनका कार्य

क्रसं	संस्थाहरू	स्थापना र प्रधान कार्यालय	उद्देश्य र कार्य
१.	अन्तरराष्ट्रिय श्रम सङ्गठन (International Labour Organization-ILO)	११ अप्रिल १९१९, जेनेभा (स्विट्जरल्यान्ड)	यसको मुख्य काम श्रमिकहरूको आर्थिक र सामाजिक सुरक्षा प्रदान गर्नु, श्रम कानुन पारित गर्नु हो ।
२.	खाद्य तथा कृषि सङ्गठन (Food and Agriculture Organization -FAO)	१६ अक्टोबर १९४५, रोम (इटाली)	सबै प्रकारका खाद्य तथा कृषि उत्पादन, प्रशोधन, बजार व्यवस्थापन र वितरणमा सुधार ल्याउनु, ग्रामीण विकास तथा जीवनस्तरमा सुधार ल्याउनु आदि ।
३.	संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (United Nation Educational, Scientific and Cultural Organization)	४ नोभेम्बर १९४६, पेरिस (फ्रान्स)	शिक्षा, विज्ञान, संस्कृति र सञ्चारको माध्यमद्वारा राष्ट्रहरूबीच सहयोग बढाई अन्तरराष्ट्रिय शान्ति र सुरक्षाको क्षेत्रमा योगदान पुऱ्याउनु, राष्ट्रिय सांस्कृतिक सम्पदाको संरक्षण गर्न प्रोत्साहित गर्नु ।
४.	विश्व स्वास्थ्य सङ्गठन (World Health Organization - WHO)	७ अप्रिल १९४८, जेनेभा	विश्वका जनताको स्वास्थ्यमा सुधार ल्याउन आवश्यक सरसल्लाह र प्राविधिक सहयोग जुटाउनु ।
५.	अन्तरराष्ट्रिय मुद्रा कोष (International Monetary Fund -IMF)	२७ डिसेम्बर १९४५, वासिङ्टन डिसी (अमेरिका)	अन्तरराष्ट्रिय सहयोगका लागि आर्थिक सहयोग गर्ने प्रोत्साहित गर्नु, भुक्तानी सन्तुलन कायम गर्नु ।
६.	अन्तरराष्ट्रिय पुनर्निर्माण तथा विकास बैङ्क (IBRD)	२७ डिसेम्बर १९४५, वासिङ्टन डिसी	सदस्य राष्ट्रहरूलाई वित्तीय सहयोग प्रदान गर्नु ।
७.	अन्तरराष्ट्रिय नागरिक उड्डयन सङ्गठन (International Civil Aviation Organization-ICAO)	४ अप्रिल १९४७, मन्ट्रियल (क्यानडा)	विश्वभरि सुरक्षित तथा नियमित हवाई सेवाको सुव्यवस्था मिलाउनु, सहयोग विस्तार गर्नु र वायुयानको शान्तिपूर्ण सञ्चालनलाई प्रोत्साहित गर्नु ।
८.	विश्व हुलाक सङ्घ (Universal Postal Union - UPU)	८ अक्टोबर १८७४ बर्न (स्विट्जरल्यान्ड)	हुलाक सेवाको विकास गर्नु, हुलाकसम्बन्धी प्राविधिक सहायता उपलब्ध गराउनु र अन्तरराष्ट्रिय सहयोगको विस्तार गर्नु ।
९.	अन्तरराष्ट्रिय दूर सञ्चार सङ्घ (International Tele Communication - ITC)	सन् १८६५, जेनेभा (स्विट्जरल्यान्ड)	दूरसञ्चार सेवामा एकरूपता ल्याउनु, यसको विकासलाई प्रोत्साहित गर्नु, दूर सञ्चार सेवाको विकासका लागि प्राविधिक सुविधाहरूको विकास गर्नु ।
१०.	विश्व जलवायु विज्ञान सङ्गठन (World Meteorological	सन् १८७३ जेनेभा (स्विट्जरल्यान्ड)	जलविज्ञान तथा जलवायुसम्बन्धी निरीक्षण स्टेसन वा केन्द्रहरू स्थापना गर्न एवम्

	Organization-WMO)		जलवायुसम्बन्धी सूचनाहरूको आदानप्रदान प्रणालीको स्थापना गर्नु
११.	अन्तरराष्ट्रिय सामुद्रिक सङ्गठन (International Maritime Organization - IMO)	१७ मार्च १९५८, लन्डन (बेलायत)	सामुद्रिक यातायातमा अन्तरराष्ट्रिय सहयोग विस्तार गर्नु ।
१२.	विश्व बौद्धिक सम्पत्ति सङ्गठन (World Intellectual Property Organization - WIPO)	२६ अप्रिल १९७०, जेनेभा (स्विट्जरल्यान्ड)	बौद्धिक सम्पत्तिको संरक्षणमा सहयोग पुऱ्याउनु, सन्धिहरूको निर्माण गर्नु ।
१३.	संयुक्त राष्ट्रसङ्घीय औद्योगिक विकास सङ्गठन (United National Industrial Development Organization-UNIDO)	१ जनवरी १९६७, भियना (अस्ट्रेलिया)	विकासोन्मुख राष्ट्रहरूको औद्योगिकीरण प्रक्रियामा तीव्रता ल्याउनु र औद्योगिकीकरणलाई प्रोत्साहित गर्नु ।
१४.	अन्तरराष्ट्रिय कृषि विकास कोष (International Fund for Agricualtural Development-IFAD)	३० नोभेम्बर १९७७, रोम (इटाली)	विकासशील राष्ट्रहरूलाई कृषि उत्पादन वृद्धि गर्नका लागि लगानी गर्न प्रोत्साहित गर्नु ।

क्रियाकलाप

१. माथि लेखिएको आधारमा संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूको सूची तयार गर्नुहोस् ।

२. पाठमा उल्लिखित विशिष्टीकृत संस्थाहरूले नेपालमा केकस्ता कार्यहरू गरेका छन् ? सन्दर्भ सामग्रीको सहयोग लिई ती कार्यहरू उल्लेख गर्नुहोस् ।

३. यीबाहेक संयुक्त राष्ट्रसङ्घसँग सम्बन्धित संस्थाहरू पनि नेपालमा कार्यरत छन् । तिनका केही उदाहरण तल दिएका छन् । तिनलाई तालिकामा देखाउनुहोस् :

(क) संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (United Nations Development Programme) : यसको स्थापना सन् १९६६ मा भएको हो । यसको उद्देश्य विकासोन्मुख राष्ट्रहरूलाई आफ्नो सम्पदाको समुचित उपयोगमा सहायता गर्नु, जनताको जीवनस्तर उकास्नु र उत्पादकत्व बढाउनु रहेको छ ।

(ख) संयुक्त राष्ट्रसङ्घीय बालकोष (United Nations International Childrens Emergency Fund) : यसको स्थापना डिसेम्बर १९४६ मा भएको हो । यसको उद्देश्य विकासोन्मुख राष्ट्रका बालबालिकाहरूको हितका लागि दूरगामी कार्यक्रम सञ्चालन गर्नु हो । यसको प्रधान कार्यालय अमेरिकाको न्युयोर्कमा छ ।

(ग) शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय (United Nations High Commission for Refugees) : यसको स्थापना सन् १९५० मा भएको हो । यसको उद्देश्य शरणार्थीहरूको सुरक्षा गर्नु र उनीहरूका समस्याहरूको स्थायी समाधान गर्नु हो । यसको प्रधान कार्यालय स्विट्जरल्यान्डको जेनेभामा रहेको छ ।

सामुदायिक कार्य

तपाईंको समुदायमा संयुक्त राष्ट्रसङ्घीय कुनै संस्थाले केही काम गरेको हुन सक्छ । त्यस्ता संस्थाहरूको नाम र तिनीहरूले गरेका कामको खोजी गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

३. संयुक्त राष्ट्रसङ्घका गतिविधि

नेपालका विभिन्न भागमा ६६ नम्बरको नीलो प्लेट भएका मोटर र राष्ट्रसङ्घको चिह्न भएका झन्डा देखिन्छन् । यी दुवै कुराहरू संयुक्त राष्ट्रसङ्घका हुन् । संसारभरिमा करिब ६५,००० मानिसहरू यसअन्तर्गत कार्यरत छन् । संयुक्त राष्ट्रसङ्घका विशिष्ट तथा स्वतन्त्र संस्थाहरूले राष्ट्रहरूको बीचमा एकता कायम गर्न विश्वव्यापी रूपमा कृषि, सञ्चार, स्वास्थ्यको विकास लगायत मानव हितका निम्ति विभिन्न किसिमका काम गर्दछन् ।

संसारका सबै देशको विकासका निम्ति यसले संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम सञ्चालन गर्छ तथा आर्थिक सहयोग प्रदान गर्दछ। संयुक्त राष्ट्रसङ्घको महासभामा साना, ठूला, धनी, गरिब सबै राष्ट्रहरूका समान आवाज र मत छन् । यो यस्तो ठाउँ हो जहाँ सबै राष्ट्रहरूले सँगै बसेर विश्वको समस्याको समाधान गर्दछन् । यसका निर्णयहरू कानुन होइनन् तर बहुसङ्ख्यकका अभिव्यक्ति हुन् । यसको कार्यक्रम सञ्चालनका निम्ति यसका सदस्य राष्ट्रहरूले सहयोग स्वरूप तोकेबमोजिमको रकम प्रदान गर्दछन् ।

संयुक्त राष्ट्रसङ्घका कार्यक्रमको सञ्चालनका निम्ति धनी राष्ट्रहरूले स्वेच्छाले आर्थिक सहयोग प्रदान गर्दछन् । सो रकमबाट सामाजिक तथा आर्थिक विकास, शरणार्थीहरूको हेरविचार, भोका र घरबारविहीनलाई खाना र आश्रय, महिला र बालबालिकालाई सहयोग र परिवार नियोजन, वातारणको सुरक्षा, प्राणघातक रोग एड्स, लागुऔषधी र अपराधको रोकथाम, मानव अधिकार तथा प्रजातन्त्र र न्यायका निम्ति विभिन्न कार्यक्रम सञ्चालन गरिन्छ। विश्वका लाखौँ मानिसहरूलाई सहयोग गर्न संयुक्त राष्ट्रसङ्घले वर्षमा करिब ८ अरब अमेरिकी डलर खर्च गर्दछ ।

संयुक्त राष्ट्रसङ्घको चिह्न र मोटर

इन्टरनेटको प्रयोग गरी वेभसाइट www.un.org द्वारा तपाईं बहुँ कुरा पनि थाहा पाउन सक्नुहुन्छ ।

संयुक्त राष्ट्रसङ्घले विश्वमा शान्ति स्थापना गर्दछ । त्यसका लागि शान्तिसेनाका प्रमुखको नियुक्ति संयुक्त राष्ट्रसङ्घको महासचिवले गर्दछन् । त्यसपछि राष्ट्रहरूले पठाएको फौजले तिनै प्रमुखको नीतिनिर्देशनका आधारमा आफ्ना देशका शान्तिसेना अधिकृतद्वारा खटाइएअनुसार काम गर्दछन् । कुनै पनि देशको शान्तिसेनाले अन्य देशको शान्तिसेनासँग मिलेर काम गर्नुपर्दछ । शान्तिसेनाले आफूलाई खटाएको ठाउँ वा देशमा विभिन्न किसिमका कामहरू गर्नुपर्दछ । यसले संयुक्त राष्ट्रसङ्घले गरेको निर्णयलाई कार्यान्वयन गर्ने तथा कार्यान्वयन भएनभएको निरीक्षण गर्ने, शान्तिप्रक्रियालाई निरन्तरता दिने, दुवै विरोधी पक्षका व्यक्तिहरूलाई सुरक्षा प्रदान गर्ने, राष्ट्रिय सेनालाई तालिम दिने, औषधी तथा खाद्यसामग्री पीडित पक्षसम्म पुऱ्याउने वा पुऱ्याउन सहयोग गर्ने, भुइँमुनि ओछ्याइएका नरसंहारकारी जोखिमपूर्ण बारुद सफा पार्ने, स्थानीय निर्वाचनको निरीक्षण गर्ने इत्यादि काम गर्दै आएको छ। यसले संयुक्त राष्ट्रसङ्घ तथा सुरक्षा परिषद्ले निर्णय गरेको वा तोकेको सबै किसिमका काम गर्छ र गर्नेलाई सहयोग पनि पुऱ्याउँदछ ।

शान्तिसेनाका जवानहरूसँग हातहतियार हुन्छन् तर यिनीहरूले आफ्ना हातहतियारको प्रयोग आफ्ना सुरक्षाका निम्ति मात्र गर्दछन् । शान्तिसेनामा सैनिक जवानबाहेक पुलिस, चुनाव विशेषज्ञ, कानुनविद्, बारुद हटाउने

विशेषज्ञ, दोभासे, विकास तथा निर्माणकार्यमा सहयोग पुऱ्याउने दक्ष जनशक्ति, मानवअधिकारवादी आदिको संलग्नता हुन्छ । धेरै देशहरूले आफ्ना मानिसहरूलाई शान्तिसेनामा संलग्न गराएका छन् ।

सन् १९७८ मा इजरायलले दक्षिण लेवनानमाथि आक्रमण गरेपछि शान्ति सेनाको जन्म भएको हो । नेपालले UNIFIL को उक्त पहिलो मिसनदेखि नै संयुक्त राष्ट्रसंघको शान्ति सेनामा आफ्नो सहभागिता जनाउँदै आएको छ । अहिले पनि नेपाली शान्ति सेना विभिन्न मुलुकमा क्रियाशील छन् ।

नेपालले संयुक्त राष्ट्रसङ्घ एवम् यसका विशिष्टीकृत एजेन्सीहरूद्वारा पारित गरेका वा जारी गरेका महासन्धिहरू, प्रतिबद्धताहरू, घोषणा पत्रहरूमा हस्ताक्षर गरी सहमति जनाएको छ र कार्यान्वयनमा पनि ल्याएको छ । नेपालमा द्वन्द्वको अन्त्य गरेर शान्ति स्थापना गर्न पनि विदेशी संस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसका निम्ति संयुक्त राष्ट्र सङ्घीय नियोग (United Nations Mission) कार्यरत छ ।

क्रियाकलाप

१. बाकसमा दिइएका शब्दहरूको प्रयोग गरेर संयुक्त राष्ट्रसङ्घका कामका बारेमा सारांश लेख्नुहोस् । संयुक्त राष्ट्रसङ्घको झन्डाको बनोटको विषयमा छलफल गर्नुहोस् र झन्डा पनि बनाउनुहोस् ।

रोग	सञ्चार	प्रकोप	वातावरण	घोषणापत्र	कर्तव्य
सहयोगी	सार्वभौम	राष्ट्रहरू	उत्पादन	१८५	लागुपदार्थ

२. नेपाल तथा अन्य मुलुकहरूमा संयुक्त राष्ट्रसङ्घले गरिरहेका केही कामहरू हेर्नुहोस् । तपाईंको इलाकामा तल लेखिएका केही कामहरू भएका छन् भने त्यससम्बन्धी एक समाचार बनाउनुहोस् ।

- पोलियो खोप
- निर्वाचन पर्यवेक्षण
- आँधीबेहरीपछिको आपत्कालीन घर
- आणविक हतियार प्रयोग निषेध सन्धि (Nuclear Test Ban Treaty)
- राष्ट्रसङ्घीय एड्स कार्यक्रम(UNAIDS)
- विश्वव्यापी खतरा तथा चेतावनी सम्बन्धमा सम्मेलन
- बालअधिकारसम्बन्धी सम्मेलन
- बालश्रमविरोधी आई.एल्.ओ. को कास
- नेपालमा गाउँसहर स्वास्थ्य कार्यक्रम
- यु. एन्.एच्.सी.आर्
- यु.एन्.डी.पी

३. समाचारपत्र पढेर, रेडियो सुनेर वा टेलिभिजन हेरेर शान्तिसेनाको गतिविधिसम्बन्धी समाचारहरू सङ्कलन गर्नुहोस् ।

४. के तपाईंलाई नेपालले शान्तिसेनामा आफ्ना देशवासीहरूलाई पठाएको मन परेको छ ? मनपरेको भए मन पर्ने कारण र मन नपर्ने भए मन नपर्ने कारण दर्साई काठमाडौंस्थित संयुक्त राष्ट्रसङ्घको आवासीय प्रतिनिधिलाई एउटा पत्र लेख्नुहोस् ।

सामुदायिक कार्य

संयुक्त राष्ट्र सङ्घअन्तर्गतका संस्थाहरूले सहयोग पुऱ्याउन सक्ने कुनै समस्या तपाईंको समुदायमा छ भने नेपालस्थित संयुक्त राष्ट्र सङ्घको कार्यालयमा पठाउने निवेदनको नमुना तयार गर्नुहोस् ।

८. अन्तरराष्ट्रिय सम्बन्ध र नेपाल

अन्तरराष्ट्रिय सम्बन्धलाई मानिसहरूसँगको सम्बन्धसँग तुलना गर्न सकिन्छ । कोही मानिस धनी र कोही गरिब हुन्छन्; त्यस्तै केही मुलुकहरू धनी र शक्तिशाली छन् भने केहीचाहिँ कमजोर छन् । केही मुलुकहरू सधैँ समस्या मात्रै उत्पन्न गर्दछन् भने कुनैले समाधानका उपायहरू निकाल्दछन् । नेपाल आफूलाई शान्तिप्रिय मुलुकका रूपमा अन्तरराष्ट्रिय जगत्मा चिनाउन चाहन्छ । यसले अरू कसैमाथि हमला गर्दैन र सबैसँग राम्रो सम्बन्ध कायम गर्न चाहन्छ । कसैको पक्ष लिएर लडाइँ तथा झगडामा पनि फस्न चाहँदैन ।

अन्तरराष्ट्रिय शान्ति तथा राजनीतिक, आर्थिक र सामाजिक अवस्थामा सुधार चाहने मुलुकहरू संयुक्त राष्ट्रसङ्घका सदस्यका रूपमा रहेका छन् । नेपालले सन् १९५५ देखि यस अन्तरराष्ट्रिय संस्थाको सदस्यका रूपमा आफ्ना खुला विचारहरू राख्दै आएको छ । नेपालले असंलग्न राष्ट्रहरूको सङ्गठनमा आबद्ध भई सक्रिय रूपमा भाग लिँदै आएको छ । यसमा विश्वका धेरैजसो साना र गरिब मुलुकहरू सङ्गठित रूपमा रहेका छन् । यिनीहरू विश्वका ठूला र शक्तिशाली राष्ट्रहरूबीचको झगडा र विवादमा मुछिन चाहँदैनन् । बरू असल सम्बन्ध राखेर विश्वशान्तिको प्रयासमा अनवरत रूपमा एकजुट भई लाग्दछन् । तिनीहरू आर्थिक रूपले सम्पन्न मुलुकहरू र आर्थिक समुदायसँग अन्तरराष्ट्रिय व्यापारको सुदृढीकरणका लागि मिलेर काम गर्दछन् ।

प्राचीनकालमा एथेन्स र स्पार्टाबीचको झगडालाई समाप्त गरी शान्तिपूर्ण प्रतिस्पर्धा कायम गर्नका लागि २८०० वर्षअघि ग्रिसमा ओलम्पिक खेलको सुरुआत भएको हो । अन्तरराष्ट्रिय खेलकुदले गर्दा धेरै मुलुकहरूले एकआपसमा मिली रमाइलो र प्रतिस्पर्धात्मक क्षणको अनुभव गर्ने र आफ्नो राष्ट्रप्रति गौरव अनुभव गर्ने मौका प्राप्त गरेका छन् । नेपाल सार्क खेलकुद प्रतियोगिताको आयोजक राष्ट्र बनिसकेको छ भने अन्य कैयौँ अन्तरराष्ट्रिय खेलहरूमा सक्रिय रूपले भाग लिँदै आएको छ ।

नेपालले सन् १९६९-७० र सन् १९८८-८९ गरी दुई पटक सुरक्षा परिषद्को अस्थायी सदस्यको रूपमा काम गरिसकेको छ । सुरक्षा परिषद्को सदस्य रहँदा नेपालले अन्तरराष्ट्रिय विवादहरू सुल्झाउन सक्रिय भूमिका निभाएको थियो । नेपाल जहिले पनि शान्तिको पक्षमा उभिएर संयुक्त राष्ट्रसङ्घको कार्यक्रमहरूमा सहभागी हुँदै आएको छ । नेपाली मुलुकका कुलचन्द्र गौतमले संयुक्त राष्ट्रसङ्घका उपमहासचिव जस्तो उच्च पदमा रहेर विश्व शान्ति स्थापनामा महत्त्वपूर्ण योगदान दिनुभएको छ । यो सम्पूर्ण नेपालीको निम्ति गौरवको विषय हो ।

क्रियाकलाप

१. तल दिइएको विज्ञान प्रविधिसम्बन्धी समाचार अध्ययन गरी सोधिएका प्रश्नहरूको जवाफ दिनुहोस् ।

मङ्गल ग्रहमा अन्तरिक्ष यात्री लैजाने तयारी

युरोपियन स्पेस एजेन्सी (इसा - ESA) ले अन्तरिक्ष अन्वेषणको क्षेत्रमा अहिलेसममको सबैभन्दा महत्त्वपूर्ण तथ्य सन् २००७ को जुन १९ मा सार्वजनिक गरेको छ । European Space Agency [ESA] ले सो दिन दिएको जानकारीअनुसार छ जना अन्तरिक्ष यात्रीलाई पहिलो पटक मङ्गल ग्रह पठाइने छ । तीमध्ये चारजना रुसी र दुईजना अन्य युरोपेली देशका हुने छन् । पाँच करोड ६० लाख किलोमिटर दुरीको मङ्गल ग्रहको यात्रमा जाने अन्तरिक्ष यानले पृथ्वीबाट हिँडेपछि २५० दिनमा अन्तरिक्ष यात्रीलाई मङ्गल ग्रह पुऱ्याउने छ भने फर्कंदा २४० दिन लाग्ने छ । ESA को कार्यक्रमअनुसार ३० दिन अन्तरिक्ष यात्रीहरू मङ्गल ग्रहमा अनुसन्धान गरेर बस्ने छन् । मङ्गल ग्रहमा पठाउन ESA ले बनाएको अन्तरिक्ष यान मस्कोमा तयार गरिदैं छ । यो यानको क्षेत्र जम्मा ५५० घनमिटर हुने छ जसमा छ जना यात्रीले कुल ५२० दिन बिताउनुपर्ने छ ।

स्रोत : पत्रपत्रिका

(क) अन्तरिक्ष यानले कति दिनमा अन्तरिक्ष यात्रीलाई मङ्गल ग्रह पुऱ्याउने छ ?

(ख) किन मङ्गल ग्रह पुग्न २५० दिन र फर्कन २४० दिन लागेको होला ? छलफल गरी लेख्नुहोस् ।

(ग) हाम्रो देशले अन्तरिक्ष यान किन बनाउन नसकेको होला ? छलफल गरी प्रतिवेदन बनाउनुहोस् ।

२. अन्तरराष्ट्रिय शान्ति र समझदारीका निम्ति नेपालले खेलेको भूमिकाको सूची तयार गर्नुहोस् ।

३. अन्य मुलुकमा शान्तिको कामना गर्ने मुलुकले आफ्नो देशभित्र पनि शान्ति कायम गर्न सक्नुपर्छ भन्ने सन्दर्भमा नेपालमा शान्ति कायम गर्ने उपायहरू लेख्नुहोस् ।

सामुदायिक कार्य

तपाईंको समुदायमा दुई पक्षबीच कुनै विषयलाई लिई झगडा भएमा उनीहरूबीचमा कसरी शान्ति कायम गर्नुहुन्छ ? त्यससम्बन्धी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

क्रियाकलाप

सारांश

यस एकाइको अन्त्यमा हामीले निम्नलिखित कार्यहरू गर्न सिक्यौं :

* संयुक्त राष्ट्रसङ्घको स्थापनाबारे बयान गर्न,
* संयुक्त राष्ट्रसङ्घका मुख्य अङ्गहरूको बारेमा बताउन,
* संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत संस्थाहरूको बारेमा जानकारी दिन,
* संयुक्त राष्ट्रसङ्घले नेपाललाई गरेको सहयोगबारे बयान गर्न,
* अन्तरराष्ट्रिय शान्ति स्थापना गर्न नेपालले खेलेको भूमिका वर्णन गर्न,
* विश्वमा घटेको समसामयिक घटनाले मानवजीवनमा परेको प्रभावबारे वर्णन गर्न ।

कक्षा १० को गीत

जय जय काली, जय जय गोरख, जय जय काली, जय जय गोरख ... ४
हाम्रो रगतले कोरिएका सीमारेखा मेटेर मेटिन्नन्
हाम्रो किल्लामा गाडिएका खाँबाहरू भाँचेर भाँचिन्नन्

हामी नेपाली जन्मैदेखि स्वतन्त्र छौँ
हामीलाई कसैको परतन्त्र स्वीकार छैन
हामीलाई कसैको दासत्व स्वीकार छैन
हामी नेपाली जन्मैदेखि स्वतन्त्र छौँ
जय जय काली, जय जय गोरख, जय जय काली, जय जय गोरख ... ४

हामी आफ्नो स्वाधीनतालाई मुटुभन्दा प्यारो ठान्छौँ
हामी आफ्नो देशको माटो प्राणभन्दा प्यारो ठान्छौँ
कसैले हामीलाई हाँक दिएमा पहाड भएर आँधी सहन्छौँ
देशको सीमा छेक्नुपरेमा ढाल भएर वज्र सहन्छौँ
हाम्रो रगतले कोरिएका सीमारेखा मेटेर मेटिन्नन्
हाम्रो किल्लामा गाडिएका खाँबाहरू भाँचेर भाँचिन्नन्
जय जय काली, जय जय गोरख, जय जय काली, जय जय गोरख ... ४

हामी आफ्नै पाखुराले विकासको मूल फुटाउन सक्छौँ
रोग, भोक, शोकसित हामी पनि लड्न सक्छौँ
सगरमाथा भै उठेको शिर झुक्न कहिले जानेको छैन
जय काली भन्दै बढ्ने नेपाली रुक्न कहिले जानेको छैन
जय जय काली, जय जय गोरख, जय जय काली, जय जय गोरख ... ४

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
Phone: 6630588/6634119
WebSite: www.moescdc.gov.np
Email: cdc@ntc.net.np

मुद्रक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर